
अझै नेपालमा भाषा आन्दोलन किन ?

# मूल्याङ्कन

विचार-अन्तर्क्रियामुखी मासिक

वर्ष १०
अंक ७
कार्तिक
२०४९




*यो पिंजरा पनि एउटा ट्रेन्च हो, जहाँबाट म जनताको क्रान्तिकारी गृहयुद्धको पक्षमा लडिरहन्छु !*

## बाघको खोरबाट का. गोन्जालोको भाषण

**समाजवादको असफलताबारे नयाँ रुसी नेतृ**
- एन्ड्रुभा

**नयाँ वाणिज्य नीति**
- गोविन्द प्र. लोहनी

**मलको भाउ वृद्धि**
- डा. देवेन्द्रराज पाण्डे

मूल्य रु. १०

## का. गोन्जालोः गिरफ्तारीदेखि आजीवन कारावाससम्म

विजया-दशमी २०४९
को
शुभ-उपलक्ष्यमा
समस्त देशवासीमा
हार्दिक शुभ कामना
व्यक्त गर्दछौं

**धूलिखेल नगरपालिका**

आफ्नो तथा आफ्ना सन्ततिहरूको भविष्य सुखमय बनाउन
आफूसंग भएको रुपियाँ तपाईलाई पायक पर्ने
यसै बैंकको शाखामा जम्मा गर्नु होस्।
वैंक तपाईको सेवामा सदैव तत्पर रहने छ।

**राष्ट्रिय वाणिज्य बैंक**
केन्द्रिय कार्यालय

तपाईले कुनै नयाँ उद्योग स्थापना गर्ने विचार गर्नुभएको छ वा विद्यमान उद्योगलाई नै विविधिकरण, विस्तार एवं आधुनिकीकरण गर्ने मनशाय राख्नु भएको छ अथवा उद्योग संचालनका लागि चालु पूँजीको आवश्यकता परेको छ भने वित्तीय, प्राविधिक व्यवस्थापकिय सरसल्लााह एवं आर्थिक सहयोगका लागि यस निगममा सम्पर्क राख्नु हुन अनुरोध छ

*हामी तपाईलाई सहयोग गर्न सदा तत्पर छौं।*

**नेपाल औद्योगिक विकास निगम**
ने.औ.वि.नि., भवन
दरवार मार्ग, काठमाडौं
टेलिफोन नं. २२८३२२
पोष्ट बक्स नं. १०

पश्चिमान्चल क्षेत्रीय कार्यालय : पोखरा, टेलिफोन नं. २००८३
मध्य पश्चिमान्चल क्षेत्रीय कार्यालय : नेपालगंज, टेलिफोन नं. २०२०३
पूर्वान्चल क्षेत्रीय कार्यालय : विराटनगर, टेलिफोन नं. २५३०४
सुदुर पश्चिमान्चल क्षेत्रीय कार्यालय : घनगढी, टेलिफोन नं. २१२०३

विजया दशमी २०४९ को
शुभ उपलक्ष्यमा
समस्त देशवासीमा
हार्दिक शुभकामना!

**लाहन नगरपालिका**
लाहन, सिरहा

२०४९
विजया दशमीको
उपलक्ष्यमा
हार्दिक शुभ-कामना

सूर्य टोबाको कं.
प्रा. लि.

विजया दशमी
२०४९ को
सुखद उपलक्ष्यमा
समस्त देशवासीमा
हार्दिक
शुभ-कामना

**कृषि विकास बैंक परिवार**

*स्वच्छ, सफा, हराभरा, स्वस्थ*
काठमाडौं

शहर सफा राखौं
सभ्य बनौं

**काठमाडौं नगरपालिका**

विजया दशमी २०४९ को
सुखद उपलक्ष्यमा
सुख, समृद्धि एवं सफलताको लागि
हार्दिक शुभ-कामना।

गोरखकाली रबर उद्योग लिमिटेड
काठमाण्डौं कार्यालय : कालीमाटी, काठमाडौं
निर्माणस्थल कार्यालय : देउराली मजुवा, गोरखा

## यस भित्र


# मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)

वर्ष १० अंक ७
०४९ कार्तिक

**संरक्षक**
डा. मधुप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

सम्पर्क कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, झोछैं, ख-२,२३७
काठमाण्डौं-२३
फोन : २१३६९४
पो. ब. नं. ३०२६


# का. गोन्जालो




- गिरफ्तारीदेखि सजायसम्मको विस्तृत विवरण
- बाघको खोरबाट का. गोन्जालोको गर्जन! भाषणको सम्पूर्ण पाठ
- के अब साइनिङ्ग पाथको अन्त हुनेछ?
- का. गोन्जालोको उत्तराधिकारी को?
- रिहाइको निम्ति विश्वव्यापी दवाब सत्तासीन कम्युनिष्ट पार्टीहरू किन चूप?

१२ देखि २२ सम्म

**सेभ गोन्जालो कमिटीका संयोजक का. पद्मरत्न तुलाधर र का. गोन्जालो जीवन प्रतिरक्षा समितिका संयोजक का. दीनानाथ शर्मासंग अन्तर्राष्ट्रिय ऐक्यवद्धता सम्बन्धमा कुराकानी**



## अझै नेपालमा भाषा आन्दोलन किन?

नयाँ संविधानको निर्माणपछि नेपालको भाषा तथा जातिको समान अधिकार प्राप्तिको आन्दोलनको औचित्य, स्थिति र समस्या के छ?
*सुरेश आले मगर, मल्ल के. सुन्दर र परशुराम तामाङ्गसंग कुराकानी* ९



## नेपाली कम्युनिष्ट आन्दोलनको आधारभूत समस्या के हो ? ? ? ?
का. विष्णुबहादुर मानन्धरसंग कुराकानी २९



## के समाजवादको मृत्यु भएको हो?
रूसी कम्युनिष्ट नेतृ का. नीना एन्द्रीभाको विचार ३०

**आजको घटना/आजको विचार**
- संविधानः जनता सार्वभौम छ? - श्याम श्रेष्ठ २३

**घटना प्रवाह**
- कावासोती गोली काण्ड ६
- पंचहरूको विरोध प्रदर्शन ६
- होशियार, अमेरिका ७
- फिलिपिनि कम्युनिष्ट पार्टी ७
- वेलायती कोइला खानी बन्द ८
- कोलम्बस दिवस ४७
- मंकाः खलःको नयाँ नेतृत्व ४८
- संक्षिप्त समाचार ४७

**विशेष लेख**
- धर्म, समाज र दशैं - डा. चैतन्य मिश्र ३१

**अर्थतन्त्र**
- वाणिज्य नीति - गोविन्द प्र. लोहनी २६
- मलको भाउ वृद्धि - डा. देवेन्द्रराज पाण्डे २७

**सन्दर्भ**
- विचार-अन्तर्क्रिया किन र कसरी / खगेन्द्र संग्रौला ३५

**कला/साहित्य/संस्कृति**
- जन आन्दोलन पछाडिको नेपाली साहित्यः - दुर्गालाल श्रेष्ठ/पूर्ण विराम/आहुति र वासुदेव अधिकारी-संग कुराकानी ३६
- फिल्महरूका महत्वपूर्ण पक्षहरू - हरिगोविन्द लुईटेल ३८
- कथाः लु शुन ४३

रा व, गि रि जा



र टनकपुर!

**आँखी-झ्याल**
- जापानी कामदारः आर्थिक जनावर? २५

**ज्ञान/विज्ञान**
- पृथ्वीको उत्पत्ति र वनावट - डा. केदार खनाल ४१

**वातावरण**
- गोवर ग्यास र वातावरण - रामरिझन यादव ४२

**जनजीवन**
- सतार जातिः - धर्मचन्द्र लावती ३३

**घटना**
- व्यवहारिकता र व्यवहारवाद - डि. आर. पोखरेल ४२

**पाठकको कुरो** ४९

**हाम्रो मूल्यांकन** ४



आवरण-कला : क्यालिग्राफिक स्टूडियो, कमलादी। टाईपसेटिङ्ग तथा मुद्रण : मोडर्न प्रिन्टिङ्ग प्रेस, कान्तिपथ, काठमाडौं। फोन नं. २१४८८६

# का. गोञ्जालोको रिहाइको निम्ति ऐक्यवद्धता एक प्रशंसनीय पहलकदमी

*अमेरिकी साम्राज्यवादको नाकै मुनि दक्षिण अमेरिकी मुलुक पेरूमा जनक्रान्तिको नेतृत्व गरिरहेको पेरू कम्युनिष्ट पार्टीका शीर्षस्थ नेता का. अविमायल गुजमान (का. गोञ्जालो) लाई अन्ततः फुजीमोरी सरकारले आजन्म काराबासको सजायँ दिएको छ। का. गोञ्जालोलाई लागु पदार्थको तस्करको रूपमा दण्डित गर्ने र मृत्यु दण्ड दिने ठूलो मनसुवा अमेरिकाको कठपुतली तानाशाह फुजीमोरीको थियो। तर विश्व जनमतको तीव्र दवावका कारणले यो षडयन्त्र सफल हुन सकेन। आखिर राजनीतिक वन्दीको रूपमा उहाँलाई स्वीकार्न अमेरिका र फुजीमोरी दुवै वाध्य हुनु पर्‍यो। एउटा शीर्षस्थ राजनेतालाई कपडा फुकाली कवाज खेल्न लगाउने जस्ता दुर्व्यवहार गरेर र यातना दिएर का. गोञ्जालोलाई र उहाँका सहयोद्धाहरूलाई निरूत्साहित पार्ने फुजीमोरीको दुष्प्रयत्न पनि नराम्ररी विफल भएको छ। उहाँलाई थुनेको वाघ राख्ने खोरबाट क. गोञ्जालोले एउटा पत्रकारको प्रश्नको उत्तर दिदैं घोषणा गर्नु भएको छ- "हो हामीले यो लडाईं हारेका छौं, तर याद राख युद्ध हामीले नै जित्ने छौं।" यो क्रान्तिकारी आशावादिताले ओतप्रोत सत्य उद्घोषले पेरूका जनतामा र विश्वमै थप नयाँ आशा र उत्साहको विद्युत तरंग सिर्जना गरेको छ।*

*का. गोञ्जालोमाथि भएको दुर्व्यवहार, उहाँलाई मृत्युदण्ड दिने षडयन्त्रको विरोधमा र उहाँको ससम्मान विनाशर्त रिहाइको निम्ति संसार भरिका न्यायप्रेमी जनताहरूले उल्लेखनीय ऐक्यवद्धता प्रदर्शन गरे। यस निम्ति नेपालका बामपन्थी शक्तिहरूले पहल गरेर अत्यन्त सराहनीय उदाहरण पेश गरे। विभिन्न विचार राख्ने वामपन्थी शक्तिहरूले र व्यक्तित्वहरूले यस सवालमा सारा मतभिन्नताहरू थाँती राखेर एकजूट भई "गोञ्जालो वचाउ समिति" गठन गरे, जसले प्रतिक्रियावादी फुजीमोरी सरकारलाई दवाव दिन महत्वपूर्ण भूमिका खेल्यो। टनकपुर जस्तो राष्ट्रिय सवालमा एकतावद्ध भएको केही हप्ता पनि नबित्दै अन्तर्राष्ट्रिय साझा सवालमा पनि नेपालमा वामपन्थीहरूले देखाएको यो सुझवुझपूर्ण एकतावद्ध पहललाई हामीले सही चिन्तन प्रणाली र व्यवहारको एक उत्साहप्रद लक्षणका रूपमा लिएका छौं।*

*का. गोञ्जालोको जीवनको सुरक्षा र रिहाइको निम्ति वाम सांसदहरूको पहलमा ८२ जना सांसदहरूले संसदमै आवाज उठाए। गोञ्जालो वचाउ समितिको आहवानमा र पहलमा देशव्यापी हस्ताक्षर अभियान चल्यो। पेरूको राजधानी लिमामा फुजीमोरी सरकार समक्ष नेपालबाट दवाव-पत्रहरूको ओइरो लाग्यो। संसारका विभिन्न भागमा रहेका मित्र संगठनहरूलाई पनि यस कार्यमा लागीपर्नका लागि अनुरोधपत्रहरू पठाइए। नेपालका विभिन्न पत्र पत्रिकाहरूले गोञ्जालोको विचार र जीवनबारे प्रकाश पार्दै यस निम्ति सशक्त आवाज उठाए। ने.क.पा. (मसाल) ले गोञ्जालो जीवन प्रतिरक्षा समिति मार्फत आफ्नो क्रियाशीलता देखायो भने ने.क.पा. (एकता केन्द्र) ले सडकमा जुलूस प्रदर्शन गर्‍यो। यी प्रयत्नहरूले कति दवाव सिर्जना गर्न सक्यो त्यो वेग्लै मूल्याङ्कनको विषय हो। तर यसको पछाडि जुन भावनाले काम गरेको छ-त्यो सर्वहारा अन्तर्राष्ट्रवादको भावना सबैभन्दा मूल्यवान कुरो हो। सर्वहारा वर्गको त्यो मूल्यवान संस्कृतिलाई जोगाउनु र हुर्काउनु नितान्त आवश्यक छ।*

*साम्यवादीहरूको संस्कृति नै अन्तर्राष्ट्रवादी संस्कृति हो। तर अहिले उल्टो भईरहेछ। साम्राज्यवादीहरू अहिले अन्तर्राष्ट्रवादी भएका छन्। गंभीर विचार भिन्नता आपसमा भएर पनि विश्व स्तरमा साम्राज्यवाद/पूँजीवाद जति एकतावद्ध र संगठित छ, त्यति कै छिन्न भिन्न र असंगठित स्थिति साम्यवादी शक्तिहरूको रहेको छ। सैद्धान्तिक संकीर्णताले हामीलाई अन्तर्राष्ट्रवादी हुन वाधा दिईरहेछ, विश्वका अनेकौं देशका कम्युनिष्टहरू अहिले साम्राज्यवादी पेलाई र उत्पीडनको शीकार भएका छन्। तर पथ विचलन वा विचार भिन्नतालाई कारणका रूपमा तेर्स्याएर हामीले उनीहरूको निम्ति सशक्त ऐक्यवद्धताको आवाज उठाउन सकेका छैनौं। यसबाट साम्राज्यवादी पूँजीवादीहरूलाई साम्यवादीहरू माथि दमन गर्न र संसारभरि एक छत्र दवदवा मच्चाउन निकै सजिलो भएको छ।*

*साम्यवादीहरू विश्व स्तरमै एकतावद्ध र संगठित भएर नलडेसम्म साम्राज्यवाद पराजित हुने छैन। अहिले अमेरिकी र पश्चिमी साम्राज्यवादको एक छत्र दवदवा भएको अवस्थामा त यो एकता अरू जरूरी भएको छ। तर एकताको तात्पर्य फरक मतहरू र वेठीक चिन्तन विरूद्ध विचारधारात्मक संघर्ष गर्न छाड्नु पर्छ भन्ने होइन र हुनु हुँदैन। एकताको अर्थ हो -फरक मत र बेठीक चिन्तन विरूद्ध स्वस्थ र उद्देश्यपूर्ण विचारधारात्मक संघर्षको ग्यारेण्टी गरेर पनि साझा सवालमा साझा मूल दुश्मनका विरूद्ध चाहिं एकतावद्ध हुनु। नेपाल र विश्वभरि नै साम्राज्यवाद विरूद्ध वामपन्थीहरू वीच त्यस्तो एकताको निम्ति गंभीर र दिगो प्रयत्नहरूको थालनी आवश्यक भएको हामी ठान्दछौं। ☐*




# रावको नेपाल भ्रमण नेपालको निम्ति कति फलदायी?

## संयुक्त विज्ञप्ति : कति अन्तरविरोधी?

भारतीय प्रधानमन्त्री पी.बी. नरसिंह रावको तीनदिने नेपाल-भ्रमण गएको कार्तिक ५ गते सकिएको छ।

यो भ्रमणको अन्तमा जुन संयुक्त विज्ञप्ति निक्लेको छ, त्यो विभिन्न हिसावबाट महत्वपूर्ण रहेको छ।

संयुक्त विज्ञप्ति अनुसार अब भारतीय सरकारले टनकपुर बाँध जुन भूमिमा बनेको छ, त्यस भूमिको सार्वभौमसत्ता नेपालमा निहित रहेको स्वीकारेको छ। यो नेपालका वामपन्थी शक्तिहरूले लगातार पोहोर सालदेखि गरीआएको माग थियो। यस संघर्षमा वामपन्थी शक्तिहरूले सफलता हासिल गरेका छन्। यो संघर्ष नभएको भए त्यस भूभागको प्रभुसत्ताको प्रश्न अनुत्तरित र अन्यौलपूर्ण नै रहने थियो। तर विज्ञप्तिमा एउटा मुख्य दोष यस संवन्धमा अझ पनि बाँकी छ, त्यो के भने एफ्लक्स वण्ड बनेको जमीनमा नेपालको प्रभुसत्ता त कायम भयो तर अब कुन शर्तमा त्यो भारतलाई दिइयो त? र कहिले सम्मका लागि? यी प्रश्नहरू भने अझै पनि अनुत्तरित र अन्यौलपूर्ण नै छन्। त्यसको खुलासा संयुक्त विज्ञप्तिमा छैन। नेपालको हितको



हिसावबाट यी प्रश्नहरूको स्पष्ट जवाफ सरकारले दिनु जरूरी छ।

अर्को महत्वपूर्ण सवाल के हो भने-टनकपुर संवन्धी यो थप समझदारी त्यतिखेर आएको छ, जब पहिलो "समझदारी" बारे नै सर्वोच्च अदालतमा मुद्दा चल्दैछ। जुन सवालमा सर्वोच्च अदालतमा मुद्दा चल्दैछ त्यससंग संवन्धित मूल सवाल बारे नै फेरि अर्को समझदारी बनाउनु कति न्याय सम्मत र जायज हुन्छ? के सरकारले यस कार्य मार्फत सर्वोच्च अदालतको भावी फैसलामा नै प्रभावित पार्ने नियत राखेको प्रष्ट देखिन्न?

संयुक्त विज्ञप्तिमा टनकपुर व्यारेजको योजना पानीको उपभोगसंग संवन्धित छैन भनेर भनिएको छ। यो अभिव्यक्ति आफैं टनकपुर व्यारेज संवन्धी समझदारी जलश्रोतको वाँडफाँड संवन्धमा नभएकोले संविधान अनुसार संसदको २/३ बहुमतबाट पारित गराई राख्नु जरूरी छैन भन्ने काँग्रेसी सरकारको पहिलेदेखिको अडानमा सर्वोच्च अदालतबाट पनि समर्थन प्राप्त गर्ने अभिप्रायबाट प्रेरित देखिन्छ। तथापि

विज्ञप्तिमा यो अभिव्यक्तिसित बिल्कूलै अन्तरविरोधी कुरा पनि उल्लेख छ।

त्यो हो- टनकपुर ब्यारेजबाट नेपाललाई १५० क्युसेक पानी वर्षैभरी दिने भन्ने भनाइ। यदि टनकपुर ब्यारेजको योजना पानीको उपभोगसँग संवन्धित नै छैन भने त्यसबाट १५० क्युसेक पानी नेपाललाई उपभोग गर्नदिने भन्ने सवालै कसरी उठ्छ? त्यसैले यो भनाइ आफैले प्रमाणित गरेको छ- टनकपुर ब्यारेज संवन्धी तथाकथित समभ्रदारी पानीको बाँडफाँडसंग संवन्धित छ र गिरिजा सरकारले फेरि एकपटक यसलाई संसदबाट पारित गराउन नपर्ने पार्न जालसाजी गर्न खोजेको छ।

टनकपुर ब्यारेजको सवालमा नेपालले प्राप्त गर्ने विजुली १ करोडबाट २ करोड यूनिट पारिएको छ। पानीको प्रयोग पहिलेकै जस्तो १५० क्यूसेक पारिएको छ तर वर्षैभरी पाउने गरिएको छ, जुन पहिले व्यवस्था थिएन। वामपन्थी दवावबाट बढाइएको यो सहुलियत विरोधीहरूको मुख थुन्नको निम्ति नेपाली कांग्रेसको सरकारको निम्ति एउटा भिनो आधार त हुन सक्ला। तर नेपालको हितको हिसावले भने यी वृद्धिहरू फेरि पनि व्यापक असमानतामा आधारित छन्। जुन बाँधबाट भारतले १००० क्यूसेक वरावरको पानी लान्छ त्यसबाट नेपालले १५० क्यूसेक पानी पाउनु भनेको नेपालले त्यसबाट समान हैसियतमा पानी नपाउनु हो। त्यस्तै विजुलीको सवालमा पनि। १२० मेघावाट विजुली निकाल्ने योजनाबाट नेपालले फगत २० मेघावाट विजुली पाउनु फेरि



*नेपाली सेना संवन्धी "समझदारी" को कुराविचैमा चपाइदिनु भयो।*

पनि चरम असमानताको शर्त स्वीकार्नु हो।

संयुक्त विज्ञप्ति अनुसार नेपालको निर्यात भारततर्फ बढाउन भन्सार महशूल छूट र परिमाण बन्देज छूट पाउने, सामग्रीमा जम्मामा ५० प्रतिशत भन्दा बढी नेपाली श्रम, नेपाली वस्तु र भारतीय वस्तु हुनुपर्ने नयाँ शर्त अघि सारिएको छ। पहिले नेपाली श्रमको गणना हुँदैनथ्यो र त्यो छूट पाउन ५५ प्रतिशत नेपाली वा भारतीय वस्तु हुनु पर्ने प्रावधान थियो। अव प्रोफर्मा क्लियरेन्स प्रथा पनि हटाइएको छ र त्यसको सट्टा नेपालको सरकारले कुन वस्तुमा कति प्रतिशत वस्तु कुन देशको छ भनेर दिइने प्रमाणपत्रका आधारमा भारतले त्यो वस्तु स्वीकार गर्ने प्रथा ल्याइएको छ। यी दुई नयाँ प्रावधानहरू पहिलेको व्यवस्थाको तुलनामा सुधारहरू हुन्। ४ महीना लगाएर भारतीय राजदूतावासबाट प्रोफर्मा क्लियरेन्स लिन पर्ने झंझट हट्नु राम्रो कुरा हो। त्यस्तै गरी नेपाली व्यापारीहरूको ट्रक वाहन अव कलकत्तासम्मै जान पाउने हुनु र विना कुनै धितो भारत प्रवेश गरेर नेपालको अन्य भागमा जान पाउने हुनु पनि राम्रो कुरा हो।

तर यसबाट नेपालको निर्यात क्षमतामा आधारभूत मात्रामा वृद्धि हुने छैन र ७ अरब रूपियाँको अहिलेको व्यापार घाटा उल्लेखनीय मात्रामा घट्न सक्ने छैन। पहिलो कुरा त निर्यात गर्ने वस्तु हामीसित हुनु पर्‍यो, औद्योगिक उत्पादन बढ्नु पर्‍यो, नेपालमा उपभोग गरेर पनि वचत हुने वस्तु थुप्रै हुनु पर्‍यो। त्यो नै हामीसित छैन। दोश्रो, हामीले निर्यात गर्ने वस्तुमा रहेको कच्चा पदार्थको प्रतिशत हेर्ने व्यवस्था अन्त हुनुपर्‍यो, जसरी भारतको नहेरिने व्यवस्था छ। हेर्नु नै पर्दा नेपालमा जोडिएको श्रम मूल्य मात्र हेर्ने व्यवस्था हुनुपर्‍यो। अहिलेको विश्वमा कच्चा पदार्थको प्रतिशत हेर्ने हो भने नेपाली त के, जापानी औद्योगिक वस्तु समेत जापानबाट अन्त निर्यात नहुन सक्ने स्थिति हुन्छ। तर संयुक्त विज्ञप्तिमा यस्तो व्यवस्था छैन। त्यसैले हामी अहिले जुन जम्मा १४ करोड रूपियाँ वरावरको औद्योगिक वस्तु र सवा अरब रूपियाँ बराबरको कूल निर्यात गर्दछौं, त्यसैमा उल्लेखनीय सुधार हुने छैन। नयाँ व्यवस्थाबाट निर्यात केही बढ्ने छ। तर त्यो भन्दा धेरै आयात बढ्ने छ किनकि भारतीय बस्तुलाई भन्सार र अतिरिक्त भन्सार महशूल तथा परिमाणात्मक बन्देज छुट छ। भारतीय वस्तुमा कति प्रतिशत कहाँको श्रम र कच्चा पदार्थ छ भनेर हेर्ने कुनै प्रावधान छैन जस्तो कि अझै नेपाली वस्तुलाई भारतमा छ। परिवर्त्य मुद्रामा भारतीय वस्तु रोजेर किन्ने नयाँ व्यवस्थाले पनि आयात नै बढाउने छ। भारतीय वस्तुको वेरोकटोक प्रवेशले प्रतिस्पर्धामा टिक्न नसकेर नेपाली उद्योग धराशायी हुने क्रम यथावत हुनेछ। अहिलेको सुधारले, त्यसैले उद्योगपतिहरूलाई भन्दा व्यापारीहरूलाई बढता फाइदा हुनेछ। राष्ट्रिय उद्योगहरूको विकास भन्दा बढी व्यापारको विकास हुनेछ।

नयाँ व्यवस्थाले नेपालमा भारतीय लगानी आकर्षित हनेछ भन्ने संयुक्त विज्ञप्तिको घोषणा छ। वास्तविकतामा यस्तो हुने छैन। पहिलो कुरा त, नेपालको बजार नै सानो छ। दोश्रो, यहाँ कच्चा पदार्थ वाहिरबाट ल्याउनु पर्दा उत्पादन भारतमा भन्दा १५-२० प्रतिशत महँगो पर्छ र यहाँको श्रम पनि भारतमा भन्दा सस्तो छैन। तेश्रो, यहाँ विजुली, बाटो, संचार सुविधा जस्ता औद्योगिक पूर्वाधार नै कम उपलब्ध छ। चौथो, यहाँ भन्दा औद्योगिक

## टकपुरको सवालमा गिरिजाको यो भनाइले के देखाईरहेछ?

### बामपन्थीहरू आँधीवेरी सिर्जना गर्दैछन्?



*"........ यहाँ केही त्यस्ता तत्वहरू छन् जो भारत विरोधी छन्। उनीहरू भारतले गर्न सक्ने हरेक कुराको विरोध गर्छन्। यही टनकपुरको सवाललाई नै उदाहरणको रूपमा लिनुहोस् न, यो केही पनि होइन। यो चियाको कपमा आँधीबेहरी सिवाय केही होइन, तर उनीहरू (प्रतिपक्ष, खास गरी वामपन्थीहरू) ठूलो आँधीबेहरी सिर्जना गर्न प्रयत्न गर्दैछन्। त्यस्तो घटना वास्तवमा घट्ने गर्छ। तर मेरो लागि टनकपुर अग्निपरीक्षा हो।*

*यदि टनकपुरको सवालमा भारतसितको समझदारी खल्बलियो भने नेपालको अर्थतन्त्र खतरामा पर्ने छ। भविष्यमा भारत हिच्किचाउने छ। हाम्रो जलश्रोतलाई नार्नमा मद्दत गर्न अरू मुलुकहरू पनि नेपालमा आउन हिच्किचाउने छन्।"*

### सर्वोच्चमा मुद्दा र प्रधान न्यायाधीशबारे यो प्रसंशा धम्की हो कि होइन?

*"........मुद्दा (सर्वोच्च) अदालतमा चलिरहेको हुनाले म यसलाई प्रभावित पार्न चाहन्न। तर म तपाईलाई बताउँछु, प्रधान न्यायाधीश यस मुद्दालाई (यस परिप्रेक्ष्यमा) हेर्न काफी सक्षम हुनुहुन्छ। उहाँले आफ्नो विवेक पनि प्रयोग गर्नु पर्छ। एकचोटि यो मुद्दाको अपव्याख्या भयो भने वा पूरै सवालमा बाधा पार्न खोजियो भने, उहाँले पनि देख्न सक्नु हुनेछ, हाम्रो देशको अर्थतन्त्र खतरामा पर्नेछ। त्यसैले म उहाँको बुद्धिमानीमा विश्वास गर्छु।"*

### सर्वोच्चमा मुद्दा हारियो भने मध्यावधि चुनावको धम्की

*"......... संविधान बदल्न हामीलाई दुई तिहाई बहुमत चाहिन्छ। अहिले नै हामीले यो प्राप्त गर्नु संभव छैन, अर्को चुनावमा त्यो संभव हुन सक्छ। अथवा उनीहरू बाधा दिन्छन् र हामी दुई तिहाई बहुमत ल्याउन असमर्थ हुन्छौं भने म श्री ५ लाई मध्यावधि चुनाव गर्न भन्नेछु। मैले ताजा जनादेश प्राप्त गर्न खोजेको सवाल के हो भने-संविधानबाट दुई तिहाईको प्रावधान हटाइनु पर्छ। यदि मेरो पार्टीले चुनावमा जित्यो भने हामी संसदमा जानेछौं र संविधानको संशोधन गर्नेछौं। यो मेरो विचार हो। मैले यो विचार मेरा कुनै सहयाद्धाहरूलाई पनि बताएको छैन, न त मैले मेरो पार्टीको कुनै नेतालाई नै बताएको छु। मैले यो कुरा पहिलो चोटि तपाईलाई मात्र बताईरहेछु।......"* ☐

प्रधानमंत्री गिरिजाको भारतीय पत्रिका हिन्दू दैनिकमा अन्तर्वार्ता
द हिन्दू, आइतवार अक्टोबर १९, १९९२

उत्पादनको अनुकूलता भारतमा नै उपलब्ध छ। यी जम्मै कारणले नेपालको उद्योग विकासमा भारतीय लगानीकर्ताहरू आकर्षित हुन धेरै गाह्रो छ। तर मुख्य प्रश्न त के छ भने त्यसरी भारतीय पूँजी नेपालमा आयो नै भने पनि के त्यो नेपालको समग्र हितमा हुनेछ?

यस पटक जलश्रोतका संवन्धमा आधारभूत रूपमा कुनै नयाँ निर्णय भएको छैन। पुरानै निर्णयलाई कार्यान्वियन गर्ने कुरा मात्र यसपालि गरिएको छ। नयाँ कुरा के मात्र छ भने दुई देशका सरकारहरू पंचेश्वर र बूढी गण्डकी परियोजनालाई प्राथमिकता दिएर शुरू गर्न तयार भएका छन्। उनीहरू केका आधारमा यी परियोजनालाई नै प्राथमिकता दिन सहमत भए त? के शर्तका आधारमा भारत नै यी परियोजनाहरूका करोडौं रूपैयाँ लगानी गर्न तयार भयो? संयुक्त विज्ञप्तिमा केही उल्लेख छैन। यसले पर्दा पछाडि राष्ट्रहित विरोधी कुनै गोप्य समझदारी भई सकेको कुराको संकेत दिएको छ। अन्यथा भारतीय सरकार विना कुनै स्पष्ट शर्त र फाइदा, त्यति धेरै रकम लगानी गर्न सहमत हुन्छ भनेर कल्पना पनि गर्न सकिन्न। स्मरणीय छ, यी परियोजनामा भारतले लगानी गर्ने कुरा गत मंसिर महिनाको तथाकथित समझदारीमै स्पष्ट उल्लेख छ। त्यसमा अक्टोवर १९९२ सम्ममा पंचेश्वर परियोजनाको परियोजना-रिपोर्ट नै तयार गरी सक्ने, वूढी गण्डकी परियोजनाको फील्ड सर्भे जून १९९२ मै सकीसक्ने, १९९४ देखि त परियोजना नै शुरू गर्ने कुरा उल्लेख छ। यही अक्टोवर महीनाको परियोजनाको रिपोर्ट के रह्यो? गत जुनको फिल्ड सर्भेले के बतायो?- जनसमक्ष ल्याइएको छैन। त्यसैले शंका गर्ने स्पष्ट आधार छ, आखिर सरकार यी कुरा किन जनताबाट लुकाउँदैछ? यसलाई तुरून्त जन समक्ष ल्याइनु पर्छ।

यस वाहेक भारत सरकारले यस पटक कोहलपुर महाकालीको १७ वटा पूलहरू बनाई दिने बचन दिएको कुरा संयुक्त विज्ञप्तिमा उल्लेख छ।

संयुक्त विज्ञप्तिमा उल्लेख नभएको गोप्य, राखिएको तर सवैभन्दा महत्वपूर्ण कुरा नेपाली सेना संवन्धी "समझदारी"को सवाल हो। यसवारे विमान स्थलको पत्रकार सम्मेलनमा भारतीय प्रधान मंत्रीलाई प्रश्न सोधिएको थियो। तर उहाँले यो कुरा खोल्न नहुने बताएर वीचैमा कुरा चपाई दिनु भयो। त्यसमा के छ? त्यो खोजिनु पर्ने विषय भएको छ। जम्मामा यसरी रावको नेपाल भ्रमण नेपाललाई भन्दा वेसी भारतको निम्ति निकै फलदायी भएको छ। ❒

# कावासोती गोलीकाण्डमा 'प्रजातान्त्रिकता' प्रदर्शन!

"महाकाली बचाऊ समिति"को आयोजनामा कंचनपुरबाट गत असोज २४ गते शुरू भएको साइकल र्‍याली नवलपरासी आइपुग्दा स्थानीय कावासोतीमा स्थानीय प्रशासनले बिथोली र्‍यालीका १२ जना सहभागीहरूलाई २९ गते दिउसो अचानक गिरफ्तार गरी लग्यो। टनकपुर लगायतका सन्दर्भहरूमा ने.का. सरकारले गरेको राष्ट्रघाती सन्धि संझौताहरूको विरोधमा कार्तिक ३ गते काठमाण्डौ पुगी नेपाल भ्रमणमा आउने भारतीय प्र.मं.लाई विरोध -पत्र दिने उद्देश्यले शुरू भएको उक्त साइकल र्‍यालीमा स्थानीय जनताहरूको व्यापक समर्थन देखिएको थियो। तर सरकारले भने यस जनसमर्थनयुक्त शान्तिपूर्ण विरोध प्रदर्शनलाई कैलाली जिल्लामा आइपुग्दादेखि नै रोक्ने प्रयत्न गर्दै रह्यो। उत्तरीया र चीसापानीमा यसलाई जन-दवावको कारण छोड्न सरकार बाध्य भएको थियो।

२९ गते त्यसरी काबासोतीमा साइकल र्‍याली समर्थकहरू पक्राउ परेपछि स्थानीय जनताहरूले उनीहरूको रिहाइको लागि प्रयत्न गर्दा स्थानीय प्रशासनले नछोडेकोले अपरान्हबाट "चक्का जाम" गर्न थालियो। सवारी चालकहरू समेतको व्यापक समर्थनले गर्दा सफल भएको उक्त चक्का जाम तोड्न भनी राती २.३० बजे अचानक अन्धाधुन्दा गोली चलाई सरकारले करीव १ दर्जन व्यक्तिहरू घाइते बनायो। गम्भीर अवस्थामा काठमाण्डौ ल्याइएका ५ जना मध्ये नरबहादुर थापाको हालत चिन्ताजनक रह्यो।

यस गोलीकाण्डको विरोधमा स्थानीय रूपमा र राष्ट्रिय रूपमै पनि विरोधहरू भए। यस घटनाले यो गोलीकाण्डरूपी अपराध गर्ने सत्तारूढ "प्रजातन्त्रवादी" नेपाली काँग्रेसको कथित "प्रजातान्त्रिकता" को खिल्ली उडाएको छ।



*सरकारले जनताका आवाजको छिनोफानो-गोलीद्वारा गर्ने मनसाय राखेको छ?*

शान्तिपूर्ण र्‍यालीमाथि पनि रोक लगाउने "तानाशाही" व्यवहारलाई जति नै कुतर्कहरूको सहाराले प्रजातान्त्रिक देखाउन खोजेपनि यो निरर्थक ठहरिने छ। र्‍यालीलाई शान्तिपूर्ण रूपले संपन्न हुन नदिनुको कारणले नै उक्त घटना घट्यो। तसर्थ नेपाली काँग्रेसपक्षीय कतिपय व्यक्ति र छापाहरूले "आयोजकहरू पनि दोषी" भएको आरोप लगाउनुलाई सत्ताको स्वार्थले जन्माएको अन्धता वा विवेकशून्य-पूर्वाग्रह बाहेक अरू केही भन्न सकिन्न। मानव अधिकार र प्रजातन्त्रको दुहाई दिने कथित प्रजातन्त्रवादीहरू यस घटनाप्रति मौन रहनुले उनीहरूको पाखण्डको पर्दाफास गरेको छ।

आखिर संवैधानिक अधिकारको सामान्य भन्दा सामान्य प्रयोगमा पनि जनतामाथि किन गोली हानिंदैछ? यो परिघटनाले के संकेत गरेको छ भने या त सरकारले जनताका सवै माग र आवाजको छिनोफानो-गोलीद्वारा गर्ने मनसाय राखेको छ या प्रहरीहरू सरकारको नियन्त्रणमा छैनन्। दुई मध्ये कुनै स्थिति पनि गंभीर खतराको संकेत हो।

संपूर्ण वामपन्थी शक्तिहरू यस गोलीकाण्डको विरूद्ध एकजूट हुनु र दोषीमाथि तुरून्त सजायको निम्ति संघर्ष गर्नु अहिलेको समयको आवश्यकता हो। अन्यथा काँग्रेसी मनसाय अरू वलवान हुनेछ र संघर्षशील नेपालीहरूलाई गोलीले भुट्नु काँग्रेसको निम्ति भुईचम्पा खेल्नु सरह हुनेछ। ❒

# पंचहरुको विरोध-जुलूस र सभा

गत असोज ९ गते शुक्रबार काठमाण्डौमा पूर्वपंचहरूको रा.प्र.पा.ले जुलूस र आमसभा गऱ्यो। राष्ट्रियताको पक्षमा र महंगी असुरक्षा आदिको विरोधमा आयोजना गरिएको उक्त कार्यक्रममा पूर्व पंच नेताहरू सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर, पशुपति सम्शेर, राजेश्वर देवकोटा लगायतले वर्तमान काँग्रेसी सरकारका कामकारबाहीहरूप्रति असन्तुष्टी र विरोध जनाए। राजेश्वर देवकोटाले त गत ऐतिहासिक जन आन्दोलनलाई विदेशीहरूको आड र इशारामा भएको आरोप लगाए।

पूर्व पंचहरूको यो विरोध आफैंमा विडम्वनापूर्ण थियो। नेपाली काँग्रेसको विपक्षमा राष्ट्रियता र जनहितका सवालहरू उठाउँदा ठीक यिनै सवालहरू यी पंच-नेताहरूलाई जनताले सोधीदिएका खण्डमा यिनीहरूसंग जवाफ के छ? पंचायती कालो ३० वर्षे शासनको क्रममा यिनीहरूको सक्कली रूप मात्र जनताले देखेन, सयौंले ज्यान गुमाउनु पऱ्यो, हज्जारौं मुखहरू थुनिए र लाखौं संभावनाहरूका आँकुराहरू निमोठिए! यो कुरा जनताले भुलेको छैन र भुल्ने पनि छैन। पंचायत कालको जिम्मेवारी बोक्न आफ्नो पार्टी बाध्य नहुने कुरा व्यक्त गरेतापनि जनताले त्यो कालका कुकृत्यहरूको भागीदार पंचहरू थिए भन्ने यथार्थलाई भुलेको छैन र भुल्न सक्ने पनि छैन।

तर पनि पंचायती कालका अपराधहरूको नैतिक र नैतिक रूपले जिम्मेवार पूर्व पंचहरूको मनोवल बढाउने र यिनीहरूका जुलूस-सभामा सहभागिता बढाउने वातावरण तयार गर्नेतर्फ वर्तमान काँग्रेसी सरकार उन्मुख हुनु सोचनीय कुरा भएको छ। पंचायती कालका अपराधीहरूलाई कारवाही नगर्नु, तिनै तत्व र प्रवृत्तिहरूलाई बढावा दिई आफ्नो पार्टी र प्रशासन वरिपरि प्रश्रय दिनु र जनविरोधी क्रियाकलाप गर्नुले यी तत्वहरूको हौसला काफी वृद्धि भएको छ।

बामपन्थी शक्ति मात्र अहिलेको व्यवस्थाको ठट्टा उन्नत विकल्प दिन समर्थ छन्। तर त्यो उन्नत विकल्प अहिले बामपन्थीहरूको काम कार्वाहीमा नदेखिनाले र महंगी एवं काँग्रेसी ज्यादती विरूद्ध वामपन्थी शक्तिबाट सशक्त प्रतिरोध नहुनाले उत्पीडित जनतामा हताशा छाएको छ। त्यही हताशाको मनोभाव पूर्व पंचहरूको निम्ति जनसमुदायलाई फेरि भ्रमित पार्ने मौका बनेको छ। यो मौका कतिञ्जेल सम्म पूर्व पंचहरूलाई दिने काम हुन्छ, त्यसैमा पूर्व पंचहरू फेरि बलिया हुन सक्छन् कि सक्दैनन् भन्ने कुरा निर्भर हुनेछ।

बहुसंख्यक जनता निश्चय पनि उन्नत विकल्प चाहन्छन्, पंचायतको पुनरावृत्ति हैन। बामपन्थी शक्तिले त्यो उन्नत विकल्प दिन समर्थ हुनुपर्दछ। अहिले भईरहेको महंगी, अत्याचार र अराजकताको विरूद्ध सशक्त संघर्ष र त्यसको ठाउँमा त्यो भन्दा उन्नत विकल्प दिने कार्य वामपन्थी शक्तिबाट भयो भने पूर्व पंचहरूले दिन खोजिरहेको भ्रम स्वतः टुट्नेछ। यो काम भएन भने हताश र कम चेतनशील जनसमुदायले स्वभावतः अहिलेको भन्दा त पहिले नै ठीक थियो नि भन्ने मनोभाव विकास गर्छन् र विगतको पंचायती ज्यादतीलाई भुल्नेछन्। यो स्थिति प्रतिगामी शक्तिको निम्ति फेरि सत्तामा आउन निकै अनुकूल हुनेछ। ❒

# होशियार अमेरिकाले कोरियाली प्रायद्वीपमा आणविक ठगी गर्न नपाओस्

***दक्षिण कोरियाबाट संपूर्ण आणविक शस्त्रास्त्र र वमवर्षक विमान अमेरिकाले तुरुन्त हटाउनु पर्छ।***



**कोरियाली प्रायद्वीप आणविक हतियार मुक्त हुनुपर्छ।**

उत्तर कोरियाको जस्तै दक्षिण कोरियाको पनि आणविक क्षमताको अन्तर राष्ट्रिय निरिक्षण हुनुपर्छ।

यी उद्घोष र माग सहित काठमाण्डौमा असोज ३० गते आयोजित "कोरियाली प्रायद्वीपलाई आणविक शस्त्रास्त्र मुक्त पार्ने विषयमा अन्तराष्ट्रिय सम्मेलन" सफलतापूर्वक संपन्न भयो। अष्ट्रेलिया, अल्जेरिया, उत्तर कोरिया, जापान, थाइलैण्ड, नेपाल, पाकिस्तान, फ्रान्स, बंगलादेश, भारत, मलेशिया र श्री लंकाका पार्टीहरू? सामाजिक संघ संस्थाहरू र व्यक्तित्वहरूले यस सम्मेलनमा भाग लिएका थिए। प्राध्यापक श्री मणिकलाल श्रेष्ठको नेतृत्वमा गठित राष्ट्रिय तयारीसमिति नेपालले यसको आयोजना गरेको थियो। र यसमा नेपालका सबैजसो वामपन्थी पार्टीहरू मात्र होइन, नेपाली काँग्रेसको पनि प्रतिनिधित्व थियो।

यो अन्तराष्ट्रिय सम्मेलनको महत्वपूर्ण पक्ष के थियो भने- यसमा सबैजसो देशका सहभागीहरूले एकै स्वर मा अमेरिकी साम्राज्यवादको अत्याचार र चालवाजीको पर्दाफास र विरोध गरे। यस सम्मेलनले अमेरिकाले कोरिया प्रायद्वीपमा गरिरहेको आणविकीकरणको र यसले पूरै पूर्वी एशियामा पार्ने खतराको विषयमा सजगता पैदा गरेको छ र अमेरिकी साम्राज्यवाद विरूद्ध अन्तर्राष्ट्रिय स्तरमा एकजूट हुने मनोभाव र पृष्ठभूमि तयार पारेको छ।

यो सम्मेलन त्यतिखेर भएको छ, जब उत्तर कोरियासित आणविक हतियार बनाउने क्षमता छ भन्ने आशंकामा अमेरि काले त्यसको अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सी (IAEA) द्वारा निरीक्षण हुनुपर्छ भनेर दवाव दिएको छ र तीन पटक लगातार निरीक्षण पनि भईसकेको छ। निरीक्षण पछि IAEA ले उत्तर कोरि-यासित आणविक हतियार बनाउने क्षमता पनि छैन र उसको त्यस्तो मनसाय पनि छैन भनेर सफाइ दिई सकेको छ। तर पनि अमेरिका उत्तर कोरियासित अझै त्यो क्षमता छ भनेर आशंका गरिरहेको छ र फेरि निरीक्षणको निम्ति दवाव दिईरहेछ। उता अमेरिकाले भने दक्षिण कोरियामा १००० वटा भन्दा वढी आणविक शस्त्रास्त्र र ५४ वटा खतरानाक वमवर्षक विमान थुपारेको छ। दक्षिण कोरियामा थुपारिएको आणविक हतियारको क्षमता जापानको हिरोशीमामा खसालेको अणुवम भन्दा १००० गुना वेसी छ। खाली उत्तर कोरिया नष्ट पार्नको निम्ति मात्र हैन, त्यो भेग र पूरै एशियालाई लक्ष्य गरेर यो थुपारिएको छ। त्यसैले कोरियाली प्रायद्वीपको आणविकीकरणको मामला खाली उत्तर कोरियाको मामला होइन। संपूर्ण एशियाको भविष्य यो मामलासित गाँसिएको छ।

तर अमेरिका ढाँटिरहेछ। उसले भनिरहेछ कि दक्षिण कोरियामा उसको कुनै आणविक शस्त्रास्त्र बाँकी छैन। उत्तर कोरियाको आणविक क्षमताको जर्वजस्त निरीक्षण गर्न माग गर्ने अमेरिका दक्षिण कोरियाको आणविक क्षमताको निरीक्षण गर्न दिन भने तयार छैन। यसरी अमेरिकी साम्राज्यवाद सरासर अन्याय र पक्षपात गरिरहेछ र आणविक ठगी गर्न खोज्दै छ। यस परिप्रेक्ष्यमा यो अन्तराष्ट्रिय सम्मेलनले गरेको माग अत्यन्त महत्वपूर्ण छ। यो सम्मेलनले के होशियारी पैदा गरेको छ भने -अमेरिकाले आणविक मामलामा कतै कुनै ठगी गर्न नपाओस्।

यस अन्तर्राष्ट्रिय सम्मेलनले जापानको नयाँ महाशक्ति बन्ने प्रयत्नबा-रे पनि सजग बनाउने काम गरेको छ। जापानले अहिले १६ टन प्लुटोनियम जम्मा गरिसकेको छ। सैनिक खर्च चर्को गतिमा बढाउदै छ र त्यसबाट उसले भविष्यमा कुनै पनि आणविक हतियार बनाउन सक्दछ। यस मामलामा सम्मेलनले खवरदारी गरेको छ र जापानलाई त्यस्तो हुन नदिन सामुहिक प्रयत्न गर्नु पर्ने आवश्यकतातर्फ औंल्याएको छ।

सम्मेलनको दोश्रो दिन जापानले कोरियामा गरेको युद्ध अपराध संवन्धी अन्तर्राष्ट्रिय सम्मेलन थियो। यस सम्मेलनमा मुख्य रूपले जापानी सेनाले प्रशान्त क्षेत्रीय युद्ध र दोश्रो विश्व युद्धको दौरानमा कोरियाका २ लाख महिलाहरूलाई यौनदासी बनाएको मामलाबारे छलफल भएको थियो। जापानी सरकारले यस-बारे कोरियासित क्षमा माग्नु पर्छ र त्यतिखेरका यौनदासीहरूलाई क्षतिपूर्ति दिइनु पर्छ भन्ने माग सम्मेलनले गर्‍यो। सम्मेलनमा त्यतिखेर जवर्दस्ती यौनदाशी (comfort girl) बनाइएका दुई जना कोरियाली महिलाहरूले साक्षीको रूपमा मर्मस्पर्शी बयान दिएका थिए।

सम्मेलनको अन्तमा कार्तिक १ गते काठमाण्डौ सुनधाराबाट कोरियाली प्रायद्वीपको आणविकीकरणको पक्षमा जुलूस निक्लेको थियो। त्यो जुलूस टूँडीखेलमा पुगेर आमसभामा परिणत भएको थियो।

सम्मेलनमा सुधार गर्नु पर्ने मूल पक्ष सम्मेलनको संचालनको जनवादी विधिको थियो। सम्मेलनमा सहभागी प्रतिनिधिहरूको बीच सामूहिक विचार मन्थनको प्रवन्ध गरिएको भए सम्मेलनबाट अरू राम्रो विचार निस्कर्ष निक्लने संभावना हुनसक्दथ्यो र पनि जम्मामा सम्मेलन अत्यन्त उपयोगी रह्यो। ❑


# फिलिपिनी कम्युनिष्ट पार्टीले खुला हुन इन्कार गर्‍यो?

फिलिपिनी कम्युनिष्ट पार्टीका वरिष्ठ नेताहरू तथा केही कार्यकर्ताहरू रिहा भएपछि, राष्ट्पति फिडेल रामोसको सर कार र कम्युनिष्ट पार्टीवीच भएको प्रथम वार्ता असफलतामा टुंगिएको एक हप्ता पनि नहुँदै असोजको प्रथम हप्तामा सरकारले फिलिपिनी कम्युनिष्ट पार्टीमाथि ३५ वर्ष अगाडिदेखि लगाईराखेको प्रतिवन्ध एकपक्षीय रूपमा हटाएको छ। कम्युनिष्ट पार्टीको नेतृत्वमा रहेको संयुक्त मोर्चा नेशनल डेमोक्राटिक फ्रन्ट (NDF) ले यस सरकारी कार्यलाई रामोसको "मनोवैज्ञानिक युद्ध" को संज्ञा दिएको छ। यसले कम्युनिष्ट पार्टी र डेमोक्राटिक फ्रन्टका संगठन र कार्यकर्ताहरू क्रान्तिकारी संघर्ष छोड्न र भूमिगत स्थितिबाट खुला हुन कुनै आकर्षण गर्न नसकेको कुरा जनाई त्यस मनोवैज्ञानिक युद्धका सूत्रधार रामोस हारेको कुरा जनाएको छ।

नेशनल डेमोक्राटिक फ्रन्ट तथा त्यसका भर्खरै रिहा भएका अध्यक्ष सातुर्नो ओकाम्पोले सरकारद्वारा गरिने राजनीति, कानून र चुनाव सम्वन्धी मौलिक र आमूल परिवर्तन र द्विपक्षीय वार्तले मात्र कम्युनिष्ट पार्टीलाई दमन विनाको वातावरणमा बाहिर आउन उत्साहित पार्ने कुरा उल्लेख गर्दै सामाजवादी चिलीका राष्ट्पति साल्भाडोर एलेन्डेलाई १९७३ मा अमेरिकाद्वारा संरक्षित प्रतिकृयावादी सैनिकहरूले "कू" गरी हत्या गरेको संभदै भन्नु भएको छ-"ती सुधारहरू तत्काल गरेका कम्युनिष्ट पार्टी आफैं- आफूलाई वैधानिक र खुला गर्न तयार छ।"

नेशनल डेमोक्राटिक फ्रन्टले द्विपक्षीय वार्ता र आमूल परिवर्तन तथा ग-रीवहरूको लागि सामाजिक, आर्थिक कार्यक्रम, परम्परागत प्रतिक्रियावादी सविधानमा परिवर्तन र मानव-अधिकारको ग्यारेन्टी नग-रेसम्म २५ हजार भन्दा बढी लालसेना र हजारौं-हजार मिलिशिया तथा जनवर्गीय संगठनहरूले आ-आफ्नो संघर्षलाई जारी राख्ने दृढता पनि व्यक्त गरेको छ। ❑


*लालसेनाका कमाण्डर का. रोमुलो किष्टानार (वीचमा)*



# बेलायतमा कोइला खानी बन्द गर्ने निर्णय

बेलायतमा दुई दशकदेखि मजदूर विरोधी शासन चलाउँदै आइरहेको पूँजीवादी टोरी पार्टीका प्रधानमन्त्री जोनमेजरको सर कारले गरेको देशका आधि भन्दा बढी कोइला कारखानाहरू बन्द गर्ने निर्णयले बेलायतमा राजनीतिक र आर्थिक संकट उत्पन्न गरेको छ।

आर्थिक रूपमा अनुत्पादक भएको तर्कको आधारमा पूँजीवादी मेजर सरकार ले गरेको उक्त निर्णय अनुसार देशका ३१ वटा विशाल कोइला खानीहरू बन्द गरिने र त्यसबाट ३० हजार खानी-मजदूर हरूले जागिरबाट हात धुनु पर्ने हुन्छ। यस मजदूर-विरोधी निर्णयको विरोधमा सम्पूर्ण खानी-मजदूरहरू लगायत अन्य कार्यमा संलग्न मजदूरहरूको एकताबद्ध संघर्षले कार्तिक ५ गते निकै विशाल रूप लियो। वेलायतको ट्रेड यूनियन आन्दोलनको आह्वानमा लण्डनमा भएको तीन मील भन्दा लामो हजारौं मजदूर, मजदूर-परिवार, सहयोगी, समर्थक-पार्टी कार्यकर्ता र जनताहरूको विशाल जुलुस हाउस अफ कमन्स (संसद) अगाडि प्रधानमन्त्री जोन मेजर र उद्योगवाणिज्य मन्त्री माइकल ह्याजल्टाइनको राजीनामाको माग गर्दै हाइड पार्कमा गई आमसभामा परिणत भएको थियो।




*विरोध प्रदर्शनमा खानी मजदूरहरू*

वेलायती संसद "हाउस अफ कमन्स" को वाहिर विशाल प्रदर्शन भइरहेकै बेला संसदभित्र प्रमुख विपक्षी पार्टी लेबोर पार्टीद्वारा उक्त मजदूरविरोधी निर्णय स्थगन प्रस्तावको समर्थन र विरोधमा गर्मागर्म वहस र मतदान भैरहेको थियो। उक्त मजदूर विरोधी निर्णयकै कारणले मजदूर, मजदूर समर्थक जनता, लेबोर पार्टी, लिवरल डेमोक्रयाट पार्टी देखि लिएर सत्तासीन पूँजीवादी टोरी पार्टीकै केही कटरपन्थी-पुरातनपन्थी सांसदहरूले समेत मेजर सरकारको विपक्षमा आवाज उठाइरहनुका साथै मतदान समेत गर्ने संभावना थियो। तर, यी सबै संभावनाहरूलाई मध्यनजर गरी सर कारले त्यस बीचमै मन्त्री मण्डलको आकस्मिक र आपतकालीन बैठक गरी हाललाई १० वटा कोइला खानी मात्र बन्द गर्ने निर्णय गरे पछि ती कट्टरपन्थी-पुरातनपन्थी टोरी-पार्टीका सांसदहरूले आफ्नो विरोधका स्वरलाई कम पार्दै हाउस अफ कमन्सको उक्त मतदानमा सर कारकै पक्षमा मतदान गरेका छन्। त्यस मतदानको क्रममा उक्त निर्णय स्थगन प्रस्तावको पक्षमा ३०७ मत र विपक्षमा वा सरकारी पक्षमा ३२० मत खसेकाले मेजर कै सरकारको जित भएकोले केही समयका लागि मेजर सरकारमाथि निर्वाचित भएको ६ महीनाभित्रै आएको यो गहिरो राजनीतक संकट टरेको छ।

संसदभित्र बाट उठेको मेजर सरकारको टाउकोमाथि झुण्डिरहेको यो राजनीतिक संकटको तलवार केही समयको लागि हटेको देखिएतापनि अहिलेसम्म संसद वाहिर भने मजदूर संघर्षको तूफान उठिरहेकै छ। मेजर सरकारको हाललाई १० वटा कोइला खानी बन्द गरी दशौं हजार मजदूरलाई वे-रोजगार गरी विस्तारै-विस्तारै मजदूरहरू र विपक्षीहरूका साथै आफ्नै केही सांसदहरूको नाडी छामी छामी अरू खानीहरू बन्द गर्दै जाने परिवर्तित चालाकी पूर्ण निर्णयले संघर्षरत मजदूरहरूलाई दिएको धोकाको जवाफ आगामी मजदूर संघर्षहरूले मात्रै दिन सक्छ। ❑

वाइ वाइ
तैयारी चाउचाउ

विजयादशमीको
उपलक्ष्यमा
हार्दिक शुभ-कामना!

# अझै नेपालमा भाषा आन्दोलन किन?

नेपाल भाषा मंका खलः को दस्रो महाधिवेशन हालै सम्पन्न भएको छ। यस सन्दर्भमा नेपालका सम्पूर्ण मातृभाषाहरूका हक–अधिकार हरूबारे चर्चा–परिचर्चाहरू चले। यसै गरी नेपाल संवत ११११ को नयाँ वर्ष शुरूवातको दिन (कार्तिक १० गते, गोवर्धन पूजाको दिन) पनि राजधानी र देशका अन्य भागहरूमा पनि भाषा समानताको पक्षमा विविध कार्यक्रमहरू भए। यसै सिलसिलामा हामीले यस अंकमा यस विषयमा जातीय एवं भाषिक अधिकार संवन्धी आन्दोलनसंग संवद्ध तीन जना व्यक्तिहरूसँग विविध पक्षमा गरिएको कुराकानीको संक्षेप प्रस्तुत गरेका छौं। -सं:

## सरकारी क्षेत्रको असहयोग र जनताको न्यून-चेतना भाषा आन्दोलनका मूल समस्याहरु हुन्



- सुरेश आले मगर, महासचिव
संघीय परिषद्, नेपाल जनजाति महासंघ

***नेपाल जनजाति महासंघले नेपालका उत्पीडित भाषा–भाषीहरूको हक र उत्थानका लागि के–के गर्नु पर्ने सोचेको छ? र यस सम्बन्धमा महासंघका कार्यक्रमहरू के–के छन्?***

नेपालका उत्पीडित भाषा–भाषीहरूको हक र उत्थानका लागि नेपाल जनजाति महासंघले विशेषतः जनजातिहरूमा आफ्नो भाषाप्रति प्रेम एवं मोह जगाउनु पर्ने, त्यसका लागि जनमत सृजना गर्नुपर्ने तथा सरकारी र गैर–सरकारी क्षेत्रहरूमा आन्तरिक एवं बाह्य श्रोतहरू परिचालन गर्नु पर्ने सोचेको छ। यी कार्यहरू वस्तुतः सरकारकै भएकोले सरकारलाई दवाब दिनु पर्ने आवश्यकता छ। सबै भाषाहरूको समानता र समान अधिकारका लागि संघर्ष गर्नु महासंघको घोषित उद्देश्य नै हो।

जनजातिका उत्पीडित भाषाहरू बारे त्यस्तो ठोस कार्यक्रम बनाईसकेको त छैन तथापि विकासका लागि महासंघले आफ्नो दयनीय आर्थिक अवस्था र सीमित सामर्थ्य, श्रोत र साधनका बावजूद यथाशक्य प्रयत्न गर्ने सोचाइ बनाएको छ। त्यस्तै, जनजातीय समुदायहरूलाई स्वयं अग्रसर भै आ–आफ्नो भाषाका विद्यालयहरू संचालन गरी पठन–पाठन गर्न गराउन; पाठ्यक्रम पाठ्यपुस्तक, व्याकरण, साहित्य आदि निमार्ण गर्न; लेखकहरूलाई प्रोत्साहित गर्नका लागि विभिन्न पुरस्कार आदि स्थापना गर्न आव्हान गर्ने बारे सोचेको छ।



उक्त प्रयोजनका लागि विभिन्न सभा गोष्ठीहरू आयोजना गर्ने बारे पनि विचार भैरहेको छ। सरकारी संचार माध्यमहरू, जस्तै, रेडियो नेपाल र नेपाल टेलिभिजनबाट विभिन्न जनजातीय भाषाहरूमा समाचार एवं कार्यक्रम प्रसारण गराउनका लागि पनि हामीहरू संघर्षरत छौं।

***उत्पीडित भाषा–भाषीहरूको भाषिक आन्दोलनका सामु के–के समस्याहरू रहेका छन्?***

उत्पीडित भाषा–भाषीहरूको भाषिक आन्दोलनसामु सरकारी क्षेत्रबाट पूर्णतः उपेक्षा एवं असहयोग हुनु र जनताको न्यून चेतना स्तर हुनु आदिनै मूल समस्याका रूपमा रहेका छन्। देशको अर्ध सामन्ती र अर्ध औपनिवेशिक अवस्था पनि एउटा ठूलो समस्या भएको छ। यसका साथै, उत्पीडित भाषा–भाषीहरूको संगठित र सामूहिक प्रयासको अभाव र आर्थिक समस्याले पनि भाषिक आन्दोलनलाई असर पारीरहेको छ। त्यस्तै, विकसित भाषा–भाषीहरूको सहयोग प्राप्त नहुनाले पनि यो आन्दोलन सशक्त एवं अपेक्षित रूपमा अघि बढ्न सकिरहेको छैन। निरंकुश तानाशाही पंचायती काल त भाषिक आन्दोलनका लागि एकदम बाधक नै थियो, अहिलेको बहुदलीय व्यवस्था पनि सारमा उस्तै भएको हुनाले यसले केवल अपेक्षाकृत केही खुकुलो वातावरण प्रदान गर्ने मात्र हो, उत्पीडित भाषाभाषीहरूको विकासका लागि त्यस्तो ठोस केही गर्ने सम्भावना देखिँदैन। ❑

### नेपाल जनजाति महासंघमा संगठित भएका जन जातीय संगठनहरू

| | | | | | |
|---|---|---|---|---|---|
| १) | किराँत याक्थुङ्ग चुम्लुङ्ग- | अध्यक्ष | ११) | नेपाल मगर संघ- | सदस्य |
| २) | किराँत राई यायोक्खा- | सदस्य | १२) | नेपाल भाषा मंकाःखलः- | " |
| ३) | छन्त्याल परिवार संघ- | " | १३) | नेपाल ह्योल्मो समाज सेवा संघ- | " |
| ४) | जिरेल समुदाय उत्थान संघ- | " | १४) | निको थामी सेवा समिति- | " |
| ५) | तमु बौद्ध सेवा समिति- | " | १५) | ल्हम्बु श्यर्वा चिछोग- | " |
| ६) | द्रोणवार (दनुवार) जागरण समिति- | " | १६) | मेचे समाज सुधार समिति- | " |
| ७) | थकाली सेवा समिति- | " | १७) | राजवंशी भाषा प्रचार समिति- | " |
| ८) | थारू कल्याणकारिणी समिति- | " | १८) | सुनवार सेवा समाज- | " |
| ९) | धिमाल जातीय उत्थान विकास केन्द्र- | " | १९) | किराँत धर्म तथा साहित्य उत्थान संघ- | सहसदस्य |
| १०) | नेपाल तामाङ घेदुङ (संघ)- | " | | | |

आरामदायी यात्राकालागि सझनुहोस्

काठमाडौं - धरान
काठमाडौं - विराटनगर
काठमाडौं - काकडभित्ता

दैनिक सिधा-सेवाका लागि

**न्यू शिवशक्ति ट्राभल्स**

काठमाडौं : सुन्धारा वस पार्क फोन : २१२२१५

| धरान | विराटनगर | काकडभित्ता |
|---|---|---|
| वसपार्क | वसपार्क | वसपार्क |
| फो. २०३८३ | फो. २५१०९ | फो. २०२०८ |

# नेवारहरुको भाषालाई मात्रै केही स्थान दिंदैमा नेवारहरु सन्तुष्ट हुने भन्ने कुरा छैन

**- मल्ल के. सुन्दर, उपाध्यक्ष, नेपाल भाषा मंका खलः**

***बहुदलीय व्यवस्था आएपछिको नेपालको नयाँ संविधानले नेपालमा रहेका सबै भाषाहरूलाई "राष्ट्रिय भाषा" को मान्यता दिएको छ। यति भैसकेको वर्तमान स्थितिमा पनि अझै तपाईंहरू "नेपाल भाषा आन्दोलन" भनेर लागी रहनु भएको छ। यो किन जरूरी भयो?***

प्रथमतः भाषा आन्दोलन एउटा नियमित र क्रमिक कृयाकलाप हो, अवस्था अनुसार यसकोरूप भने परिवर्तन हुनु स्वाभाविक हो।

जहाँसम्म २०४७ सालको नयाँ संविधानले नेपालमा बोलिने मातृभाषाहरूलाई "राष्ट्रिय भाषा" को रूपमा मानेको कुरा छ, त्यो एक किसिमले स्वागत योग्य कुरा हो र पंचायती संविधानमा भन्दा यो कुरा यसमा परिवर्तन भएको अवश्य नै हो। तर यसरी "राष्ट्रिय-भाषा" को रूपमा यी भाषाहरूलाई मान्यता दिइसकेपछि यसको व्यावहारिक अर्थ के हो त? कानूनी अर्थ के हो त? -प्रश्न यो उठ्छ। "राष्ट्रिय-भाषा" भनिंदा पनि यी मातृभाषाहरूले "राष्ट्रिय भाषा" नभनिंदाको स्थिति भन्दा के फरक अनुभव गरे त? मूल कुरा यो हो। यी "राष्ट्रिय भाषा" हरूलाई अब राज्यस्तरबाट कुन रूपमा व्यवहार गरिने छ त? यो कुरा कानूनी वा संवैधानिक कुनै पनि रूपमा प्रष्ट गरिएको छैन। थप अर्को कुरा के छ भने यो संविधानको अंग्रेजी (कानून मन्त्रालयले निकालेको) संस्करण हेरौं। त्यसमा यी भाषाहरूलाई "राष्ट्रिय-भाषा" हैन, नेपालका भाषाहरू, (The Languages of Nepal) मात्र भनिएको छ। यसरी यी भाषाहरूलाई नेपालका भाषाहरू भन्नुले संवैधानिक वा कानूनी रूपमा यी भाषाहरूलाई कुनै पनि मान्यता वा महत्व दिइएको ठहर्दैन। यसको झन कुनै अर्थै हुँदैन। यसबाट सरकारको नियत के छ भन्ने कुरा छर्लङ्गिन्छ।

यो नयाँ संविधानमा प्राथमिक तहसम्म मातृभाषामा पढाइने स्कूलहरू खोलिन सकिने कुरा पनि उल्लेख छ। तर यसका लागि राज्य स्तरबाट के गरिने छ वा यसमा राज्यस्तरको दायित्व के छ त? भन्ने कुरा स्पष्ट छैन। राज्यस्तरबाट बोक्नु पर्ने दायित्व यो संविधानले किटान गरेको छैन।

त्यसकारण, संविधानमा भएका परिवर्तनहरूकै आधारमा कुरा गर्ने हो भने पनि यी परिवर्तनहरू एक किसिमका देखावटी परिवर्तन मात्र हुन्। नेपालका भाषाभाषीहरूले अझै ठोस कुरा प्राप्त गर्न सकेका छैनन्। त्यसैले भाषा समानताको लागि चलिरहेको आन्दोलनलाई अझै पनि क्रमिक र विकसित रूपमा अगाडि लैजानु पर्ने आवश्यकता छ।

***अब त सरकारी संचार माध्यमहरूमा पनि यी विभिन्न मातृभाषाहरूलाई केही स्थान दिइएको पाइन्छ नि।***

हो, खास गरी अन्तरिम सरकार बनेपछि सवैलाई हैन, नेपाल-भाषा र हिन्दी भाषालाई विहानको रेडियो समाचार प्रसारणमा केही समय दिन थालिएको छ। नेपाल भाषालाई ५ मिनेट र हिन्दीलाई १० मिनेटको समय दिइएको छ।

यो जुन समय दिइएको छ-सरकारले ठान्यो होला, यसबाट नेवार समुदाय खुसी हुने छ, सन्तुष्ट हुने छ। तर यसबाट वास्तवमा नेवार समूदाय झन असन्तुष्ट भएको छ।




२०१७ साल अगाडि र केही पछिसम्म सरकारले नेपाल-भाषा र हिन्दीमा रेडियो समाचार प्रसारित गर्दथ्यो, जुन पंचायत कालमा २०२२ सालमा रोकियो। अहिले सरकारको भनाइ "हामी ०१७ साल पछाडिको स्थितिमा जानेछौं" भन्ने रहेको छ। तर त्यही स्थितिकै मात्रै कुरा गर्ने हो भने पनि त्यतिखेर नेपाल-भाषाको समाचारलाई १० मिनेट समय दिइन्थ्यो, दिनको तीन पटक यो समाचार प्रसारण गरिन्थ्यो। यस हिसाबले अहिले त्यतिखेरको स्थितिमा पनि यो समाचार प्रसारणको व्यवस्था छैन।

यस बाहेक, हाम्रो नेपाल भाषा मंकाः खलः को धारणा के रहेको छ भने- यदि देशका सबै जाति-भाषाहरू सरकारको नजरमा समान हुन् भने कुनै एक विशेष भाषालाई मात्रै स्थान दिएर पुग्दैन। अहिले तत्कालै सबै भाषालाई समान स्थान दिन नसकिएला तर सबै भाषालाई स्थान दिने नीति अन्तरगत कार्यक्रमहरू संचालन गर्नुपर्दछ। त्यसैले नेवारहरूको भाषालाई मात्रै केही स्थान दिंदैमा नेवारहरू सन्तुष्ट हुने भन्ने कुरा छैन। हाम्रो माग भनेको आफ्नो भाषाको साथसाथै देशका अन्य भाषाहरूलाई पनि समान स्थान दिनुपर्छ भन्ने छ।

साथै अर्को एउटा कुरामा विरोध जनाउनु पर्ने स्थिति छ, त्यो हो- हिन्दी भाषालाई स्थान दिनु पर्ने आवश्यकता किन रह्यो? यदि तराई-क्षेत्रका लागि हामीले समाचार प्रसारण गर्न खोजेको हो भने नेपालको तराई क्षेत्रमा अधिकतम बोलिने मैथिली भाषामा, थारू-भाषामा, भोजपुरी भाषामा प्रसारण गर्नु पर्दथ्यो। हिन्दी भाषा नेपालको सीमानाभित्रका कुनै पनि जातिको मातृभाषा हैन।

***नेपाल-भाषा आन्दोलनको वर्तमान स्थिति र यसमा रहेका समस्याहरूलाई तपाईंले कसरी हेरिरहनु भएको छ?***

अहिले नेपालमा अरू समस्याहरूको साथसाथै जाति-भाषाहरूको समस्या पनि एउटा ज्वलन्त समस्याको रूपमा रहेको छ। यो एउटा ठूलै समस्या हो। राष्ट्रिय एकतालाई मजबूत पार्ने एउटा मूलभूत आधार भनेकै देशमा रहेका विभिन्न जाति-जनजातिहरूको बीचको "अनेकतामा एकता" नै हो। यो "अनेकतामा एकता" कायम गर्नका लागि तिनीहरू बीचको समानता, सद्भावना र आपसी सम्मान प्राप्त गर्नु पर्दछ। यो एकता यी कुराहरू प्राप्त नभएसम्म हुन नसक्ने कुरा हो।

वर्तमान राज्य व्यवस्थाबाट, वर्तमान संविधानबाट पनि यी कुराहरू प्राप्त हुन सक्ने अवस्था छैन। यस हिसावले पनि जातीय र भाषागत आन्दोलनको निरन्तरताको जरूरत त छँदैछ तर यस अवस्थामा कुनै पनि एउटा जाति वा भाषाभाषीले एक्लो रूपमा यो आन्दोलनलाई अगाडि लिएर जान सक्ने अवस्था छैन। यसरी लिएर जानु पनि उचित हुँदैन, किनभने त्यसले गर्दा जातीय संकीर्णता, सांप्रदायिकता र एक किसिमले जातीय उग्रताका भावनाहरू आउन सक्ने समेत संभावना छ। यस हिसावले यो जातीय आन्दोलनलाई समग्र रूपमा देशमा रहेका उपेक्षित जनजातिहरू र भाषाभाषीहरू एक ठाउँमा मिलेर अगाडि लानु पर्ने आवश्यकता छ।

अहिले नेपाल भाषा मंकाः खलः मात्र हैन, अरू विभिन्न जनजातिका संगठनहरू कति त नयाँ पनि खुलि-रहेका छन् र पुराना संगठनहरू पनि झन झन संगठित भएका छन्। मगर, गुरूङ्ग, तामाङ्ग, थारू लगायत हरेक जनजातिहरू संगठित हुनुपर्छ भन्ने चेतना अहिले विकसित भैरहेको छ, त्यो एकदमै राम्रो कुरा हो। यसको साथसाथै भर्खरैमात्र नेपाल जनजातीय माहासंघ पनि गठन भएको छ, जसको गठनको आवश्यकताको धारणा विकास हुन थालेको शुरूकालदेखिनै नेपाल भाषा मंकाः खलः यसमा संलग्न रहेको छ। यस महासंघमा हाम्रो यस खलःका साथै अन्य १८ वटा विभिन्न जनजातिका संगठनहरू समावेश भएका छन्।

त्यसैले म के ठान्दछु भने- नेपाल भाषा मंका खलः को तर्फबाट वा नेवारहरूको तर्फबाट मात्रै अलग्गिएर यो जनजातीय र भाषागत समस्यालाई हेर्नुभन्दा यसलाई सबै जनजातिहरू एकै ठाउँमा बसेर समग्र रूपमै यसलाई समाधान गर्ने र यो आन्दोलनलाई अगाडि लाने तिर हामीले सोच्नुपर्दछ। तव मात्र यसमा सही निर्क्योलहरू निस्कन सक्छन्।

बाँकी ११ पृष्ठमा

# तामाङ्ग भाषा-आन्दोलन कुन अवस्थामा छ?



परशुराम तामाङ्ग, महासचिव, नेपाल तामाङ्ग घेदुङ (संघ), संस्थापक के.स., नेपाल जनजाति महासंघ

सरकार तयार छ भने हामीसंग न्यूनतम पूर्वाधार करीव करीव तयार छ।

***हाल तामाङ्ग-भाषा आन्दोलनका क्षेत्रमा तपाईहरू कस्तो धारणा लिएर अघि बढीरहनु भएको छ?***

भाँषा क्षेत्रको कुरा गर्दा दुईवटा पक्षहरूबारे चर्चा गर्नु जरूरी छ। एक, सिद्धान्ततः हामीले भाषालाई कसरी हेर्छौं भन्ने कुरा र दुई, ती सिद्धान्तहरूलाई हामीले व्यवहारमा कसरी लागू गरिरहेछौं भन्ने कुरा।

भाषा-आन्दोलनको सिद्धान्तको जुन पक्ष छ, यसलाई हामी हाम्रो मात्र हैन सबै जनजातिका भाषाहरूको सन्दर्भमा हेर्दछौं। हामी भाषा र भाषाको विकासलाई सत्तारूढ वर्गले दया गरेर दिने कुराको रूपमा हैन, जातिको अधिकारको रूपमा लिन्छौं। अधिकारको कुरा गर्न नपाई यसलाई हामीले स्वतन्त्रता र समानतासंग जोडेर हेर्नु पर्दछ।

भाषाले जाति वा समूहको पहिचानलाई अभिव्यक्त गर्दछ। जातिको संस्कृतिको प्रतिविम्व यसले प्रस्तुत गर्दछ। अर्को महत्वपूर्ण कुरा हो- भाषा भनेको मानिसलाई सामाजिकीकरण गर्ने माध्यम हो। नेपालमा भाषाकै छेकेवारले गर्दा थुप्रै मानिसहरू समाजको मूलप्रवाहमा आएर आफ्नो क्षमता र प्रतिभालाई प्रस्फुटन गर्न सकिरहेका छैनन्।

नेपालमा कक्षा १ मै ४९% विद्यार्थीले स्कूल छोड्ने गर्छन्, कक्षा ५ सम्म पुग्दा यो ६३% सम्म पुगेको पाइन्छ। यसो हुनुको मूल कारण भाषिक समस्या नै हो। घरमा बच्चाहरू आफ्नै मातृभाषा बोल्छन्, स्कूलमा नेपाली प्रयोग हुन्छ। तव कुराहरू बुझ्ने बुझाउने क्षेत्रमा उसले ठूलो समस्या झेल्नु पर्ने हुन्छ। संचार ( ] ] ) को माध्यमको यो संकटको कारण उनीहरू स्कूल जानै छोड्दछन्। शहरमा अहिले गलैंचा आदि कारखानाहरूमा काम गर्ने थुप्रै तामाङ्ग वा धिमालका केटाकेटीहरू शहरमा स्कूलहरू भएका ठाउँहरूमा रहेर पनि किन स्कूल पढ्दैनन्? मुख्य रूपमा यही माध्यमको संकट पैदा भएर नै हो।

मनोवैज्ञानिक रूपले पनि "आफ्नो" भन्ने कुरा भएपछि मात्र सिक्ने वातावरण तयार हुन्छ। यो भावना पैदा गर्ने कुरा पनि भाषा नै हो।

त्यसैले हामीले यी सव पक्षहरूलाई ध्यानमा राख्दै भाषा आन्दोलनलाई गम्भीर कुराका रूपमा लिएका छौं। मातृभाषा भनेको शिक्षा ग्रहण गर्ने प्रकृया ( ) र व्यक्तिको विकासको आधार हो र राष्ट्र निर्माणको आधारको रूपमा पनि यो रहेको हुन्छ।

***यो भाषा आन्दोलनको स्थिति कस्तो रहेको छ?***

जहाँसम्म व्यवहारमा तामाङ्ग भाषा आन्दोलन कसरी बढिरहेछ भन्ने कुरा छ, यसमा उल्लेख गनु पर्ने एउटा कुरा के छ भने हिजो पंचायत कालमा हाम्रो भाषा आन्दोलन "भाषाको-अस्तित्व वा पहिचानको सम्मान गर" भन्ने आग्रहसाथ पहिचानकै निम्ति लडिरहेको थियो। भाषा विद्यालय खोल्दा सजायँ हुने स्थिति त्यति खेर थियो। तर आज भने हामीले यो पहिचानको लागि संघर्षको चरण पार गरेका छौं। नयाँ संविधाले हाम्रो पहिचान स्वीकारेको छ।

त्यसैले अवको हाम्रो भाषा आन्दोलनको मोड भाषिक समान अधिकार प्राप्तितर्फ लक्षित छ। भाषाहरूको विकासका लागि समानताको आधारमै संवैधानिक रूपले व्यवस्था हुनु पर्ने कुरा आजको हाम्रो माग रहेको छ।

भाषालाई यदि जनजातिको विकासको माध्यम वा आधार मान्ने हो भने यसलाई प्राथमिक स्तरसम्म मात्र हैन, माथिसम्मै लैजाने नीति हुनुपर्छ। ५ कक्षा सम्म मातृ-भाषामा अनि पछि फेरि "खस नेपाली" (हामी नेपालका सबै भाषालाई नेपाली भाषा मान्दछौं, त्यसैले हाल नेपाली भनिने भाषा "खस नेपाली भाषा" हो) मा पढ्नु पर्ने हो भने त व्यक्तिलाई झन बढी भार बोकाउने काम मात्र हुन्छ।

हेर्नुस है, -नेपालमा कस्तो देखिन्छ भने-मुलुकको शासनको मूल प्रवाहमा रहेका यहाँका वौद्धिक वा प्राज्ञहरू केवल राज्ययन्त्रले अऱ्हाएको काम गर्ने खालका छन्। के हुनुपर्छ भन्ने कुराकालागि प्राज्ञिक क्षेत्रको योगदान हुनु पर्नेमा, के अऱ्हाइएको छ, त्यो गर्ने मात्रमा यो क्षेत्र सीमित छ। यस्तो स्थितिमा उनीहरू, भाषाको विकासलाई जनजातिको विकासको अभिन्न अंगको रूपमा नलिईकन एउटा सतही राजनीतिक नारा मात्रको रूपमा लिइरहेछन्। राष्ट्रिय एकता कायम गर्ने कुरामा यिनीहरू नेपालमा साझा भाषा, साझा नश्ल, साझा संस्कृति, साझा धर्मको धारणा राख्दछन्, यो नेपालको वास्तविकतासँग मिल्दैन। भाषा, धर्म, संस्कृति, नश्ल सबै यहाँ साझा हैन, विविध छन्। यो विविधता एवं यिनीहरू वीचको आपसी भातृत्व-भाव र यो माटोको मायाँको आधारले नै यहाँ हामीलाई एउटा राज्यको रूपमा बचाइरहेका छन्।

समानताको नीतिले यो आधारलाई झन झन मजवूत गर्छ भन्ने धारणा यिनीहरूले लिन सकेका छैनन।

यदि छुट्टाछुट्टै भाषाको विकासमा जोड दिने हो भने राउटे, हायु, चेपाङ्ग लगायतका अल्पसंख्यक भाषाभाषीहरू वा जातिहरू एक्लिन्छन् भन्ने धारणा पनि यिनीहरूले बोकेका छन्। तर हामीले जुन त्री-भाषिक नीति प्रस्तुत गरेका छौं, यसले यस्तो नहुने स्थिति पैदा गर्न मद्दत गर्छ।

बाँकी [illegible] पृष्ठमा

**नेपालका भाषा-भाषीहरु, कूल जनसंख्यामा प्रतिशत**

| | २०४८ को जनगणना | २०३८ को जनगणना | फरक |
|---|---|---|---|
| नेपाली | ५३.२ | ५८.४ | (-) ५.२ |
| भोजपुरी | ६.६ | ७.६ | (-) १.० |
| गुरूङ | १.१ | १.२ | (-) ०.१० |
| मैथिली | ११.८ | ११.१ | (+) ०.७० |
| थारू | ४.८ | ३.६ | (+) १.२० |
| तामाङ | ४.७ | ३.५ | (+) १.२० |
| नेपाल भाषा | ३.५ | ३.० | (+) ०.५० |
| मगर | २.२ | १.४ | (+) ०.८० |
| राई | १.१ | १.५ | (-) ०.४० |
| किराँती | १०.२ | ८.७ | (+) १.५० |

स्रोतः केन्द्रीय तथ्यांक विभाग, गोरखापत्र भाद्र १५, २०४९

१०. पेजको बाँकी

***नेपाल भाषा मंकाः खलःको गतिविधि बढाउँदा तपाईंहरूलाई पहिले पनि "साम्प्रदायिक" भएको आरोप लगाउने गर्थे र अहिले पनि यसो भन्नेहरू नभएका हैनन्। यसबारे तपाई के भन्नु हुन्छ?***

हो, जब भाषा-जातिका अधिकारका कुरा हामीले उठाउनु थाल्यौं, कतिपय व्यक्तिहरूले हामीलाई "साम्प्रादायिक भएको" लांछना लगाउँदै आएका थिए र अहिले पनि कतिपयले यो लांछना लगाइरहेका छन्। तर वास्तवमा जब हामी के कुरा उठाइरहेका छौं र हाम्रो चाहना के हो भन्ने कुरा कार्यक्षेत्रमा जाँदा धेरै व्यक्तिहरूले थाहा पाए, हाम्रा धारणाहरू बुझे, तिनीहरू मध्ये धेरैले हामी साम्प्रदायिक हैनौं भन्ने चाल पाई हामीप्रतिको आफ्नो धारणामा संशोधन गरिरहेका पनि छन्। तर अझै पनि कतिपय यस्ता व्यक्तिहरू छन्, जसले हामीलाई यो आरोप लगाइ नै रहेका छन्। तर साम्प्रदायिक भनी हामीलाई भन्ने आधार के? आधार त हुनुपऱ्यो नि।

हामीलाई प्रष्ट रूपले थाहा छ कि साम्प्रदायिकता भनेको आफ्नै जातिको मात्र महिमा गाउने, आफू र आफ्नै भाषाको मात्र महानता गाउने र अरूलाई होच्याउने, अरूलाई दमन गर्ने, अरूलाई उत्पीडनमा राख्ने किसिमको सकिर्ण धारणा हो। म के कुरा दावी गरेर भन्न सक्छु भने, जबदेखि नेपाल भाषा भाषीहरूले जाति-भाषाका आन्दोलनहरूलाई सडकमा ल्याएर शुरूवात गरे, तवदेखि नै संपूर्ण नेवारहरूले आफ्नो भाषिक आन्दोलनको बीचमा उभिएर एउटै आवाज उठाइरहेका छन्, त्यो आवाज हो- "देशका संपूर्ण जाति-भाषाहरूको लागि समान अधिकार दिइनु पर्दछ", यदि संपूर्ण जाति भाषालाई समान अधिकार दिनुपर्छ भन्ने व्यक्तिहरू, समूहहरू साम्प्रदायिक ठहरिन्छन् भने ती जाति-भाषाहरूको अधिकार च्यूत गरेर तिनीहरूलाई दमन गर्ने मान्छेहरू चाहिं के ठहरिन्छन् नि? त्यसैले म के ठान्दछु भने- जो अहिले हामीलाई साम्प्रदायिक भनी आरोप लगाइरेका छन्, बास्तवमा साम्प्रदायिक तिनीहरू नै हुन्, जसले अरू सारा उपेक्षित भाषा-भाषीहरूलाई अहिलेसम्म दमन गरेर जातीय अहंकार का नीतिहरू अप्नाइरहेका छन्। ❑

# का. गोञ्जालो :
# गिरफ्तारीदेखि आजीवन कारावाससम्म



*दक्षिण अमेरिकी देश पेरूमा त्यहाँका लागू पदार्थका तस्कर, जमिंन्दारहरू तथा ठूला तामाका खानी मालिकहरूको प्रतिनिधि फुजिमोरी सरकारले चलाएको दमनको बढ्दो दवदवाको विरूद्ध र त्यहाँको शोषक वर्गीय सत्ताका विरूद्ध सशस्त्र आन्दोलनरत पेरू कम्युनिष्ट पार्टी साइनिङ्ग पाथका सर्वोच्च नेता का. गोञ्जालोको गिरफ्तारी र जनयुद्धको इतिहास बारे हामीले गतांकमा पनि केही सामग्रीहरू दिएका थियौं।*

*वामपन्थीहरूको त कुरै छोडौं, दक्षिणपन्थी प्रतिद्वन्दीहरू पूर्व राष्ट्रपति एलेन गार्सिया र राष्ट्रपति उम्मेदवार मारियो भर्गास ल्लोसा समेतलाई आपतकालीन सैनिक शासनका कारणले निर्वासित हुन बाध्य पार्ने फुजिमोरी सरकार, जसले देशको संविधान, संसद, अदालत समेत मनोमानी ढंगले सैनिक बलका आधारमा भंग गरेको थियो, त्यसका विरूद्ध पेरूमियाली जनताको आक्रोश, विरोध र मुक्ति कामनाको अभिव्यक्ति स्वरूप पे.क.पा. साइनिङ्ग पाथको जनयुद्ध तीव्र हुँदै गइरहेको समयमा गिरफ्तार हुनु भएका का. गोञ्जालोलाई हाल एकतर्फी रूपमा आजीवन कारावासको सजाय दिइएको छ।*

*उहाँको गिरफ्तारीदेखि सजाय तोकिंदासम्मको घटना-विवरण, गिरफ्तारीको विरोधमा भएका विश्वव्यापी प्रतिकृयाको विवरण, का. पद्मरत्न तुलाधर एवं का. दीनानाथ शर्मासंगको कुराकानी र गिरफ्तारी पछिको का. गोञ्जालोको विचारोत्तेजक भाषण हामीले यसैसाथ प्रस्तुत गरेका छौं- सं.*

## गिरफ्तारीको तयारी

पेरूको राजधानी लिमास्थित शान्त इलाका सुर्कोको ४५९ नं. प्रथम सडकको छेउमै रहेको पहेंलो-हरियो घरको दोस्रो तल्लाको कोठामा जहिले पनि पर्दा बन्द हुन्छ, किन? किंन पर्दा खुल्दैन? राष्ट्रपति अल्वर्टो फुजिमोरीको निर्वाचित तानाशाही सरकारको कथित "आतंकवाद विरोधी" विशेष प्रहरी दल-डिनकोटे (Dincote) लाई गंभीर शंका लाग्यो। पेरू कम्युनिष्ट पार्टी, साइनिङ्ग पाथको नेतृत्वमा रहेको जनछापामार सेनाको लिमामाथिको चर्को आक्रमणलाई मध्यनजर गरी मूलतः डा. अविमायल गुजमान अर्थात् साइनिङ्ग पाथका सर्वोच्च नेता का. गोन्जालोलाई नै गिरफ्तार गर्ने एउटै उद्देश्यले त्यस विशेष प्रहरी गुप्तचरहरूको दल-डिनकोटे-को गठन त्यहाँको सरकारले गरेको थियो।

त्यसलाई अहिले अमेरिकाको गुप्तचर संस्था सि.आई ए.ले भौतिक रूपमा अत्याधुनिक बनाएको छ। अहिले सि.आई.ए. बाट तालिम हासिल गरेका सयौं गुप्तचरहरू अमेरिकाद्वारा दिइएको अत्याधुनिक कम्प्यूटर फोन र सबै भन्दा पछिल्लो चरणमा बिकसित गरिएका उच्च स्तरीय छानवीन गर्ने प्रविधिहरू सहित का. गोञ्जालोको खोजी गर्दै थिए।

का. गोञ्जालोको खोजीमा साइनिङ्ग पाथकै जस्तो भूमिगत कार्यशैली अप्नाएर साइनिङ्ग पाथका कार्यकर्ताहरूको पछिपछि रातोदिन पीछा गर्ने क्रममा उनीहरूले सयौं असफल प्रयासहरू गरिसकेपछि सन् १९९० को जून महीनामा र सन् १९९१ को जनवरी महीनामा लिमाको भूमिगत घरबाट का. गोञ्जालोलाई पक्रन झण्डै झण्डै सफल भएका थिए। तर, का. गोञ्जालोलाई पक्रन नसकेपनि उहाँले "ग्रीक जोर्बा" नृत्य नाचिरहेको दृश्य भएको भिडियो टेप जफत गर्न भने उनीहरू सफल भए। यसले गर्दा उहाँ मर्नु भएको हो कि बाँच्नु भएको छ भन्ने तथ्य नै पत्ता लगाउन नसकेका डिन्कोटेका गुप्तचरहरूले उहाँ बाँचिरहनु भएको कुराको भने सुराक पत्ता लगाए। यस सुराकबाट उत्साहित भएका डिन्कोटेका गुप्तचरहरूले लिमास्थित सुर्को ईलाकामा रहेको माथि उल्लेखित त्यस शान्त र रमणीय मध्यमवर्गीय घरमाथिको एउटा कोठामा पर्दा नखुलेको आशंकामा आफ्नो निगरानीलाई कडा पारे। केही महीना अघि उच्च मध्यमवर्गीय युवा, एउटा आर्केटेक्चर र भूतपूर्व ब्याले निर्देशिका एवं गायिका मारित्जा गारिजा लेक्काले त्यस घर बहालमा लिएकी थिइन। ३ महीना अघिदेखि कडा निगरानीमा राखीराखेको त्यस घर र त्यस घर रहेको सुर्को इलाकामा डिन्कोटेका गुप्तचरहरू सफाई मजदूर, मिटर जाँच्ने जाँचकी तथा कहिलेकाहीं अर्ध-पागल प्रेमीहरूको रूपमा भेषधारण गरेर पस्ने र निगरानी गर्ने काम गरिरहेका रहेछन्।

यस निगरानीको क्रममा ती गुप्तचरहरूले थप सुराकहरू पत्ता लगाए; ती हुन्-ती युवा ब्याले निर्देशिकाले दैनिक १६ वटा पाउरोटी त्यस घरमा लैजाने गरेकी, बुढाबुढीहरूलाई चाहिने औंषधि उपचारका समानहरू लैजाने गरेकी, घरको थोत्रो मैलो फ्याँक्ने कन्टेनर मा का. गोन्जालोको प्रिय विन्स्टन चुरोटका बट्टाहरू फ्याँकी राखेको र एक राति एकचोटि का. गोन्जालो जस्तै आकार को मान्छे त्यसै वन्द पर्दाभित्र नाचिरहेको छायाँ देखेको आदि। यस बाहेक सुराकको रूपमा प्रहरीहरूले का. एलेनाको भाइलाई उन्की श्रीमती र छोरा, छोरीलाई मार्ने डर धम्की देखाई उनीबाट त्यस भूमिगत घरको ठेगाना र त्यहाँ बसिरहेका कामरेडहरूको जानकारी थुत्न सफल भएको भन्ने त्यहाँको प्रहरिले दावी गरेको छ।

## कसरी गिरफ्तार गरियो?

यी सबै सुराकहरूको आधारमा गत भाद्र २७ गते शनिवार (सेप्टेम्वर १२) लेक्काको त्यस घर सँगैको एकजना लेफ्टिनेन्टको घरमा एउटा कथित भोज र नाचगानको आयोजना गरेर ऐन मौका फेला पारी का. गोन्जालोलाई त्यस घरबाट गिरफ्तार गर्ने योजना सरकार पक्षले तयार गऱ्यो। त्यसदिनको त्यो भोज र नाचगानमा आएका सवै पाहुनाहरू रूपी डिन्कोटेका गुप्तचरहरूले साझभरि भोज खाएको र नाचगान गरेको अभिनय गर्दै लेक्काको घरमा निगरानी गरिरहे। घर बाहिर एउटा गाडीमा एउटी महिला र एकजना पुरूष गुप्तचर अधिकृतहरू बियरको चुस्की लिंदै गफ मार्दै निगरानी गरिरहेका थिए।

राति ८.४० बजे लेक्का पसलबाट एक बट्टा चुरोट किनेर घर फर्कनासाथ गाडीमा रहेका ती दुई गुप्तचर महिला र पुरूषले त्यस घरको ढोकामा रहेको घण्टी बजाए। ढोका खोल्नासाथ तिनीहरू जवर्जस्ती घरमा पसेर लेक्कालाई कब्जामा लिए र नाचगानमा व्यस्त रहेको अभिनय गरिरहेका पचासौं गुप्तचरहरू समेत भई हवाई फायरिङ्ग गर्दै तिनीहरूले घरमा हमला गरे। बाढी झैं पसेका ती हमलावर सशस्त्र गुप्तचरहरूले दोस्रो तल्लाको कोठामा आक्रमण गरे र अन्ततः पक्रने वा सूचना दिने व्यक्तिलाई सरकारद्वारा १० लाख डलर घोषित गरिएका का. गोन्जालो र उहाँका नीकतम सहयोगी तथा साइनिङ्ग पाथकी दोस्रो प्रमुख नेतृ एलेना एर्पार्गुर्रे तथा ६ जना उच्च कमाण्डिङ्ग अधिकारीहरू सहित ८ जना कामरेडहरूलाई त्यस कोठामा भेट्टाए। त्यतिखेर मोटो ग्लासयुक्त चश्मा र झ्याप्प दाढी भएको अधवैंसे हट्टाकट्टा का. गोन्जालो पहिले पहिले जस्तै सामान्य ढंगले हातमा मोटो किताब लिई पढी राख्नु भएको थियो। सशस्त्र गुप्तचरहरूले आक्रमण गरेपछि ४ वटा अटोमेटिक हतियार कोठामा भएतापनि त्यहाँ उहाँहरूले कुनै प्रतिरोध गर्ने स्थिति नै भएन। सामान्य सुरक्षामा करीव २ हप्तादेखि यहाँ रहीरहनु भएका का. गोन्जालोले प्रतिरोध गर्न तम्सिनु

भएकी नेतृ का. एलेनालाई रोक्नु भयो र कुनै प्रतिरोध, कुनै गोली चलाइ र हत्या विना नै सशस्त्र सरकारी गुप्तचर-हरूले उहाँहरू जस्ता नेताहरू लगायत क्याले निर्देशिका लेक्का समेत १४ जनालाई गिरफ्तार गरे। तिनीहरूले साइनिङ्ग पाथका केही गोप्य सामग्रीहरू र अक्टोवर महीनामा गरिने आक्रमणका योजनाहरू भएको कम्प्यूटर डिस्कहरू जफत गरेको दावी गरेका छन्। यिनै जफत गरिएका गोप्य सामग्रीहरूको आधारमा लिमास्थित साइनिङ्ग पाथ क्षेत्रीय र स्थायी कमिटीहरूका भनिने २०० जना शंका गरिएका कार्यकर्ताहरूलाई गिरफ्तार गरेको पनि दावी सरकारी पक्षले गरेको छ।

"बिंगो!" -एकजना गुप्तचर अधिकृत का. गोन्जालोको गिरफ्तारीको खुशीमा आफ्नो वायरलेस सेटमा चिच्यायो - "हामीले ठूलो अटेरीलाई समात्यौं।। सत्य, सत्य, सत्य हो, गुजमान नै हो।"

यो "खुशीको खबर" सुनेर सोभियत संघ र अमेरिकाबाट प्रशिक्षित आजीवन गुप्तचर अधिकृत रहेका डिन्कोटेका नाइके जनरल एन्टोनियो विडाल हर्रेरा हतारिएर त्यस घरमा आयो र का. गोन्जालोलाई आफ्नो कब्जामा लियो। उसले का. गोन्जालोलाई व्यंग्य गर्दै भन्यो "तपाईं त द्वन्द्ववादमा विश्वास गर्ने मान्छे, जीवनमा यस्ता कैयौं समयहरू आउँछन्, कहिले



तपाई जित्नु हुन्छ त कहिले तपाई हार्नु हुन्छ। यस पालि तपाईको हार्ने पालो मो।"

"हो, यसपालि मेरो हार्ने पालो मोः बधाई छ। -का. गोन्जालोले शान्त स्वरमा जवाफ दिनु भयो।

### का. गोन्जालोमाथि घृणित व्यवहार

का. गोन्जालो लगायतका कामरेडहरूको गिर-फ्तारीलाई नै आफ्नो सबैभन्दा ठूलो विजय मानिरहेको फुजिमोरी सरकारले पेरूमा र यसको संरक्षक अमेरिकाले संसारभर नै का. गोन्जालोलाई गिरफ्तार गरिएको भिडियो टेप टेलिभिजनहरूमा करीब करीब लगातार नै केही दिनसम्म उहाँलाई आतंकवादी नेता र लागू पदार्थको तस्करको रूपमा प्रस्तुत गरी प्रसारण गरे।

फुजिमोरी सरकारले का. गोन्जालोलाई गिरफ्तार गरेर लिमास्थित प्रहरी हेडक्वार्टरमा अत्यन्त कडा पहराका साथ राख्यो। हेडक्वार्टरको चारैतिर चारवटा बख्तरबन्द गाडी र अत्याधुनिक हतियारले सुसज्जित ३००० भन्दा बढी सैनिकहरू लगायत सैनिक हेलिकोप्टरलाई कडा पहरा दिन लगायो। राष्ट्रपति भवनमा त्यति नै स्वेर अत्यन्त आत्तिएर कडा घेराऊ गरी राष्ट्रपति फुजिमोरीले आफ्नो कायरता र साइनिङ्ग पाथको आक्रमणको भय प्रष्टै देखाए।

का. गोन्जालो "२७ हजार मान्छे मारेको र २० अरब डलर क्षति गरेको" आरोपमा राजद्रोही र आतंकवादीहरूलाई झैं १५०९ नम्बर तस्वी झुण्डाएर आश्विन ११ गते सम्म सोही हेडक्वार्टरमा राखिनु भयो। त्यहाँ उहाँलाई बाघको खोर जस्तै विशेष किसिमले वहाँकै लागि बनाइएको खोरमा थुनेर राखियो। त्यसबेला जेलका डाँकाहरूलाई दिइने टाटेपाटे र अपमानजक पोशाक

# का. गोञ्जालोको गिरफ्तारीपछि के "साइनिङ्ग पाथ" को अन्त हुनेछ?

*सैनिक बलमा टिकिरहेको तानाशाही फुजिमोरी सरकार का. गोञ्जालोको गिरफ्तारीलाई नै "साइनिङ्ग पाथ"को अन्त्यको रूपमा विश्वभर प्रचार गरिरहेछ।*

*का. गोञ्जालोको गिरफ्तारीभन्दा केही समय अघि पेरूका गाउँशहरका लाखौं उत्पीडित जनताका संगठित जन वर्गीय संगठनहरू, मुक्त आधार इलाकाहरूका थुप्रै जन समितिहरू र शहरका जन-सुरक्षा आन्दोलनको आधारमा सशस्त्र जन-युद्ध चलाइरहेको पे.क.पा.ले आफू अब सरकारी सैनिक बलसँग सिधै मुठभेड गर्नसक्ने "रणनीतिक समानता"को स्थितिमा पुगेको दावी गरेको थियो। यो दावीले मूर्त रूप लिएर देशव्यापी रूपमा साइनिङ्गपाथले सत्ता कब्जा गर्दै गएर राजधानी लिमामा पनि जनयुद्धको चाप बढ्दै गएको थियो।*

*संसद समेत भंग गरी तानाशाह फुजीमोरीले अमेरिकाद्वारा प्रशिक्षित आफ्ना सेना, प्रहरी, गुप्तचर र रोण्डरो (मिजिलान्तो) हरूलाई संयुक्त रूपमा प्रयोग गरेर जन छापामार सेना र उनीहरूप्रति सहानुभूति र समर्थन राख्ने जनतामाथि खुनी कारवाही चलाएको थियो। त्यतिखेर जनता र जनताको जन छापामार सेनाको कडा प्रत्याक्रमणका कारणले केही शिथिल र असक्षम साबित भएको सरकारी बलको स्थिति हेरेर अमेरिकी राज्य विभागका लागि राण्ड कर्पोरेशन सल्लाहकारको प्रतिवेदनले स्पष्टै स्वीकारेको थियो- "सेण्डरो (साइनिङ्ग पाथ)ले जित्न सक्छ।"*

*त्यस्तै गरी पेरूभियन सेन्टर फर इन्टरनेशनल स्टडिजका एनरिक ओवान्डो र साइनिङ्ग पाथ विशेषज्ञ मानिने पत्रकार गुस्टाभो गोरिटीले पनि स्वीकारेर भनेका छन्- "यदि उनीहरूको यही क्रम जारीरहेमा उनीहरूले पेरूको राज्यसत्तालाई हराउन सक्षम हुने छन्। आखिर सेण्डरो (साइनिङ्ग पाथ)ले जित्ने नै भयो भनेर जनताहरू सोच्छन्।"*

*तर पूँजीवादी साम्राज्यवादी संचार माध्यमहरूले समेत दार्शनिक विचारक र युद्ध कला सम्बन्धी उत्कृष्ट व्यक्तिको रूपमा स्वीकारेका का. गोन्जालो जस्ता सर्वोच्च नेताको गिरफ्तारीले साइनिङ्ग पाथ र जनयुद्ध माथि केही न केही नकारात्मक असर पार्ने त देखिन्छ नै तर फुजिमोरी सरकार भने यसैलाई संपूर्ण विजयको रूपमा प्रस्तुत गर्दैछ। साइनिङ्ग पाथको हार र मृत्युको घोषणा गर्दै फुजीमोरी सरकार मनोबल गिरेको आफ्नो सरकारी बलको मनोबल बढाउने र साइनिङ्ग पाथका छापामारहरूको मनोबल गिराउने दोहोरो चाल यही मौकामा चाल्दै छ।*

*फुजीमोरी सरकारको यो दोहोरो चालले साइनिङ्ग पाथका छापामार, शुभचिन्तक, समर्थक र कार्यकर्ताहरूमा कस्तो असर परेको छ त? यस्को केही जवाफ त पेरूका विभिन्न भागमा निरन्तर चलिरहेको जनयुद्धको क्रममा लिमा लगायत अन्य शहरमा भएका बम विष्फोटनहरू र सरकारी बलमाथिका सांघातिक आक्रमणले नै दिइरहेको छ नै, तापनि यसबारे केही व्यक्तिहरूको विचार हेरौं।*



*न्यूजवीक पत्रिकाका पत्रकारहरूको भेटघाटमा एक अनाम साइनिङ्ग पाथ कार्यकर्ता भन्छन्- "पार्टी भनेको ठूलो परिवार हो, अतः अध्यक्ष गोन्जालोको गिरफ्तारी बाबु हराए झैं भयो। तर उहाँ सामान्य मानिस मात्र हुनु हुन्छ, एउटा परिवारको त्यस्तो सदस्य हुनु हुन्छ, जस्ले हामीलाई जीवन दिन्छ। परिवार त निरन्तर चलि-रहन्छ। अरू कसैले नेतृत्वको जिम्मेवारी वहन गर्नु पर्छ।" उनी फेरि भन्छन्- "हामी गोञ्जालोलाई आदर गर्छौं तर गोन्जालो- विचारले हामीलाई बाटो देखाउँछ।"*

*त्यस्तै का. गोन्जालोका वकिल एवं डेमोक्राटिक लयर्स एशोसियसनका नेता अल्फ्रेडो क्रेस्पो चुनौतिपूर्वक भन्छन्- "यो पार्टीकै अन्त्य हो भन्ने नसोच्नुस! क्रान्ति त निरन्तर चलिरहन्छ र संभवतः मजबुत पनि हुँदै जान्छ।"*

*साइनिङ्ग पाथका कार्यकर्ता तथा समर्थकहरूको विचार भन्दा पनि कडाई पूर्वक अमेरिकी राण्ड कर्पोरेशनका राष्ट्रिय सुरक्षा विश्लेषक गोर्डन मिक्कर्मिक भन्छन् -म टाउको काटेपछि शरीर पनि मर्ने छ भन्ने पुरानो अन्धविश्वासी धारणसँग सहमत छैन। सेण्डरो (साइनिङ्ग पाथ) ले आफूलाई काफी स्थापित गरिसकेको छ र आफै नवीकरण गर्न पनि सक्षम छ।"*

*अमेरिकाका लागि साइनिङ्ग पाथ सम्बन्धी प्रतिवेदन लेख्ने गोर्डनको विचारलाई स्वीकार्दै अमेरिकाबाट प्रकाशित हुने टाइम पत्रिका लेख्छ- "जे भएपनि, सेण्डरो टुट्ने छ भन्नु प्रौढ कुरा होइन। हो, फिलिपिन्स, भारत, इरान र कोलम्बियाका मौलिक क्रान्तिकारी आन्दोलनहरू आफ्ना नेताहरू गुमाएपछि अन्त भएका छन्, तर साइनिङ्ग पाथ यसको सामना गर्नका लागि राम्ररी नै तयार र सक्षम देखिन्छ र यसका लडाकुहरू उच्च रूपमा अनुशासित, हठी, सहनशील र धैर्यवान छन्।"*

*आफूलाई गिरफ्तार गर्दा डिन्कोटेका डाइरेक्टर जनरल अन्टोनियो विडाल हेर्रेरालाई साइनिङ्ग पाथ जीवितै रहने चुनौति दिंदै का. गोन्जालोले भन्नु भएको थियो - "तपाईंले मानिसबाट सबै वस्तु खोसेर लिन सक्नु हुन्छ,*

लगाउन लगाएका उहाँ धेरै जसो समय आफ्ना सैनिक दृढता सहित खोरभित्रै ओहोर-दोहोर गर्नु हुन्थ्यो। यसै बीच उहाँलाई के कति कारणले छाला सम्बन्धी खटिरा आउने र चिलाउने रोग लाग्यो? थाहा हुन सकेको छैन। यही मौका पारी उहाँलाई नांगेझार पार्ने घृणित काम सरकारले गरेको थियो।

भाद्र २७ गते गिरफ्तार गरेर कडा पहरावीच कसैलाई भेटघाट र कुराकानी गर्न नदिई एकान्तवासमा राखिएका का. गोन्जालोको रिहाई र सार्वजनिक प्रदर्शनको लागि उठेको व्यापक आवाजलाई मत्थर पार्ने र छापामारहरूको मनोबल गिराउने एवं आफ्नो बहादुरी देखाउने उद्देश्यले बाघको खोरमै बन्दी पोशाकमा १२ दिन पछि आश्विन ८ गते मात्र उहाँलाई सार्वजनिक रूपमा देखाइयो। दुईसय जति टि.भि. र पत्रिकाका पत्रकारहरूको सामुन्ने उहाँले खोरबाटै २० मिनेट लामो भाषण दिँदै संपूर्ण उपस्थित व्यक्तिहरूलाई आफ्नो उच्च मनोबलले प्रभावित पार्नु भयो।

यो पिंजडा पनि जनयुद्धको एउटा ट्रेन्च भएकोले यहाँबाट पनि म निरन्तर लडी रहन्छु भन्ने दृढता त्यतिखेर उहाँले व्यक्त गर्नु भयो।

## पुन्ता अखडामा किन सारिएको?

यस सार्वजनिक प्रदर्शनबाट आफ्नो इच्छा विपरीत परिणाम निस्केकोले फुजिमोरी सरकारले लिमास्थित डिन्कोटे हेडक्वार्टरबाट का. गोन्जालोलाई रातारात कडा सुरक्षा व्यवस्थाका साथ सैनिक बख्तरबन्द गाडीमा राखी आश्विन ११ गते पेरू जलसैनिक अखडा रहेको एल कालाओ पोर्ट स्थित पुन्ता जल सैनिक अखडामा सारेको छ। बाहिरी सम्पर्कलाई सम्पूर्णतः टुटाउने र छापामारहरूलाई दूर राख्न फुजिमोरीको सरकारले सिधै आदेश दिएर सैनिक अखडा मध्ये सबैभन्दा ठूलो, सान लोरेन्ज टापु स्थित सैनिक कम्प्लेक्स अन्तर्गतको उक्त पुन्ता जल सैनिक अखडामा उहाँलाई सारिएको थियो, किनकि छापामार सेनामा जल सैनिक शक्ति कमजोर वा नगण्य छ र आक्रमणको संभावना कम रहेको अनुमान सरकारले गरेको छ।

त्यहाँ पुऱ्याइएको भोलिपल्टै, सोमवारदेखि नै का. गोन्जालोमाथि लगाइएको राजद्रोह र आतंकवाद सम्बन्धी फौजदारी मुद्दा एकपक्षीय रूपमा र भूमिगत रूपमा सैनिक अदालतमा शुरू गरियो। उक्त जल सैनिक अखडामा पुऱ्याइनु अघि १५ मिनेटको समयको लागि मात्र भेटघाट पाउनु भएका का. गोन्जालोका वकिल अल्फ्रेडो क्रेस्पोले त्यसरी मुद्दा चलाइनु गैर कानूनी भएको आरोप लगाउनु भएको छ। क्रेस्पोको भनाइ अनुसार सरकारले का. गोन्जालोलाई झण्डै झण्डै अपहरण गरी कहाँ, कसरी राखिएको कुरा आफ्ना वकिललाई समेत थाहा नदिई पूर्ण भूमिगत रूपमा अनाम वकिलहरूबाट मुद्दा चलाउने कार्य रोकिनु पर्छ।

स्मरणीय छ, का. गोन्जालाको राजद्रोह र आतंकवाद सम्बन्धी मुद्दा छिन्ने न्यायाधीशहरूको नाम र परिचय पनि पूर्ण रूपमा लुकाइएको छ। सैनिक अदालतले सैनिक न्यायाधीशहरू मार्फत यसरी भूमिगत रूपमा बन्द कोठाभित्र का. गोन्जालोको मुद्दा छिन्ने कामको कडा विरोधस्वरूप प्रतिवादी वकिल क्रेस्पोले वहस गर्न नै वहिष्कार गर्नु

*तर यो (आफ्नो दिमागतिर देखाउँदै) खोस्न सक्नु हुन्न। यदि एक जना कोही मर्छ भने अरू बाँकीमा यो सर्छ।"*

*हो, का. गोन्जालो लगायत अन्य कार्यकर्ता, समर्थक, शुभचिन्तक र पूँजीवादी संचार माध्यम र विश्लेषकहरूले भने झैं साइनिङ्गपाथलाई तानाशाही राष्ट्रपति फुजिमोरीले मर्न लागेको र १९९५ भित्र पूरै मार्ने घोषणा गरे पनि मार्न सक्दैन।*

*यो प्रतिघोषणा साइनिङ्ग पाथको हो। यस प्रतिघोषणालाई साकार पार्न पेरू कम्युनिष्ट पार्टीले सशस्त्र आन्दोलनलाई तेज पार्न थालेको छ र का. गोन्जालो र का. एलेना जस्ता प्रथम र द्वितीय स्तरका नेताहरूको गिरफ्तारी पछि पार्टी-भित्र आएको "नेतृत्वको संकट" लाई समाधान गर्न दुई जना नेता मध्ये एकलाई चुन्ने संभावना बढी देखिएको छ। ती दुई जना प्रभावशाली नेताहरूको नाम हो -का. जुलियो सिजर मेज्जिक र का. ओस्कार रामिरेज इयूरान्ड। अन्य संभावित उत्तराधिकारीहरूमा फ्रान्समा निर्वासित जीवन विताइरहेका साइनिङ्ग पाथका ४ जना नाम थाहा हुन नसकेका महिलाहरू र एक जना पुरूष कामरेडहरूको नाम पनि उल्लेखनीय रूपमा चर्चामा आइरहेको छ। जन छापामार सेनाका कमाण्डर का. जुलियो वा साइनिङ्ग पाथ का पोलिट्ब्यूरो सदस्य का. ओस्कार वा अन्य कसैलाई का. गोन्जालोको उत्तराधिकारी चुनेतापनि विगतका अनुभवहरूबाट पाठ सिक्दै आफ्नो नयाँ नेतृत्वलाई स्थापित गर्ने र नयाँ संचार व्यवस्था निर्माण गरी अरू सशक्त र सचेत ढंगले आक्रमण अभियान चलाउने कुरामा सबै आशावादी देखिन्छन्।*


*नयाँ चुनिने नेतृत्वको सामु का. गोन्जालो लगायतका नेताहरूलाई अमेरिकी गुप्तचर संस्था सि.आई.ए-द्वारा प्रशिक्षित डिन्कोटेका गुप्तचरहरूद्वारा विना प्रतिरोधनै सजिलै र सफलतापूर्वक गिरफ्तार गरिनुले दुईवटा गंभीर सवाल उठेको छ। एक, के सबैभन्दा उच्चस्तरीय नेतृत्वको त्यस सरल गिरफ्तारीमा कहीं नेतृत्वकै हेलचक्रयाईंले त मूल भूमिका खेलेको छैन? गिरफ्तारीप्रति काफी सचेतता र सजगताका साथै सुरक्षा व्यवस्था अपनाइएको भए कसरी सामान्य प्रतिरोध विनानै सर्वोच्च नेतृत्वलाई गिरफ्तार गर्न फुजीमोरी सरकार सफल भयो? अर्को, यदि हेलचक्रयाई नभई सचेतता र सजगता अपनाइएको नै हो भने के साइनिङ्ग पाथको भित्री तहसम्म सि. आई. ए. वा डिनकोटेका गुप्तचरहरूको घुसपैठ छ त? - जसको कारणले गर्दा उच्च स्तरीय नेतृत्वलाई नै पछ्याउन र गिरफ्तार गर्न समेत फुजीमोरी सरकार सफल भयो?*

*"डिनकोटे" गुप्तचरहरूले क. गोञ्जालोहरूलाई पछ्याउन सक्नु, उहाँको वासस्थान समेत पत्ता लाउनु सक्नु, स्विपर र मिटर रीडर भएर घरभित्र समेत घुस्न सक्नु, उहाँहरूलाई लाने ओखती र खानेकुरा समेतमा निगरानी राख्न सक्नु, प्रेमी प्रेमिका भएर राती उहाँ बसेको घर वाहिर पहरा दिन सक्नु, पक्रिने दिन उहाँहरू बसेको घरछेउको घरमै नाचगान बजानका नाममा प्रहरी गुप्तचरहरू ठूलो संख्यामा जम्मा गर्न सक्नु, तर यी सबै घटनाहरू मध्ये कुनै घटनाबाट पनि प्रतिक्रियावादविरूद्ध भूमिगत रूपमा सशस्त्र युद्ध लडिरहेको क्रान्तिकारी शक्तिको सर्वोच्च नेतृत्व सशंकित नहुनु। यी क्रियाकलापहरूको चाल नपाउनु। यो एउटा अनौठो परिघटना हो। यसबाट के संकेत मिल्दछ भने "साइनिङ्ग पाथ"को भूमिगत सजगतामा कमी आएको छ-कम से कम डिन्कोटे गुप्तचरहरूको तम्तयारीको तुलनामा। यो कमी लगातारको विजयले पैदा गरेको अति आत्मविश्वासले पनि हुन सक्छ। फूजीमोरी सरकारले गुप्तचर प्रविधिमा गरेको नयाँ विकासले पनि हुन सक्छ। कारण जे होस्, सजगताको कमी र हेल्चक्र्याइँ चाहिं अवश्यै देखिएको छ। साइनिङ पाथले यो घटनाबाट ठूलो शिक्षा लिनु जरूरी छ। उसले आफ्नो कार्यप्रणालीको र पंक्तिको पुनर्मूल्यांकन गर्नु जरूरी छ र नयाँ उन्नत तरीकाहरू विकसित गर्नु जरूरी छ।*

*संसारभरिका लडाकु कम्युनिष्टहरूको लागि पनि ठूलो शिक्षा लिने परिघटना यो हो। सि.आई.ए. ले पेरूको त्यति सजग कम्युनिष्ट पार्टी भित्र-यस्तो क्रियाकलाप गर्न सक्छ भने-अन्यत्र मात्र उसले त्यस्तो कार्य नगर्ला र गर्न नसक्ला भन्ने के निश्चितता छ? साम्राज्यवादी प्रतिकृयावादीहरूको यस्ता प्रयत्नलाई थाहा पाउने र विफल पार्ने प्रभावकारी उपाय के? प्रत्येक संघर्षशील र जिम्मेवार कम्यूनिष्टहरूले सोच्नु जरूरी छ।*

*विश्वभरिका साम्यवाद समर्थक व्यक्तिहरूको ध्यान गएको हालको अर्को प्रमुख विषय हो -साइनिङ्ग पाथको नेतृत्व प्रणाली कस्तो छ? सामूहिक नेतृत्व प्रणाली स्थापित गरिएको भए का. गोञ्जालोको गिरफ्तारीबाट भएको क्षतिको पूर्ति हुन संभव हुने छ र कम्तिमा पनि नेतृत्वको संकट पर्ने छैन। तर व्यक्ति नेतृत्वलाई धूरी बनाउने प्रणाली पार्टीभित्र स्थापित भएको रहेछ भने चाहिं क. गोञ्जालोको अभावले नेतृत्वको गंभीर संकट पैदा गराउने छ।*

*त्यहाँ कस्तो चरित्रको नेतृत्व विकास भएको छ, त्यो त भविष्यको घटनाक्रमको दिशाले नै बताउने छ। तर जेलमा क. गोञ्जालोको भाषण र गिरफ्तारी पछिका घटनाक्रमले के संकेत गरेका छन् भने का. गोञ्जालोको गिरफ्तारीले नै त्यहाँ चलिरहेको क्रान्तिकारी आन्दोलन रोकिने छैन।* □



*क्रान्ति त निरन्तर चलिरहन्छ।*

भएको थियो। मुद्दा चलिरहेकै बखत का. गोंजालोको पक्षमा वकालत गर्न पेरू गएका अमेरिका, बेलायत, फ्रान्स लगायतका ६ वटा विशिष्ठ वकिलहरूलाई वकालत गर्न नदिई उल्टो "गिरफ्तार गरी कडा सजायँ दिन" धम्की फुजीमोरी सरकारले दिएको थियो। यसरी एकपक्षीय रूपमा मुद्दा चलाउने क्रममा का. गोन्जालोलाई सैनिक अदालतकै एउटा छुट्टै कोठामा कोलम्बियाका तस्करहरूलाई झैं राखिएको थियो।

आजीवन कारावासको एकपक्षीय फैसला आश्विन १२ गते सोमवारदेखि २० गते विजया दशमीको दिनसम्म भएको १० दिने इजलासको क्रममा कथित राजद्रोह र आतंकवादको आरोपमा का. गोन्जालोलाई आजीवन कारावासको सजाय दिने सुझाव दिइयो। त्यही सुझावलाई एक जना विशेष सैनिक वकिलले २४ घण्टासम्म "मूल्यांकन" गरेको नाटक गरेपछि विशेष सैनिक अदालतले गत २१ गते बुधवार का. गोन्जालोलाई आजीवन कारावासको सजाय दिने फैसला गऱ्यो। त्यस्तै का. गोन्जालोका सहकर्मी कामरेडहरू दोस्रो स्थानकी नेतृ एलेना अल्वर्टिना, साइनिङ्ग पाथका लागि राष्ट्रिय को-अर्डिनेटर वाल्टर भर्गास कार्डिनासलाई पनि का. गोन्जालोलाई झैं आजीवन कारावास सहित २५ अरब डलरको जरिवाना तोकेको छ।



यसरी एक पक्षीय रूपमा मनोमानीपूर्वक फैसला गरिएको निर्णयलाई जल सैनिक न्यायाधीशहरूबाटै बनाइएको स्थायी युद्ध परिषद (Permanent Council of War) ले ४८ घण्टे छानवीनपछि सोही निर्णयमा गत असोज २३ गते सही ठोकेर स्वागत गरेको र पेरूका जनताको आँखामा छारो हाल्नका लागि का. गोन्जालोलाई सर्वोच्च युद्ध परिषदमा अपील गर्न ८ घण्टाको समय मुहलत दिएको थियो।

यो आजीवन कारावासको सजाय तानाशाही सरकारले आपतकालीन स्थिति लागू भैरहेको समयमै गत मई महिनामा बनाइएको तथाकथित "आतंकवाद विरोधी कानून" अन्तर्गत दिएको दाँवी सरकारले गरेको छ। जुनसुकै कानून अन्तर्गत यो आजीवन कारावासको सजाय दिइएको भएतापनि राजनीतिक वन्दीहरूको आमहत्याको इतिहास बोकेको फुजिमोरी सरकारको हातबाट जेलभित्रै का. गोन्जालोको हत्या नहोला भनी भन्न सकिन्न। अझ हत्या गरेर आत्महत्याको निहुँ थाप्ने संभावना पनि छैन भन्न सकिन्न।

यस अवधिमा दिइएका दुई वटा अपीललाई रद्दीको टोकरीमा फ्याँकेर पेरूको सर्वोच्च अदालतले पनि अन्ततः गत असोज २८ गते तलकै सैनिक अदालतको निर्णयलाई सदर गरेको छ र उहाँलाई एक जना मात्र मान्छे बस्न सकिने कालकोठरीमा आजीवन सजाय काट्नु पर्ने व्यवस्था गरेको छ।

## साइनिङ्ग-पाथ विरुद्ध फुजीमोरी सरकार के गर्दैछ?

फुजीमोरी सरकारले बाहिरी रूपमा सैनिक, प्रहरी र गुप्तचरहरूको संयुक्त आक्रमण चलाउँदै शहर गाउँभित्र अमेरिकी गुप्तचर संस्था CIA को प्रत्यक्ष नीति निर्देशनमा "कम घनीभूत युद्ध" (Low Intensity Warfare) तीव्र रूपमा चलाउन थालेको छ। गाउँ शहरका अल्लारे गुण्डा र हत्यारा युवक युवतीलाई आकर्षक पैसा र सुविधाको प्रलोभनमा हात हतियार भिडाएर साइनिङ्ग पाथ र यसका समर्थक जनतामाथि अन्धाधुन्ध आक्रमण गरी नरसंहार गर्नु र भयभीत पारेर क्रान्तिकारीहरूबाट जनतालाई अलग्याउनु यस "कम घनीभूत युद्ध" को मूल उद्देश्य हो। यस्तै युद्ध CIA ले भियतनाम, फिलिपिन्स लगायत तेस्रो विश्वका मुलुकमा पनि गरेको थियो।

पेरूको प्रतिक्रियावादी सरकारले १९८० मा "आत्म सुरक्षा दल" को सुन्दर नाममा गठन गरेको त्यस हत्यारा दललाई उनीहरूको भाषामा "रोण्डरो" भनिने गरिएको छ। यसमा अहिले २ लाख ५ हजार सदस्यहरू पुगिसकेको र त्यस मध्ये १२ हजार जवानलाई शटगन जस्तो हतियारले युक्त पारिएको कुरा सैनिक विशेषज्ञ इनरिक ओवाण्डोले बताएका छन्। यही "रोण्डरो" को परिचालन गरेर अहिले फुजीमोरी सरकारले शाइनिङ्ग पाथ र यसका समर्थक जनतामाथि आक्रमण तेज पार्दैछ। अहिलेसम्म यसले आयाकुचो प्रान्तमा भने प्रशस्त हात हतियार वितरण गर्न सकेको छैन।

## का. गोञ्जालोको गिरफ्तारी पछि "शाइनिंग पाथ" के के गर्दैछ?

फुजिमोरी सरकारको निर्णयको विरोधमा साइनिङ्ग पाथले पेरूभरीका आफ्ना जन वर्गीय संगठनहरूलाई का. गोन्जालोको गिरफ्तारी र आजीवन कारावासको सजाय विरूद्ध दवाव र संघर्षका कार्यक्रम चलाउन लगाएको छ र जन छापामार सेनामार्फत् थप आक्रमणको कार्यक्रमहरू चलाएको छ। जन छापामार सेनाले सरकारी हवाई सैनिक वल र प्रहरी वलमाथि आक्रगण अभियान तीव्र पारेको छ। आश्विनको तेश्रो हप्ताबाट शुरू भएको सो आक्रमणको क्रममा एक हवाई सैनिक क्याप्टेन र प्रहरी क्याप्टेन सहित सात जना मुठभेडको क्रममा मारिएका छन्। यसै सिलसिला लिमाको नव धनिक वस्तीमा असोज़को अन्तसम्ममा ८३ जना सरकारी प्रहरीहरूको मृत्यु भइसकेको तथ्य प्रहरीहरूले नै जनाएका छन्। प्रहरीहरूकै अनुसार ती छापामारहरूले एण्डीयन शहरमा ५ जना प्रहरी अधिकृतहरू र लिमाको रेडियो स्टेशनमा १ जना प्रहरी मारिएका छन्।

यस भन्दा अघि, का. गोन्जालोको सजायँको बिरोधमा साइनिङ्ग पाथले लिमाको पूर्व स्थित हुयाकान र जिकामार्का इलाकामा २० गतेदेखि २२ गते सम्म तीनदिने

## का. गोञ्जालोको उत्तराधिकारी को होला?

*का. गोञ्जालोलाई तानाशाही सरकारले गिरफ्तार गरेर आजीवन कारावासको सजाय सुनाइसके पछि एउटा जटिल, महत्वपूर्ण र खुल्दुलीपूर्ण प्रश्न उठेको छ–*

*पेरू कम्युनिष्ट पार्टी साइनिङ्ग पाथको सर्वोच्च नेतृत्वमा का. गोन्जालोको उत्तराधिकारीको रूपमा को आउनेछ?*

*हुन त का. गोन्जालो सँगै अर्की दोस्री नेतृ का. एलेना इपार्राग्वुर्रे गिरफ्तार नहुनु भएको भए करीव निश्चित प्रायः थियो- का. एलेना नै का. गोन्जालोको उत्तराधिकारी हुनुहुनेछ। तर उहाँको पनि गिरफ्तारीले केही समयका लागि साइनिङ्ग पाथमा सर्वोच्च "नेतृत्वको संकट" आएको जस्तो देखिएको हो। अहिले यो संकट टार्न साइनिङ्ग पाथले कसलाई आधिकारिक रूपमा आफ्नो सर्वोच्च नेता चुन्यो भन्ने निर्णय आधिकारिक रूपमा बाहिर आईसकेको छैन। तापनि साइनिङ्ग पाथ बाहिर लिमाका सडक-चोकमा दुई जना कारेडहरू –का. जुलियो सिजर मेज्जिक र का. ओस्कार अल्वर्टो रामोन इयुरान्ड मध्ये एकलाई चुन्ने निश्चित प्रायः रहेको कुरा मानिसहरू कानेखुसी गर्दै भन्दैछन्।*

*प्रसिद्ध ग्रामीण नेता का. जुलियो सिजर मेज्जिक हाल साइनिङ्ग पाथको नेतृत्वमा रहेको जन छापामार सेनाको सर्वोच्च सैनिक कमाण्डर रहनु भएको विश्वास गरिन्छ। का. मेज्जिकले १९८० मा जनयुद्ध शुरू हुँदादेखि नै एण्डिजएन उच्च पहाडी भागदेखि नै अमेजोन नदी वरीपरीका समथर भूभाग सम्मका हजारौं सशस्त्र संघर्षको सफलतापूर्वक नेतृत्व गर्दै आउनु भएको कुरा यहाँ उल्लेखनीय छ। जन छापामार सेनाका ठूल ठूला र मूल-मूल सैनिक आक्रमणहरूको नेतृत्व गरी सफलता हासिल गरी सक्नु भएका ४५ वर्षीय सैनिक कमाण्डर का. मेज्जिकलाई पनि का. गोन्जालोलाई झैं कयौं पटक मारेको र गिरफ्तार गरिसेकेको झूठो हल्ला सरकारी पक्षले फैलाई सेकेका छन्।*

*का. मेज्जिकलाई पार्टीका सर्वोच्च नेता नचुनेमा का. फेलिसियानोको नामले चर्चित का. ओस्कार अल्वर्टो टामोन इयुरान्डलाई चुन्ने कुरा करिब निश्चित प्रायः देखिन्छ। का. गोन्जालोको उत्तराधिकारीका रूपमा देखिइनु भएका का. फेलिसियानो ३२ वर्षीय कानूनका विद्यार्थी तथा साइनिङ्ग पाथका पोलिट्व्यूरो सदस्य हुनुहुन्छ। प्रहरीहरूका अनुसार, रिटायर्ड सैनिक जनरलका छोरा तथा पूर्वराष्ट्रपति अलान गार्सियाको सरकारद्वारा १९८६ मा निर्मम रूपमा दमन गरिएको एल फ्रुन्टन टापुको जेल विद्रोहका नायक का. फेलिसियानो अहिले का. गोन्जालो लगायतका कामरेडहरूको गिरफ्तारी पछि पार्टी स्थायी कमिटीका एकमात्र सदस्य हुनुहुन्छ।*

*पार्टी स्थायी कमिटीका अन्तिम सदस्यको रूपमा रहनु भएका अधिकारिक व्यक्ति का. फेलिसियानो अहिले साइनिङ्ग पाथको पाँच सदसीय पोलिट्व्यूरोलाई संयोजित गर्ने र त्यसको केन्द्रीय कमिटीको मिटिङ्ग बोलाएर का. गोन्जालोको उत्तरधिकारी चयन गर्ने कार्यमा व्यस्त हुनु भएको कुरा बताइन्छ। का. गोन्जालोको गिरफ्तारी पछि फुजिमोरी सरकारका सैनिक, प्रहरी र गुप्तचरहरूबाट चर्को किसिमले खोजिएका का. फेलिसियानोलाई प्रहरीले उहाँ का. गोन्जालो सँगै भिडियो टेपमा उभिरहनु भएको दृश्य उहाँका भूतपूर्व साथी मार्फत चिनेर मात्रै खोजी कार्य गर्न सकेको हो। केही अस्पष्ट फोटोहरू र भिडियो टेपबाट मात्रै केही चिन्न सकिने जनताका लागि सर्वथा अपरिचित तथा छायाँरूपी व्यक्ति का. फेलिसियानो जनयुद्धको सिलसिलामा केही महीना अघि मात्रै लिमा लगायत दक्षिणी पेरु र केन्द्रीय एण्डिज पर्वतहरूमा देखिनु भएको कुरा प्रहरीहरूले पत्ता लगाउन सकेतापनि उहाँलाई गिरफ्तार गर्न निकै कठीन भैरहेको देखिन्छ।* ☐

"सशस्त्र हडताल"को आह्वान गरेका थिए। त्यस "सशस्त्र हडताल" दबाउन सैनिक, प्रहरी र कथित अतंकवाद विरोधी ब्रिगेडको संयुक्त सरकारी बलले त्यस इलाकामा २१ गते विहानैदेखि आक्रमण गर्दा कडा प्रत्याक्रमण भएको खवर छ। त्यस दिन हुर्कोमा मृत कुकुर को शरीरमा बाँधिएको बम पड्किन नपाई प्रहरीहरूले नष्ट गरे भने लिमा नजीकको पेन्टोन डिलर्स प्रोसरस प्लाजामा भएको वम विष्फोटनले लिमालाई नै थर्काएको थियो। त्यस्तै पहिले पहिले झैं यसपालि पनि २१ आश्विनमा ६४ औं पे.क.पा. जन्म दिवस मनाउने क्रममा आफ्नो आक्रमणलाई तीव्र, सशक्त र सुदृढ तुल्याउँदै लिमाको दक्षिणपूर्वमा पर्ने एण्डिएन शहर पाल्कामाथि ४० जना भन्दा बढी विद्रोहीहरूले आक्रमण गरी त्यस शहरलाई आफ्नो कब्जामा लिएका छन्।

यसरी आक्रमण प्रत्याक्रमणको सिलसिला झन् झन् बढ्दै गैरहेको यस स्थितिमा सरकारले सरकारी बल र रोण्डरोहरूको भित्री र बाहिरी आक्रमणहरू संयुक्त र तीव्र रूपमा संचालन गरेकोमा यसलाई विफल पार्न "यो युद्ध हाम्रो जनयुद्ध वा उनीहरूको लोइन्टेसिटी वारफेर मध्ये कुनै एकको अन्त नभए सम्म चलिरहनेछ। र हामी शत्रुका ट्रेन्चहरूमा रहेका मिलिशियाहरू (रोण्डरोहरू) र सबै प्रतिक्रियावादीहरूलाई ध्वस्त नपारेसम्म यो युद्ध चलाइ रहने छौं" भन्ने दृढतासहितको वक्तव्य प्रसारित गरेर साइनिङ्ग पाथले प्रत्याक्रमणलाई तीव्र पारेको छ।

यसै विच साइनिङ्ग पाथले एण्डीयन गाउँमा घुसेका ४५ जना रोण्डरोहरूलाई सखाप पारेर "गाउँले रोण्डरोहरूले जन छापामार सेनालाई ध्वस्त पारिसकेको" भन्ने सरकारी दावीलाई झूठ सावित गरेको छ। रोण्डरोको संस्थापना (सन् १९८०) पछाडि उनीहरूमाथि गरिएको यो सवैभन्दा डरलाग्दो र ठूलो आक्रमण मानिन्छ।

यसै गरी आफू र आफ्ना समर्थक जनताहरूमाथि खनिएको प्रतिकृयावादी चुसाहा सरकारको विरूद्ध "साइनिङ्ग पाथ"ले हाल कडा मुकाविला गरिरहनु परेको छ। हाल शक्ति-संचय, प्रतिरक्षा र आक्रमणको दौरबाट यो गुज्रिरहेको छ। जंगलमा समेत आफूमाथि आक्रमण गर्दै गस्ती लगाइरहेका १३ जना सैनिक र ७ जना सरकारी अधिकृतहरूलाई जन सेनाले बहादुरीपूर्वक खतम गरेको घटनापछि पेरूका समाजशास्त्री इसाबेल कोरालले भनेका छन्- "रोण्डरोहरूले जति सुकै आक्रमण गरेतापनि साइनिङ्ग पाथले आफूलाई बचाइराख्यो। हो, अहिले उनीहरू सुरक्षात्मक स्थितिमा छन्, तर जुनसुकै बेला पनि आफूलाई सक्षम पारेर आक्रामक स्थितिमा उत्रन यो सक्छ।"

प्रतिक्रियावादी सरकारले बख्तरवन्द हेलिकोप्टर-द्वारा गोली बर्साउने, स्थानीय गुण्डाहरूलाई हातियार दिई आतंक फैलाउने आदि काम गरेबाट फूजिमोरी सरकार जनताको आँखाबाट झन झन गिर्दै गएका समाचारहरू प्राप्त भएका छन्। पुकलप्पा शहरको सरकारी सैनिक व्यारेकबाट दुईवटा रकेट लञ्चर हराएर जन छापामार-हरूकहाँ पुगेको र मोल्दोनादो शहरको सरकारी सेनाबाट सैनिकहरू भाग्ने गरेको घटनाले सरकार झन आत्तिएको छ।

यी सबै घटनाक्रमले के प्रष्ट्याएका छन् भने क. गोञ्जालोको गिरफ्तारी भए पनि "शाइनिङ्ग पाथ" को चहकिलो बाटो बन्द भएको छैन, बन्द हुने स्थिति छैन, जस्तो कि फुजिमोरी सरकारले प्रचार गरिरहेछ।

❒ राजेन्द्र महर्जन

# रिहाइको निम्ति विश्वव्यापी दवाव

## सत्तासीन कम्युनिष्ट पार्टीहरू किन चुप?

का. गोन्जालो लगायत अन्य नेताहरूको सामूहिक गिरफ्तारी र वहाँहरूप्रति तानाशाह राष्ट्रपति फूजिमोरीको सरकारले गरेको अमानवीय व्यवहारको विश्वव्यापी रूपमा विरोधको आवाज गुञ्जेको छ। विश्वले एउटा सम्मानित कम्यूनिष्ट नेताको रूपमा मान्दै आएको का. गोन्जालोलाई "तस्कर र हत्यारा" भन्दै अनैतिक, अमानवीय र अपमानजनक व्यवहार गरिएकोमा आक्रोश र दुःख मिश्रित यो विरोधको आवाज उठाउन विभिन्न संघ संस्थाहरू र व्यक्तिहरू लागिपरेका छन्। माओवादी "अन्तर्राष्ट्रिय क्रान्तिकारी आन्दोलन" (RIM) र विश्वका ८० वटा कम्युनिष्ट पार्टीहरूको नाम यस सन्दर्भमा उल्लेखनीय छ। विश्वका ती ८० वटा कम्युनिष्ट पार्टीहरूमा यूरोपको १९ वटा, ल्याटिन अमेरिकाका २१ वटा, एशियाका १७ वटा, अफ्रिकाका १३ वटा, अस्ट्रेलियाका ३ वटा र उत्तर अमेरिकाका ६ वटा रहेका छन्। तिनीहरूमा रूसको स्टालिन समाज, ब्राजिल कम्युनिष्ट रिभोल्यूशनरी युनियन, कोलम्वियाको एम. १९ कम्युनिष्ट समूह, फ्रान्सको कमिटी फर द डिफेन्स अफ मार्क्सिज्म लेनिनिज्म, इक्वेडरको क.पा (लिबरेसन), संयुक्त राज्य अमेरिकाको प्रोग्रेसिम लेबर पार्टी र मेक्सिकोको प्रोग्रेसिम लेवर पार्टीहरू पनि रहेका छन्।

RIM द्वारा गठित का. गोञ्जालो प्रतिरक्षार्थ आकस्मिक समितिको आव्हानमा अक्टोवर ७ (असोज २१) मा फ्रान्स, डेन्मार्क, स्वीडेन, नर्वे, वेलायत, जर्मनी, ब्राजिल, कोलम्बिया, सिरिया, अमेरिका, क्यानाडा, घाना, मेक्सिको, भारत, इरान, टर्की, ग्रीस, नेपाल आदि देशहरूमा विरोध सभा-जुलूसहरू भए। लण्डनमा गरिएको पत्रकार सम्मेलन र पेरूको राजदूतावासमा दिइएका विरोध पत्रहरू पनि यस सम्वन्धमा उल्लेखनीय छन्।

RIM को सक्रियतामा एक पाँच सदस्यीय (मूलतः कानुनविदहरूको) अन्तर्राष्ट्रिय प्रतिनिधिमण्डल राजधानी लिमा पुग्यो। पेरू सरकारले यस प्रतिनिधिमण्डललाई धम्की दिएर निस्कासन गर्न खोजे पनि पेरूका जनताले उनीहरूलाई सडक सडकमा स्वागत गरेको समाचार प्राप्त भएको छ। प्रतिनिधिमण्डलले पेरू सरकारले प्रतिरक्षाको अवसर नदिई एकतर्फी फैसला गरेको विरूद्ध पत्रकार सम्मेलन र टि.भी. अन्तर्वार्ता दिएको छ।

संसारका विभिन्न भागमा का. गोञ्जालोको गिरफ्तारी र उहाँमाथिको अपमानका विरूद्ध विरोधहरू भइनै रहेका छन्। यी विरोधका घटनाहरूलाई पूँजीवादी संचार साधनहरूले स्थान दिइरहेका छैनन्। यसबाट उनीहरूको "प्रजातान्त्रिकता"को पर्दाफास भएको ठहर वौद्धिक समूदायले गरेको छ। "लागू पदार्थको तस्कर" भनी का. गोञ्जालोलाई लगाइएको आरोप र प्रचार भने हाल साम्य भएको छ। उहाँलाई दण्ड तोक्नेहरूले पनि आफ्नो निर्णयमा उहाँलाई यो आरोप गर्न सकेका छैनन्।

पेरूमा साम्राज्यवादीहरूद्वारा यति ठूलो अचाक्ली हुँदा पनि चीन, क्यूवा, भियतनाम, उत्तर कोरिया आदिका सत्तासीन "कम्युनिष्ट पार्टीहरू" किन चूँ बोल्दैनन? किन चीनको सरकारी संवाद समिति सिन्हवाले सि.आइ.ए. ले र फुजीमोरीले जस्तै का. गोञ्जालोलाई आतंकवादी भएको ढोल यतिखेरै पिट्छ? यतिखेर यी प्रश्नहरू जल्दो बल्दो प्रश्नका रूपमा संसार भरी उठ्न थालेका छन्।

यो उनीहरू सर्वहारा अन्तर्राष्ट्रियवादको संस्कृति र आफ्नो अन्तर्राष्ट्रिय कर्तव्यबाट विचलन हुँदै गएको र बढी से बढी आफ्नो राष्ट्रिय हितप्रति मात्र चिन्तित भएको कुराको प्रष्ट संकेत हो। पेरू कम्युनिष्ट पार्टीसित धेरैको विचार समानता नहुन संभव छ। तर साम्राज्यवाद विरूद्धमा पे.क.पा.को संघर्ष र अमेरिकी साम्राज्यवादले पे.क.पा.लाई स्वाहा पार्न गरेको यस प्रयत्नमा विश्वको कुनै पनि वास्तविक साम्यवादीले साम्राज्यवादको विरूद्धमा उभिनु उसको अन्तर्राष्ट्रिय कर्तव्य हो। भिन्न मत र बेठीक विचारको विरूद्ध आपसमा निरन्तर स्वस्थ र उद्देश्यपूर्ण विचारधारात्मक संघर्ष चलाउँदै साम्राज्यवादको विरूद्धको संघर्षमा चाहिं एक जूट हुने नीतिले मात्र संसारभरिका साम्यवादीहरू वाँच्न र साम्राज्यवादलाई पराजित गर्न सक्छन्।

अर्को कुरा, संशोधनवाद विरूद्ध विचारधारात्मक संघर्ष गर्नु नितान्त जरूरी छ। तर यो संघर्ष गर्ने उचित तरीका राजदूतावासमा वम पड्काउने र कुकुरलाई तेङ सियाओ पिङ बनाएर झुण्ड्याउनु होइन। यस्तो कार्यबाट संशोधनवाद परास्त हुँदैन, यसबाट त त्यो अरू शत्रुतापूर्ण र आक्रामक मात्र बन्छ। संशोधनवादलाई विचारको द्वन्दबाट परास्त गर्न सक्नु पर्छ। तर विगतमा चीनियाँ संशोधनवाद विरूद्ध लडने क्रममा पे.क.पा.ले चीनियाँ राजदूतावासमा आक्रमण गर्ने र कुकुर झुण्ड्याउने संघर्षको बेठीक तरीका अप्नायो। अहिले चीनको नेतृत्वले मौकामा बेठीक नीति अप्नाएर यसको बदला लिएको प्रतीत हुन्छ- का. गोञ्जालोलाई "आतंकवादी" भनेर। पे.क.पा.ले अप्नाएको संघर्षको तरीकाले त्यो सित चिन्तन प्रक्रियामा यान्त्रिकता भएको संकेत गर्छ र यस निम्ति उसलाई मित्रतापूर्ण आलोचना गर्नु पर्दछ। तर सम्राज्यवादसित हाँ मा हाँ मिलाउँदै -पे.क.पा.लाई खत्तम पार्ने उसको अभियानमा चीन चूप बस्नुले साम्राज्यवादी ध्येय उद्देश्यलाई नै फाइदा पुऱ्याउँछ, साम्यवादलाई कदापि होइन। ❒

## नेपालमा का. गोञ्जालोको गिरफ्तारी विरुद्ध भएका गतिविधिहरु


नेकपा एमाले, संयुक्त जनमोर्चा, नेकपा संयुक्त, नेमकिपा, सदभावना पार्टी र रा.प्र.पा. समेतका ८२ जना सांसदहरूले संसद अधिवेशनमा संयुक्त रूपमा का. गोञ्जालोमाथि गरिएको अपमानजनक व्यवहारको भर्त्सना र उहाँको रिहाइको माग।

- पद्मरत्न तुलाधरको संयोजकत्वमा विभिन्न वौद्धिक, विशिष्ठ व्यक्तिहरू र व्यवसायीहरू सम्मिलित "सेभ गोञ्जालो कमिटी" गठित। यसबाट जनस्तरबाट हस्ताक्षर संकलन अभियान चलाई पेरूका तानाशाही फुजीमोरी सरकारलाई दवाव-पत्र पठाउने काम। यसको पहलमा भू.पू. मन्त्रीहरू ४ जना, प्राध्यापकहरू ११० जना, पत्रकारहरू ९० जना, कानून व्यवसायीहरू ५० जना, चिकित्सकहरू ३० जना, लेखक-कलाकारहरू ६० जना, सांसदहरू ८२ जना, लगायत करीव १०,००० जनाको हस्ताक्षरयुक्त दवाव पत्र पेरू पठाइएको।

- मानव अधिकार संरक्षण मंच, नेपाल राष्ट्रिय बुद्धिजीवी संगठन लगायतका विभिन्न जन संगठनहरूद्वारा विरोध वक्तव्य जारी गरी लिमा पठाउने काम।

- नेकपा एमाले, एकताकेन्द्र र मसालद्वारा विरोधवक्तव्य। ने.क.पा. मसालद्वारा १७ सदस्यीय "गोञ्जालो जीवन प्रतिरक्षा समिति" गठित। यसले असोज ८ गते RIM को आव्हानमा काठमाण्डौं, भक्तपुर, वुटवल, पोखरा र भारतको नयाँ दिल्लीमा विरोध प्रदर्शन। दिल्लीमा पेरू दूतावासलाई विरोध पत्र ज्ञापन। गोञ्जालो प्रतिरक्षा वुलेटिन तीन अंकसम्म प्रकाशन। पोष्टर प्रकाशन। ने.क.पा एकता केन्द्रले आसोज ७ गते काठमाण्डौंबाट विरोध प्रदर्शन गरी पाटनस्थित सं.रा.संघ. मानव अधिकार शाखामार्फत फूजीमोरी सरकारलाई विरोध-पत्र दिएको, पे.क.पा.लाई पत्र पठाएको।

- देशका विभिन्न भागहरूबाट विभिन्न पत्र पत्रिकाहरूले का. गोञ्जालोको पक्षमा आवाजहरू उठाउने काम। ❒



# न्यूनतम साझा सवालमै मात्र पनि कम्यूनिष्टहरु अन्तरराष्ट्रिय रुपले 'एक' हुनु पर्छ

संचालक, सेभ गोञ्जालो कमिटी, पद्मरत्न तुलाधरसँग कुराकानी

***तपाईहरूले "सेभ गोञ्जालो कमिटी" गठन गरेर का. गोञ्जालोको पक्षमा लागिपर्न जरूरी कीन महशूस गर्नु भयो?***

सोभियत संघ र पूर्वी युरोपमा समाजवादको अन्तपछि साम्राज्यवादीहरू फेरि एकलौटी रूपले साम्यवाद र जन मुक्ति संघर्षहरूको विरोधमा लागि परिरहेको र जताततै कम्यूनिष्टहरू विरूद्ध मानव अधिकारको समेत बेवास्ता गरी दमनहरू हुँदै आएको पाइन्छ। यस स्थितिमा पनि पेरू क.पा. साइनिङ्ग पाथले त्यहाँका जनताको मुक्तिको निम्ति सशक्त रूपले संघर्ष गरिरहेको छ। त्यस पार्टीका सर्वोच्च नेता का. गोञ्जालो, जो अन्तर्राष्ट्रिय रूपमै एउटा सम्मानित कम्यूनिष्ट नेताको रूपमा परिचित हुनुहुन्थ्यो, उहाँलाई गिरफ्तार गरेपछि त्यहाँको फुजिमोरी सरकारले बर्बरतापूर्ण यातना दिने वा मृत्युदण्डसम्म पनि दिन सक्ने संभावनाको आशंका थियो। उहाँको गिर-फ्तारी र उहाँमाथि हुनसक्ने अमानवीय व्यवहारको आशंकाले संसारभरिका वामपन्थीहरू चिन्तित हुनु स्वाभाविक हो।

यस्तो स्थितिमा उहाँको रिहाइ र उहाँमाथि सम्मानपूर्ण व्यवहारको माग गर्नु जहाँसुकै पनि रहेका वामपन्थीहरूको कर्तव्य नै हो। कम्युनिष्टहरूको यो अन्तरराष्ट्रिय दायित्व नै हो। संसारभरि नै रहेका कम्युनिष्टहरूले आपसमा कतिपय राजनीतिक कुरामा मतभेद हुँदा हुँदै पनि खास खास साझा कुराहरूमा एकले अर्कोप्रति ऐक्यवद्धता जनाउनु उनीहरूको संस्कृति नै हो। विभिन्न कारणहरूले गर्दा विगतमा यो संस्कृति त्यति विकसित हुन सकेन। हाल विश्व समाजवादी आन्दोलन एउटा प्रतिरक्षात्मक स्थितिमा रहेको बेलामा त झनै यो ऐक्यवद्धताको संस्कृतिलाई शिथिल हैन, मजवूत पार्नु पर्छ भन्ने भावना अहिले धेरै वामपन्थीहरूमा विकसित हुँदै आएको देखिन्छ।

यही भावनाले प्रेरित भएर पेरूको यस घटनापछि कुनै पार्टी आदिको विशेष पहल विना नै पनि नेपालका प्रायः सबै वामपन्थी पार्टीहरू र व्यक्तिहरूले का. गोञ्जालोको गिरफ्तारी र दमनका विरूद्ध एकजुट हुन जरूरी ठानेर यो "सेभ गोञ्जालो कमिटी" बनेको हो।

***तपाईहरूको यस कमिटीका कार्यक्रमहरूको प्रभाव कस्तो रहेको अनुभव गर्नु भएको छ?***

हुन त कमिटीले जसरी सोचेको थियो त्यति कामहरू त हुन सकेनन्। दशैं र हाम्रा कतिपय साथीहरू बाहिर वा विदेशमा जानु परेको आदि कारणले पनि यसो हुन गयो, र पनि प्रथम चरणमा हामीले तय गरेका कार्यक्रमहरू पूरा भएका छन्। हस्ताक्षर अभियान र विरोध पत्रहरू पठाउने काम चाहिं हामीले आशा गरेभन्दा पनि धेरै भएको पाइयो। हाम्रो प्रत्यक्ष संपर्क नभएका ठाउँहरूबाट पनि सोधपुछ गरी आफ्नै पहलमा दवाव-पत्रहरू पठाइएको पाइयो।

हामीले मात्र गरेर पुग्दैन, यो अभियान अन्तरराष्ट्रिय रूपमै चलोस् भन्ने चाहना अनुरूप विदेशका संघ संस्थाहरू, मानव अधिकार संगठनहरू आदिलाई घच्घच्याउने अभियान भने अझै थप गर्नु पर्ने गरूरी छँदैछ।

हाल का. गोञ्जालोलाई आजीवन कारावासको सजाय सुनाइएको छ, तर सैनिक तानाशाहीको मामला हो, फेरि कुनै उजुरी र निर्णयको बहानामा "उहाँलाई मृत्युदण्ड दिइयो" भन्न पनि प्रतिकृयावादीहरू नहिच्किचाउने हुन सक्छ। त्यसकारण फेरि पनि अन्तरराष्ट्रिय रूपमै यो बचाउ अभियान अरू चल्नु जरूरी छ।

***पेरू कम्यूनिष्ट पार्टी "साइनिङ्ग पाथ" को आम राजनैतिक लाइनसँग मतभेद भएका पार्टी र व्यक्तिहरूले पनि नेपालमा अहिले का. गोञ्जालोको पक्षमा जुन ऐक्यवद्धता देखाए, यसबाट राष्ट्रिय-अन्तरराष्ट्रिय क्षेत्रमा कम्यूनिष्टहरू "नमिल्ने कुरामा वैचारिक मतभेद राख्दै र संघर्ष गर्दै मिल्ने कुरामा र साझा दायित्वमा चाहि एक बनून्" भन्ने चाहना राख्ने वाम एकताप्रेमीहरू उत्साहित भएका छन्। पेरू जस्तै विश्वका अन्यत्र देशहरूमै पनि फरक फरक सोचहरू राख्ने कम्यूनिष्टहरू छन्, उनीहरूका सन्दर्भमा पनि यस्तो ऐक्यवद्धता हुनु जरूरी छ कि छैन र यो कसरी संभव हुन सक्ला?***

मेरो विचारमा यो जरूरी छ मात्रै हैन, यो त एउटा मार्क्सवादी संस्कृति नै हो र हुनुपर्छ।

नेपालमा विभिन्न वामपन्थी पार्टीहरू वीच "साझा" कुरामा देशभित्रै पनि एकता हुन नसकेको कारण अन्तरराष्ट्रिय ऐक्यवद्धतामा पनि एकताको प्रकृया खण्डित भएको थियो। हाल अन्य कुरामा मतभेद हुँदाहुँदै पनि साझा कुरामा "एक" हुने प्रकृया अघि बढेको छ। यो एकदमै राम्रो कुरा हो। यसो नहुने हो भने, देश र विश्वकै मुक्तिकामी जनताको पनि आशा सफलीभूत हुन सक्दैन।

जसरी का. गोञ्जालोको सन्दर्भमा पेरू क.पा. माथिको पूँजीवादी-साम्राज्यवादी प्रहार विरूद्ध विभिन्न मतभेदहरूका वाबजुद एक हुने प्रकृया यहाँ शुरू भयो, विश्वका अरू देशमा रहेका कम्यूनिष्ट पार्टीहरूमाथि पनि भएका वा हुन सक्ने यस्ता प्रहारहरूका विरूद्ध एक जुट हुनु नितान्त जरूरी छ।

हाल साम्राज्यवादीहरू "शीतयुद्धको अन्त" र "एक ध्रुवीय" स्थिति भन्दै हिडेपनि हतियारको होडवाजी र युद्धको त्रास एवं एकलौटी दमन, दवावको माध्यम लिएर यिनीहरू अघि बढिरहेका छन्। पूर्व सोभियत संघपक्षीय वार्सा सन्धीसंगठन टुट्यो तर पूँजीवादीहरूको पक्षको नाटो सन्धि संगठन विघठन भएको छैन। यस्तो विडम्बनापूर्ण अन्तरराष्ट्रिय स्थिति भनेको सर्वहारा वर्गको मुक्तिको लागि वाधक स्थिति हो। उनीहरू झन झन थिचिएका मिचिएका छन्। यसका विरूद्ध समाजवाद, साम्यवाद बाहेक अरू विकल्प नै छैन। त्यसैले विश्वका शोषित पीडित जनताको मुक्तिका लागि यो दोश्रो विकल्पलाई मजवूत गर्नका लागि अन्तर्राष्ट्रिय रूपमै ऐक्यवद्धता जरूरी छ।

***केही महिना अगाडि भारतमा र अन्य मुलुकहरूमा पनि त्यहाँका वामपन्थी व्यक्ति र पार्टीहरूले अमेरिकी साम्राज्यवादले औषधी र बच्चाका आहारहरू समेत उपलब्ध हुनबाट रोकि-रहेको क्यूबाको सहयोगका लागि घरघरबाट अन्न, औषधी, बच्चाहरूको आहार तथा नगद सहयोग उठाएर क्यूवा पठाउने काम गरे। यसै गरी हाल पेरू क.पा.का सर्वोच्च नेता का. गोञ्जालोको पक्षमा विश्वव्यापी ऐक्यवद्धता प्रदर्शन भयो। यी र यस्ता प्रयत्नहरूलाई अन्तराष्ट्रिय रूपमै संयोजित गर्न र निरन्तरता दिइराख्न अन्तरराष्ट्रिय स्तरमै कुनै मञ्च वा आयोजना हुनु पर्ला कि नपर्ला? यसबारे तपाईको विचार?***

कम्यूनिष्ट आन्दोलन भनेको विश्व-आन्दोलन हो। यो आन्दोलनको स्वरूप अन्तरराष्ट्रिय हुनुको कारणले गर्दा यसको लागि अन्तरराष्ट्रिय स्तरको संपर्क, संयोजन हुनु जरूरी छ नै। समय अनुसार त्यसको स्वरूप फरक फरक होला, तर यो हुनु जरूरी छ। तर हुन सकि-रहेको छैन। पहिले त "कम्युनिष्ट इन्टरनेशनल" नै थियो, पछि यसका नेताहरूले नै विभिन्न कारणवश यसको आवश्यकता नरहेको भनी विघठन गर्नु भयो।

केही समय अघिदेखि फेरि यस्तो जरूरी छ भन्ने कुराहरू उठेका हुन् तर आम-सहमति भएको छैन। मलाई के लाग्छ भने, आधारभूत कुरामै कम्युनिष्टहरूका वीच मतभेदहरू रहेको हुँदा अन्तरराष्ट्रिय रूपमा सबैको सहमति हुने खालको केन्द्र वा संपर्क स्थल वा ऐक्यवद्धता-केन्द्रको गठन हुन नसक्ला। तर कममन्दा कम पनि मार्क्सवादी संस्कृति अनुरूप नै पनि जो जो साम्राज्यवादका विरूद्ध लडिरहेका छन्, मुक्तिको लागि संघर्षरत छन्, उनीहरूलाई सहयोग गर्ने, परस्पर सूचनाको आदान-प्रदान गर्ने स्तरमै भए पनि एउटा ठाउँ हुनु पर्ने जरूरी छ, जो हुन सकिरहेको छैन। अहिले संकेत स्वरूप नै भएपनि यो एकताको पक्षमा जुन कामहरू भए, तिनीहरू सकारात्मक रहेका छन्।

हामीले के कुरामा ध्यान दिनुपर्छ भने, कम्युनिष्टहरू विरूद्ध प्रतिकृयावादीहरू विश्वभरि एकतावद्ध हुने, केन्द्रिकृत हुने, आर्थिक, कुटनीतिक वा संचार क्षेत्रमै पनि एकतावद्ध हुने, तर जसको विरूद्ध संघर्ष गरिरहेका छौं, उनीहरूका विरूद्ध हामी चाहिं राष्ट्रिय वा अन्तरराष्ट्रिय दुवै रूपमा एक जुट हुन नसक्ने हो भने त वामपन्थी आन्दोलन स्वभावतः कमजोर हुने नै भयो नि। त्यसकारण मतभेद हुँदा हुँदै पनि साम्राज्यवादको विरोध गर्ने, प्रभुत्ववादको विरोध गर्ने अथवा शोषित जनतामाथि दमन हुँदा त्यसको विरोध गर्ने आदि साझा सवालहरूमा कम्यूनिष्टहरूले एउटै स्वरमा आवाज उठाउन जरूरी हुन्छ। यसले संवन्धित देशका सरकारहरूलाई दवाव हुनसक्छ। अहिले त के भैरहेको छ भने, हाल विभिन्न देशहरूमा कम्यूनिष्टहरूलाई त्यहाँका साम्राज्यवाद पोषित तत्वहरूले मानव अधिकार वा त्यहाँको सविधानले दिएको मौलिक हकको समेत वेवास्ता गरेर समातेको छ, मारेको छ, यातना दिएको छ। यतापट्टि कसैको पनि ध्यान गएको छैन। विश्वका मानव

बाँकी १८ पेजमा

# यो अपमान विश्वका संपूर्ण उत्पीडित जनताको अपमान हो।

का. दीनानाथ शर्मा

संयोजक, का. गोञ्जालो जीवन प्रतिरक्षा समिति, नेपाल, (ने.क.पा. मसाल)

***का. गोञ्जालोलाई आतंकवादी र २५ हजार मानिसहरूको ज्यानको र थुप्रै संपत्तिहरूको नाशको जिम्मेवार अपराधीको रूपमा त्यहाँको सरकारले प्रचार गरेको छ र "दण्ड" पनि गरेको छ। पेरू सरकार को यो आरोपलाई तपाईहरूले कसरी लिनु भएको छ?***

अमेरिकी साम्राज्यवादको चाकर पेरूको प्रतिक्रियावादी फुजीमोरी सरकारको सैनिक अदालतले का. गोञ्जालोलाई गत १२ वर्षदेखि गर्दै आएको जनयुद्धको क्रममा २५ हजार व्यक्तिको हत्याको जिम्मेबार ठहऱ्याएर आजीवन कारावासको सजाय सुनाएको छ। प्रथमतः हामी त्यो निराधार, अन्यायपूर्ण र एकपक्षीय सुनवाइको घोर भर्त्सना र विरोध गर्दछौं। द्वितीय, का. गोञ्जालोलाई आज बिश्वका सम्पूर्ण जनताले एक सच्चा कम्युनिष्ट क्रान्तिकारीको रूपमा चिनेका छन, मानेका छन्, सम्मान दिएका छन्। त्यही रूप जनसमक्ष प्रस्तुत गर्ने हिम्मत र आँट के कायर फुजीमोरी सरकारको छ? - हामी यसको जवाफ चाहन्छौं।

जनताको विश्वास गुमाई सकेका प्रतिक्रियावादी सत्ताधारीहरू हतियारको आडमा राज्य आतंक कायम गर्ने, निहत्था निर्दोष जनताको जीवनसँग खेलवाड गर्ने, झूट प्रचार र भ्रमको भरमा सत्ता टिकाउने षडयन्त्र गर्दछन्। गद्दार फूजीमोरी पनि त्यसमा पछि छैन।

आजको युग साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग हो। विश्व साम्राज्यवाद र त्यसका चाकर प्रतिक्रियावादी सत्ताधारीहरू उनीहरूको अत्याचार, राज्य-आतंक र उत्पीडनका विरूद्ध चलाएका राष्ट्रिय मुक्ति आन्दोलन, नयाँ जनवादी क्रान्ति वा समाजवादी आन्दोलनलाई उनीहरूका निरंकुश तानाशाही बुटले कुल्चदै लाखौं करोडौं निर्दोष निहत्था मुक्तिकामी जनताको हत्या गर्ने गर्दछन्। यसरी हत्याराहरू स्वयं प्रतिक्रियावादी सत्ताधारीहरू हुन् भन्ने कुराको लागि विगतको इतिहास साछी छ।

जनता अधिकारको खोजी गर्छन्, अन्याय अत्याचारको विरोधमा आवाज उठाउँछन्, प्रतिक्रियावादीहरू जनताको छातीमा गोली दाग्दछन् र हत्या गर्दछन्। अनि त्यो हत्याको जिम्मेवार स्वयं जनतालाई बनाउन उनीहरूका संचार माध्यमद्वारा झूट-साधना गर्दछन्। हामी सबैलाई थाहा छ, गत चैत्र २४ गतेको शान्तिपूर्ण जुलुसमाथि अन्धाधुन्ध गोली चलाई निर्दोष वाल, वृद्ध र युवकहरूको हत्या भयो। तर त्यसको जिम्मेवार जनतालाई बनाउन गिरिजा सरकारले गरेका घृणित, झूट र भ्रमपूर्ण प्रचारवाजी हामीले भरखरै भोगेका छौं। यो प्रतिक्रियावादीहरूको चरित्र नै हो।

***गोञ्जालोको गिरफ्तारी पेरूको मामला हुँदाहुँदै पनि किन नेपालमा यस गिरफ्तारी र अपमानका विरूद्ध काम गर्नु जरूरी भयो?***

आज विश्व कम्युनिष्ट आन्दोलनमा आएको मन्दी र प्रतिकूल परिस्थितिलाई चिर्दै मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचारधाराको झण्डा उँचो पार्दै अगाडि बढेको पेरूको जनयुद्ध विश्वका सम्पूर्ण मुक्तिकामी जनताको आशाको केन्द्र र वसन्तको गर्जन सावित भएको छ। त्यसको विरूद्ध आज एकातिर विश्व साम्राज्यवाद र सबैखाले सामन्त, जनद्रोही, प्रतिक्रियावादी सत्ताधारीहरू संगठित र एकजुट छन्। नेपालको गृहमन्त्री र संसारका कैयौं जनहत्यारा शासकहरूले फुजीमोरी सरकारको समर्थनमा आफ्नो दलाली प्रकट गरेर जनद्रोही र प्रतिक्रियावादी प्रतिवद्धता प्रकट गरेका छन्। अतः हामी कम्युनिष्टहरूको सामु त्यसको विरूद्ध संगठित रूपमा अन्तर्राष्ट्रिय कम्युनिष्ट एकजुटता र ऐक्यवद्धता मजवुत गर्नुपर्ने ऐतिहासिक जिम्मेवारी खडा छ।

पेरूका मुक्तिकामी जनता र त्यसका नेताप्रतिको अन्याय, अत्याचार वा अपमान सम्पूर्ण विश्व वा उत्पीडित जनताप्रतिको अपमान र उपेक्षा हो र त्यसैले नेपालमा यसको विरूद्ध काम गर्नु जरूरी भएको हो।

त्यस्तै पेरूका जनताले आफ्नो अधिकार र मुक्तिको लागि आवाज बुलन्द गर्दै आएका छन्। त्यहाँको सरकारले जनताको विश्वास गुमाई सकेकोले हतियार प्रयोग गरेर हजारौं पेरूभियाली जनतालाई एकै चिहान गराएको कुरा स्वयं प्रतिक्रियावादीहरूले स्वीकार गरेका छन्। जनहत्यारा, आतंकवादी र अपराधी स्वयं फुजिमोरी सरकार हो।

का. गोजालोको आजीवन कासावासको सजायँ फुजिमोरी सरकारले सुनाएको छ। एक व्यक्तिको गिरफ्तारी, आजीवन कारावास या अन्य कारवाही प्रतिक्रियावादीहरूको कायरताको स्पष्ट अभिव्यक्ति हो र का. गोञ्जालोलाई त्यहाँको सरकारले आजीवन थुनामा राख्न सक्छ। यो उहाँप्रतिको घोर अन्याय र अत्याचार हो। त्यसका विरूद्ध आवाज उठाउनु आज विश्वका सम्पूर्ण न्यायप्रेमी मुक्तिकामी जनताको कर्तव्य हो। त्यसैले हामी का. गोञ्जालोको जीवन प्रतिरक्षाका लागि संघर्षशील छौं।

यो कुरा सत्य हो कि का. गोञ्जालोलाई थुनामा राखे पनि उहाँको बिचारलाई थुन्न सक्ने कुनै तागत प्रतिक्रियावादीसंग छैन। साथै उहाँले देखाएको बाटोमा क्रान्ति निरंतर अगाडि बढ्ने छ। सत्य र असत्य बीचको संघर्षमा आखिर विजय सत्यको नै हुनेछ।

***संसारमा विभिन्न स्थानमा र देशमा भिन्न भिन्न मत बोकेका कम्युनिष्ट पार्टीहरू कार्यरत छन्। तिनीहरूका राजनैतिक वा सैद्धान्तिक लाइनसंग अरू क.पा.हरूको भिन्नता रहन सक्छ। तर ती भिन्न मत राख्ने क.पा.हरूमाथि प्रतिकृयावादीहरूले घात गर्दा वा घात गर्न खोज्दा त्यस्ता घातहरूको विरूद्ध चाहिँ तपाईहरू आवाज उठाउनु जरूरी ठान्नु हुन्छ कि ठान्नु हुन्न?***

मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचारधाराको झण्डा उँचा राख्दै संसारका कतिपय देशहरूका सच्चा कम्युनिष्ट पार्टीहरू अन्तर्राष्ट्रियतावादी आन्दोलन "रिम" मा सामेल भै अन्तर्राष्ट्रिय कम्युनिष्ट क्रान्तिकारी ऐक्यवद्धता र एकजुटतालाई मजवुत पार्दै छन्। तिनीहरूका बीच कतिपय सैद्धान्तिक राजनैतिक मतभेदका वावजुद आम कार्यक्रममा ती सहमत छन्। हामी "रिम"को सहभागी पार्टीका हैसियतले "रिम" र त्यसमा सहभागी पार्टीमाथि हुने कुनै पनि घात विरूद्ध संयुक्त रूपमा अगाडि बढ्दछौं। त्यसबाहेक, नामधारी कम्युनिष्ट पार्टीहरूले पनि विश्व साम्राज्यवाद र सबै खाले प्रतिक्रियावादको कम या वेसी सामना गर्नुपरेको छ। सबै प्रकारका नामधारी अवसरवादी, दक्षिणपन्थी, संशोधनवादी कथित कम्युनिष्टहरू यदि विश्व साम्राज्यवाद, सबैखाले घरेलु वा विदेशी प्रतिक्रियावादका विरूद्ध संघर्षमा अगाडि आउँछन् भने उनीहरूको त्यो कामको विरोध गर्न मिल्दैन। तर त्यस अवस्थामा उनीहरूका गलत नीतिको भण्डाफोरलाई विशेष जोड दिने हाम्रो नीति हुने छ। तर यो स्पष्ट छ कि सबै खाले नामधारी कम्युनिष्टहरू ढीलो वा चाँडो प्रतिक्रियावादी क्याम्पमा सामेल हुने छन्। यो कुराको सवूतको रूपमा विश्व कम्युनिष्ट आन्दोलनको विगत इतिहास हाम्रा अगाडि ज्यूँदो छ। ❐

१७ पेजको बाँकी

अधिकारवादी भनिएका संस्थाहरू पनि यी दमनहरूमाथि पूर्वाग्रह राखी यिनका विरूद्ध बोल्ने गर्दैनन्। का. गोञ्जालोकै सन्दर्भमा पनि एम्नेष्टी लगायतका अमेरिकाका विभिन्न "वाच"हरू वा अन्य मानवअधिकार वारेका संस्थाहरूले सशक्त रूपमा आवाज उठाएका छैनन्, जति अरू घटनाहरूमा यिनीहरू उठाउने गर्छन।

यो कुरालाई हामीले बुझ्न सकेनौं भने, हामी एकलाएक्लै रहयौं भने, साम्राज्यवादीहरूको दवदवा अरू चर्किने छ।

चीन, उत्तर कोरिया, क्यूवा लगायतका समाजवादी खेमामा रहेका मुलुकहरूले पनि हाल पेरू जस्ता मुलुकहरूलाई कुटनीतिक रूपमै दवाव दिनु जरूरी हुन्छ। आफू असहमत रहेका मुलुकहरूलाई अमेरिकाले गरे जस्तै आन्तरिक मामलामा हस्तक्षेप नै गरून् भनेको हैन, तर मानव अधिकारको हैसियतले त गर्न सकिन्छ नि। यो जरूरी काम हिजो सोभियत संघ छँदा त्यसले पनि गरेको कमै उदाहरण होला। का. गोञ्जालोकै सन्दर्भमा पनि चीनले बोलेको मलाई थाह छैन। एउटा कम्यूनिष्ट मुलुकले अर्को देशको कुनै कम्युनिष्ट नेतामाथि बर्बर किसिमले व्यवहार गर्दा, विनाआधार एउटा क्रान्तिकारी नेतालाई तस्करी र हत्याको आरोप लगाएर मानव अधिकार विपरीत सजाय दिन खोज्दा, यस्को विरोध जनाउनु पर्थ्यो। संयुक्त राष्ट्र संघको मानव अधिकारको घोषणा पत्रको आधारमै पनि "खुला इजलास" होस् भनी माग गर्न त सकिन्थ्यो नि।

त्यसैले एकातिर पूँजीवादी साम्राज्यवादीहरूले प्रभुत्व बढाउँदै लगिरहेको वर्तमान स्थितिमा कम्युनिष्टहरू कम्तिमा पनि न्यूनतम साझा सवालमा मात्र पनि ऐक्यवद्ध हुनु अत्यन्त जरूरी छ। यसका लागि अन्तरराष्ट्रिय रूपमै पहलहरू हुनु पर्ने वा संपर्क स्थलहरू निर्माण हुनु पर्ने जरूरी म महशुस गर्दछु। ❐

# बाघको खोरभित्रबाट का. गोञ्जालोको गर्जन

## यो पिंजरा पनि एउटा ट्रेन्च हो, जहाँबाट म जनताको क्रान्तिकारी गृहयुद्धको पक्षमा लडिरहन्छु!




### खोरभित्रबाट दिइएको का. गोञ्जालोको भाषणको पूर्ण अंश

*गिरफ्तारीको बाह्रौं दिन असोज ८ गते पेरूको राजधानी लिमास्थित डिन्कोटे (विशेष गुप्तचर संस्था) को हेडक्वार्टरको वीसौं तलामा बाघ राख्ने खोरमा थुनेर राखिएका का. गोञ्जालोलाई ढाकिएको पर्दा खोलेर पेरू सरकारले पत्रकारहरूलाई देखायो। आफ्नो "बाहादुरी" देखाउन मात्र पेरू सरकारले राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरका २०० भन्दा बढी पत्रकारहरूलाई त्यहाँ बोलाएको थियो। तर पत्रकारहरूलेप्रश्न शुरू गरे। यो शुरू हुन नपाई का. गोञ्जालोले आफ्नो कुरा भन्न थाल्नु भयो र २० मिनेट लामो भाषण दिनु भयो।*

*का. गोञ्जालोको भाषण नसुनियोस् भनी आधाआधी नपुग्दै डिन्कोटे प्रमुखले घरमाथि आकाशमा हेलिकोप्टर घुमाउन लगाए, त्यतिले नपुगेर गार्डहरूलाई का. गोञ्जालो विरूद्ध नारा लगाउन लाए, त्यत्तिले पनि नपुगेर बैण्ड-वाजा टोली लगाएर पेरूको राष्ट्रिय-धून बजाउन लगाए। प्राप्त समाचार अनुसार यो धुन बजाउँदा का. गोञ्जालोको भाषण सकियो पनि र यस धूनको जवाफमा उहाँले खोरभित्रैबाट कम्युनिष्टहरूको अन्तरराष्ट्रिय गीत गाउनु भयो।*

*हाल सशक्त रूपले आन्दोलनरत कम्युनिष्ट पार्टीका नेताले शत्रुहरूको किल्लाभित्रबाट अत्यन्त आत्मविश्वासपूर्वक दिनु भएको भाषणले उठाएका कुराहरू विचार अन्तर्क्रियाको लागि एउटा जल्दोबल्दो सामग्री हुने देखेर हामीले उहाँको उक्त भाषणको पूर्ण विवरण यहाँ प्रस्तुत गरेका छौं।-सं.*

संसारमा शोषण, दमन र प्रतिगामी सत्ताको अस्तित्व कायम रहेसम्म, मुक्तिकामी जनताको सार्वभौम बन्ने अभिलाषा कायम रहेसम्म र वर्ग सचेत मानव जातिले सर्वहारा वर्गको नेतृत्वमा जनताको राज्यसत्ता स्थापना गर्ने प्रयास नछोडेसम्म जनताको शक्ति र प्रतिक्रियावादी षडयन्त्रको बीच गृह युद्ध भईरहन्छ। अध्यक्ष माओ भन्नु हुन्छ-गृह युद्ध विना कुनै पनि महान क्रान्ति सफल हुन सक्दैन। यो एउटा नियम हो। कसैले युद्धको नकरात्मक पक्षलाई मात्र देख्छ र सकारात्मक पक्ष देख्दैन भने युद्ध सम्बन्धमा उसको दृष्टि आंशिक मात्र रहेको हुन्छ। युद्धको विनाशकारी चरित्र बारेमा मात्र कुरा गर्नु भनेको जन क्रान्तिलाई घाटा पुऱ्याउनु हो।

यो कुरा पेरूमा र आजको जटील विश्व परिस्थितिमा पनि उत्तिकै शास्वत छ। पेरूको बारेमा यस कारण कि - मैले भर्खरै जनताको शक्ति र प्रतिक्रियावादी षडयन्त्र बीचको गृहयुद्धबारे जे भनें, त्यो ठीक त्यही लक्ष्य र त्यही कारणवश माथिल्लो चरणमा सञ्चालन भइरहन्छ र विश्वको बारेमा यस कारण कि - संसारका कुनै पनि मुलुकका जनता आफ्नो मुक्ति युद्धमा एक्लै छैनन् र एक्लो प्रयासबाट उनीहरूको मुक्ति सम्भव हुँदैन त नभनौं ज्यादा से ज्यादा अल्पकालीन मात्र हुन्छ। सोमियत संघको अनुभव, चीनको अनुभव, पूर्वी यूरोपका कतिपय मुलुकहरूको अभुनव, भियतनाम, कम्बोडिया, उत्तर कोरिया र क्यूबाहरूका अनुभवहरूले हामीलाई यही शिक्षा दिएको छ।

हामी पेरूभियालीहरू राष्ट्रिय मुक्ति युद्ध मात्र लडि रहेका छौं भन्ने भ्रम तपाईहरूलाई नपरोस्। राष्ट्रिय मुक्ति युद्धले सधैंभरि सर्वहारा वर्गको नेतृत्वमा स्थापित जनगणतन्त्र, समाजवाद र सर्वहारा अधिनायकत्व अन्तर्गतको पूर्ण प्रजातन्त्रमा पुऱ्याउँदैन। राष्ट्रिय मुक्ति युद्धको रूपमा लडिने क्रान्तिकारी गृहयुद्ध सफल भएता पनि पूँजीवादी उत्पीडनको जालो च्यातिन्छ नै भन्ने कुनै जरूरी छैन, जनसमुदायको हातमा वास्तविक सत्ता पर्दछ नै भन्ने केही छैन, उल्टै जनसमुदाय थप उत्पीडनको भूमरीमा, राष्ट्र अझ दासताको अवस्थामा र पुनः प्रतिक्रियावाद अर्को आवरणसहित सत्ताको केन्द्रमा बसी जनसमुदायमाथि आफ्नो हैकम चलाउने अवस्थामै कायम रहनसक्छ भन्ने तथ्यलाई अफ्रिका तथा एशियाका सफल राष्ट्रिय मुक्ति युद्धका परिणतिहरूले स्पष्ट पारिसकेको छन्।

**पेरूका कम्युनिष्टहरू फुजीमोरी जस्तो सानो झिङ्गा विरूद्ध मात्र जुधिरहेका छैनन, फुजीमोरी सत्ता ढल्दैमा उनीहरू चुप लाग्नेवाला पनि छैनन।**

हामी पेरूका कम्युनिष्टहरूले गएको मई १७ का दिन आफ्नो जनयुद्ध शुरू भएको १२ औं वर्षगाँठ मनायौं। बाह्र वर्षअगाडि पेरू कम्युनिष्ट पार्टीले जनवादी क्रान्ति सम्पन्न गर्न हतियार उठायो। यो जनवादी क्रान्तिको उद्देश्य मूलतः याँकी साम्राज्यवादको उत्पीडन र शोषणलाई उकेलेर फ्याँक्नु, नोकरशाही पूँजीवाद र अर्ध सामन्ती अवशेषभित्र, विश्व क्रान्तिमा योगदान पुऱ्याउने उद्देश्यले सर्वहारा वर्ग र आम जनसमुदायको निम्ति राज्य सत्ता हासिल गर्नु रहेको छ।

बाह्र वर्षभन्दा पनि लामो समयदेखि मार्क्सवाद-लेनिनवाद-माओवादको अपराजेय ध्वजा अन्तर्गत, ग्रामिण क्षेत्रहरूबाट शहर घेरावन्दीको कार्यक्रमलाई विकसित गर्दै शहर र गाउँका वर्ग संघर्षहरूलाई क्रान्तिकारीको रूपमा एकात्मकता प्रदान गरेर, ग्रामीण क्षेत्रलाई क्रान्तिकारी गृहयुद्धको मुख्यक्षेत्र र शहरको सहायक तर अत्यन्त जरूरी कृयाकलापको रूपमा विकसित गर्दै, गृहयुद्ध, आधार क्षेत्र र उर्लदो जनमनोबलको रूपमा हामी जनताको

मुक्ति संघर्ष र विश्व क्रान्तिको उज्यालो बाटोमा लम्किरहेका छौं। हामीले जुन युद्ध शुरू गरेका छौं, त्यो गृहयुद्ध मात्र नभएर जन युद्ध हो। कम्युनिष्ट पार्टीको नेतृत्वमा सञ्चालन गरिएको किसान वर्गको युद्ध हो। सर्वहारा अधिनायकत्वको मूल लक्ष बोकेको यो क्रान्तिकारी गृहयुद्धको चुरोको रूपमा जनसत्ताको आधार इलाकाको विकास रहेको छ।

**पेरूको क्रान्तिलाई विश्व-क्रान्तिको व्यापक लक्षसंग एकाकार गराउन नसकिएमा पेरू फेरि अर्को क्यूबा, निकारागुवा, भियतनाम या कम्बोडिया बन्न सक्छ भन्ने तथ्यलाई पेरूका हामी कम्युनिष्टहरूले राम्ररी बुझेका छौं।**

तपाईहरूलाई इतिहास थाहा छ, तपाईहरूलाई युद्धको सामान्य नियम पनि थाहा छ। युद्ध जहिले पनि दुई खेमाको बीच सञ्चालन हुने गर्दछ। पेरूमा १९८० देखि नै जनसत्ता र जनयुद्धको विरूद्ध प्रतिक्रान्तिकारी युद्ध शुरू भएको छ। साम्राज्यवाद त्यसमा पनि मूलतः यांकी साम्राज्यवादको संरक्षणमा रहेको पेरूभियाली प्रतिगामी राज्यसत्ता र ठूला पूँजीपति एवं जमिन्दारहरूको अधिनायकत्वले आफ्नो अस्तित्वमाथि देखा परेको खतरा विरूद्ध जुध्नु स्वभाविक हो। शुरूमा जनताको क्रान्तिकारी युद्धको समस्यालाई सकेसम्म कम मूल्यांकन गरेर, अन्तर्राष्ट्रिय पूँजीलाई विकासको नाममा सकेसम्म भित्र्याउँदै त्यसलाई आफ्नो प्रतिक्रियाका हतियारहरू, सेना, पुलिस तथा स्थानीय प्रतिक्रियावादीहरूलाई सुदृढ पारेर उनीहरूले ग्रामीण क्षेत्रमा जनताको सशस्त्र दस्ताका सामु केही नलागेर स्थानीय शहर तथा प्रान्तीय राजधानीहरू मार्फत् आफ्नो प्रतिगामी प्रतिक्रान्तिकारी युद्धपक्षलाई सञ्चालित गरिराखेका छन्। उनीहरूको पतनको प्रथम कदम र जनसत्ताको स्थापनाको पहिलो मूर्त उदाहरणको रूपमा पहिलो जन समितिको गठन यता धुप्रै घटनाहरू घटेका छन्। वेलीण्डे सरकारको नकचरोपना, प्रतिक्रियावादी सशस्त्र सेनाको हस्तक्षेप, जनसत्ताको उदय र प्रतिगामीहरूको सत्ताको सामु आफ्नो र आफ्नो वर्गको मेरूदण्डको रूपमा अन्तर्राष्ट्रिय प्रतिक्रियावादद्वारा दीक्षित प्रतिगामी सेनालाई



स्थापित गर्नैं पर्ने बाध्यात्मक स्थितिको विकास, आयाकुचो, हुवानकावेलीका, अपुर, माक लगायतका क्षेत्रहरूमा आपतकालको घोषणा, दिसेम्बर १९८२ यताको राजनैतिक सैनिक कमाण्डको स्थापना आदि त सामान्य उदाहरण मात्र हुन्। प्रत्येक वर्ष यिनै परिस्थितिहरूको पुनरावृत्ति भएको छ। जनसत्ताको वढ्दो दवावको सामु प्रतिगामी सत्ता झनझन आत्तिदै गएको छ।

जनताले देखाईदिएका छन्-प्रतिगामीहरू वास्तवमा कागजका बाघ मात्र हुन्। आज जनसत्ता स्थापना भएका कुनै पनि क्षेत्रमा आपतकालीन स्थिति लगाउनु परेको छैन। प्रतिक्रान्तिकारी सेनाको नियन्त्रण भएको प्रत्येक शहर तथा गाउँहरूमा प्रतिक्रियावादी सत्ताले जनताको उर्लदो मनोबलसँग त्रस्त भएर आपात स्थिति घोषणा गरेको छ। राजधानी लिमाका सत्तरीलाख जनतालाई सैनिक अधिकारीहरूको कमाण्डमा राखिएको छ। पन्ध्र लाखभन्दा बढी मानिसहरू त कुनै पनि बेला सरकारी सेनाको बुटबाट कुल्चिइन सक्ने स्थितिमा छन्, उनीहरूको टाउको माथि गलफन्दा र चक्कू झुण्डिएको छ। पेरूका सवा दुई करोड मानिसहरू एउटा आतङ्ककारी भवितव्य बीच बाँच्न बाध्य छन्। उनीहरूको भत्केको प्रजातन्त्रको केन्द्रमा विना कुनै अधिकार, विना कुनै सुरक्षा, हत्या आतंक र प्रतिक्रियावादी व्यभिचारहरू बीच साम्राज्यवादी तथा प्रतिगामी दमनको शीकार बन्न बाध्य रहेका छन्। आखिर लिमा र कलाओका निहत्था र निशस्त्र जनतासँग भत्केको "प्रजातन्त्र" किन यसरी डराउँछ ?


प्रतिगामीहरूले क्रान्तिकारी गृहयुद्ध विरूद्ध आफ्ना मालिकहरूको आदेश कार्यान्वयन मात्र गर्ने गरेका छन्। यांकीहरूले १९६० को दशकमा भियतनामका क्रान्तिकारीहरू विरूद्ध र पछि ल्याटिन अमेरिका र विशेष गरी मध्य अमेरिकाको क्रान्तिकारी संघर्षको विरूद्ध सञ्चालन गरेको प्रतिक्रान्तिकारी युद्धका अनुभवहरूको आधारमा तयार पारेको सैद्धान्तिक आधारमा पेरूको क्रान्तिकारी जनयुद्ध विरूद्ध प्रतिक्रियावादी युद्ध-रणनीति तयार भएको छ। यसमा इजरायल र अर्जेन्टिनाको अनुभव तथा जर्मनी, ताइवान र स्पेनको सल्लाह पनि मिसाइएको छ। वेलुण्डे, एलेन गर्सिया या फुजीमोरीले सत्ताको सर्वोच्च स्थान ग्रहण गरेका मात्र हुन्। विश्व प्रतिक्रियावादको जनक्रान्ति विरोधी षड्यन्त्रको सम्पूर्ण रणनीतिलाई प्रतिगामीहरूले पेरूमा कार्यान्वयन गर्ने स्थानीय अधिकार यहाँको संयुक्त सैनिक परिषदलाई दिएको छ। जनताको सशस्त्र प्रतिकार को सामु सदैव असफल भएको कार्यक्रम र रणनीतिलाई फेरि एक पटक कार्यान्वियन गर्न विश्व प्रतिक्रियावादले पेरूलाई छानेको छ। यो स्वभाविक पनि छ, किनभने सर्वहारावर्गको नेतृत्वमा जनसत्ता स्थापना गर्न हाम्रो पार्टीले पेरूका किसानहरूलाई सशस्त्र गृहयुद्धको बाटो देखाएको छ।

प्रतिगामीहरू पेरूका क्रान्तिकारीहरूसंग किन यसरी डराएका छन् त ? यसको कारण एकदमै साधारण छ र त्यो के भने - पेरू क्यूबा होइन, पेरू निकारागुवा या कम्बोडिया पनि होइन। पेरू कम्युनिष्ट पार्टीको शत्रुता अमेरिकी आधिपत्य विरूद्ध मात्र होइन र पेरूका कम्युनिष्टहरू राष्ट्रवादी युद्ध लडिरहेका पनि होइनन्। हाम्रो लक्ष्य पेरूभियालीहरूको लागि मात्र भन्ने होइन। पेरू विश्व क्रान्तिको अभिन्न अंग हो र पेरूको क्रान्तिलाई विशव-क्रान्तिको व्यापक लक्षसंग एकाकार गराउन नसकिएमा पेरू फेरि अर्को क्यूबा, निकारागुवा, भियतनाम या कम्बोडिया बन्न सक्छ भन्ने तथ्यलाई पेरूका हामी कम्युनिष्टहरूले राम्ररी बुझेका छौं। इतिहासका अनुभवहरूबाट शिक्षा नलिने कम्युनिष्ट वास्तवमा कम्युनिष्ट नै होइन। भियतनाममा जे भयो, क्यूबा, कम्बोडिया र निकारागुवामा जे भयो, पेरूले अनुभवहरूबाट शिक्षा नलिने हो भने पेरूका कम्युनिष्टहरू र उनीहरू बीच कुनै भेद रहन्न। अनुभवहीन अवस्थामा गल्ति प्रत्येक कम्युनिष्टले गर्न सक्छ तर जे कुरा गलत हो भन्ने सिद्ध भई सकेको छ त्यसलाई कम्युनिष्टले अनुभव गरिहुदैन।

यसै कारण विश्व प्रतिक्रियावाद पेरूसँग त्रस्त छ। पेरूमा एक पटक प्रतिक्रान्तिको गृहयुद्ध समाप्त भएपछि विश्व क्रान्तिको नयाँ अध्याय शुरू हुनेछ। यो कुरा कम्युनिष्टहरूले पनि बुझेका छन् र प्रतिक्रियावादले पनि। इतिहासको गल्ति प्रतिक्रियावादले दोहोऱ्याउँदै छ, कम्युनिष्टहरू त्यसबाट थप शिक्षा लिँदैछन्। यसले गर्दा विश्व प्रतिक्रियावाद थप आक्रान्त भएको छ। पेरूको स्थानीय सत्ता जनताको हातमा पुगेकोमा प्रतिक्रियावादलाई त्यति धेरै दुःख हुन्न जति दुःख विश्व क्रान्तिको वर्तमान चरणमा सफलताको प्रथम अध्यायको सफल कार्यान्वयनको तोडले उसलाई पार्दछ। इतिहासको अविरल गति, समयको अवश्यंभावी परिणतिलाई थुनेर कैद गर्ने षड्यन्त्रको संयुक्त उपजको रूपमा विश्व प्रतिक्रियावादले यतिबेला पेरूमा नयाँ परीक्षण शुरू गरेको छ। यो परीक्षण उनीहरूको रहरको कारण होइन, यहाँका कम्युनिष्टहरूले जनसत्ताको स्थापना गर्न शुरू गरेको क्रान्तिकारी गृहयुद्धले गर्दा उनीहरूमाथि पनि थोपरिएको छ।

आजको पेरूभियाली गृहयुद्धका दुवै पक्ष आ-आफ्नो स्वार्थ र आ-आफनो अभिष्ट प्राप्तिको निम्ति युद्धरत छन्। जनसत्ताको स्थापना हाम्रो सर्वोपरि स्वार्थ हो र हामी त्यसको निम्ति प्रत्येक कुनाबाट कृयाशील छौं। जनसत्ताको स्थापना भइसकेको छ, तर त्यो पूरा भएको छैन। अधिकांश शहरहरू अझ पनि प्रतिक्रियावादी सेनाको कब्जामा छ र त्यहाँका जनता आफ्नो मुक्तिको निम्ति सशस्त्र प्रतिकारमा उत्रेका छन्। प्रतिक्रान्तिकारी डफ्फा पेरूको भूमिको झण्डै ६५ प्रतिशत भूभागबाट आफ्नो प्रत्यक्ष नियन्त्रण गुमाएको अवस्थामा समेत शहरहरूमा केन्द्रित जनसंख्याको बहुमतलाई आफ्नो सैनिक परिषदको माध्यमबाट नचाएर राख्न उत्तिकै सशस्त्र होडमा संलग्न छ। जनसत्ता र प्रतिगामी सत्ता बीचको यस युद्धमा भूमिको ठूलो प्रतिशत र जनताको हृदयको एकदमै ठूलो प्रतिशतमाथि जनताको सरकारले आधिपत्य कायम गर्न सफल भएको छ। युद्ध शुरू भएको छ, युद्ध चर्किएको छ र युद्ध विस्तार विस्तार निर्णायक चरणमा पुग्ने अवस्थामा छ।

पेरूको यतिवेला सञ्चालन भई राखेको क्रान्तिकारी गृहयुद्धमा क्रान्तिकारीले सकेसम्म कम हिंसाको नीति अवलम्बन गरेका छन्। जनताको मुक्त क्षेत्रमा, हामी अन्तर्राष्ट्रिय निस्पक्ष पर्यवेक्षण समितिबाट सुपरिवेक्षणको लागि समेत तयार छौं। एउटा पनि सामूहिक चिहानको अस्तित्व छैन, एउटा मात्र जमीन्दार या पूँजीपति परिवारले हामी माथि अन्याय गरियो, हाम्रो ज्यूज्यानको सुरक्षा भएन भनेर आरोप लगाउन सक्दैन। हो, हामीले उनीहरूको सम्पत्तिलाई राष्ट्रियकरण गरेका छौं र उनीहरूको शोषण गर्ने अधिकारलाई समाप्त पारेका छौं। तर प्रतिक्रान्तिकारी सेनाको नियन्त्रण भएको स्थानमा या मुक्त क्षेत्र विरूद्ध उनीहरूले अतिक्रमण गरेको समयमा उनीहरूको कलुषित एवं दुर्गन्धी घृणालाई राम्ररी अभिव्यक्त गर्ने सामूहिक चिहानहरू, गरीब किसानहरूका जलेका घरहरू र कृषक परिवारका नौजवानहरूलाई जबरजस्ति सेनामा भर्ती गर्ने अन्याय पूर्ण कृयाकलापहरूका उदाहरणहरू सर्वत्र पाइन्छन्। आयाकुचोको झण्डै जसो सबै क्षेत्र, अल्कीदास केरीओन प्रान्तको चिन्चे गाउँ, पाराम्वाम्वा तायाकाजा तथा कहाँ मात्र उनीहरूले गरीब किसानहरूको सामूहिक हत्या गरेका छैनन् ? आयाकुचोमा एक साथ



१५० जनाको सामूहिक नरहत्या कति पटक भयो ? सान फ्रान्की कोमा कति पटक आम हत्या सञ्चालन गरिए ? चियारे, रोसाटीयो, हुमान्गोला कुन चाहिं वस्ती बाँकी छ जहाँ प्रतिक्रियावादका वफादारहरूले जनताको मनोबल तोड्न आमहत्याको नीति अख्तियार नगरेका होउन् ? तथ्य, तथ्याँक र समाचारहरू बटुल्ने काम तपाईहरूको हो, तपाईहरूको प्रतिबद्धता जनताप्रति छ भने यो जिम्मेवारी तपाईहरू नै निर्वाह गर्नुहोस्।

पेरूको वर्तमान गृहयुद्धमा प्रत्येक पेरूभियालीले आफ्नो जिम्मेवारी निर्वाह गर्दैछ। आफू जहाँ छ त्यहाँबाट आफ्नो जिम्मेवारी निर्वाह गर्नु पर्छ। मेरो यतिवेलाको निवासको रूपमा मलाई मेरो र पेरूभियाली जनताको शत्रु पक्षले उपहार दिएको यो पिंजडा पनि एउटा ट्रेन्च हो, जहाँबाट म जनताको क्रान्तिकारी गृहयुद्धको पक्षमा लडिरहन्छु। जनताको अजेय सत्ता प्रतिक्रियावादले तयार पारेको पिंजडा, भ्याल खाना र उनीहरूको नियन्त्रणमा रहेको टैंक र बख्तरबन्द गाडी भन्दा धेरै शक्तिशाली हुन्छ।

पेरू कम्युनिष्ट पार्टीले सर्वहारा वर्गको प्रतिनिधित्व गर्दछ। पेरू कम्युनिष्ट पार्टी यतिवेला क्रान्तिकारी हिंसाको पक्षमा छ। यस हिंसात्मक क्रान्तिबाट मात्र राजनैतिक सत्तामाथि दखल पुऱ्याउन र संसारलाई बदल्न सकिन्छ। हामीले पेरूको विशिष्ट परिस्थितिमा मार्क्सवाद लेनिनवाद र माओवादलाई यसरी प्रयोग गरेका छौं। यस प्रयोगबाट हामी एकात्मक क्रान्तिकारी युद्धको चरणमा प्रवेश गरेका छौं। जनगणतन्त्रको जग ग्रामिण क्षेत्रमा हाल्दै शहर हरूलाई ग्रामिण क्षेत्रले घेर्ने, आधार इलाकाहरू विकसित गर्ने, मुक्त क्षेत्रमा समाजवादी क्रान्तिको आधारशीला खडा गर्ने, वास्तविक प्रजातान्त्रिक समाजको स्थापना गर्ने क्रममा निरन्तर अगाडि बढीराखेका छौं। हामी प्रतिक्रियावाद तथा साम्राज्यवादको सम्पूर्ण बन्धनलाई हिंसात्मक क्रान्तिबाट उखेलेर फ्याँकन दृढ छौं। सर्वहारा वर्गको अधिनायकत्वको चरणमा हामी वर्ग हिंसाको माध्यमबाट वर्ग बिभेदलाई समाप्त पार्न पनि उत्तिकै दृढ छौं। वास्तविक स्वतन्त्रताको चरण अर्थात गौरवमय साम्यवादको चरणमा प्रवेश नगरून्जेलसम्म हामी हिंसा रोकिन्छ भनेर भन्दैनौं। यसरी उद्घाटित भएका प्रश्नहरूले मूलतः चार आधारभूत समस्याहरूलाई अगाडि बढाउँदछ। ती आधार भूत समस्याहरूलाई हामी यसरी समाधान गर्दछौंः सिद्धान्तको अर्थमा सर्वहारा वर्गको सिद्धान्त भनेको-मार्क्सवाद-लेनिनवाद-माओवाद हो; सर्वहारा वर्गको युद्धको नेतृत्व जहिले पनि उनीहरूको पार्टीले गर्छ जनयुद्ध भनेको, पेरूको वर्तमान अवस्थामा, किसान युद्ध हो र यसमा ग्रामिण क्षेत्रले शहरहरूलाई घेर्दछ रः जनसत्ताको आधार शीला आधार क्षेत्रमा राखिन्छ। यसलाई हामी यसरी व्याख्या गर्न सकौंला :

**मार्क्सवादबारेः** अन्तर्राष्ट्रिय सर्वहारा वर्ग इतिहासको अन्तिम वर्ग हो। यसको आफ्नै वर्ग स्वार्थ, अरू वर्गको भन्दा भिन्न र अरूसंग शत्रुतापूर्ण छ। यो वर्गको नेतृत्व अन्तर्गत मात्र नयाँ विश्व व्यवस्था अर्थात् साम्यवादमा पुग्न सकिन्छ। वर्ग संघर्ष सशस्त्र गृहयुद्ध, सर्वहारा वर्गको अधिनायकत्व तथा वर्गशत्रुहरूको दमनविना यस चरणमा समाजलाई पुऱ्याउन सकिन्न। क्रान्तिकारी जन युद्धको माध्यमबाट संसारको अन्तिम वर्गको नेतृत्वमा जनसत्ताको स्थापना भएपछि मात्र सम्पूर्ण प्रतिक्रान्तिकारी युद्धहरूलाई सदासर्वदाको निम्ति समाप्त पार्न सकिन्छ। यसपछि मात्र संसारबाट सबै खाले साम्राज्यवादी, प्रतिक्रियावादी तथा उत्पीडनका हतियारहरूलाई बगाएर लैजान सकिन्छ। यस्तो जनसत्ताको स्थापना नभएसम्म वर्ग विभेदहरू, उत्पादनका साधनहरूमाथिको निजी स्वामित्व, युद्ध र अत्याचारलाई समाप्त पार्न सकिन्न। राजनैतिक सत्ता बन्दुकको नालबाट जन्मन्छ। सर्वहारा वर्गको अधिनायकत्व अपराजेय जन जनयुद्धको बन्दुकको छाँयामा स्थापित हुन्छ र त्यही छाँयाले यसको संवर्धन पनि गर्दछ। हाम्रो लागि मार्क्सवादले माओवादमा पुगेर पूर्णता हासिल गरेको छ। मार्क्सवादको ऐतिहासिक प्रकृया भनेको माओवाद हो। यही दृष्टि विन्दु अन्तर्गत हामी सर्वहारा वर्गको वर्ग स्वार्थलाई पेरूको र संसारको वर्गीय परिस्थितिसँग एकाकार गराउँदछौं। पेरूको सर्वहारा वर्ग भनेको विश्व सर्वहारा वर्गको एउटा सानो इकाई मात्र हो र मार्क्सवाद-लेनिनवाद-माओवादको सर्व व्यापक सिद्धान्त अन्तर्गत रहेर मात्रै सर्वहारा वर्गले सही वर्ग अडान विकसित तुल्याउन सक्दछ। सर्वहारा वर्गको स्वार्थ रक्षार्थ एउटै मात्र सिद्धान्त वर्गहितकारी हुन सक्छ र त्यो माओवाद हो। जुन कुरा सिद्धान्तको स्तरमा संसार भरी लागू हुन्छ, त्यो पेरूका सर्वहारा वर्गको निम्ति पनि उत्तिकै कार्यकारी हुन्छ। मार्क्सवाद यतिबेला माओवादमा प्रवेश गरेको छ।

माओवादको सैद्धान्तिक तथा व्यवहारिक मार्ग दर्शनविना सर्वहारा वर्गको वर्ग स्वार्थलाई दृढतापूर्वक एवं निरन्तरतापूर्वक कार्यान्वयन गर्न, राजनैतिक तथा सैनिक कृयाकलाप मार्फत विकसित तुल्याउन सम्भव हुँदैन।

**पार्टीबारे** : राजनैतिक सत्तामाथि विजय प्राप्त गर्न पार्टीको नेतृत्वको आवश्यकतालाई मार्क्सवादको जन्मदेखि नै जोड दिइएको छ। यसलाई लेनिनवादले पुनः पुष्टि गरेको छ। यो एउटा अपरिहार्यता हो भनेर माओवादले अझ प्रबल रूपमा भनेको छ। नयाँ क्रान्तिकारी पार्टी बिना सर्वहारा वर्ग र आम जन समुदायले क्रान्तिको कल्पनासम्म पनि नगरे हुन्छ। यस महान सत्यलाई कुनै पनि कम्युनिष्टले नजरअन्दाज गर्न सक्दैन। यही सत्यलाई हामी पेरूका कम्युनिष्टहरूले आफ्नो सामर्थ्य बमोजिम अंगीकार गरेका छौं। पेरूको कम्युनिष्ट पार्टी स्थापना गर्दा १९२८ मा होसे कार्लोस मेरीयातेगले यही तथ्य बुझेर मार्क्सवाद लेनिनवादको दृढ आधारको स्थापना गर्नु भएको थियो। हाम्रो लागि पार्टी त्यो नेता हो जसले हामीलाई बाटो पहिल्याई दिन्छ, अगाडि देखापरेका समस्याहरूलाई समाधान गरी दिन्छ र सर्वहारा वर्ग र क्रान्तिको बीचमा खडा हुने सम्पूर्ण अवसरवादी प्रवृतिलाई निमिटान्न पारिदिन्छ। पार्टी मार्क्सवादको संगठनात्मक अभिव्यक्ति हो। जनसत्तालाई कार्यान्वयन स्तरमा परिभाषित गर्ने बलियो हतियार हो र सर्वहारा अधिनायकत्वको पहिलो व्यवहारिक कृयाकलाप हो।

पेरूका कम्युनिष्टहरूको निम्ति पार्टी भनेको सर्वहारा वर्गको संगठित अग्रदस्ता हो। यसले सर्वहारा वर्गको अन्तर्गत जनताको हातमा राजनैतिक सत्ता लेराइदिन्छ। यसले जनसत्तालाई परिभाषित पनि गर्दछ र त्यसको निर्धारण पनि। हाम्रो पार्टी जनयुद्धको प्रथम कोसे ढुङ्गो हो। पार्टीले आफ्ना अन्य कोसे ढुङ्गाहरू आफैं तय गर्दछ। जन युद्ध पार्टीको दोस्रो कोसे ढुङ्गो हो। हाम्रो पार्टी हाम्रो सबै चीज हो, किनभने क्रान्तिकारी पार्टी र जन सेना नभएको जनता भनेको एक किसिमले मृत प्रायः जनता हो। पेरूका जनता जागृत जनता हुन्। यसको प्रमाण हाम्रो पार्टी हो।

**जनयुद्धबारे** : हामी जनयुद्ध रहरले लडिरहेका छैनौं। साम्राज्यवाद र प्रतिक्रियावादको संयुक्त उपज पेरूको फासिवादले पेरूका जनतालाई जबरजस्ती युद्धमा धकेलेको छ। यो युद्धको लागि पेरूका जनता होइन यांकी साम्राज्यवाद, विश्व प्रतिक्रियावाद र पेरूको फासिवाद जिम्मेवार छ। यस युद्धमा हामी कम्युनिष्टहरू हाम्रो स्वाभाविक एवं सामान्य भूमिका मात्र निर्वाह गरिराखेका छौं। जनताको मुक्ति आकांक्षाले प्रतिक्रियावाद समक्ष संघर्ष गर्नै पर्ने वाध्यात्मक परिस्थिति जनाउँछ। जनताको मुक्तिको निम्ति सर्वहारा वर्गको अधिनायकत्व चाहिन्छ। यस्तो अधिनायकत्वको दार्शनिक तथा राजनैतिक आधार मार्क्सवाद-लेनिनवाद-माओवादले दिन्छ। यस्तो अधिनायकत्व जनयुद्ध विना स्थापना हुन सक्दैन। जनयुद्धमा केही प्रतिक्रियावादी र केही क्रान्तिकारीहरू मारिनु एकदमै स्वाभाविक कुरा हो। यसो नभई समाजमा आमूल परिवर्तन आउँदैन र क्रान्ति सफल पनि हुँदैन। उत्पीडनमाथि आधारित वर्तमान सामाजिक व्यवस्थाको समापनको निम्ति जनताले दुईचार प्रतिक्रियावादीहरूलाई जनयुद्धको दौरानमा मृत्यु दण्ड दिएनन् भने सर्वहारा वर्गको अधिनायकत्व स्थापना हुन सक्दैनः साम्यवादसम्म पुग्ने पहिलो ढोका खुल्दा पनि खुल्दैन।

युद्ध भनेको हिंसा हो। हामी युद्ध समाप्त पार्ने हिंसाको पक्षमा छौं। हाम्रो हिंसा जनताको पक्षमा र अन्यायको विपक्षमा छ। हामीलाई मार्क्सवाद-लेनिनवाद-माओवादले यही सिकाएको छ। हामीलाई हाम्रो पार्टीले हिंसाको माध्यम अपनाउने क्रान्तिकारी जन युद्ध मार्फत् जन सत्ता स्थापना गर्ने आदेश दिएको छ। पार्टीको आदेशलाई सर्वोपरी मान्ने हामीहरू ग्रामीण क्षेत्रबाट शुरू भएको रक्तपातपूर्ण क्रान्तिकारी बाटो पच्छ्याउँदै जनसत्ता

**प्रतिक्रान्तिकारी सेनाले मेरो गिरफ्तारीमा खुसी हुनु उनीहरूको चरित्र अनुरूप स्वाभाविक छ। तर यो कुनै निर्णायक कुरो होइन।**

**क्रान्तिको लक्ष मात्र सफा र स्पष्ट हुन्छ, बाटो त आवश्यकता बमोजिम परिवर्तित गरिन्छ र परिस्थितिको वाध्यताले गर्दा यदाकदा खण्डित पनि हुन सक्छ।**

स्थापनार्थ कृतसंकल्पित छौं।

हामी जनताको क्रान्तिकारी गृहयुद्ध आफ्नै तरीकाले लड्छौं। प्रतिक्रान्तिकारीहरूको युद्धको तरीका र जनताको क्रान्तिकारी जनयुद्धको तरीका एउटै हुन्छ भन्ने केही छैन। उनीहरू जनतालाई आतङ्कित पारेर त्रासको माध्यमबाट हामीसंग गृहयुद्ध गरिरहेका छन्। हाम्रो पार्टी जन समुदायको अधिकारको सुरक्षा र उनीहरूको मुक्तिको निम्ति सर्वहारावर्गको अधिनायकत्व स्थापना गर्न गृहयुद्धमा संलग्न छ। हाम्रो प्रथम कार्य नयाँ राजनैतिक सत्ताको स्थापना हो। जनयुद्धमा हामी संघर्षका विभिन्न स्वरूपहरू अपनाउँछौं। छापामार युद्ध, तोडफोड, सशस्त्र प्रचार तथा विरोध, छानिएका वर्गशत्रुहरूलाई सखाप पार्ने अभियान आदि हाम्रा संघर्षका स्वरूप हुन्।

**नयाँ राजनैतिक सत्ताबारे** : हामी नयाँ राजनैतिक सत्ताको स्थापनार्थ जन युद्धमा छौं। यो राजनैतिक सत्ता आधार इलाकाहरूको विकास संगसंगै शुरू भएको छ र सर्वहारावर्गको अधिनायकत्व अन्तरगत राज्य सत्तामाथि जनताको अधिकार स्थापना भएपछि यसले बाँकी रहेको जनवादी क्रान्तिलाई पूरा गर्नेछ। पुरानो समाजको पूर्ण रूपान्तरण मार्फत यस नयाँ राजनैतिक सत्ताले सर्वहारा-वर्गको अधिनायकत्व अन्तरगत रही समाजवादी क्रान्ति सम्पन्न गरी साम्यवाद तर्फको आफ्नो अभियानलाई विकसित तुल्याउने छ। यो राजनैतिक सत्ता मार्क्सवादसंगत सत्ता हो। जनताले आफ्नो सशस्त्र संघर्षको दौरानमा स्थापित एवं विकसित तुल्याउने सत्ता हो। यो जनताको सत्ता हो र यसको विपक्षमा संसारभरका प्रतिक्रियावादीहरू एकजुट हुने छन्। यस्तो एकजुटपना यतिबेला पनि देखा परिसकेको छ। तर यो एकतर्फी प्रकृया मात्र भने होइन। जनताको नयाँ राजनैतिक सत्ताको पक्षमा संसारभरको सर्वहारावर्ग मार्क्सवाद-लेनिनवाद-माओवादको झण्डा अन्तरगत एक जुट भएर यसको अर्को पक्ष समेत प्रस्तुत गरिसकेको छ।

विश्व प्रतिक्रियावाद जनताको यस्तो नयाँ राजनैतिक सत्ता स्थापना भएको दिन हेर्न नपरोस् भनेर सक्दो प्रयत्न गरिरहेको छ। साम्राज्यवादीहरू पूँजीवादी, संशोधनवादी एवं विश्व सर्वहारावर्ग भित्रका वर्ग गद्दारहरू यस्तो नयाँ राजनैतिक सत्ताको भ्रुणहत्या गर्न संसारभरि नै एकसाथ षड्यन्त्रमा व्यस्त छन्। १९५० को दशकमा उनीहरूले सोभियत संघ र पूर्वी यूरोपमा यसबारे सफलता पाए, १९७० को दशकमा चीनमा उनीहरूको यो सफलता दोहोरियो। उनीहरू के सोचिरहेका छन् भने - उनीहरू सफलताको एकतर्फी गल्लीमा कुदेका छन्। र, उनीहरूले यसो सोच्नु पनि मार्क्सवाद संगत नै मान्न सकिन्छ। लाखौंलाख वर्षसम्म शोषणको साम्राज्यको अनुभव

**पेरुको जनक्रान्ति एक्लो घटना होइन।**



सङ्गालेका प्रतिक्रियावादीहरूले यसो सोच्नु विल्कूलै जायज छ। -

तर, उनीहरू पेरूलाई भिन्न रूपले लिन वाध्य छन्। पेरूका कम्युनिष्टहरूसंग कम्युनिष्टहरूको अन्तर्राष्ट्रिय अनुभवको असीम भण्डार छ। सोभियत संघमा साम्राज्यवादीहरू सफल हुनाका कारण र चीनमा प्रतिक्रियावादीहरूले जनतालाई र सर्वहारावर्गलाई धोखा दिन सक्नाका कारणहरूलाई पेरूभियाली कम्युनिष्टहरूले राम्ररी खुट्ट्याएका छन् भन्ने कुरा विश्व प्रतिक्रियावादलाई राम्ररी थाहा छ। उनीहरूलाई यो कुरा राम्ररी थाहा छ कि-जसरी उनीहरूले षड्यन्त्रमा पारङगति प्राप्त गरेका छन्, कम्युनिष्टहरूले उनीहरूको षड्यन्त्रलाई ध्वंश पार्ने कला पनि राम्ररी सिकेका छन्, जानी सकेका छन्।

पेरू क्यूबा होइन, पेरू भियतनाम या निकारागुवा होइन। पेरू कम्बोडिया त झनै होइन। पेरूका कम्युनिष्टहरू राष्ट्रिय मुक्ति युद्ध मात्र लडिरहेका छैनन्। उनीहरू जनमुक्तिको साथै साम्यवादसम्म पुऱ्याउने जनक्रान्तिको बाटोमा अग्रसर छन्। उनीहरू सत्तासीन समूह या वर्गलाई सत्ताच्यूत गरेर नयाँ समूहको अधिनायकत्व स्थापना गर्ने युद्धमा संलग्न छैनन्। उनीहरू अन्यायको विरूद्धमा मात्र युद्ध गरी रहेका नभएर न्यायको पक्षमा युद्ध गरिरहेका छन्।

त्यसैले विश्वको सबै खाले प्रतिक्रियावाद पेरूका जनताको जनयुद्ध विरूद्ध एकजुट छ।

उनीहरूलाई के थाहा छ भने - पेरूको जनक्रान्ति एक्लो घटना होइन।

उनीहरूलाई के थाहा छ भने - पेरूको जनक्रान्ति विश्व सर्वहारा वर्गीय क्रान्तिको पहिलो कडी हो।

उनीहरूलाई के थाहा छ भने - पेरूका कम्युनिष्टहरू फुजीमोरी जस्तो सानो झिङ्गा विरूद्ध मात्र जुधिरहेका छैनन, फुजीमोरी सत्ता ढल्दैमा उनीहरू चुप लाग्नेवाला पनि छैनन्। उनीहरूको लडाई न्यायको पक्षमा छ भन्ने तथ्यलाई संसारभरका प्रतिगामीहरूले राम्ररी बुझेका छन्। जंगलको पहिलो झिल्का निभाउन आफू अलि ढीलो भयौं भन्ने पनि उनीहरूलाई राम्ररी थाहा छ।

प्रतिगामीहरू प्रतिक्रान्तिकारी सेनाको हातबाट भएको मेरो गिरफ्तारीलाई आफ्नो अन्तिम विजयको रूपमा प्रस्तुत गरेर हर्ष मनाइरहेका होलान्। वर्ग संघर्षको इतिहासमा कहिले पनि व्यक्ति महत्वपूर्ण नभएको र आन्दोलन नै प्रमुख भएको तथ्यलाई प्रतिगामीहरूले फेरि एक पटक बिर्सेका छन्। प्रतिक्रान्तिकारी सेनाले मेरो गिरफ्तारीमा खुसी हुनु उनीहरूको चरित्र अनुरूप स्वभाविक छ। तर यो कुनै निर्णायक कुरो होइन। गृहयुद्धको निरन्तर सञ्चालन भइरहने मार्गमा एउटा सामान्य मोड मात्र हो। क्रान्तिको बाटो सोझो, सरल र मैदानी भूभागबाट मात्र हिड्दैन। क्रान्तिको लक्ष मात्र सफा र स्पष्ट हुन्छ, बाटो त आवश्यकता बमोजिम परिवर्तित गरिन्छ र परिस्थितिको वाध्यताले गर्दा यदाकदा खण्डित पनि हुन सक्छ।

अन्यायीहरू कहिल्यै न्यायको पक्षमा हुँदैनन्। न्यायको निम्ति मरिमेट्नेहरू अन्यायीहरूलाई कहिले पनि सहँदैनन्। यो द्वन्द इतिहासको द्वन्द हो, वर्तमानको द्वन्द पनि यही नै हो र भविष्यको गौरवशाली साम्यवादमा नपुगुञ्जेलसम्मको लागि पनि यही द्वन्द सबभन्दा प्रधानद्वन्द रहिरहन्छ।

म पेरूका जनताप्रति जिम्मेवार छु। इतिहासले पेरूमा जनसत्ता स्थापना गर्ने गुरूत्तर दायित्व सुम्पेको हाम्रो महान पेरू कम्युनिष्ट पार्टी र त्यसले प्रतिनिधित्व गर्ने पेरूको सर्वहारा वर्गप्रति मात्र म जिम्मेवार छु। इतिहासको प्रवाहमा व्यक्तिहरू आउँछन र जान्छन, हत्याराहरू कहिलेकाँही रजाई गर्न पनि पुग्छन तर इतिहासले प्रत्येक व्यक्ति, घटना र आन्दोलनप्रति निर्मम भएर मूल्यांकन गर्ने गर्दछ। इतिहास जनताले तयार पार्दछन् र जनताले कसैप्रति पनि कुनै किसिमको मूलाहिजा राख्दैन।

पेरूका जनताको सशस्त्र जनक्रान्तिको सन्दर्भमा पेरू कम्युनिष्ट पार्टी र मेरा कार्यहरूको मूल्यांकन इतिहासले गर्नेछ। जनक्रान्तिको दिशालाई इतिहासले सच्याउने छ। मुट्ठीभर प्रतिक्रान्तिकारीहरूको अदालत तथा प्रचार यन्त्रले इतिहास बदलिँदैन।

विश्व जनक्रान्तिको एक अभिन्न अंग पेरूको सशस्त्र जन संघर्षको यौटा सिपाही बन्न पाएकोमा मलाई गौरव लागेको छ।

(इन्टरनेशनल, इन्टरनेशनल।) □

(लिमाका विभिन्न स्रोतहरूबाट प्राप्त/ साभार : पृष्ठभूमि साप्ताहिक)

अनुवाद : मुरारी अर्याल

वडा दशैंको उपलक्ष्यमा सबैलाई हाम्रो अभिनन्दन

२०४९
विजया दशमीका शुभकामा!

साल्ट ट्रेडिङ्ग करपोरेसन लि.
परिवार

विजया दशमी २०४९ को शुभ-उपलक्ष्यमा हाम्रा समस्त ग्राहक महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

दुग्ध विकास संस्थान
केन्द्रिय कार्यालय, लैनचनैर
फोन नं. ४-१४८४१, ४-११७१०

पढ्नु होस्
साप्ताहिक जनादेश
साप्ताहिक पृष्ठभूमि

शुभकामना
विजया दशमी २०४९ को महान उपलक्ष्यमा मानव मात्रको सुस्वास्थ्य, चिरजीवन एवं सार्वत्रिक माङ्गल्यका लागि श्री भवानी दुर्गासँग हार्दिक प्रार्थना गर्दै शुभकामना व्यक्त गर्दछौं।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
परिवार

## संविधान दिवसको सन्दर्भमा

# हालको संविधानले जनतालाई पूर्ण रुपले सार्वभौम पार्न सकेको छैन

*- श्याम श्रेष्ठ*

**यो संविधान आफैंले समाज व्यवस्थामा प्रगतिको निम्ति गैर-संवैधानिक बाटो समात्ने सन्देश दिएको छ**

### यो संविधानको सीमा

वर्तमान संविधान २०४६ सालको जन-आन्दोलनको निचोड हो। त्यस जन-आन्दोलनका उपलब्धी र सीमा दुवै यस संविधानमा अभिव्यक्त भएका छन्। त्यस आन्दोलनको तागत र कमजोरी दुवै यसका छर्लँगिएका छन्।

२०४६ सालको जन-आन्दोलनले पंचायती व्यवस्थालाई खत्तम पार्‍यो, तर यसले राजतन्त्रलाई खत्तम पार्न सकेन। यसले राजाको निरंकुशतन्त्रलाई सीमित पार्‍यो, तर यसले राज्ययन्त्रमा राजतन्त्रको स्थानलाई पूर्णत ध्वंश गर्न सकेन। यसले जनताको शक्तिको सर्वोच्चता प्रमाणित गर्‍यो, तर जनतालाई पूर्णरूपेण सार्वभौम वा सर्वाधिकार-संपन्न पार्न सकेन। यसले राजाको निरँ-कुशतन्त्र भएको पुरानो शासन-प्रणाली त नष्ट गर्‍यो, तर समाजलाई संसदको बहुमतको निरंकुशतन्त्र भन्दा अघि लान सकेन। अहिलेको संविधानमा यिनै उपलब्धी र सीमाहरू संगेटिएका छन्। संविधान लागू भई करीब दुई वर्ष वितिसक्दा यसको प्रयोग कसरी गरियो भन्ने कुरा पनि केलाएर हेर्नु जरूरी हुन्छ तर पनि अहिले हामी यस संविधानलाई एकपल्ट फर्केर हेर्ने कोशीस गर्दैछौं।

यो संविधानको सवैभन्दा ठूलो अन्तरविरोध र सीमा के हो भने- यसमा नेपालको इतिहासमा पहिलो पटक नेपाली जनतामा सार्वभौमसत्ता निहित भएको घोषणा गरिएको छ। तर "सार्वभौमसत्ता संपन्न" भनिएको जनताले संवैधानिक राजतन्त्र, बहुदलीयता र संसदीय प्रणालीलाई भने समाज विकासको आवश्यकता मुताविक परिवर्तन गर्न चाहे पनि परिवर्तन गर्न नसक्ने बनाइएको छ। अर्थात् यिनलाई अपरिवर्तनीय बनाइएको छ। जनता "सार्वभौम", तर उनीहरूले बहुदलीय संसदीय प्रणाली र संवैधानिक राजतन्त्रलाई चाहिं चाहे पनि फेर्न नसक्ने! आखिर उनीहरू कसरी सार्वभौम भए त? संसारमा सबै राजनीतिक व्यवस्थालाई जनताले आफ्नो विकासको आवश्यकता मुताविक ध्वंश गर्न सक्छन् भने बहुदलीय संसदीय प्रणाली र संवैधानिक राजतन्त्रलाई मात्र ध्वंश गर्न नसक्ने किन? संविधानको यो प्रावधान मुताविक सार्वभौम अथवा सर्वशक्तिमान जनता भएनन्, संसदीय प्रणाली र संवैधानिक राजतन्त्र पो सार्वभौम वा सर्वशक्तिमान भए, जसलाई कसैले चाहेर पनि बदल्न सक्दैनन्। अर्थात् जनता र जन इच्छा भन्दा पनि राजनीतिक प्रणाली ठूलो भो। यो राजाले पंचायतलाई अपरिवर्तनीय र विकल्परहित व्यवस्था भनेको भन्दा कसरी फरक भो?

संविधानको यो प्रावधानले जनतालाई के सन्देश दिएको छ भने- समाज विकासको आवश्यकता मुताविक बहुदलीय संसादीय प्रणाली र संवैधानिक राजतन्त्र भन्दा अघि जानु पर्‍यो भने संवैधानिक बाटोबाट संभव छैन। जनताले यो संविधानलाई नै सर्वप्रथम ध्वंश गर्नु पर्दछ, अनि मात्र समाज यो भन्दा अघि बढ्न सक्छ। यसरी यो संविधानले संवैधानिक बाटोबाटै वर्तमान समाज व्यवस्थामा प्रगतिशील परिवर्तन गर्ने संभावनाको ढोका नै बन्द गरेको छ। यो संविधान आफैंले समाज व्यवस्थामा प्रगतिको निम्ति गैर-संवैधानिक बाटो समात्ने सन्देश दिएको छ।

जनता नै इतिहासका निर्माता हुन्। कुनै पनि राजनीतिक प्रणालीका आमा जनता नै हुन्। जनताको निम्ति राजनीतिक प्रणाली हो, राजनीतिक प्रणालीको निमित जनता होइन। राजनीतिक प्रणाली, त्यसैले, जनहितको साधन हो। त्यो जनहित भन्दा माथि, जन इच्छा माथिको कुनै वस्तु होइन। जनहित भन्दा अलग्ग, जन इच्छा भन्दा माथि कुनै राजनीतिक प्रणालीलाई अपरिवर्तनीय घोषित गर्नु भनेको आफैंमा जन इच्छामाथि तानाशाही लाद्नु हो, जन इच्छालाई सर्वशक्तिमान मान्नु होइन। अहिलेको बहुदलीय संसदीय प्रणाली आफैं जन-इच्छाले आएको हो, जनशक्तिको बूतामा आएको हो। अनि जुन तागतको बलमा यो आयो, त्यो तागत भन्दा ठूलो यो कसरी हुन सक्छ? तर यो संविधानले भने बहुदलीय शासन प्रणाली र संवैधानिक राजतन्त्रलाई जनतामाथि लादेको छ, जनता भन्दामाथि र शक्तिशाली बनाउने प्रयत्न गरेको छ। पंचायत व्यवस्थालाई अपरि-वर्तनीय प्रणाली बनाउन खोज्नु तानाशाही हुन्छ भने संसदीय प्रणालीलाई अपरिवर्तनीय बनाउन खोज्नु चाहिं तानाशाही हुन्छ कि हुँदैन?

यो संविधानमा जे छ त्यो त्यतिखेरको समाजको चेतना र शक्ति सन्तुलनको उपज हो र जे छैन त्यो पनि। समाजका अग्रगामी शक्ति र प्रतिगामी शक्तिको बीचको लडाईमा जे जति उन्नत कुराहरू प्राप्त भए, त्यो यो संविधानको उपलब्धी हो। जे प्राप्त हुन सकेनन्, त्यो यो संविधानको सीमा हो। तथापि, जम्मामा, यो संविधान समाज विकासको हितको हिसावले र विगत संविधानको तुलनामा प्रगतिशील छ, यद्यपि यसका सीमाहरू र गंभीर दोषहरू विद्यमान छन्।

**"सार्वभौमसत्ता संपन्न" भनिएको जनताले संवैधानिक राजतन्त्र, बहुदलीयता र संसदीय प्रणालीलाई भने समाज विकासको आवश्यकता मुताविक परिवर्तन गर्न चाहे पनि परिवर्तन गर्न नसक्ने बनाइएको छ।**



### के प्रगतिशीलता छ - यो संविधानमा?

पंचायती संविधानमा व्यक्तिको सर्वोच्चता थियो, राजाको सर्वोच्चता थियो। राज्यसत्ताको संपूर्ण अधिकार राजामा केन्द्रित थियो। यस संविधानमा निर्वाचित संसदको र त्यसमा बहुमत प्राप्त दलको सर्वोच्चता स्थापना गरिएको छ। मंत्री परिषद चुन्ने र उसका विरूद्ध अविश्वास प्रस्ताव राख्ने, कानून बनाउने र संविधान संशोधन गर्ने, विदेशसित गरिएका सन्धि स्वीकृत गर्ने र संवैधानिक अंगका सदस्य र प्रमुखहरूलाई पदच्यूत गर्ने - यी संपूर्ण अधिकार अब संसदको बहुमतलाई वा दुई तिहाई बहुमतलाई मात्र छ। हिजो यी सबै राजाका एकछत्र अधिकार थिए। अब प्रधान सेनापतिको नियुक्ति पनि प्रधानमंत्रीको सिफारिशमा हुने भएको छ र सेना, प्रहरी र राज्ययन्त्रका संपूर्ण अंगको संचालन अब मन्त्री परिषदले वा त्यसैको प्रभुत्व र नियन्त्रण भएको विशेष अंगले गर्ने व्यवस्था गरिएको छ। अब संकटकालीन स्थितिको घोषणा मंत्री-परिषदको सिफारिशमा मात्र हुन सक्दछ, र संसदले त्यसलाई तीन महीनाभित्र अनुमोदन नगरेमा त्यो स्वतः निष्क्रिय हुने व्यवस्था छ। संकटकालीन स्थितिमा संसद भंग गर्न नपाउने प्रावधान नयाँ संविधानमा छ, जुन पहिले कहिल्यै थिएन। अब अदालतका न्यायाधीशहरूलाई र महालेखा परीक्षक, निर्वाचन आयुक्त लगायत अन्य संवैधानिक अंगका सदस्य र प्रमुखलाई संवैधानिक परिषद वा न्याय परिषदको सिफारिशमा मात्र राजाले नियुक्ति दिन सक्ने व्यवस्था छ। तर तिनीहरूलाई राजाले वा मंत्री परिषदले पदबाट हटाउन चाहिं सक्दैन। संसदको दुई तिहाई बहुमतले मात्र तिनीहरूलाई पदमारबाट मुक्तगर्न सक्दछ। यसबाट तिनीहरूको उत्तरदायित्व पनि संसदप्रति हुन गएको छ र अरू शक्तिसित उनीहरू भयभीत हुनु नपर्ने भएको छ।

यो संविधानमा मजदूर वर्ग र सबै चुसिएका वर्गहरूको निम्ति सबैभन्दा ठूलो उपलब्धी के हो भने-

यसमा उनीहरू दलको रूपमा संगठित शक्तिका रूपमा काम गर्न पाउने नयाँ व्यवस्था छ। उनीहरूलाई राज्यको मामलामा बेरोकटोक बोल्ने, छलफल गर्ने, लेख्ने र प्रचार प्रसार गर्ने स्वतन्त्रता छ। अन्यायको विरूद्ध सडकमा उत्रने र सभा गर्ने अधिकार छ। यी स्वतन्त्रता र अधिकार पंचायती संविधानमा थिएनन्। जन चेतना जागृत गर्न, आफ्नो शक्ति संगठित पार्न र वर्ग-संघर्षलाई तेज, व्यापक र शक्तिशाली पार्न यी स्वतन्त्रता र अधिकारहरू निकै उपयोगी हुन सक्छन्। यिनलाई प्रयोग गरेर उनीहरू समाजको प्रगतिशील परिवर्तनको कामलाई तीव्र, व्यापक र सहज पार्न सक्छन्। यस अर्थमा यो संविधान मजदूर वर्ग र सबै चुसिएका वर्गहरूको हितको हिसावले पंचायती संविधानभन्दा प्रगतिशील छ। स्वयम् मजदूर वर्ग र चुसिएका तमाम वर्गहरूले यी स्वतन्त्रता र अधिकार हरूलाई त्यस दिशामा कति दक्षतापूर्वक प्रयोग गर्न सक्छन्, त्यो उनीहरूको क्षमता र योग्यतामा नै निर्भर गर्छ।

यस संविधानमा, नेपालको इतिहासमा पहिलो पटक, महिला र पुरूषको लागि "समान कामको लागि समान ज्याला" दिनु पर्ने सिद्धान्त स्वीकारिएको छ(धारा ११ (५))। नेपालका संपूर्ण महिला श्रमिकहरूको लागि यो उल्लेखनीय उपलव्धी हो। सरकारी औद्योगिक क्षेत्र र केही कारखाना बाहेक अन्यत्र महिला मजदूरहरूले समान कामको निम्ति समान ज्याला पाइरहेका थिएनन्।

नेपालको इतिहासमै पहिलो पटक, यस संविधानमा कुनै पनि कुरा छापे वापत प्रेस बन्द वा जफत गर्न नपाइने व्यवस्था गरिएको छ, कुनै पनि पत्रिकाको दर्ता खारेज गर्न नपाइने प्रावधान राखिएको छ (धारा १३)। यी दुवै ग्यारेण्टीहरू मजदूर वर्ग र संपूर्ण शोषित/उत्पीडित वर्ग तथा जन समुदायको लागि निकै उपयोगी हुन सक्छन्। यसलाई प्रयोग गरेर उनीहरू निर्भयतापूर्वक र बेरोकटोक जनतामा जागरण ल्याउने समाचारपत्र र सामग्रीहरू प्रचार प्रसार गर्न सक्छन्।

यस संविधानले राजनैतिक दलमाथि र दलको प्रचार प्रसारको कुनै पनि क्रियाकलापमाथि कुनै पनि प्रतिवन्ध लगाउन नपाउने ग्यारेण्टी गरेको छ (धारा ११२)। यो व्यवस्था पनि जन जागरण र जनमत सिर्जना गर्ने उद्देश्य राखेका मजदूर वर्ग र अन्य उत्पीडित वर्गको निम्ति निकै महत्वपूर्ण उपलव्धी हो।

यो संविधानले इतिहासमा पहिलो पटक व्यवस्था गरेको अर्को प्रगतिशील अधिकार हो - प्रत्येक जनजातिलाई आफ्नो मातृभाषामा प्राथमिक शिक्षा प्राप्त गर्ने अधिकार र उनीहरूको भाषालाई "राष्ट्रिय भाषा" का रूपमा मान्यता (धारा ६ (२) र धारा १८)। नेपालका संपूर्ण उत्पीडित जनजाति र भाषाहरूको विकासको लागि यो अधिकारले निकै महत्व राख्दछ, यद्यपि अझै पनि ती भाषाहरूले समानताको व्यवहार चाहिं पाएका छैनन्।

यी स्वतन्त्रता र अधिकारहरू पूँजीवादी स्वतन्त्रता र अधिकारहरू हुन्। (विश्वमा पहिलो पटक पूँजीपति वर्गले नै सामन्ती राज्यसितको लडाईंमा यस्ता अधिकार हरू प्राप्त र सुनिश्चित गरेकाले र पूँजीपति वर्ग कै हितको दृष्टिकोणबाट सुनिश्चित गरेकाले यिनीहरूलाई पूँजीवादी स्वतन्त्रता र अधिकार भनिने गरिएको हो।) हिजो राजामा जुन राज्याधिकार थुप्रिएको थियो, त्यो मूलतः सामन्ती राज्यको ढाँचा थियो, यद्यपि राजाले केही पूँजीवादी सुधार र ढोंगी तथा अधिकारविहीन संसदको व्यवस्था गरेर आफ्नो सामन्ती निरंकुशतालाई छोपछाप पार्ने जमर्को हिजो गरेको थियो। आज निर्वाचित संसदको बहुमतमा जुन राज्याधिकार थुप्रिएको छ, त्यो पूँजीवादी राज्यको ढाँचा हो। यसरी राज्यको उपरी ढाँचाको वर्ग चरित्रको हिसावले अहिलेको राज्य व्यवस्था एउटा फड्को हो। समाज विकासको नियमका हिसावले सामन्ती राज्यको ठाउँ पूँजीवादी राज्यले लिनु - एक पाइला प्रगति हो। तर यसको सीमा र दोष के हो भने- निरंकुशतन्त्र भने फेरि पनि खतम भएको छैन। हिजो राजाको सामन्ती निरंकुशतन्त्र हावी थियो। अब हर पल निर्वाचित संसदको बहुमतको पूँजीवादी निरंकुशतन्त्र अनुभूती गर्न सकिन्छ, सकिनेछ।

## दोष र कमजोरीहरू

यो जम्मामा पूँजीवादी संविधान हो। तथापि यसमा पहिलेको सामन्ती राज्यका थुप्रै गर्भदागहरू बाँकी छन्। राजामा फेरि पनि राज्य संचालनका केही अधिकारहरू बाँकी छन्। सेनाको परम सेनाधिपति राजा नै हुने व्यवस्था छ। कार्यकारिणी अधिकार राजामा पनि निहित छ। संसद भन्नाले अझै पनि राजा सहितको प्रतिनिधि सभा र राष्ट्रिय सभा बुझिन्छ। संसदको कुनै पनि विधेयक वा संशोधन प्रस्तावमा राजालाई एकपटक भिटो (विशेषाधिकार) प्रयोग गरेर त्यो अस्वीकृत गर्ने अधिकार दिइएको छ। संविधानमा राजालाई कानून र अदालतभन्दा माथि राखिएको छ र कुनै पनि अदालत र सार्वभौमसत्ता संपन्न संसदमा समेत राजा, रानी र युवराजको आचरण वारे छलफल गर्न नपाइने व्यवस्था गरिएको छ। यसमा राजालाई करमुक्त पारिएको छ र राजाको संपतिलाई अनतिक्रम्य गरिएको छ। यी सबै अभै राजामा विशेषाधिकार बाँकी रहेको प्रमाण हुन्।

संविधानमा दुई अर्थ लाग्न सक्ने प्रावधानहरू छन् जसको प्रयोग गरेर राजाले आफूखुशी राजदूत नियुक्ति गर्न सक्छन् र देशमा संकटकालीन स्थितिको घोषणा गर्न सक्छन्। उता राजाले के गरे भन्ने कुराको लागि अदालतमा मुद्दा नलाग्ने व्यवस्था गरिएको छ। यी दुई संविधानका प्रावधानहरू - एकै ठाउँमा जोडिए पछि राजा फेरि पनि, केही पक्षमा, निरंकुश हुन सक्ने स्थिति हुन्छ। अहिले भर्खरै राजाले आफूखुशी राजदूत नियुक्त गरेको सवालमा सर्वोच्च अदालतमा जुन मुद्दा परेको थियो, त्यो मुद्दालाई यी दुई प्रावधानको आधारमा खारेज गरियो। यसको तात्पर्य त के भयो भने- यो नजीर अनुसार अब राजाले राजदूत नियुक्त गरे जस्तै आफूखुशी अरू कार्य गरे भने पनि, संकटकालीन स्थितिको घोषणा गरे भने पनि, त्यसमाथि सर्वोच्च अदालत लगायत कुनै निकायले नियन्त्रण कायम गर्न सक्ने छैन।यो खतराजनक स्थितिको प्रष्ट संकेत हो।


नेपाल अधिराज्यको संविधान
२०४७

> यो संविधान स्वयमूलाई निषेध गरेर मात्र यो भन्दा प्रगतिशील समाज व्यवस्थातिर समाजले फड्को मार्न सक्दछ।

संविधानमा अर्थ विधेयक, सेना संवन्धी विधेयक र सशस्त्र प्रहरी संवन्धी विधेयकमा संशोधन पेश गर्न राजाको पूर्व स्वीकृति चाहिने व्यवस्था गरिएको छ। यो पनि संसदको सार्वभौमसत्तामाथि राजाको नियन्त्रणको संकेत हो।

संविधानमा नेपाललाई हिन्दू अधिराज्य घोषित गरिएको छ र नेपाली भाषालाई राष्ट्रभाषा घोषित गरिएको छ। यो पनि सामन्ती राज्यका अवशेषहरू हुन्। अनेकौं धर्महरू र जनजातिका भाषाहरू अस्तित्वमा रहेको मुलुकमा राजाले मान्ने कुनै धर्म विशेष र बोल्ने भाषा विशेषलाई विशेष अधिकारले युक्त पार्नु, सबै धर्म र भाषालाई समान घोषित नगर्नु - पछौटे सामन्ती मान्यताको अभिव्यक्ति हो। त्यस्तै, राजाको सलामीलाई नै देशको राष्ट्रिय-गान बनाउनु पनि राजाको सामन्ती एकाधिकारकै अवशेष हो। यी र यस्ता अवशेषहरू नयाँ संविधानमा बग्रेल्ती बाँकी छन्।

संविधान सुझाव आयोगले निर्माण गरेको संविधानमा यो मुलुकलाई हिन्दू राज्य बनाइएको थिएन। त्यसमा राजतन्त्रलाई मात्र "हिन्दू" हुनु पर्ने बनाइएको थियो। त्यसमा राजपरिवारको सीमा पनि तोकिएको थियो। त्यसमा राजाले संकटकालीन अधिकारको प्रयोग मंत्री परिषदको सिफारिशमा मात्र गर्न सक्ने प्रावधान थियो। यस हिसावले संविधान सुझाव आयोगको संविधानको मस्यौदा यो संविधान भन्दा अग्रगामी थियो। तात्कालीन अन्तरिम सरकार आफैले ती अग्रगामी प्रावधानहरू झिकेर त्यो भन्दा प्रतिगामी प्रावधानहरू यस संविधानमा राखेको थियो।

यस संविधानले पुरानो नोकरशाही-यन्त्रलाई र स्थानीय जन प्रशासनलाई यथावत स्वीकार गरेको छ। यो पनि यसको एउटा प्रमुख दोष र कमजोरी हो। यसको मतलव पुरानो गैर जनमुखी, गैर जनउत्तरदायी निरंकुश राज्य नोकरशाही यन्त्र फेरिने छैन। जनताले तिनीहरूको प्रशासन ज्यूँ का त्यूँ भोग्नु पर्नेछ। कर्मचारीयन्त्र उही हुनेछ, प्रहरी, गुप्तचर यन्त्र उही हुने छन्, सेना उही हुनेछ। यही गैर जनमुखी र भ्रष्ट राज्ययन्त्र अन्तर्गत कुनै प्रगतिशील शक्ति चुनावद्वारा सत्तामा आयो भने पनि कसरी जनमुखी शासन व्यवस्था चल्न सक्दछ? कुनै पनि प्रगतिशील सामाजिक शक्तिको सामुन्ने यो एउटा आधारभूत प्रश्न हो।

कुनै पनि प्रगतिशील सामाजिक शक्तिका सामुन्ने यो संविधानले दुई वटा प्रमुख सीमा थोपरेको छ। एउटा, समाज विकासको आवश्यकता जे सुकै भए पनि बहुदलीय संसदीय प्रणाली र संवैधानिक राजतन्त्रको सीमा भन्दा समाजले अगाडि बढ्न पाईदैन। दोस्रो, राज्ययन्त्र पुरानै स्वीकार्नु पर्दछ। त्यसै अन्तर्गत नयाँ शासन व्यवस्थाको परिकल्पना गर्नु पर्दछ। के यी दुवै सीमालाई स्वीकार्ने हो भने समाज यो भन्दा अघि बढ्न संभव हुन्छ? अहिले भए भन्दा प्रगतिशील शासन व्यवस्था संवैधानिक बाटोबाट ल्याउनु संभव हुन्छ? कदापि हुँदैन। यो संविधानको सबैभन्दा ठूलो दोष र कमजोरी नै यही हो।

यस प्रकार यो संविधान आफैले संकेत दिइरहेछ - समाज यो संविधानले तोकेको सीमा भन्दा अघि बढ्ने हो भने - संविधानको संशोधनको बाटोबाट यो संभव छैन। यो संविधान स्वयमूलाई निषेध गरेर मात्र यो भन्दा प्रगतिशील समाज व्यवस्थातिर समाजले फड्को मार्न सक्दछ। ❑

# जापानी कामदारहरु: मानिस हुन् कि आर्थिक जनावरहरु?

## सबै जापानी कामदारहरूले आफ्नो अमूल्य जीवन आफ्ना उद्योगपति वा काम दिने मालिकहरूको असीमित नाफा कमाउने लोभी मानसिकताका लागि किन बलिदान दिँदै छन्?

आकिस कोइसो।

यो नाम सामान्य जापानी कामदारहरूको प्रतिनिधि नाम हो। आकिस कोइसो जापानको फुजी बैंकका कामदार हुन्। त्यहाँ उनले ३० वर्ष देखि काम गर्दै आइ-रहेका छन्। ३०-३० वर्षको लामो कामको दौरानमा पनि उनले प्रमोसन पाउन सकेनन्। किन? किनभने उनी एक कामदारका अतिरिक्त एक आलोचनात्मक यथार्थवादी लेखक पनि हुन्।

आलोचनात्मक यथार्थवादी लेखक हुनुले पनि जापानी कामदारको जीवनमा प्रमोसन पाउनु र नपाउनुमा फरक पार्दो रहेछ भन्ने तथ्य आकिस कोइसोको जीवनले प्रष्ट्याएको छ। हो, आकिस कोइसोले एउटा आलोचनात्मक यथार्थवादी किताब लेखेका छन्-Memoirs of a Fuji Bank Employee अर्थात् फुजी बैंकका एक कामदार का संस्मरणहरू।

जापानको फुजी बैंकका कामदार र कर्मचारीहरूको जीवनचर्याको तथ्यपरक व्याख्या-विश्लेषण गर्नका लागि आत्मपरक शैलीमा लिखित उक्त सस्माणात्मक पुस्तकमा कामदार-लेखक कोइसो लेख्छन्-"जब म युवा थिएँ, तब बैंकमा मैले यति काम गर्नु पर्थ्यो कि राम्ररी सुत्न सम्म पनि पाईदैनथ्यो, अतः सप्ताह अन्ततिरका विदाका दिनहरूमा मात्र सुत्न पाइन्थ्यो। कामको बोझले गर्दा आफ्नो परिवार का लागि समेत समय दिन सकिन्नथ्यो। मेरो यस्तो हालत फुजीका अन्य सबै कामदारहरूको भन्दा अलिकति पनि फरक थिएन।"

उक्त संस्मरणमा कामदार-लेखक कोइसोले कोबेस्थित बैंकमा सहायक मेनेजरको काम गर्ने आफ्ना महिला सहयोगीको दुःखान्त मृत्यु भएको घटना देखि लिएर यसै बैंकमा कामगर्ने एक जना मानिस कडा परिश्रमबाट उत्पन्न तनाव सहन नसकेर नदीमा कुदेर आत्महत्या गरेको तथ्य समेत मर्मस्पर्शी ढंगले व्याख्या गरेका छन्।

कामदार लेखक कोइसोले आफ्नो र आफ्ना सहयोगीहरूको बारेमा उल्लेखित जीवन र मृत्युका घटनाक्रमहरू जापानी कल-कारखाना र कम्पनीका आजभोलिको सामान्य कार्य स्थितिको चित्रण हो। जापानी श्रम कानून अनुसार कुनै पनि उद्योगपति वा काम दिने व्यक्तिले आफ्ना कामदारहरूलाई ८ घण्टाभन्दा वढी काम लाउन पाईदैन। तर यथार्थमा प्रत्येक कामदार घरबाट सबेरै निस्केर विहान आठै बजे देखि काम गरेको गर्यौ गरेर मध्य राति मात्र घर फर्कन्छन्। अतः उनीहरू कामदार लेखक कोइसो र उनका सहयोगीहरूले झैं सुत्नै नपाउने, कडा परिश्रमले थिचिने र परिवारलाई समय दिनै नसकिने तनावको भुमरीमा फँसिरहेका छन्। किनकि ती सबै जापानी कामदारहरूले आफ्नो अमूल्य जीवन आफ्ना उद्योगपति वा काम दिने मालिकहरूको असीमित नाफा कमाउने लोभी मानसिकताका लागि बलिदान दिँदै छन्।

पूँजीवादी संचार माध्यमहरूले जापानी मज-दूरहरूको कार्य स्थितिको राम्रो र सुन्दर पक्षबारे जति नै प्रचार-प्रसार गरे पनि यथार्थलाई अलिकति मात्रै नियालेर हेरेमा पनि के देखिन्छ भने कोइसोले उल्लेख गरे झैं जापानी कामदारहरूको कार्य स्थिति अत्यन्त नराम्रो खालको र अमानवीय देखिन्छ। केही आलोचनात्मक दृष्टिकोण लिने संचार माध्यमहरूले जापानको बजार अर्थतन्त्रयुक्त पूँजीवादी प्रणालीमा अर्थव्यवस्था कै आधार स्तंभको रूपमा रहेका जापानी कामदारहरू आफ्ना आधार-भूत मानवीय आवश्यकताहरू परिपूर्ति गर्नका लागि पनि आर्थिक जनावरहरूमा परिणत भैरहेको डरलाग्दो तथ्य उद्घाटित गरेका छन्।

यसरी जापानी कामदारहरू आर्थिक जनावरहरू (Economical animals) मा परिणत हुनुको मूल कारण दैनिक आठ घण्टा गरिने कामबाट प्राप्त हुने तलवबाट महंगीका कारणले खाने, लाउने जस्ता आधा-रभूत मानवीय आवश्यकताहरू पनि पूरा गर्न पर्याप्त नहुनुनै हो। अतः यस कटु सत्यलाई जापानी पूँजीवादी सरकार बाट पनि अप्रत्यक्ष रूपमा स्वीकारेर ओभरटाइम काम गर्नलाई कानूनी रूपमै छुट दिइएको छ।


> जापानी कामदारहरू आफ्ना आधारभूत मानवीय आवश्यकताहरू परिपूर्ति गर्नका लागि पनि आर्थिक जनावरहरूमा परिणत भैरहेको डरलाग्दो तथ्य उद्घाटित गरेका छन्।

जापानी कामदारहरूलाई दिइएका केही सुविधाहरूलाई संकुचित पार्ने एउटा प्रावधान हो-यदि कामको समयमा कुनै कामदारलाई प्राकृतिक आपत-विपत वा समस्याहरू आइपरेमा उसका सहयोगी काम-दारले जति समय वर्वाद भएको हो, त्यति नै बढी काम गरेर पूरा गर्नु पर्ने।

यी सबै कडा प्रावधानहरूलाई झेल्दै जापानी कामदारहरूले वर्षमा २१५९ घण्टा काम गर्नै पर्छ। यो समयावधि मनेको अमेरिकी कामदारहरू कै समयावधि भन्दा २०० घण्टा वढी हो र जर्मन कामदारहरू कै भन्दा पनि ५०० घण्टा वढी हो। (International Business Week, 2-3-1992) अझ धेरै जसो उद्योगहरूमा त कार्यकारीहरूले हप्ताका प्रत्येक दिनहरू र रातहरू कलकारखानामै समय दिनु पर्ने बाध्यता सृजना भई घर मै जान समेत नसकिने हुन्छ। (The Statesman 9-1-1991)

अझ अचेल आर्थिक संकट उत्पन्न भैरहेको समयावधिमा त जापानी कामदारहरूको कार्य स्थिति र कामको सुरक्षाको ग्यारेन्टी पनि झनै खस्केको छ। विस्तारै विस्तारै विदेशी कामदारहरूको वर्चस्व कायम हुन थालेका निर्माण र सेवामूलक उद्योगहरूबाट अधिक मात्रामा स्वदेशी कामदारहरूलाई निलम्वन गर्ने क्रम शुरू भएको छ। "पार्ट टाइम" काम गर्ने कामदारहरूलाई निकाल्ने र ओभर-टाइम र त्यसको पैसा कटौती गर्नु त अचेल त्यहाँ सामान्य दैनिक घटना भैसकेको छ। सन् १९७५ देखि हालसम्म "ओभर-टाइम" को समयावधि १७.८% अर्थात् सबैभन्दा खतरनाक ढंगले खस्केको छ। (Time 23-3-1992)

यस्तै आफू आर्थिक जनावर हुनु परेको यथार्थप्रति विरोध र विद्रोह गर्न पनि जापानी कानूनले बन्देज लगाएको तथ्य "टाइम्स" ले उद्घाटन गरेको छ। उक्त पत्रिकाका अनुसार जापानले आफ्नो देशमा लगानी गर्न आएको व्रिटिश कम्पनीलाई व्रिटिश कम्पनीहरूमा रहेका मज-दूरहरूको ट्रेड युनियन असन्तुष्टी र विरोधलाई दृष्टिगत गरी एउटा पूर्वशर्त थोपरी दियो। उक्त पूर्व शर्तलाई स्वीकारी सकेपछि ती नयाँ कम्पनीहरूमा काम गर्ने मज-दूरहरूले कुनै पनि हालतमा, कहिले पनि हडताल र विरोध गर्न नपाईने भयो। (Times, 2-4-1990)



जापानमा कामदारहरू घटाउने क्रम पनि आर्थिक संकट सँगै शुरू भएको छ। गत १९९० तिर मात्रै विश्वको सबै भन्दा बढी स्टील उत्पादन गर्ने कम्पनी मध्ये एक सुमीटोमा मेटलले आफ्नो कामदार-शक्ति मध्ये ९ हजार जनाका दरले घटाएको छ।

दोस्रो विश्व युद्धको अन्त हुनासाथ तहस-नहस भएको आफ्नो राष्ट्रिय आर्थिक अवस्था जिर्णोद्वार गर्नका लागि जापानी एकाधिकार गुपहरू (Monopoly Houses) ले युद्धमा भएको आफ्नो देशको अपमानको वदला लिन आफ्नै देशका साथै विदेशका कामदारहरूको चरमशोषण गरेर आर्थिक विकासका योजनाहरू कृयान्वयन

(बाँकी ५० पृष्ठमा)

# नयाँ वाणिज्य-नीति

## हिरो-होण्डामा कति प्रतिशत वाह्य उपकरण छ भनेर हामी सोध्छौं?

### आज आउने भोलि जाने मन्त्रीहरुका हावादारी कुराका आधारमा वाणिज्य-नीति बन्नु हुँदैन

*- गोविन्दप्रसाद लोहनी*

सन् १९६० ताक सम्म नेपालको ९० प्रतिशत व्यापार (आयात निर्यात दुबै) भारतसित नै हुन्थ्यो। भारतसितको व्यापारमा लाइसेन्स, परमीट, कोटा, मुद्राको उपलब्धता, सीमानामा नियन्त्रण आदि कुनै झन्झट न त्यस बेला थियो, न आज छ। अर्थात भारतसित हाम्रो पूर्ण उदार व्यापार-नीति पहिले पनि थियो र अझै छँदैछ। नेपालमा उत्पादन हुने केही औद्योगिक वस्तुहरू (जस्तै सलाइ, चुरोट आदि) भारतबाट पैठारी गर्न प्रतिबन्धित नै छ। अरू बाँकी उत्पादनहरू खुलै छ। नेपालमा वनस्पति घ्यूका कैयन् कारखाना छन्। साबुन, विस्कुँट आदिका पनि कैयन् कारखाना छन्। तर भारतमा बनेका त्यस्तै माल नेपालमा आउनमा कुनै प्रतिबन्ध छैन।

तर के यो पूर्ण उदार नीति कायम राख्न सकिएला? सकिन्न र नसकिने कारणहरू छन्।

पहिलो, भारतसित सरकारी आँकडा अनुसार नै लगभग ७ अरब रूपैयाँको व्यापार घाटा छ र प्रतिवर्ष त्यो बढ्दैछ। भारतमा हामीले निकासी गर्ने ग्रामीण क्षेत्रका पैदावार, बन क्षेत्रका पैदावार, (जस्तै अन्न, तेलहन, छाला, काठ, जडीबूटी) सबै बस्तुको भारतमा निकासी गर्न सकिने परिमाण घट्दै गएको छ। भारतमा नेपालको कूल निकासी डेढ अरब रूपैयाँमा झरिसकेको छ। अफूले उदार वाणिज्य नीति लिएँ भनी घोषणा गर्ने भारतले नेपालको औद्योगिक पदार्थको निकासीलाई (जसको कूल परिमाण १४ करोड रूपैयाँ बराबर हुन्थ्यो) ६५ प्रतिशत नेपाली वस्तुले बनेको हुनु पर्ने, ३५% प्रतिशत मात्र वाह्य उपकरण हुनु पर्ने भनेर व्यापार सन्धिमा जुन शर्त राखेको छ, त्यो आश्चर्यजनक छ र त्यो छँदैछ। यस्तो बन्देज नराखेको भए पनि नेपालले हद से हद एकाध अरबको भन्दा बढ्ता औद्योगिक बस्तु निर्यात गर्न सक्ने अवस्था छैन। यही प्रकृया बढ्दै जाने हो भने नेपालको व्यापारको असन्तुलन कस्तो हुनेछ, सजिलै लख काट्न सकिन्छ।

तर नेपालको वाणिज्य नीतिको उदारता भने गजब छ। भारतबाट नेपालमा आयात हुने कुनै औद्योगिक वस्तुमा पनि कति प्रतिशत बाह्य उपकरण छ भनेर सोध्ने कुनै प्रावधान यसमा छैन। हामी भारतमा जडान मात्र भएका इन्डो सुजुकी, हिरो होण्डामा कति प्रतिशत वाह्य उपकरण छ भनेर प्रश्न नै गर्दैनौ। हामी यति उदार छौं।



*- गोविन्द प्रसाद लोहनी*

दोस्रो, पंचायत कालमा व्यापार विविधिकरणको नाममा विदेशी सहायताबाट, आफ्नै पर्यटन र जूट निकासीको आम्दानीबाट कमाएका र अन्य अज्ञात स्रोतबाट प्राप्त हुने विदेशी मुद्राले गर्दा समुद्रपारबाट पैठारी व्यापार बढ्दै गयो। र भारतसितको व्यापारको अनुपात घट्दै गयो। अहिले उदार वाणिज्य नीति भनी लागू गरिएका सबै कुराहरू भारत वाहेकका अरू देशका लागि हो। यो उदार नीति को कारण पछाडि रहेका कारणहरू मोटामोटी रूपमा तीनवटा छन्।

(क) भारतले हाल गरेको सुधारको अन्धानुकरण र विश्व बैंक आदिको दवाव।

(ख) GATT संझौता अन्तर्गतका केही विकसित मुलुकहरूले नेपाल जस्तो गरीब मुलकहरूलाई तयारी पोशाक, गलैंचा, छालाका सामान, क्युरिओ आदि सामानमा दिएको विशेष सहुलियतले गर्दा यस्ता पदार्थको निकासी विगत केही वर्षमा अरवौं अरब हुन थालेर नेपालले संचय गरेको परिवर्त्य विदेशी मुद्राको घमण्ड। तर ती राष्ट्रले यस्ता अनुकम्पापूर्ण सहुलियत बन्द गरेमा हाम्रो विदेशी मुद्राको स्रोत स्वात्तै सुकी फेरि पहिलेको जस्तो लाइसेन्सीङ्ग र नियन्त्रण गर्न हामी वाध्य हुनेछौं भनेर नीति निर्माताहरूले भुले।

(ग) तेस्रो मुकलबाट नेपालमा हुने पैठारी विभिन्न स्वदेशी-विदेशी व्यापारीहरूले हंगकंग र सिंगापुर आदि गाउँमा राखेका नांजायज कमाइलाई वस्तुको आयातको रूपमा नेपालमा भित्र्याई कालो धनलाई सेतो धन पार्ने र ती वस्तुको पनि चोरी निकासी गरी अत्याधिक नाफा कामाउने साविकमा चलीआएको उपाय।

नयाँ वाणिज्य नीतिको मूल सिद्धान्तका रूपमा आएको वाणिज्य उदारतावाद यस्तै खोक्रो आधारमा अडेको छ। अतः यो टिक्न सक्दैन।

उत्पादनको वचत नै निर्यातको आधार हुन्छ। प्रतिवर्ष बढी परिमाणमा बढी गुणस्तरको कुन कुन कृषि पदार्थ र औद्योगिक पदार्थ नेपालमा आन्तरिक खपत भन्दा बढ्ता उत्पादन गर्न सकिएको छ त? कृषि, बन, र खानिजपट्टि त यस्तो छैन। उद्योगहरू धेरैजसो आन्तरिक खपतका निम्ति वस्तु उत्पादन गर्ने खालका छन्। निकसीमूलक उद्योगहरू नेपालले जम्मामा खोल्नै सकेको छैन। भारतमा निकासी हुने पदार्थबारे त माथि नै भनियो। अन्तर्राष्ट्रिय बजारमा नेपालले मूल्य, गुणस्तर आदिमा प्रतिस्पर्धा गर्न सक्ने पदार्थ के छन त?

नेपालको वास्तविकता के हो भने कलकत्तादेखि काठमाण्डौ सम्मको ढुवानी भाडाले गर्दा नेपालका उत्पादित वस्तुहरू प्रतिस्पर्धात्मक हुन सक्दैनन्। केवल पर्यटन मात्र नेपालको विकल्पको रूपमा छ। विजुली र पानी पनि त दक्षिणका छिमेकी मुलुक बाहेक अन्यत्र हामी बेच्न सक्दैनौं।

यी सबै व्यवधानहरूको दृष्टिकोणबाट हेर्दा नेपालले व्यापारमा उदारतावाद र खुल्लाद्वार प्रणाली कतिसम्म व्यहोर्न सक्छ? चीन र भारतले उदार वाणिज्य नीति लागू गर्नका खँदिला आधारहरू थिए। उनीहरूको औद्योगिक पूर्वाधार र क्षमताले गर्दा क्रय शक्ति वढ्दै गएको विशाल बजारले गर्दा त्यो संभव भएको थियो।

तर नेपाल जस्तो पहाडी र भूपरिवेष्ठित मुलुकमा न औद्योगिक पूर्वाधारको केही विकास भईरहेछ, न आन्तरिक वजार विस्तार भइरहेको छ, न ज्याला सस्तो छ।

(बाँकी २८ पेजमा)

**नेपालको व्यापार घाटा**

| | | भारत | अन्य मुलुक |
|---|---|---|---|
| २०४७/४८ को प्रथम ९ महिनामाः | नेपालको कूल निर्यात | रू १३१.५६ करोड | ४१८.२५ करोड |
| | नेपालको कूल आयात | रू ५५८.५२ ,, | ११२९.३३ ,, |
| | व्यापार घाटा | रू ४२६.९६ ,, | ७११.०८ ,, |
| २०४८/४९ को प्रथम ९ महिनामाः | नेपालको कूल निर्यात | रू ११९.७६ ,, | ८६८.२४ ,, |
| | नेपालको कूल आयात | रू ८६६.६१ ,, | १४६९.९६,, |
| | व्यापार घाटा | रू ७४६.८५ ,, | ६०१.७२ ,, |
| बार्षिक व्यापार घाटा बृद्धि प्रतिशत | | ७४.९% | -१५.४% |

श्रोतः अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण २०४८/४९

**नेपालको अन्तर्राष्ट्रिय व्यापार**

| | भारतसित | अन्य मुलुकसित |
|---|---|---|
| २०१७ साल -मा | ९४ प्रतिशत | ६ प्रतिशत |
| २०३१/३२-मा | ८२.२ ,, | १७.८ ,, |
| २०४१/४२-मा | ५२.४ ,, | ४७.६ ,, |
| २०४५/४६-मा | २५.८ ,, | ७४.२ ,, |
| २०४६/४७-मा | २२.७ ,, | ७८.३ ,, |
| २०४७/४८-मा | २९.८ ,, | ७०.२ ,, |
| २०४८/४९-को प्रथम नौ महीनामा | २९.७ ,, | ७०.३ ,, |

श्रोतः नेपाल राष्ट्र बैंक

# मलको भाउ तीन दोब्बर भयो

## बिश्व बैंक र आइ. एम. एफ. को ऋण दिंदाको शर्तका कारणले भाउ बढाइएको हो

-डा. देवेन्द्रराज पाण्डे

*हालै गाउँका गरीब र किसानहरूको निम्ति सबैभन्दा "चिन्तित" भनेर आफ्नो बखान गर्ने गिरिजा सरकारले किसानहरूले प्रयोग गर्ने रासायनिक मलको भाउ तीन दोब्बर बढायो। यो भाउ बृद्धिले किसानहरूको त ढाडै भाँच्ने कार्य गरेको छ, साथसाथै अब खाद्य वस्तुको मोलमा मलको भाउ जोडिएपछि खाद्य वस्तु जति महंगो हुने छ, त्यसले सीमित आय भएका मानिसहरूको जीवन डावाडोल र अभावग्रस्त पारीदिने छ। यसको प्रतिक्रियामा अरू वस्तुको मोल पनि बढ्ने छ। यसरी झन् भयावह महंगीको स्थिति खडा हुनेछ।*



*जन जीवनमा यति धेरै असर पार्ने मलको भाउ बृद्धि गर्ने निर्णय सरकारले भारतमा मलको भाउ बृद्धि भयो, खुला सीमाना छ, भाउ बद्धि नगरेमा यताको मल उता छिरिहाल्छ भन्ने तर्कको आधारमा गरेको छ। के यो तर्क सही छ? हरेक कुरा खुला सीमानाका नाममा भारतले गर्ने वित्तिकै यहाँ गर्ने हो भने हामी कसरी स्वतन्त्र मुलुक रहन्छौं? र यो समस्याको समाधान के छ? हामीले यिनै प्रश्न अर्थविद तथा अन्तरिम मन्त्री परिषदका अर्थमन्त्री देवेन्द्रराज पाण्डेलाई गरेका थियौं। प्रस्तुत छ-यस महत्वपूर्ण सवालमा उहाँले दिनुभएको उत्तर। -संपादक*

भारतमा मलको भाउको संवन्धमा जे जस्तो निर्णय लिएको वा नलिएको भए पनि नेपालले जुन अर्थनीति अवलम्बन गरेको छ, त्यसको आधारमा सरकारले मलको भाउ बढाउँथ्यो। भारतमा पनि र नेपालमा पनि मलको भाउ बृद्धि गरिनाको कारण हो- विश्व बैंक र आइ. एम. एम. एफ. (अन्तराष्ट्रिय मुद्रा कोष) र तिनीहरूले ऋण दिंदाको शर्त। सरकारले सब्सीडी वा अनुदान दिनु नहुने नीतिको परिणति भयो - भाउ बृद्धि।

तर नेपालमा यस्तो प्रतिगामी नीति लागू गर्न सरकार लाई खुला सीमानाको कुराले सजिलो पारिदियो। भारतमा मलको भाउको बृद्धि गरिएपछि नेपालमा सो नगरी मूल्य कम राख्ने हो भने नेपाली कृषकको लागि आयातीत मल परिपट्टि भारतीय कृषकले उपभोग गर्ने भए।

तसर्थ मलको विषयमा मात्र होइन, अरू कतिपय व्यापार र समग्र आर्थिक नीति संवन्धी कुराहरूमा नेपाल र नेपालीले चिन्तन गर्नु पर्ने र निष्कर्षमा पुग्नु पर्ने दुई कुरा छन्:

१-विश्व बैंक र आई. एम. एफ.ले लगाई दिएको आर्थिक अनुशासन र सुधार भनिने लगामलाई फयाँकी आफ्नै राष्ट्रिय सहमतिंको आधारमा विकास र आर्थिक रणनीति तयार पार्ने सवाल।

२ भारतसँगको खुला सीमाना र आर्थिक सम्बन्धले तेर्स्याएका वाध्यताबाट कसरी उम्कने? र भारतसँगको मंत्री सम्बन्ध कायमै राखेर पनि नेपालले स्वतन्त्र आर्थिक नीति र विकास अवधारणा के कसरी अंगाल्ने?

यदि वास्तवमा पूँजीवादी आर्थिक संरचना र खुला व्यापार नै विश्वको भावी आर्थिक स्वरूप हो भने यी प्रश्न नै पनि निरर्थक होलान्। त्यस स्थितिमा त कुनै पनि राज्यको केही नीति नै हुँदैन र अन्तराष्ट्रिय निर्देशनहरू प्रतिपालन गरे पुग्छ। तर नेपालमा यस्तो आर्थिक पद्धतिको सार्थकता र उपादेयताको वारेमा निश्चिन्त हुन मिल्दैन। नेपालमा निजी क्षेत्रलाई प्रोत्साहन दिंदादिंदै पनि नियोजित आर्थिक विकासको आवश्यकता छँदैछ। तर यदि आर्थिक नीतिमा हाम्रो नियन्त्रण नहुने भए नियोजनको अर्थ नै के रहयो र?

विश्व वैंक र आइ. एम. एफ ले हामी माथि थोपर्ने नीति पछाडिको तर्क के छ भने हाम्रो खर्च आम्दानी भन्दा बढी भएर सधैं टिक्न सकिंदैन। त्यसैले राष्ट्को घाटा र सरकारको घाटा पनि कम गर्नु पर्‍यो। यति सम्म कुरामा हामीले सहमति व्यक्त गरी घाटा कम गर्ने वा आर्थिक विकासको गति द्रुततर गर्ने कुरामा आफ्नै अवधारणा अघि सारी विश्व बैंक वा आई. एम. एफ को भूमिकालाई अनावश्यक सावित गर्नपट्टि लाग्नु पर्छ। ❑

### नेपालको व्यापारको दिशा कता?
### जरुरी तथ्य/तथ्यांकहरु

| | |
|---|---|
| **नेपालको बार्षिक निर्यात बृद्धि प्रतिशत** | |
| २०२२ देखि २०३७ सम्ममा- औसत | (-)२.३ प्रतिशत |
| २०३७ देखि २०४५ ,, | ५.५ ,, |
| २०४६/४७ को तुलनामा ४७/४८ को प्रथम ९ महीनाम | ४५.४ ,, |
| ४७/४८ को तुलनामा ४८/४९ को प्रथम ९ महीनामा | ७९.७ ,, |
| **नेपालको बार्षिक आयात बृद्धि प्रतिशत** | |
| २०२२ देखि २०३७ सम्ममा औसत | ३.० प्रतिशत |
| २०३७ देखि २०४५ सम्ममा ,, | ७.० ,, |
| २०४६/४७ को तुलनामा ४७/४८ को प्रथम नौ महीनामा | २८.६ ,, |
| २०४७/४८ को तुलनामा ४८/४९ ,, ... ,, | ३८.४ ,, |

श्रोतः २०२२ देखि २०४५ सम्मको तथ्यांक- विश्व बैंक, २०४६ देखि २०४८/४९ सम्मको तथ्यांकः अर्थ मन्त्रालय

२६ पृष्ठको बाँकी

### नेपालको कूल निर्यातमा भारततर्फको निर्यातको स्थान

| | |
|---|---|
| २०४७/४८ मा कूल निर्यातमा | २२.४% |
| २०४८/४९ को ११ महीनामा | ११.५% |
| भारतमा निर्यात वृद्धि प्रतिशत | (-)९.९% |

श्रोतः नेपाल उद्योग वाणिज्य महासंघ

खालि खुला र उदार व्यापार नीतिले कसरी कायाकल्प हुने?

नेपालले शुरूका केही दशकमा औद्योगिक संरक्षण प्रदान गरी नेपालकै आवश्यकताका वस्तुहरू जस्तै सिमेण्ट, चिनी, चिया, कागत, औषधी, निर्माण र विकासका सामग्रीहरू, उपभोग्य समाग्रीहरू आदिका हजारौं हजार उद्योगहरू खोल्नु पर्दछ। यसका लागि उर्जाका स्रोतहरू छेलोखेलो पार्नु पर्दछ। नेपालले सडक, विजुली, संचार, कच्चा पदार्थहरू, निपुण श्रमिकहरू, कुशल व्यवस्थापन, तीव्र र व्यापक आर्थिक विकास, र निर्यासी योग्य पदार्थको व्यापक उत्पादन गर्न सकेमा मात्र उदार वाणिज्य नीति आप्नाउन सक्ने स्थिति हुनेछ। आज आउने भोलि जाने मन्त्रीहरूका हावादारी कुराका आधार मा देशको वाणिज्य नीति बन्नु हुँदैन, पछि परन्तुसम्म टिक्न सक्ने दिगो र सुदृढ जगमा नेपालको आफ्नै विशिष्ट स्थितिलाई ध्यानमा राखेर वाणिज्य नीति बन्नु पर्दछ। ❑


विजया दशमी २०४९ को उपलक्ष्यमा समस्त देशवासीहरूमा हार्दिक शुभकामना

-नेशनल ट्रेडिङ्ग लि.
केन्द्रिय कार्यालय

विजया दशमी २०४९ को शुभ उपलक्ष्यमा संपूर्ण नेपालीहरुमा सुख संवृद्धि तथा दीर्घायुको हार्दिक शुभ कामना व्यक्त गर्दछौं।

-जनकपुर चुरोट कारखाना लि.

# NEPAL GRINDLAYS BANK


INVITES YOU TO STEP IN AND EXPERIENCE A COMPLETELY DIFFERENT BANKING EXPERIENCE AT ITS NEWEST OFFICE IN

# LALITPUR

**ACROSS THE GLOBE - AROUND THE NATION AND NOW IN LALITPUR**

## Nepal Grindlays Bank :

bringing International standard banking services to your doorsteps.



LALITPUR

GPO BOX NO. 3990, JAWALAKHEL

TEL : 523266

TLX : 2531 GRNDLY NP

**NAYA BANESHWOR**
TEL : 229-333
TLX : 2531 GRNDLY NP
FAX : 977-1-226-762

**KANTIPATH**
TEL : 228-474
TLX : 2736 GMNEPL
FAX : 977-1-228-692

**THAMEL**
EXCHANGE BUREAU
TEL : 415228/236
TLX : 2268 GRCRD

**BIRATNAGAR (MORANG)**
P. O. BOX NO. 201
TEL : 27982, 27983
TLX : 3037 ANZBRT

**DUHABI (SUNSARI)**
P. O. BOX NO. 201
TEL : 40030
FAX : 40177

**POKHARA**
LAKESIDE
TEL : 20102
FAX : 61-20318

**ARGHAUN BAZAR**
POKHARA
TEL : 21676
TLX : 005 NGBPOKHNP

AN ASSOCIATE MEMBER OF THE ANZ BANKING GROUP

Adlink 223142

# त्यो पतन अनिवार्य रुपले पूँजीवादी प्रतिक्रान्तिमा परिणत भयो

*- नीना एन्द्रीभा*

## रूसको अल यूनियन कम्युनिष्ट पार्टी अफ बोल्सेभिक्स पार्टीद्वारा सोभियत संघको विघठन र समाजवादको पतनको मूल्यांकन

आफ्नै नेतृत्वद्वारा विश्वासघात गरिनुको कारणले सोभियत संघको कम्युनिष्ट पार्टीको पतन गरिएपछि र प्रतिबन्धित गरिएपछि त्यसको राजनीतिक स्थानमा कयौं विभिन्न राजनीतिक पार्टीहरू, आन्दोलनहरू, समूहहरू उत्पन्न भएका छन् र झन् झन् बढ्दै छन्, जसले कहिलेकाहीं प्रत्यक्ष रूपले परस्पर विरोधी सामाजिक स्वार्थहरूलाई अभिव्यक्त गर्दछन्।

निसन्देह, ७० वर्ष अगाडिदेखि लाखौं लाख कम्युनिष्टहरूले समाजवादलाई निस्वार्थ रूपले निर्माण गर्दै आइरहेका थिए, त्यसलाई सुदृढ गर्दै र त्यसको सुरक्षा गर्दै आइरहेका । तर त्यसपार्टीबाट उनीहरूलाई विस्तारै विस्तारै वंचित गरिंदै गयो, जसमा उनीहरू युद्ध, युद्ध पूर्व र युद्ध पछिका पञ्चवर्षीय योजनाहरूका वर्षहरूमा सामेल भएका थिए। शुरूमा त सोभियत संघको कम्युनिष्ट पार्टी (सी.पी. एस. यू.) को अवसरवादतिरको पतनलाई लेनिनवादको आवरणमा लुकाएर राखियो र पछि गोर्वाचोभद्वारा वैधानिक बनाइएपछि त्यो पतन अनिवार्य रूपले पूँजीवादी प्रतिक्रान्तिमा परिणत भयो।

हाम्रो रायमा सी.पी.एस.यू (सन् १९५६ मा) को बीसौं कंग्रेस राजनीतिक अस्तित्व समाप्तिको रसातलमा खस्ने क्रमको शुरूवात थियो र "व्यक्तिपूजाको समीक्षा" को सरकारी नामाकरण मार्फत चलाइएको स्टालिन-विरोधी अभियानले वैचारिक-प्रस्तावनाको भूमिका निभायो।

वस्तुगत रूपले यो अभियानले विश्व समाजवादका प्राधिकार (अथरिटी) लाई कमजोर गर्ने, विश्व कम्युनिष्ट आन्दोलनको अगाडि गंभीर कठिनाईहरू उत्पन्न गर्ने, चिनियाँ कम्युनिष्ट पार्टीसँग एवं अन्ततः सोभियत संघ र चिनियाँ जन गणतन्त्र सगै टक्कर तथा पूर्वी यूरोपका देशहरूमा समाजवादका विरोधीहरूलाई सकृय बनाउनेतर्फ लिएर गयो।

निश्चय नै यी सबैका पूर्वशर्तहरू सोभियत संघको पूर्ववर्ती इतिहासमा पहिलेदेखि नै विद्यमान थिए, तर त्यसलाई सम्झने-बुझ्ने संभावनालाई सर्वहारा अधिनायकत्वको राज्यद्वारा सीमित र प्रतिवन्धित गरिदिएको थियो। जेहोस्, जब तीव्रगतिले बढीरहको कालो अर्थव्यवस्थाको छानाको आवरणमा सोभियत राज्यलाई "सबै जनताको राज्य" तथा सी.पी.एस.यू.लाई "सबै जनताको पार्टी" मा परिणत गरिदियो, फेरि जुन पूर्वशर्तहरूलाई पहिले निस्प्रभावी बनाइएका थिए, तिनीहरूलाई पुनः सक्रिय कारकहरूमा रूपान्तरित गरिदियो, जसले गोर्वास्त्रोइका र जुन पछि घटित भए, ती सबैलाई नै सृष्टि गरि दियो।

जहाँसम्म पेरेस्त्रोइका (पुनर्गठन) ले पार्टी-राजनीतिलाई उद्यमीहरू र व्यापारीहरूको खुला नियन्त्रणमा राखिदियो, पार्टी नेतृत्वमा विद्यमान व्यक्तिहरू, जो सी.पी.एस.यू. मा सामान्यतः लेनिनवादी वाटोका अनुयायी मानिन्थे, तथा प्रजातन्त्रवादीहरूले जसलाई जडसुत्र वाद र कट्टरपन्थका दोषी भनेर आरोप लगाउँथे, उनीहरूले पनि अपेक्षित मानदण्ड अर्जित गर्न सकेका थिएनन्। जब मिखाइल गोर्वाचोभ, ए. याकोभ्लेभ र एड्बार्ड शेवर नाद्जेले स्वदेशी तथा विदेशी पूँजीका स्वार्थहरूसंग साँठगाँठ गरे, इगोर लिगाचेभ र आई पोलोजकोफ र अन्य "सच्चा लेनिनवादीहरू" ले "पार्टीमा शान्ति र एकता" को रक्षा गर्ने स्वार्थमा अवसरवादीहरूसँग विस्तारै-विस्तारै तालमेल मिलाए। यसैले सी.पी.एस.यू. नेतृत्वमा अवसरवादीहरूको पूरा आधिपत्य कायम भयो र पूँजीको राजनीति र "सच्चा लेनिनवादीहरू" को राजनीतिमा घनिष्ट सम्पर्क भइसकेपछि लाखौं सोभियत कम्युनिष्टहरू आफ्नो निजी मार्क्सवादी-लेनिनवादी जनरल स्टाफविहीन भए र देश राष्ट्रिय रसातलमा खस्न थाल्यो।

विद्यमान समयमा, साम्यवादमुखी पार्टीहरू र आन्दोलनहरू अन्तिम ध्वंश र गृह युद्ध पन्छाउने उद्देश्यले कारवाहीका विभिन्न कार्यक्रमहरूको सुझाव दिंदै छन्। यी कार्यक्रमहरूमा सरकारको रूपाकार निर्धारित गर्ने उद्देश्यले संविधान सभा र सोभियत संघका प्रतिनिधि सभा (The congress of deputies of the USSR) बोलाउने कुराहरू सम्मिलित छन्, ताकि संसदीय साधनहरूद्वारा पूँजीवादका संस्थापकहरूलाई र आत्मसमर्पणकारीहरूको वर्तमान वाटोलाई रोक्न सकियोस्। समयभन्दा अगाडि नै चुनावहरूको माध्यमबाट सोभियतहरूलाई श्रमजीवी जनताहरूको प्रतिनिधित्वकारी संस्थाहरूमा बदल्ने तथा उपक्रमहरू-उद्यमहरूमा वर्तमान "प्रजातान्त्रिक" सोभियतहरूलाई विकल्पको रूपको सोभियत बनाउने चर्चा पनि छ।

संभवतः यी लक्ष्यहरू मध्ये अधिकांशमा वास्तविक सार पनि छन् र तिनीहरूले एउटा निश्चित भूमिका पनि निर्वाह गर्न सक्छन्। तापनि, हाम्रो राय अनुसार, ती सबैमा एउटा दोष छ-सत्ताधारीहरूको जवावी कारवाहीमाथि कुनै ध्यान दिइएको छैन, जुन, अहिलेलाई समाजवादका रक्षकहरूको इरादालाई कमजोर गर्ने र त्यसलाई आफ्नो निजी स्वार्थमा मोड्ने काममा सक्षम छ। त्यसैले अल यूनियन कम्युनिष्ट पार्टी अफ वोल्सेभिक्स (भी.के.पी.वी.) को विचार छ कि वर्तमान स्थितिमा सिर्फ एउटा आम राजनीतिक हडतालले मात्र शान्तिपूर्ण साधनहरूद्वारा घटनाहरूको बाटोलाई बदल्न सक्छ। एक मात्र यही हडतालले मात्र, मजदूरहरूलाई विरोध गर्ने शक्तिहरूलाई विघटित गर्न, केन्द्र र वस्तीहरूमा टाट पल्टेको पूँजीवादका संस्थापकहरूलाई सत्ताबाट हटाउन, मजदूर वर्ग र उसका मित्र शक्तिहरूलाई सत्तामा पुनः स्थापित गर्न, उत्पादन र वितरणमा मजदूरहरूको सर्वव्यापी नियन्त्रण लागू गर्न र मजदूरहरूको आत्म-प्रतिरक्षा दस्ता तयार गर्न एवं माफिया बुर्जुवाहरूको लडाकु संरचनालाई निस्प्रभावी बनाउनमा सक्षम छ।

हाम्रो राय छ कि "सी.पी.एस.यू. का अवशेषहरू माथि कम्युनिष्ट वहुदलीयवाद" सम्पूर्ण रूपमा एउटा स्वाभाविक परिघटना हो। यस ऐतिहासिक पराजयका कारणहरूको विश्लेषण गर्ने र संकट समाधान गर्नका लागि गहन शोध-अनुसन्धानको प्रक्रिया शुरू भैरहेको छ। सत्यमा कसैको पनि एकाधिकार छैन। त्यसैले कुनै पनि पार्टीद्वारा एकताको लागि पार्टी-सदस्यहरूको जरूरतलाई प्रयोग गरेर यस प्रक्रियामाथि एकाधिकार स्थापित गर्दा प्रामाणिक एकताको संभावना नै जटील हुन सक्छ। भी.के.पी.वी.को यो मान्यता छ कि आजको कार्यसूचीमा पूँजीवादका पुनःसंस्थापकहरू विरूद्ध तथा उनीहरूसँग प्लेटफर्म र कार्यक्रमहरूमा सहमतिको बारेमा थोत्रा छलफलहरूको विरूद्ध आफ्नो संग्राममा तमाम कम्युनिष्टहरूको कारवाहीमा एकता नै सर्वोपरी छ।


(बाँकी ५० पेजमा)

### के समाजवादको मृत्यु भएको हो?



"के समाजवादको मृत्यु भएको हो?" भन्ने शीर्षकमा हामीले वर्ष १० अंक १ बाट नीरब शेरचनको लेखसगै शुरू गरेको विचार-अन्तर्क्रियाको क्रममा गत पटक उत्तर कोरियाली नेता किम जोङ्ग इलका विचारहरू प्रकाशित गरेका थियौं।

यसपल्ट हामीले रूसमा वर्तमानमा सक्रिय कम्युनिष्ट पार्टी "अल युनियन कम्युनिष्ट पार्टी अफ वोल्सेभिक्स" की नेतृ नीना एन्द्रीभाका विचारहरू यस अन्तरगत प्रस्तुत गरेका छौं। ग्रेट ब्रिटेन कम्यूनिष्ट पार्टीको अन्तरिम केन्द्रिय समितिको मुखपत्र "दि लेनिनिष्ट" २४-४-१९९२ मा प्रकाशित बोल्सेभिक पत्रको यो अनुवाद हो। यसबाट सोभियतसंघको जन्मथलो रूसमा समाजवादबारे हाल कस्ता विचारहरू देखा परेका छन् भन्ने कुरा जान्न पाठकहरूलाई मद्दत मिल्ने छ भन्ने हामीले ठानेका छौं-संपादक।



# नेपालको कम्युनिष्ट आन्दोलनका आधारभूत समस्याहरु

२००६ सालमा ने.क.पा. स्थापना भए यता ४२ बर्ष बितीसकेका छन्। यी ४२ वर्षका सफलता र असफलताबाट पाठ सिकेर कम्युनिष्ट आन्दोलनलाई कसरी अघि बढाउने? यो अत्यन्त महत्वको सवाल भएको छ।

यसै सन्दर्भमा हाल एकातिर नेपाली कम्युनिष्टहरू प्रति जन आस्थाको लहर बढेको छ भने अर्कातिर कम्युनिष्ट आन्दोलनमा गंभीर समस्याहरू रहेका छन्। जरो राम्ररी पत्ता लगाएमा मात्र ती समस्या वा कमजोरीहरू हटाउनतिर हाम्रा प्रयत्नहरू निर्देशित हुने छन्। यसकारण, हामीले यस विषयमा प्रयत्न स्वरूप पाचौं अंकमा एक लेखका अतिरिक्त का. मोहन



ने.क.पा. का संस्थापकहरू का. निरञ्जन गोविन्द वैद्य, का. पुष्पलाल श्रेष्ठ, का. नरबहादुर कर्माचार्य, का. नारायण विलास जोशी

विक्रम सिंह, का. मदन भण्डारी र का. प्रचण्डसँग कुराकानी गरी उहाँहरूका विचारहरू प्रस्तुत गरेका थियौं। गतांकमा का. शंभुराम श्रेष्ठ र का. कृष्णदास श्रेष्ठका विचारहरू प्रस्तुत गरेका थियौं।

मूल प्रश्न उहाँहरू सबैलाई एउटै सोधिएको थियो- "नेपाली कम्युनिष्ट आन्दोलनले ४२ वर्ष पार गरिसकेको छ। यसमा के कस्ता आधारभूत दोष वा समस्या रहेका छन्, जसको कारणले नेपालमा क्रान्ति संभव भइरहेको छैन र क्रान्ति-बारे स्पष्ट खाका बन्न संभव भइरहेको छैन?"

यसपालि प्रस्तुत छ- का. विष्णुबहादुर मानन्धरको विचारः



## हामीले अँध्यारोमा हाम्फाल्ने काम गऱ्यौं।

*-का. विष्णु बहादुर मानन्धर, नेता , ने.क.पा. संयुक्त*

**म २००९-१० सालतिर जतिखेर कम्युनिष्ट आन्दोलनमा कुदें, त्यतिखेर कस्तो लाग्थ्यो भने, एकै दशकमा यहाँ किसान मजदूरको राज्य स्थापित हुनेछ। तर आफ्ना अनुभवहरूले, घटनाक्रमहरूले बतायो कि चीज त अर्कै रहेछ।**

सर्वप्रथम त यस कुरामा विशेष के जोड दिन चाहन्छु भने क्रान्ति भनेको कुरा मनोगत सोचाइमा भर पर्ने कुरा हैन र कुनै आदेशद्वारा हुने कुरा पनि यो हैन। मार्क्सवादी दृष्टिकोणबाट भन्ने हो भने क्रान्ति भन्ने कुरा मूल रूपले आफ्नै देश, समाजभित्रका अन्तरद्वन्दहरूको कारण हुने कुरा हो। बाहिरिया शक्तिहरूले यसलाई मद्दत मात्र गर्दछन् तर आधाभूत रूपमा आन्तरिक अन्तरद्वन्दहरूले नै यसमा भूमिका खेल्दछन्। यस कुरामा हामीले ध्यान दिनु पर्दछ। यो एउटै मात्र कुरामा ध्यान दिने मात्रै हो भने पनि हाम्रो देशमा ४२-४३ वर्षको अबधि वितिसक्दा पनि क्रान्तिको संभावना र यसको खाका प्रष्ट हुन नसक्नुको कारण बुझ्न हामीलाई सजिलो होला।

यहींनेर म के भन्दछु भने- हामी कम्यूनिष्टहरूले मार्क्सवादलाई विज्ञान मानेका छौं। मार्क्सवादी पद्धतिलाई, मार्क्सवादरूपी विज्ञानलाई हाम्रो आफ्नो अवस्थामा कसरी लागू गर्ने भन्ने कुरामा नै हाम्रा कमजोरी, त्रुटीहरू रहन गए। विज्ञानले कुराहरूलाई आम कुरा र विशेष कुराको रूपमा हेर्दछ। हामीले आम (सामान्य) कुरालाई चाहिं समात्यौं र भन्यौं- यो युग पूँजीवादबाट सामाजबादमा जाने युग हो, सर्वहारा वर्गले अगुवाई गर्ने युग हो। यो कुरा विश्वव्यापी रूपबाट हेर्दा ठीक होला तर यसो भन्दैमा हाम्रो मुलुकको अहिलेको अवस्थाको सर्वहारावर्गले पनि त्यही भूमिका खेल्नु पर्दछ, खेल्ने बेला आइसक्यो भन्ने सोझो समझदारी हामीले त्यसमा जोड्यौं भने, हामीले मार्क्सवादी विज्ञानलाई, पद्धतिलाई आफ्नो मुलुकको स्थितिमा प्रयोग गर्ने वारेमा गल्ती गर्न पुग्छौं। त्यसकाराण, नेपालको परिवेशमा यहाँको हाम्रो सामाजिक स्तर के छ? विकासको कुन स्तरमा हाम्रो समाज छ? हाम्रो विकासको बाटो कुन हो भन्ने कुरा निर्धारण गर्ने, पहिल्याउने काम यहाँका परंपरा इतिहास र भूगोल आदि सारा कुराले गर्दछन्, विचारधाराले मात्र हैन।

नेपालका विशेषताहरू, संस्कृति, विकासको स्तर आदिले यो कुरा निर्धारण गर्दछन् भन्ने यो कुरा मान्ने हो भने, यहाँ के भयो भने- नेपालको विकासको स्तर पहिल्याउने, यहाँको वर्ग विश्लेषण गर्ने, यहाँको परंपराबाट हामीले कुन कुरा समात्नु पर्छ र कुन कुरा फाल्नुपर्छ भन्ने बारेमा, यी सब कुरामा हामीले सतही अध्ययन मात्र गऱ्यौं, गहिराईमा हामीले अध्ययन गर्न सकेनौं। नतिजा के भयो भने, हामीले अँध्यारोमा हाम्फाल्ने जस्तो काम गऱ्यौं। म २००९-१० सालतिर जतिखेर कम्युनिष्ट आन्दोलनमा कुदें, त्यतिखेर कस्तो लाग्थ्यो भने, एकै दशकमा यहाँ किसान मजदूरको राज्य स्थापित हुनेछ। यो आकांक्षा हामीमा तीव्र रूपमा रहेको थियो। यसका लागि स्थिति तयार छ, छैन, त्यसतिर हाम्रो कम वास्ता रह्यो। विश्वव्यापी रूपमा यो आन्दोलनको प्रगति देखेर हामी यसरी हतारिएर कुदेका थियौं। तर आफ्ना अनुभवहरूले, घटनाक्रमहरूले बतायो कि चीज त अर्कै रहेछ।

त्यसकारण, मलाई के लाग्दछ भने नेपालमा कम्युनिष्ट आन्दोलन विकसित हुन नसक्नुमा मूलभूत कारण-आफ्नो परिवेश र अवस्था बारेको सही समझमा रहेको कमी नै हो। लेनिनको शब्दमा भन्ने हो भने "ठोस स्थितिको ठोस विश्लेषण" मा हाम्रो कमी रह्यो, जम्मा जम्मीमा मलाई यस्तो लाग्दछ।

***पूरक प्रश्नः- वस्तुस्थितिको गहन अध्ययनको कमीलाई नै यहाँले मूल समस्या भन्नुभयो, यो कमी हटाउनको निमित्त अहिले मूल दायित्व कस्को रहन्छ भन्ने ठान्नु हुन्छ?***

कुनै एक व्यक्तिको भन्दा विश्चय नै सामूहिक सोच, सामूहिक दृष्टिकोण र सामूहिक प्रयत्न प्रायः धेरै मामलाहरूमा बढी सटीक र बढी वैज्ञानिक हुने संभावना हुन्छ। त्यसकारण, अहिले यो दायित्व मूल रूपमा नेपालका कम्युनिष्ट पार्टीहरूको छ, जसले खाली विज्ञानको क्षेत्रमा वा विचारधाराको क्षेत्रमा मात्रै हैन, व्यवहारमा, जीवनमा, जन-जीवनमा नै त्यो विचार-धारालई भिजाउने अभिभारा बोकेका छन्। अन्ततः यो दायित्व कम्युनिष्ट पार्टीका नेतृत्वको छ, कार्यकर्ताहरूको छ।

हाम्रो कम्यनिष्ट आन्दोलनमा मैले के अनुभव गरेको छु भने, यहाँ सैद्धान्तिक छलफल केवल सान्है सीमित नेतृत्वदायी तब्कामा मात्र सीमित हुँदै आएको छ। नेतृत्वमा पनि यसलाई व्यापक गरिएन, कहिलेकाँही त खाली पोलिटब्यूरो सदस्यहरूले मात्र छलफल गरेपछि पुग्ने गराइयो। वास्तवमा यो सैद्धान्तिक छलफललाई सकेसम्म बढी कार्यकताहरूको पनि सरोकारको विषय बनाइनु पर्दथ्यो। नेतृत्व-तहले छलफल गरेको कुरालाई व्यावहारिक जीवनसंग दाँजेर ती छलफलका निचोडहरू जनतालाई कति ग्राह्य छ भन्ने कुराको छिनोफानोका लागि यसो गरिनु जरूरी थियो।

हाम्रो आन्दोलनमा यसमा कमजोरीहरू रहेका छन्। त्यसैले म फेरि भन्दछु, अन्ततः यो अभिभारा कम्युनिष्ट पार्टीहरू र तिनका नेतृत्वहरूको छ। नेतृत्वले सैद्धान्तिक छलफल र जीवनसँग त्यस छलफललाई जोड्दै कार्यकर्ता तहसम्म पनि कसरी विस्तार गर्ने भन्ने बारेमा लागी पर्नु पर्दछ। □


# धर्म, समाज र दशैं

- डा. चैतन्य मिश्र

## दशैंको लोकप्रियताका कारणहरू के के हुन्?



*यसपालाको दशैं भर्खरै सकिएको छ। सामाजिक रूपले नेपालमा व्यापक प्रभाव बोकेको यस दशैं पर्वबारे विभिन्न पक्षबाट सोच निर्माण र चिन्तन हुनु जरूरी छ एवं यसको परंपरा र यसको अवसरमा हाल समाजमा चलेका चलनहरूबारे वैज्ञानिक दृष्टिकोणले जाँच-परख हुनु पनि जरूरी छ। हाल समाजमा प्रचलित यस्ता परंपरागत कुराहरूमा तडक-भडक र संपत्तिको प्रतिस्पर्धा समेत थपिएका छन्। पढे-लेखेका शिक्षित भन्ने मानिसहरू पनि यस्ता परंपरागत प्रचलनहरूलाई नकेलाइकन आँखा चिम्लेर सबै कुरालाई जस्ताको तस्तै बोकी हिंडिरहेका पाइन्छन्। अर्कातिर यी रीति-रिवाजहरूलाई छानबिन गरी केलाउनु पर्छ भन्नेहरूमा पनि स्पष्टता रहेको छैन। यसै सन्दर्भमा समाजशास्त्री डा. चैतन्य मिश्र लिखित यो लेख यहाँ प्रस्तुत गरेका छौं। यस लेखले यस दिशामा चिन्तनको क्रमलाई अघि बढाउने आशा हामीले लिएका छौं।- सं.*



मानवजीवनका अन्य पक्षहरूलाई झैं धर्म रीति-रिवाज, चाडपर्व र संस्कृतिलाई पनि आर्थिक, राजनैतिक, सामाजिक र अन्यान्य दृष्टिकोणहरूबाट केलाउन सकिन्छ। हरेक दृष्टिकोणले विषय वस्तुको भिन्न-भिन्न पक्षहरूलाई उद्घाटित गर्दछ र यस्ता विविध अध्ययन-दृष्टिकोणहरू समिप राखेर संश्लेषण गर्न सकेमा मानवजीवनका विभिन्न पक्षहरूको समष्टिगत समालोचना गर्न सघाउ पुग्दछ। यसै उद्देश्य अन्तर्गत यहाँ धर्मलाई अध्ययन गर्ने स्थापित वैज्ञानिक दृष्टिकोणहरूको प्रसंगमा अधिकांश हिन्दूहरूको मुख्य चाड दशैंको सामाजिक पक्ष बारे चर्चा गरिन्छ।

नेपालमा अधिकांश हिन्दू धर्मावलम्वीहरूले दशैंलाई सनातन धर्मको मूल अंगको रूपमा लिने गरेको पाइन्छ। दशैंसंग सम्वन्धित मुख्य धर्मकार्यहरू शक्ति-देवीहरूको आराधना, पूजा-पाठ र प्रसाद ग्रहण एवं वितरण हुन् भने यी धर्मकार्यहरूको उद्देश्य विजय र वैभवको आकांक्षा सुनिश्चित तुल्याउन खोज्नु हो।

आराधना, पूजा-पाठ र प्रसाद ग्रहण एवं वितरण जस्ता अलौकिक प्रविधिहरूको उपयोगद्वारा विजय र वैभव प्राप्ति जस्तो लौकिक उद्देश्यको परिपूर्ति कसरी संभव होला र यस लौकिक उद्देश्य र अलौकिक प्रविधिहरू वीचको खाडल पुर्न चार किसिमका लौकिक-वैज्ञानिक सिद्धान्तहरू अघि सारिएका पाइन्छन्।

पहिलो ऐतिहासिक भौतिकवाद र यसैसंग संवद्ध सामाजिक वर्ग-जात, जाति विन्यासको। यस सिद्धान्त अनुसार अलौकिक विचार-कार्य पुञ्जहरू उपल्लो वर्ग-जात-जाति-लिङ्गद्वारा ऐतिहासिक रूपले खडा गरिएका मिथक हुन्। यस मिथकद्वारा तल्लो वर्ग-जात-जातिलाई अलौकिक फल प्राप्तिको अनन्त भ्रममा राखेर लौकिक फलमा एकाधिकार जमाउन सकिन्छ र यस अनन्त भ्रमको आडमा तल्लो वर्ग-जात-जातिको श्रममाथि पनि कब्जा जमाइरहन सकिन्छ। यसरी धर्म र यससंग सम्वद्ध देवी-देवताको अलौकिक वा पारलौकिक भ्रमजालको आडमा उपल्लो वर्ग-जात-जातिले तल्लो वर्ग-जात-जाति माथि आर्थिक, राजनैतिक प्रभूत्व कायम गर्नुको अलावा सांस्कृतिक-वैचारिक प्रभूत्व समेत कायम राख्दै तल्ला श्रेणीका व्यक्ति र समूहको "स्व" परिभाषित गरिरहेका हुन्छन् र यिनको श्रम र संगठनमाथि मालिकत्व जमाईरहेका हुन्छन्।

लौकिक उद्देश्य र धर्म, देवी, देवतासँग सम्वन्धित अलौकिक प्रविधिको प्रयोगको असामंजस्यतालाई चिर्न दोश्रो व्याख्या अघिल्लो व्याख्याभन्दा निकै फरक छ। यस व्याख्या अनुसार धर्म आफै, कुनै अलौकिक वस्तु होइन। धर्म पारलौकिक वस्तु पनि होइन र ईश्वर धर्मको केन्द्र विन्दु पनि होइन। धर्म व्यक्ति र व्यक्तिवादलाई नियन्त्रण गर्ने लोक रीति हो, जस्ले व्यक्ति र व्यक्तिवादबाट पैदा हुन सक्ने स्वच्छन्दता र उच्छृङ्खलतालाई मन्द तुल्याएर राख्दछ। व्यक्ति र व्यक्तिवादबाट निःसृत हुनसक्ने अराजकतालाई रोकथाम गर्न धर्मले महत्वपूर्ण भूमिका खेल्छ। यस व्याख्या अनुसार धर्म र ईश्वर स्वयम् मानव समाजद्वारा निर्माण गरिएका मिथक हुन्। व्यक्ति र व्यक्तिवादलाई वशमा राख्न तथा सामूहिकता र सामाजिकताको प्रधानता अविच्छिन्न रूपमा कायम राखी राख्न धर्म, ईश्वर र अन्य आदिभौतिक मिथकहरूलाई जन्म दिईराख्न र संभरण गरीराख्न अत्यन्त आवश्यक हुन्छ। यसो नगरिएमा समाज नियम र रीतिविहिन हुँदै जान्छ। नियम र रीतिविहिन समाजमा उपज भएका व्यक्तिहरू सामाजिकता गुमाएर सामाजिक लेनदेन गर्न असक्षम हुन्छन्। यसै गरी नियम र रीतिविहिन समाजका व्यक्तिहरूको "स्व" को सामाजिक आधारशीला अत्यन्त दुर्बल हुने हुँदा त्यस समाज र त्यस समाज अन्तर्गतका व्यक्तिहरूमा विकृतिले विकराल रूप लिदैं जान्छ। यसरी यस व्याख्या अनुसार धर्म, ईश्वर, रीति सबै मानव समाजद्वारा निमार्ण गरिएका हुन्छन् किनकि यिनको विना समाज र सामाजिकता दिगो रहन सक्दैन। धर्म सामाजिकतालाई पुर्नवीकरण गरिरहने बहाना मात्र हो। यसकारण ईश्वर नै समाजको प्रतीक हो, वा समाज नै ईश्वर हो। धर्मपालन गर्दा मानिसहरूले आफू र आफ्ना स्वधर्मीहरूको र उनीहरूले जीवन व्यतित गर्ने समाजको स्थायित्व र उन्नतिको बाटो प्रशस्त गरिरहेको हुन्छ।

लौकिक उद्देश्य र अलौकिक प्रविधिवीच सामञ्जस्य स्थापना गर्न खोज्ने तेश्रो व्याख्याले अपौरूष्य, अलौकिक ईश्वर छन् वा छैनन् भन्ने कुरालाई वा ईश्वरको श्रोतबारेको प्रश्नलाई सान्दर्भिक ठान्दैन। यस दृष्टिकोण अनुसार सान्दर्भिक सवाल त यो हो कि अलौकिक धर्म वा ईश्वरले व्यक्तिगत वा सामूहिक आचार विचारमा महत्वपूर्ण प्रभाव पार्छ कि पार्दैन? यस दृष्टिकोणबाट प्राप्त हुने व्याख्या अनुसार अलौकिक जगतको बारेको धारणा र व्यवहारले लौकिक धारणा र व्यवहारमा महत्वपूर्ण असर पार्दछ। आर्थिक, सामाजिक र राजनैतिक कारोवारमा समेत अलौकिक जगत बारेका धारणाहरूले महत्वपूर्ण असर पार्ने गरेको तथ्य संसारका विभिन्न धर्म र सम्प्रदायहरूको तुलनात्मक अध्ययनहरू-द्वारा दर्शाइएको छ। यस व्याख्या अनुसार र साधारणतया अनुमान गर्न सकिए झैं लौकिक प्राप्तिमा जोड दिने र लौकिक प्राप्तिको आधारमा पनि धर्म पालन गरेको ठहरिने र लौकिक प्राप्तिको आधारमा पनि ईश्वर प्रतिको आस्था प्रमाणित गर्न सकिने धर्महरूका अनुयायी समूहहरूले नै आर्थिक र राजनैतिक रूपले बढी सफलता हासिल गर्दै आएका छन्।

धर्मलाई हेर्ने चौथो लौकिक-वैज्ञानिक दृष्टिकोण अघिल्ला तीन दृष्टिकोणहरू भन्दा निकै फरक छ। यस चौथो दृष्टिकोण धर्मको आर्थिक राजनैतिक सांस्कृतिक प्रभावतिर भन्दा धर्मको उद्‌भव, धर्मकार्यको आन्तरिक विन्यास र धर्ममा आन्तरिक परिवर्तनलाई स्थानान्तर र समयान्तर एवं यी अन्तर-हरूभित्र लुकेका भौतिक-सामाजिक प्रकृतिका आर्थिक, राजनैतिक, सांस्कृतिक परिवर्तनहरूसँग जोडेर हेर्ने र यसकै आधारमा व्याख्या र समालोचना गर्ने गर्दछ। अन्य क्षेत्रका आचार-विचार जस्तै धार्मिक क्षेत्रका आचार-विचार पनि अपौरूष्य उद्‌भवका होइनन् भन्ने धारणा राख्ने यस दृष्टिकोणले आर्थिक, राजनैतिक, सांस्कृतिक परिवर्तनले धार्मिक ज्ञान र आचारको विन्यासमा के कस्तो परिवर्तन ल्याएको वा ल्याउन सक्छ भन्ने प्रश्न हल गर्न खोज्दछ।

अब दशैंको विषय वस्तुतिर फर्कौं। हजारौं वर्ष

अघि सायद मध्य-दक्षिण एशियाको समशीतोष्ण पहाडी भूखण्डका सुख्खा कृषि र पशुपालनमा आधारित, फिरन्ते जीवनशैली पूर्णतया नछोडिसकेको, कूल-कुटुम्वमा सम्पत्तिको अधिकार निहित रहेको, मूल रूपमा कूल-कुटुम्बमा आधारित सशक्त सैनिक संगठन रहेको र लामो कालसम्म युद्ध र विजय उन्मुख जाति विशेषबाट दशैंको प्रारूप शुरू भएको हुँदो हो। मध्य-दक्षिण एशियाका समुहहरूको लडाकुपन र यस भेग पट्टिको उनीहरूका विजय र आगमनको लामो इतिहास, पहाड-पुत्री पार्वती (दुर्गा)द्वारा समथलको शत्रु-जीव महिषासुरको वधको सांकेतिक अर्थ, पहाडी भूभागमा साना चौपायाको प्रचुरता र दशैंकोलागि यिनीहरूको महत्व, समथल क्षेत्रका वासिन्दामा भन्दा पहाडी क्षेत्रका वासिन्दामा दशैंप्रतिको लगाव, पहाडी क्षेत्रमा स्त्री र ईश्वरीको तुलनात्मक महत्व, जौ-जमराको प्रयोग, कुटुम्व केन्द्रितपना आदिले यिनै उद्भव-लक्षणतिर इंगित गर्दछन्। यसबारे गहन सोध र खोजको आवश्यकता त छ नै।

दशैंको उद्भव स्थल र स्थितिको साथसाथै यसमा आएका परिवर्तनहरू अधिकाँश रूपमा अनुमानकै विषय रहेको भएता पनि नेपालमा हिन्दू धर्मावलम्वीहरूका बीच लगायत कैयन गैर-हिन्दूहरू बीच पनि दशैं सबै भन्दा लोकप्रिय चाडको रूपमा मानिंदै आएको छ। यस लोकप्रियताका विभिन्न कारणहरू हुनसक्छन्। पहिलो कारण, दशैंको लौकिकता र भौतिकता नै हो। दशैं प्रशस्त मीठो खाने र राम्रो लाउने चाड हो। मीठो खाने र राम्रो लाउने पर्व भएको हुँदा वर्ष भरीनै यसले आर्जन र संचय गर्ने प्रेरणा दिन्छ। दोश्रो, अन्य कतिपय धर्मकर्म, चाड जस्तो गरी दशैं कुनै लिङ्ग विशेष, उमेर विशेष, क्षेत्र विशेष

**दशैंमा राखिने विजय र वैभवको अभिलाषा सामन्ती प्रथा अन्तर्गत पनि कुटुम्बभित्रको आत्मीयताको गहिराइ र द्वेषहीनताबाट प्राप्त हुनसक्ला, न कि पूजा-पाठ र प्रसाद ग्रहणबाट।**

वा जात विशेष मात्रले मनाउने चाड नभएर सबै हिन्दूहरू-दुवै लिङ्ग, सबै उमेर क्षेत्र र जातले मनाउने चाड हो। बुद्धमार्गीहरूमा दशैं मान्ने रीत निकै फरक भएतापनि विजय र वैभव प्राप्ति नै यसको उद्देश्य रहेको छ। तेश्रो, दशैं मूलरूपमा कष्टकर उपवास बस्नु पर्ने र पाठपूजाकेन्द्रित चाड नभएर, हर्षोल्लास मनाउने चाड हो। चौथो, दशैं ऋतु फसल काटी अन्न भण्डारन गर्ने, दूध-दही पाइने, वर्षाकालीन हरियो घाँसपात खाई तन्दुरूस्त भएका बोका-खसी पाइने हुनुको साथै वार्षिक कृषि श्रम-चक्रबाट केही फुर्सद पाइने ऋतु पनि रहयो। पाँचौं र सायद सबै भन्दा महत्वपूर्ण, अन्य कतिपय व्यक्तिगत वा पारिवारिक लाभको उद्देश्य राखी गरिने धर्मकार्य भन्दा फरक रूपले दशैं समस्त कुल-कुटुम्बको विजय र वैभव लागि सम्पन्न गरिने र यसैकारणले कुटुम्ब-आधारित सामाजिकता पुनर्नवीकरण र सबलीकरण संभव वनाई दिईरहने चाड पनि रहयो। कुटुम्बभित्र रहेका पारिवारिक र व्यक्तिगत द्वेषहरूको गहिराई घटाउने वा पुर्ने मौका पनि दशैंले प्रदान गर्ने भयो।

दशैंका अन्य पक्षहरू पनि उत्तिकै विचारणीय छन्। दशैं सम्पन्न गर्न प्रयोग गरिने कतिपय प्रविधि विज्ञान-सम्मत छैनन् अथवा दशैंका सहभागीहरू यिनका प्रयोगको व्याख्याबाट वञ्चित र तसर्थ भ्रमित रहन्छन्। अलौकिक प्रविधिहरू आफैंमा भ्रमात्मक मात्र नभएर असत्य हुन्छन्। दशैंमा राखिने विजय र वैभवको अभिलाषा सामन्ती प्रथा अन्तर्गत पनि कुटुम्बभित्रको आत्मीयताको गहिराइ र द्वेषहीनताबाट प्राप्त हुनसक्ला न कि पूजा-पाठ र प्रसाद ग्रहणबाट। दशैंले हाम्रो समाजमा सामन्ती संस्कार गहिर्याउने अवसर पनि दिएको छ। जग्गा धनीहरू यही मौकामा कृषकहरूबाट सौगात थाप्न कुर्छन भने माथिल्ला श्रेणीका नोकरशाहहरू तल्ला श्रेणीका कामदारहरूबाट त्यही मौकामा अभिवादन र चाकरी खोजिरहेका हुन्छन्। आडम्बर र अनावश्यक खर्चको साथै नाफाखोरीको लागि पनि दशैंले उपयुक्त मौका प्रदान गरेकै छ। कैयन परिवारलाई ऋण बोकाउने माध्यम पनि बनेकै छ-दशैं।

नेपालमा दशैंको तेश्रो प्रवल पक्ष हिन्दू राज्यको संवैधानिकता र यस अन्तर्गत परिचालन गरिने शक्तिशाली सांस्कृतिक साम्राज्यवाद हो। राजाको वडा दशैंको सन्देशदेखि लिएर कार्यालय-विद्यालयको लामो छुट्टी, राज्य-संरक्षित बली र बढाईं, दरवारदेखि मन्त्रीसम्मको टीकाको लामो टि.भी. प्रसारण आदि अन्य धर्म र धर्मवलम्वी माथि साधिएका शक्तिशाली अस्त्र हुन। दशैंको नाममा राज्यले चलाउने यो धर्म-अस्त्र समस्त देशवासी हिन्दूहरूको विजय र वैभवको लागि नभएर शासन चलाउने पाखण्डको रूपमा पनि विकसित हुँदै आएको छ। यी दुवै वास्तविकतातर्फ, हिन्दू, गैरहिन्दू सबैले ध्यान पुर्याउनु र विरोध गर्नु अत्यन्तै आवश्यक छ। ❑


नेबिको

नयाँ आवश्यकता

बिस्कुटहरु

तपाईको स्वास्थ्य, बचत र सम्मान प्रति जत्तिको होसियार छ त्यत्तिकै आफ्नो गुणस्तर प्रति छ।




नेबिको प्रा. लि.
काठमाडौं, नेपाल

# सतार जाति :
## समयसंग ओझेल रहेका जिन्दगीहरु

""घरी कांग्रेस आएर टिकट काट् भन्छ,
घरी कम्युनिष्ट आएर टिकट काट् भन्छ"

- *धर्मचन्द्र लावती*

आकाशमा घाम पश्चिमतिर ओर्लन लागे पनि तराईमा गर्मी घटेको थिएन। टाढा-टाढा चर्न गएका बकुल्लाका बथानहरू बाँसका भ्याँङहरूमा फर्कंदै थिए। बादलका सेता सेता भुवादार टाटाहरू सुस्त सुस्त पश्चिमतर्फ सर्दै थिए। धानवालीले गर्दा सम्म मैदान हरियै हरियो देखिन्थ्यो। एकजना साथी र म कमल खोलाको किनारै किनार रमाइलो गफ गर्दै झरिरहेका थियौं।

झलक्क हेर्दा भारतको पश्चिम बंगाल वा बिहारको कुनै ग्रामीण बस्तीको झल्को दिने धेरै झुप्राहरू मिलेर बनेको एउटा बस्तीमा पुगेपछि हाम्रा पाइलाका गतिहरू सुस्त रूपमा फेरिए। त्यो थियो - झापा जिल्लाको तोपगाछी स्थित ढेंगी किनारको सतार-बस्ती।

बस्ती भित्र प्रायः घरछेउ निमको रूख, सडक किनारमा कविर, चिनीगुलाव र चन्द्रकमलका बोटहरू, बीचको आँगनमा हाँस कुखुरा चरिरहेका थिए। विशुद्ध सिमेन्टले लिपेझैं चिल्ला र चिटिक्क परेका घरहरू प्राचीनकालका ऋषीमुनिहरूको कुटी झैं देखिन्थ्यो। आँगननिरको कटहरको बोटमुनि डोरीले जालो बुनेर बनाइएको खाटमा धोती मात्र लाएका एक अति काला बृद्ध सियाँल तापिरहेका थिए। अनुहारको चाउरी र सेतै फुलेका कपाल हेर्दा उनी लगभग सत्तरी वर्षको हुनुपर्दछ। ती थिए-वंशी बेस्रा सतार।

"नमस्कार के छ त बा?" मैले आँगनमा बस्दै भनें। "आ...... के गर्ने नानी, समयमा पानी नापरेर सप्पै धान बिग्रीगो। गरमले साताइरहेछ। केहीं गरड भने आरू काम छैन। त्यसै बस्दैछुड्।-"

उनले आफ्नो जातीय लवजमा शिष्टाचार फर्काउँदै भने। कति वर्ष पुग्नु भो? -मेरो दोस्रो प्रश्नको उत्तरमा उनी भन्छन् - "कोनी गन्ती गोरेको छैना। ठूलो भूचाल आउँदा जवान थियुड्।" उनले केही सम्झन् खोज्दै भने।

यस जातिमा प्रायंशः केही वर्ष अघि मात्र जन्मेका २/४ व्यक्ति बाहेक कसैलाई आफ्नो जन्ममिति थाह छैन। जन्ममितिको ख्याल गर्ने चलनै पनि छैन। एक दुई स्कूल पढ्नेहरू र केही नागरिकतावालाहरूको जन्ममिति पनि अन्दाजको भरमा राखिएको बताउँछन्।

सतारहरू विशेषतः भारत, बंगलादेश, पाकिस्तान र नेपालको पूर्वी तराई क्षेत्रमा छरिएर रहेका पाइन्छन्। जातिगत रूपमा अति पिछडिएको मानिएपनि यिनीहरूको आफ्नै संस्कृति र परम्परा छ। सतार लिपी प्रायः अंग्रेजीसंग मिल्ने, उच्चारण र अर्थ मात्र फरक हुने हुँदा नागाहरूलाई जंगली समूदायबाट आधुनिक तुल्याए झैं सतारहरूलाई पनि भारतमा रहँदा अंग्रेजहरूले नै सो लिपि सिकाइदिएको सहज अनुमान गर्न सकिन्छ। पैंतीस घर जतिको त्यस बस्तीमा स्थानीय विद्यालयमा ५/६ कक्षामा पढ्ने दुई जना मात्र विद्यार्थी रहेछन्। गाउँभरिमा नेपालीमा लेखपढ गर्न सक्ने एकजना पनि भेटिएनन्।

तपाईहरू किन छोराछोरी पढाउनु हुन्न? -प्रश्न गर्दा उनी लामो सुस्केरा हाल्दै भन्छन्-"खोइ त नानी पोढेर पनि के गार्नु? खेतमा काम गार्न पाउनु नै मुश्किल भइ सक्यो। हाम्रो जातिमा पहिलेदेखि नै पोढ्ने चलन पनि छैना। अचेल कुसै कुसै थुप्रो जाग्गा जमीन हुनेहारूले त पढाउँछन्। हामी धेरजसो सतरहरूसंग जाग्गा पैसा केही छैन। कसरी पोढाउने र?"

त्यस ठाउँमा फत्ते सतार बाहेक कसैको एक कठ्ठा पनि जमीन छैन। फत्ते सतार त्यहाँका गाउँबुढा हुन्। उनीहरूको समूदायमा कुनै झैंझगडा परे तिनै गाउँबुढा कहाँ जाने गर्छन्। थाना, अड्डा, अदालत कानून आदिबाट अनभिज्ञ रहेका यी सतारहरू आधुनिक प्रविधि र विज्ञानसंग पनि अपरिचित रहेका छन्। अझै उनीहरू मिलको सट्टा ओखलमै धान कुटेर खान्छन्। रोगव्याध लाग्दा डाक्टर र बजारका औषधीहरूको सट्टा झारफुक र जडिबुटीद्वारा नै औषधोपचार गर्दछन्।

पुस्तौं पुस्तादेखि पूर्वी तराईको अनकण्टार जंगलमा बसोबास गर्दै आएको भए पनि ९५% भन्दा बढी सतारहरू जमीन र नागरिकताविहीन छन्। हाल अधिकांश सतारहरू अरूको खेतमा मजदूरी र शहरमा ईट, माटो बोक्ने काम गरेर जीविकोपार्जन गरिरहेछन्। काम नभएको समय सिपी, गंगटा, माछा पक्रने, तरूल म्याकुर खोज्ने गर्दै दिन बिताउँछन्। सतारहरू आफू बसिरहेको ठाउँबाट पनि लखेट्ने हुन कि भन्ने भयले पहाडीमूलका मानिसहरूसंग कुरा गर्न पनि धक मान्दछन्। अझ कागज, फाइल, ब्याग बोक्ने, कर्मचारी जस्ता देखिने मानिसहरू गए भने उनीहरू सशंकित एवं भयभीत हुन्छन्। पहाडीमूलका मानिसहरूप्रति उनीहरूको मनमा अविश्वास र आशंकाले घर जमाएको छ।



कुराकानीको क्रममा वंशीले शुरूमा जंगल बाक्लो हुँदा खान लाउन कुनै दुःख नभएको, पछि अलि अलि खेती शुरू गरिरहेको बेला पहाडेहरू आएर जंगल फडानी गर्दै लगेको र उनीहरूको संख्या बढ्दै गए पछि क्रमशः सतारहरू मासिँदै गएको बताउँछन्। उनको मात्र पनि करीव चालीस विग्घा जति जमीन रहेको स्मरण गर्दै भन्छन् "कति (पहाडी) ले हाम्रो नम्वरी राम्रो र धेरै जाग्गा छ भनेर मित लगाउँदै जाग्गा साट्टापाट्टा गार्न लगाए। हेर्न जाँदा आर्कों जाग्गा देखाउँछ पछि, भोग गार्न जाँदा त खोलाले लगेको बालुवाघारी पो। एउटा बाराकोटी भन्नेले त्यसै गोरेर मेरो पच्चीस विग्घा जाग्गा लगीदियो। आरू दश बाह्र विग्घा जाग्गा ऋण तिर्दा सकियो। हामी पढ्न लिख्न जान्दैना। दुई हाजार दिएको छ भने बाह्र हाजार लिख्दो रैछ। कतिले चाही नागरिकता बानाइ दिन्छ भनेर पैसा खायो। यसै गोरेर हामी सत्तारहरूलाई मासिसक्यो।"

अनि अरू मधेशी मूलका मान्छेहरूले चाहिं ठग्दैनन् त? भन्ने मेरो जिज्ञाशाको जवाफमा उनी मुख चेप्प्राउँदै भन्छन्-"ठग्छ नि किना ठग्दैन? अलिक जान्ने बुझ्ने भनेर आस गोरेकोहारू पनि त्याही जालीफेली पहाडेहरूसंग मिलेमत्तो गोरेर ठाग्छ। घोरी जाग्गा दिन्छुड्, घोरी नागरीकता बनाइ दिन्छुड् भोन्दै पैसा खान्छ। वावुलाल (सतार) ले त्यसै गोरेर हामीहारूबाट दुईसय देखि चार हाजारसम्म खाइदियो।"

नेपालमा स्वजाति र परजातिको शोषणले सिङ्गो जाति वा समूदायलाई नै गम्भीर असर पुऱ्याएको जाति मध्ये सतार पनि एक हो। नागरिकता शिक्षा र रोजगार उनीहरूको सबैभन्दा ठूलो समस्या रहेको छ। राजनीति, शिक्षा र सभ्यताबाट अझै ओझल रहेका यी सतारहरू-माथिको जर्जर शोषणले गर्दा कैयौं पशुपंछीहरू झैं लोप हुँदै गइरहेछन्। तर पनि उनीहरूप्रति सरकार, कुनै राजनैतिक दल, सामाजिक संघ संस्थाहरूको ध्यान पुगेको देखिन्न। बरू ईसाइहरूले ठाउँठाउँमा आफूले खोलेका बोर्डिङ्ग स्कूलहरूमा उनीहरूका छोराछोरीहरूलाई निःशुल्क पढ्ने व्यवस्था गरी दिएर उनीहरूलाई धमाधम ईसाइ धर्मतिर ढल्काउँदै लगेका छन्।

मैले कुराको सिलसिला फेर्दै सोधें - तपाईहरू कुन पार्टीमा हुनुहुन्छ?

""खोइ कुन पार्टीमा भान्नु! हामीलाई त थाहै छैन पार्टीको कुरा। घोरी कांग्रेस आएर टिकट काट् भन्छ, घोरी कोम्निष्ट आएर टिकट् काट् भन्छ। पैसा छैना भन्दिन्छुड्। सप्पैले त्यसै टिकट काटेर छाडीदिन्छन्।" उनले केही मुस्कुराउन खोज्दै भने।

अस्तिको चुनावमा कसलाई भोट दिनु भयो भन्ने मेरो थप जिज्ञासामा उनी भन्छन्-"पैला माननीयको चुनाव हुँदा गाउँबूढाले रूखमा भोट दिनु पोर्छ भनेर त्यसैमा दियुड्। यसपाली सोरेन पनि उठेको थिय। उसले नागरिकता बानाइ दिन्छुड् भनेर धेरै सत्तरहरूकै पैसा खायो। नागरिकता पनि बानाइ दिएना। त्यसैले उसलाई पनि भोट दियुड्ना। धेरै जसोले कुसैलाई भोट दियुड्ना। कुसै कुसैले चाहिं रूख, सूर्य, हसियाँ हथौडामा आलिक आलिक दिए।" उनको यो उत्तरबाट सतारहरूमा पनि परोक्ष रूपले राजनीतिक चेतना पलाउन लागेको आभाष चाहिं पाइन्छ। गाउँघरमा एक-दुई अरूभन्दा केही सचेत सतारहरू पनि अचेतनता, गरीवी आदिले गर्दा गाउँले जमीन्दारहरूको कठपुतली बन्न विवश छन्। सतारहरूमाथिको निर्मम शोषणलाई हटाएर सचेत

नपारिएसम्म उनीहरूको अन्तरभावना जागृत हुन सम्भव छैन।

सतार पुरूषहरू प्रायशः नीलो रंगको धोती कमिज लगाउनुका साथै टाउकोमा एक प्रकारको फेटा बाँध्ने गर्छन्। महिलाहरू लुङ्गी, ब्लाउज र छड्के पारेर वन्ची (पच्छ्यौरा) भिर्ने गर्दछन्। शारीरिक रूपमा निग्रो झैं देखिने सतारहरूले हिन्दू धर्मलाई नै अंगीकार गरेका पाइन्छन्। उनीहरूको धार्मिक एवं सामाजिक रीति अनौठो किसिमको छ। सतारहरूमा पुरोहित एक झाँक्री हुन्छ, जसलाई उनीहरू गुरू भन्दछन्। उनीहरू मूलतः कालीको पूजा गर्दछन्। दशैं तिहार नै उनीहरूको प्रमुख चाड हो तापनि उनीहरू दशैंमा नै तीन फुट जति लामो र आगो फुक्ने फोतेभन्दा ठूलो बाँसुरी, बाँसको सितारा, हारमोनियम, ढोल, सिटी बजाउँदै देउसी खेल्ने गर्दछन्। नृत्यमा पुरूष महिलाको ताँती जोड जोडले कराउँदै कदम मिलाएर अघि र पछि सर्ने गर्दछन्। दशैंमा राई लिम्बूले झैं सुंगुर, कुखुरा काट्ने र जाँड रक्सी पिउने गर्दछन्। तर आजकल अति नै कमजोर आर्थिक स्थितिले गर्दा सबै जसोले घरमा मासु ल्याउन सक्तैनन्। फागु पनि सतारहरूको महत्वपूर्ण चाड हो। तर अविवाहित महिलालाई रातो रंग पार्नु हुँदैन भन्ने मान्यताले गर्दा उनीहरू केवल पानी-द्वारा होली खेल्ने गर्दछन्। फागु पुर्णिमाको दिन रमाइलो भाले खेल पनि खेल्ने गरिन्छ। यस खेलमा गुरूले एउटा छिप्पिएको भालेद्वारा कालीको पूजा गरेर जवानहरू गोलो भएर उभिएको मैदानमा छाडीदिन्छन्। सिटीद्वारा संकेत दिइए पछि जवानहरू भाले पक्डन होडवाजीमा लाग्छन्। धेरै जनाले एकै पटक भाले समातेमा जसले टाउको समात्छ, उसैलाई विजेता मानिन्छ।

आम नेपालहिरू मध्ये सतारहरूको वैवाहिक विधि अलग प्रकारको छ। कुनै अविवाहित युवती बजार, माछा मार्न वा घाँस काट्न गएको बखत इच्छुक युवकले जवरजस्ती तानेर लैजान सक्तछ। तर त्यस बखत माइती पक्षका मानिसहरूले भेटे, कुटे मारे मारेकै हुने भनाई छ। यसरी जवरजस्ती ल्याइएकी दुलहीलाई अनेक सम्झाई बुझाई गर्दा पनि बस्न नमाने एक रूपियाँ पच्चीस पैसा तिरेर जान सक्तछे। केटाले केटी ल्याई सकेपछि कथंकदाचित विवाह गर्न नमाने केटाले पनि एक रूपियाँ पच्चीस पैसा तिर्नु पर्दछ। दुलही ल्याइसके पछि पनि जहिले विवाह खर्च जोडजाम हुन सक्तछ त्यही बेला विवाह गर्ने चलन छ। कतिले त विवाह नै नगरी दाम्पत्य जीवन बिताइरहेको पनि पाइन्छ।

पहिले पहिले नातिको विवाहमा बाजेको टाउकाको मासु चाहिने गरेको कुरा सतारहरूमा जनश्रुति पाइन्छ। सतारहरूमा राँगा खाने चलन त्यति पाइन्न। उनीहरू विवाह भोज भतेरहरूमा खसी, सुंगुर, हाँस कुखुराको मासु प्रयोग गर्दछन्। विवाहमा प्रायः केटा पक्षको मात्र खर्च हुन्छ। सम्पूर्ण जन्तीको खाद्य सामग्री सहित दुईतर्फ उचाल्ने भएको एउटा डोली जस्तो रंगीन बाकसमा राखेर दुलहालाई दुलहीको घर लगिन्छ। सर्वप्रथम दुलही पक्षबाट दुलाहालाई तेल बेसारले नुहाइ दिने गरिन्छ। विवाहमा दुलहा र दुलही पक्षका मानिसहरू बीच गाडाका चक्का वा कुनै गहौं चीज उचाल्ने, लाठी वा तलवारबाजी, बाजा बजाउने प्रतियोगिता पनि गरिन्छ। माइतीतिरका विधिहरू सकिएपछि दुलहीलाई त्यही रंगिन बाकसमा राखेर जन्ती सहित फर्काइन्छ। दुलहीसंग आएका जन्तीहरू दुलाहाको घरमा आफुखुसी ४/५ दिनसम्म बस्न सक्तछन्। विवाह पश्चात लोग्ने स्वास्नी छुट्टिए छोरा-छोरीहरू प्रायः आमासँगै रहनेगर्दछन्। लोग्नेको मृत्यु भए स्वास्नीले मृतक लोग्नेको दाजु वा भाइ जोसंग पनि दाम्पत्य जीवन कायम गर्न सक्तछन्।

बर्खी गर्दा सतारहरूको परम्परा अनुसार टाढा टाढाका सम्पूर्ण आफन्तहरू आईनपुगे शवलाई तीनदिनसम्म तेल र बेसारले मल्दै राखिन्छ। आगन्तुक आफन्तहरूले मृतकको हातखुट्टा र मुखमा तेल बेसार दल्दै लास बेरिएको कपडामा आ-आफ्नो गच्छे अनुसार रूपियाँ पैसा बाँधी दिएर लास रहेको कोठाबाट रूँदै निस्कन्छन्। त्यसरी बाँधिएको पैसाले मलामीहरूलाई जाँड रक्सी किनीदिइन्छ। लासलाई जमीन हुनेहरूले आफ्नो जमीनमा र जमीन नहुनेहरूले चिहानघारीमा पुर्न लैजान्छन्। लास गाडिएपनि महिलाहरू लोहटामा पानी लिएर खोल्छामा नुहाउन जान्छन्। लोहटाको पानीले पखालिनु उनीहरूको धारणामा पवित्र हुनु (चोखिनु) हो। लास गाड्ने, नुहाउने कार्य सिद्धिएपछि मलामी र आफन्तहरूलाई सुँगुरको मासु र जाँड रक्सी खुवाएर विदाई गरिन्छ।

आँगनमा वंशीकी माइली छोरी तलामई भाँडा सफा गर्दै दिइन्। वर्णमा उनीहरूको रंग ज्यादै कालो भए पनि भाँडा बर्तन औधी सफा र चमकदार बनाएर राख्नु उनीहरूको प्रमुख विशेषता हो। अर्की छोरी माराङ गोठ सफा गर्दै थिइन्। जम्मा बाह्र जनाको परिवारमा अन्य छोरा-बुहारी, छोरी, नाती नातिनाहरू माइला काजीकहाँ धान गोड्न गएका थिए।

तपाईको सम्झनामा पहिले यो ठाउँ कस्तो थियो? मैले अन्तिम प्रश्न गरें। उनले केही बेर सोचेर भने - "अघि अघि यो ठाउँ खुव जंगल थियो। जहिं तहिं तलाउहरू थिए। हरिण, बँदेल, मृग जस्ता शिकारहरू प्रशस्त पाइन्थे। खाने समस्या पर्दैनथ्यो। हाम्रो (मेरो) मात्र डेढ दुईसय गाई भैंसी थियो। त्यति बेला कुनै दुःख थिएना। आवो त मान्छे धेरै भइसक्यो। हाम्रो झोपडी मात्र बाँकी रहेको छ। यो पनि कुनदिन उखेली दिने हुन, केही टुङ्गो छैना। यति भनेर उनी पश्चिमी आकाश ताक्न लागे। ❑

धारणा

# व्यवहारिकता र व्यवहारवाद

– डि. आर. पोखरेल

व्यावहारिक (Practical) सुझबुझ र तौर तरीकाबाट व्यवहारिकता जाहेर हुने गर्दछ। व्यवहारिकता व्यवहारिक कौशल हो। व्यवहारिक विचारले मनुष्यलाई सत्यको नजीक पुऱ्याईरहेको हुन्छ। सत्य प्राप्तिको लागि निरन्तर सिद्धान्तलाई व्यवहारमा उतार्ने, आदर्शहरूलाई व्यवहारमा प्रयोग गर्ने, अभ्यास गर्ने जस्ता यिनै प्रक्रियाहरूबाट गुज्रिनु पर्ने हुन्छ। मूल आदर्शको वास्तविक प्राप्ति र प्रयोगलाई वास्तविक व्यवहारबाट नै प्रकट गर्न सकिन्छ। यस मानेमा व्यवहारिक पक्षको भूमिकालाई महत्वपूर्ण ठान्न सकिन्छ। तर व्यवहारको नाममा आदर्शबाट कटिएको, सिद्धान्तबाट चुँडिएको व्यवहार सिर्फ व्यवहार वाद (Pragmatism) हुन पुग्दछ। व्यवहारवाद वस्तुगत चिन्तनसित सम्वन्धित हुन्न। यो पूरै मनचिन्ते (Subjective) हुन्छ। त्यसकारण व्यवहारको नाममा यो भयँकर खतरा देखा पर्ने हुन्छ।

व्यवहारवाद भनेको एकदम अवसरवाद हो। यो भाववादी (Idealistic) दर्शनकै उपज हो। अंग्रजीमा यसलाई जुन Pragmatism भनिन्छ, यो Practical भन्दा धेरै अर्थमा यसै कारण फरक छ। वैज्ञानिक सिद्धान्तका अनुयायीहरू दैनिक आवश्यकताबाट प्रभावित हुँदै र आफ्नो सुख स्वार्थसित नजिक हुँदै गएपछि मूल अभिष्टबाट आफू विच्छेदित हुन पुग्दछन् र उनीहरू आफ्नो मनचिन्ते धारणाहरूलाई आदर्शहरूसँग जोड्न खोज्दछन्। यसरी उनीहरू व्यवहारिक भएको घोषणा गर्न पुग्दछन्। र व्यवहारिकताको नाममा व्यवहारवादको अवलम्बन गर्न पुग्दछन्।

व्यवहार उद्देश्यमूलक हुन्छ। त्यो मूल उद्देश्यसित गाँसिएको, त्यसकै प्राप्तिको लागि सहायक भूमिका खेल्ने र त्यसकै पूरक हुन्छ। त्यो समाजको उन्नति प्रगतिसित सरोकार राख्ने तथा क्रान्ति र क्रान्तिकारी हेरफेरको लागि सहयोगी हुने गर्दछ। जब यो नभै व्यवहारको नाममा सीमित सुख-स्वार्थ र मौकालाई उपयोग गर्ने दाउपेच गरिन्छ, त्यो व्यवहारवाद हुन्छ। मूल उद्देश्यबाट विछिन्न, मनचिन्ते धारणा हुन्छ। यसले तत्कालीन वस्तुगत आवश्यकतालाई एकातिर पन्छाएर मौकाको फाइदा उठाउने भन्ने नाममा मौकावादी (Opportunist) भूमिका खेल्दछ।

यहाँ भन्ने गरिन्छ कि "व्यवहारिक बन्नु पर्दछ", "आदर्शले पुग्दैन"। अझै कतै त "व्यवहारिक राजनीति" गर्ने भनिएको पनि सुनिन्छ। अव्यवहारिकको उल्टो व्यवहारिक बन्नु पर्ने खाँचो त छँदैछ। तर व्यवहारको जुन अवधारणा प्रचलित छ, त्यो व्यवहारको उल्टोमा मात्र सीमित छैन, वरू व्यवहारिकताको नै उल्टो छ। त्यो व्यवहारवादसित जोडिएको, अवसरवादी चिन्तन हुन पुगेको छ। "व्यवहारिक" र "व्यवहारवाद"लाई एउटै ठानिएको छ। दुबैलाई छ्यासमिस गरेर गोलमाल गरिएको छ। यसबाट गोलमाले विचार उम्रिएको छ र सम्पूर्ण राजनीतिक चिन्तकहरू, आन्दोलनकारीहरू यसको फन्दामा परेकाछन्। यो चिन्तनमा देखा परेको भ्रम हो। चिन्तन प्रणाली गोलमाल हुनुको कारण यो प्रणाली सही, सटिक र वैज्ञानिक नहुनु हो।

सही चिन्तन प्रणाली (Methodology) भनेको द्वन्दात्मक प्रणाली हो। सबैलाई थाहै छ, यो भौतिकवादलाई हेर्ने वैज्ञानिक पद्धति हो। यही पद्धतिलाई ठीक ढंगले पक्रिन नसक्दा नाना किसिमका गोलमाले विचारहरू पैदा भएका छन्, जसको कारणले आज राजनीतिक आन्दोलन मात्र होइन, सांस्कृतिक आन्दोलन पनि दिग्भ्रमित हुन पुगेको छ। सांस्कृतिक मूल्यहरूको स्खलन भएको छ। यति धेरै सांस्कृतिक पतन हुन लागेको छ कि त्यहाँबाट कुनै सही कुरा जन्मिएला भन्ने आशा गर्नु नै बेकार भएको छ।

आदर्शहरू व्यवहारको नाममा चुँडिएका, काटिएका छन्। सिद्धान्त व्यवहारबाट पर र व्यवहार सिद्धान्तबाट छुट्टाछुट्टै हुँदै गएको छ। व्यवहारको नाममा सिद्धान्तलाई गौण बनाइएका धेरै घटनाहरू छन्। आदर्शबाट च्यूत, सिद्धान्तहीन अवधारणाहरू नै आजको राजनीतिक चिन्तन हुन पुगेका छन्। यसले समाजलाई पूरै वर्वाद गरेको छ।

जससम्म धारणाहरू स्पष्ट हुँदैनन्, जवसम्म जीवन र जगतलाई हेर्ने पद्धति वैज्ञानिक हुँदैन, त्यस समयसम्म आजको अराजक स्थिति रही नै रहने छ। जवसम्म हाम्रो व्यवहारले क्रान्तिलाई टेवा दिने, क्रान्ति-कारी चेतनालाई विस्तार र विकसित गर्ने काम गरिरहेका हुँदैनन्, वा हाम्रा "व्यवहारिकता"ले यो देख्दैन कि हाम्रो व्यवहारले हाम्रो उद्देश्य कतिको पूरा गरिरहेछ, तवसम्म हाम्रा गोलमाले विचारहरूले हामीलाई वर्वाद गरिरहने छन्। ❑

# विचार-अन्तर्क्रिया किन, कसरी?

## "विसर्जनवाद" भनेको के होला?

- खगेन्द्र संग्रौला

अहिले म जे लेखिरहेको छु, अनौपचारिक ढंगले लेखिरहेको छु। औपचारिकतामा लोलोपोतो हुन्छ, छलछाम हुन्छ। कुटनीतिमा कपट हुन्छ। तर अनौपचारिकतामा आँखाले देखेका र मनमा लागेका कुरा ज्यूँकात्यूँ मनिन्छ। सरल भाषामा, सोझासोझी र हाक्काहाक्की। अनौपचारिक लेखाईमा पढ्नेका मनतिर फर्केर बिनामुलाहिजा आफ्ना मनका कुरा पोखिन्छ। भावना र विचारको यस्तो लेनदेनमा अलिकता आत्मीयता होला, पत्यारिलोपना होला। एक अर्काका मनका भावना खुला दिलले भन्दै र सुन्दै जाँदा भन्ने र सुन्नेका बीचमा निकटता बढ्ला, मितेरी मौलाउला।

हाम्रै "मूल्यांकन" पत्रिकाबाट म कुरा थालूँ। "मूल्यांकन" - को गाताको बाहिरी पातोमा "विचार-अन्तर्क्रियामुखी" भनी हामीले लेख्ने गरेका छौं। यसो भनेर हामीले के भन्न र के गर्न खोजेका होला? हामी वामपन्थीहरू विचारले समूहवादी हौं। तर सोचाइ र व्यवहार गराइको पारा मिलाउन नसक्दा हामी आफूले चिताए जस्ता मानिस हुन सकेनौं। मनाइ अनुसारको गराइ हुन नपाउँदा हाम्रो वामपन्थी आन्दोलन फराकिलो, दरिलो र फलदायी हुन पाएन। धेरै लडाईं लडियो। धेरै भाइ-बन्धुहरूले कारागारको कष्ट झेले। धेरै सपुतहरूले ज्यू-ज्यानको बली चढाए। तर वीरहरूको जीवन आन्दोलनको उही फेरोमा फन्फनी घुम्दो छ। सयौं हजारौं मानिसहरू जीवनको नयाँ ढोका उघार्ने रहरले मरि मेटेर आन्दोलनमा लागेका छन्। अटुट प्रयत्न भइरहेका छन्। बडाबडा जुलुस, बडाबडा आमसभा, गजपगजपका भाषण भइरहेका छन्। तर शोषण र अन्यायको जरो उखेल्ने ह्याउ भएको चेतना, चरित्र र शक्ति निर्माण भएको छैन। नभएको कुरालाई छ भनेर धक्कू लाउनु पर्ने हाम्रो मर्का छ। भाइ-बन्धुमाझ नढाँट्ने विचारको वाचा बाँधेका हामीले नढाँटी नहुने खण्ड परेको छ। ढाँट्दै जाँदा ढाँट विरोधी संग्राममा जुटेका हामीहरू आफैं ढाँटका पोस्तक पो भइएला कि भन्ने ठूलो डर छ। यसै डरबाट मुक्त हुने आसाले र क्रान्ति-यात्राको बाटो पहिल्याउनमा अगुवा वीरहरूलाई अलिकता सघाउन सकिएला कि भनेर हामीले "मूल्यांकन" झिक्न थाल्यौं।


फेरि उही कुरा उठ्यो - "विचार - अन्तर्क्रिया" भनेको के हो? कुरा गर्नलाई हामीसँग राम्रा कुरा मनग्ये छन्। हाम्रो सोचाइ र गराइको शैली जनमुखी हुनुपर्छ भनी हामी भन्छौं। जनमुखी शैली भनेको के हो र त्यो चाहियो किन? त्यो के हो र त्यो किन चाहियो-भने जनजीवनका गाँठा परेका उल्झनहरू सुल्झाउन एक जनाको बुद्धि र चतुर्‍याइँ मनग्गे हुँदैन। धेरै जनाको ज्ञान र अनुभव सँगालेर त्यसलाई एकै सिलसिलामा उन्न सक्दा हाम्रा विचारहरू दरिला, खँदिला र भरपर्दा हुन सक्लान्। यस्ता विचारको सहाराले लक्ष्यतर्फ लम्कने बाटो उघार्न सजिलो पर्ला। एक थुकी सुकी, हजार थुकी नदी भन्ने हाम्रा बुद्धिमान पुर्खाहरूले रचेको कति राम्रो अहान छ। सोही अहानलाई गुरू थापेर हामीले भनेका हौं - "विचार - अन्तर्क्रियामुखी"।

अन्तर्क्रिया गर्नु भनेको कुनै जल्दोबल्दो विषयमा अरूका कुरा सुन्नु र आफ्ना कुरा सुनाउनु हो। पुस्तकबाट सिकेका र आफ्नो जीवनको सेरोफेरोबाट टिपेका ज्ञानगुनका कुराका आधारमा भन्दै र सुन्दै, तर्क-वितर्क र वहस-विवाद गर्दै जाँदा धेरै बन्धु-बान्धवहरूका विचारहरू एकमुष्ठ होलान्। यसरी एकमुष्ठ भएका खँदिला विचारले हाम्रा दृष्टिलाई तिखार्न सघाउ पुऱ्याउलान्। भन्ने र सुन्ने सिलसिलामा एक अर्कालाई भित्रैदेखि चिन्ने राम्रो चानस पर्ला। एक अर्काको रूचि र अरूचि, सबल र दुर्बल पक्षको जानकारी पाउने मौका मिल्ला। यसरी पाएको चिनारीले एक अर्काका रूचिको र अरूचिको समेत सम्मान राख्दै नयाँ जीवन निर्माण गर्ने - चुसाइ र थिचाइबाट फुक्का भएको जीवन निर्माण गर्ने - बाटोमा एक गठ हुन हामीलाई सघाउ पुऱ्याउला। हामीले चिताएको "विचार-अन्तर्क्रिया" को शैली र उद्देश्य यही हो।

हामी वामपन्थीहरूलाई ठूला शब्द प्रयोग गर्न बडो मजा लाग्छ। नढाँटी भन्ने हो भने-यो हाम्रो दीर्घरोग जस्तो भएको छ। "मूल्यांकन" को पहिलो अंक निस्केपछि यसबारे एउटा प्रतिक्रिया हामीछेउ आयो। केही मित्रहरूले छापा मार्फत् हामीलाई सुनाए - "मूल्यांकन" ले विसर्जनवादको बाटो समात्यो। "विसर्जनवाद" धेरै ठूलो शब्द हो। हाम्रा धेरै पाठकहरूलाई यसको सही अर्थ थाहा नहुन पनि सक्छ। तर यस्ता ठूलठूला शब्दहरूको प्रयोगबाट हुनसक्ने हानिनोक्सानीबारे भने हामीलाई अलिकता थाहा छ। जसले यस्तो कुरा भने, उनका प्रभावमा रहेका र उनका कुरा खानेहरूले विसर्जनवादको अर्थ बुझे पनि नबुझे पनि ठाने हुनन् - अगुवाले विसर्जनवाद भनिसकेपछि "मूल्यांकन" ले समातेको बाटो विसर्जनवादै हो। अर्थात् कुनै किसिमको गलत बाटो। त्यसैले अगुवाले ठहर गरिसकेको यस्तो विखालु पत्रिका पढ्नु हुँदैन। कतिपय साधारण पाठकले ठाने हुनन् - "मूल्यांकन" खतरनाक पत्रिका हो। किनभने, यसले के जाति विसर्जनवाद अँगालेको छ, त्यसैले यस्तो पत्रिका पढ्नु खतरनाक हुन्छ।

"विसर्जनवाद" भनेको के होला? सजिलो र झर्रो भाषामा भन्ने हो भने विसर्जनवाद भनेको क्रान्तिको उद्देश्यलाई बैरीका पाउमा चढाईदिने वाद हो। के "मूल्यांकन" ले विसर्जनवादको बाटो समातेकै हो त? हुनसक्छ। यसका खास-खास लेख-रचनामा, कतै छेउ-कुनामा, कतै अन्तर-कुन्तरमा विसर्जनवाद लुकेको हुनसक्छ। तर मसिनोसँग नकेलाइकन, पक्ष-विपक्षमा तर्क वितर्क नगरीकन, बहस-विवादमा धेरै मानिसहरूलाई भाग लिने औसर नै नदिइकन कसैले फलानो विसर्जनवादी नै हो भनिदिंदा हाम्रा विचारहरूले खेल्ने खारिने मौका पाउँदैनन्। मेरो विचारमा यो अन्तर्क्रिया भएन। बरू यो त एकल - क्रिया भयो - हुकुमी शैलीमा गरेको ठाडो फैसला। हुकुमी शासनमा हुकुमी शैलीको हाली मुहाली चल्छ। राजाले हुकुम दिन्छ, प्रजाले मान्छ। नमान्नेलाई ठिंगुरा ठोकिन्छ। साहु-सेठले हुकुम दिन्छ, गरीब-दुःखीले हुकुम मान्छ। नमान्नेलाई मास्न खोजिन्छ। लोग्नेले हुकुम दिन्छ, स्वास्नीले मान्नुपर्छ। नमाने निकाला गरिन्छ। पुरेतले हुकुम दिन्छ, जजमानले मान्छ। नमाने नर्क जाने सराप दिइन्छ। हुकुम दिनु र हुकुम मान्नु जनशैली होइन। जनशैलीमा त तर्क-वितर्कलाई मनग्ये ठाउँ हुन्छ। सबैलाई सोच्ने, वहस-विवादमा भाग लिने, चित्त बुझेका कुरा सकार्ने, चित्त नबुझेका कुरा नकार्ने हक हुन्छ। थोरैले सोच्ने, धेरैले तिनका कुरा मान्ने रीतिथितिले जी हजूर जन (Yes man) जन्माउँछ। जी हजूर जनको सहाराले जनवाद खडा गर्न गाह्रै पर्छ। संजोगवश खडा भइहालेछ भने पनि त्यसलाई थामिराख्न मुश्किल पर्छ। बडाबडा क्रान्ति गरेर खडा गरेका कत्रा कत्रा समाजवाद सजिलै ढलेका उदाहरण हाम्रै मुखेन्जी छन्। समाजवाद ढल्नाका कारण एक हैन, अनेक होलान्। तर मलाई लाग्छ, माथि शासनमा बसेकाहरूले तलकाहरूलाई जी हजूर जन बनाउन खोज्नु पनि एउटा गाँठी कारण हुनु पर्छ। त्यसैले घरका र बाहिरका, हिजोका र आजका हाम्रा अनुभवले हामीलाई अर्ती दिइरहेका छन्- आफ्ना माझमा हैकमवादलाई मासेर जनवाद अँगाल्न सिकौं। र नै "मूल्यांकन" - ले मनेको हो - सही र गलत कुराको कपडछान गर्नलाई अन्तर्क्रिया गरौं।

कुनै दिन विसर्जनवादी हुनुपर्ला भन्ने विचारले कोही पनि मार्क्सवादी हुँदैन। पछिपरन्तुमा गद्दार हुनुपर्ला भन्ने आसाले कोही पनि क्रान्तिकारी हुँदैन। परिस्थितिको फन्दामा परेर कसैले बाटो बिराउन थाल्यो भने सद्दे अवस्थामा रहेकाहरूले त मुनासिप ढंगले खबर-दारी गर्नु पर्ने हो। एकै झमटमा फलानो सड्यो है भन्दिने हो भने सद्देहरूको संख्या कसरी बढ्न पाउला र? सद्देहरूको संख्या बढ्दै नगए अगुवाहरूको योग्यता कसरी सही सिद्ध होला? फेरि, उही उद्देश्य अँगालेका मानिसहरूमा झ पनि जीवनमा उभिएको



- खगेन्द्र संग्रौला

**मसिनोसँग नकेलाइकन, पक्ष-विपक्षमा तर्क वितर्क नगरीकन, बहस-विवादमा धेरै मानिसहरूलाई भाग लिने औसर नै नदिइकन कसैले फलानो विसर्जनवादीनै हो भनिदिंदा हाम्रा विचारहरूले खेल्ने खारिने मौका पाउँदैनन्। मेरो विचारमा यो अन्तर्क्रिया भएन। बरू यो त एकल - क्रिया भयो - हुकुमी शैलीमा गरेको ठाडो फैसला।**

ठाउँ हेरी सोचिने कुरा र बोलिने भाषामा केही न केही फरक त परिहाल्छ। त्यसैले कुनै विषयमा कसैको मत आफ्नो भन्दा अलि बेग्लो हुँदैमा ठूलाठूला शव्द अघि सारेर फतुर लाइहाल्नु पनि त जनशैली नहोला। कसैले मुनासिप तर्क नसुन्ने, एकोहोरो ढिपी नछोड्ने मति लिएमा त्यस्ताका मनसुवामाथि शंका गर्नु त जाती नै होला। तर विचार साटासाट् गरौं, मिलीजुली विचार माझौं, साझा बुद्धिले जीवनको बाटो उघारौं भनी कोही अघि सर्छ भने उसको विचार आफूलाई चित्त बुझेन भन्दैमा प्वाक्क तँ विसर्जनवादी भनिदिंदा शुद्ध र सद्दे आफू र आफ्ना एकाध जी हजूर जन मात्र रहने डर पो होला कि। जनवादले भन्छ- सिंगो समाजलाई र आफूलाई स्वराबबाट असलमा फेर्न धेरैभन्दा धेरै मानिसको मिलिमतो हुनुपर्छ। सबैले आफ्नै जस्तो भाषा बोलून्, आफ्नै जस्तो शैलीमा सोचून्, लुरूलुरू आफ्ना पछि लागून् भनी चिताइयो भने एकताको गोली कसरी फराकिलो होला? फराकिलो एकता बेगर जनवल कसरी बढ्ला? जनवल नब्रढे कुन तागतका सहाराले हैकमवाद ढलेर जनवाद आउला?

मानौं कि हरिबहादुर भन्ने कुनै मानिस छ। हरि बहादुर जनताको शत्रु हो कि मित्र हो भनी हामीले निधो गर्नु छ। ठूलो आसनमा बसेको कुनै अगुवाले प्वाक्क भन्देला - हरिबहादुर भन्ने "त्यो हरे हरामी हो।" र बडाले भनेको कुरा बेसै होला भन्ठानेर चेलाचपेटाहरूले आँखा चिम्लेर होमा हो मिलाउलान् - हो "हरे" भनेको हरामी नै हो। हरिबहादुरका विचार र व्यवहारका गुण र दुर्गुण मसिनोसँग सांगापांगो नकेलाई यसरी होमा हो मिलाउँदा उसलाई साँच्चि नै चिन्ने काममा तलबितल नपर्ला र? त्यसैले हामीले भनेका हौं - जीवनलाई फेर्न सही बाटो ठम्याउन भाइ-बन्धुहरूमाझ हैकमवादी शैलीमा हैन, जनवादी शैलीमा हाक्काहाक्की विचार-अन्तर्क्रिया गरौं।

□

८ असोज २०४९
चाबहिल, काठमाडौं।


**Always Remember Us For:**

Water Turbine, Steel Structures & Workshop Facility with Up To Date Machine

Complete Hydropower Generating Equipment, Trusses, Suspension Bridges, Steel Furnitures & Other Mechanical Engineering Works.

*Please contact us for your service at:*

**Balaju Yantra Shala (P) Ltd.**

Balaju Industrial District
Balaju, Kathmandu. P.O. Box 209
TEL: 272147, 270894. Fax: 977-1-272379 Tlx: 2429 BYS NP


# जन-आन्दोलन पछाडिको नेपाली साहित्य र यसका समस्याहरु

## नेपाली तथा नेपालभाषाका सृजनरत सहित्यकारहरू दुर्गालाल श्रेष्ठ, पूर्ण विराम, आहुति तथा बासुदेव अधिकारीको विचार

*"मूल्यांकन" को वर्ष १०, अंक ५ मा हामीले जन-आन्दोलन पछाडिको नेपाली साहित्यको स्थिति-बारे समालोचकहरू निनु चापागाई र राजेन्द्र सुवेदीका विचारहरू प्रस्तुत गरेका थियौं। समालोचकहरूको आँखाबाट वर्तमान नेपाली साहित्यको स्थितिलाई बुझ्न यसले पाठकहरूलाई मद्दत पुऱ्याएको पाइयो।*

*थुप्रै नेपाली वीर-सपूतहरूको त्याग-बलिदानबाट प्राप्त हालको बोल्ने, लेख्ने स्वतन्त्रतालाई लेखक-कलाकारहरूले अति उत्साहपूर्वक प्रयोग गरेको हुनुपर्ने, लेखन-क्षेत्रमा स्पष्ट रूपले तीव्र गति देखा परेको हुनु पर्ने।*

*तर आम जनताको यो आकांक्षा पूरा नभइरहेको वर्तमान सन्दर्भमा यसपल्ट हामीले चार जना सृजनरत प्रगतिशील साहित्यकारहरूसंग हालको साहित्य क्षेत्रको समस्या र समाधानबारे केही प्रश्नहरू सोधेका थियौं। साहित्य-सर्जकहरूकै आँखाबाट साहित्य क्षेत्रको वर्तमान स्थितिबारे अरू गहिराइपूर्वक बोध गर्न सघाउ पुऱ्याउने आशा राख्दै उहाँहरूका जवाफहरू यहाँ प्रस्तुत गरेका छौं - संपादक*



### विडम्बनाको बुँख्या:चा ठडिएको छ हाम्रो साहित्यिक फाँटमा

- दुर्गालाल श्रेष्ठ

***वर्तमान नेपालका साहित्य गतिविधिहरू-बारे तपाईको धारणा के छ?***

**दुर्गालाल श्रेष्ठ** - किंकर्तव्यविमूढ टोलाउँदैछन् जनता आफ्नै त्याग र बलिदानले हात लागेको यो बिब्ल्याँटो वर्तमानलाई देख्दै। जन-मानसको यो असा-धारण स्थितिलाई आजको हाम्रो साहित्यले मूर्त रूप दिन सकिरहेझैं लाग्दैन। कलमहरू चुले तापनि मात्र चल्दैछन् यसरी, कुनै बज्रचपेटले चोइटिएको होश खोज्न जसरी चल्छन् बेहोशमा हातहरू।

परिवर्तन? ........ हो, मात्र यस मानेमा कि पाएका छन् पाउनुको नाममा कांग्रेसले सत्ता, विपक्षले भत्ता। जनता कत्ति पनि मुक्त छैनन् उत्पीडनबाट, फरक यति हो, हिजो उनीहरूमाथि नारायणहिटी दरबारका चाकडीबाजहरू खनिन्थे त आज दिल्ली दरबारका ताबेदारहरू। खै, के नाप्यो यो परिवर्तनले? आर्थिक, सामाजिक ..... आदि इत्यादि जनजीवनका पक्ष मध्ये, मात्र एउटै पनि कुनै त्यस्तो पक्ष छैन, जसलाई सकार्न सकून् जनताले परि वर्तनको नाउँमा। त्यसमाथि झन् राष्ट्रिय स्वाधीनता त यति खतरापूर्ण विन्दुतिर पुग्दैछ - सझिदै पनि कहाली लाग्छ। म चाहन्छु, हाम्रो साहित्यमा यी कुराहरू टड्कारिदै आउन्।

**पूर्ण विराम** - वर्तमान नेपालको साहित्यिक गति-विधिको सम्पूर्ण जानकारी मलाई छैन। मैले पढ्ने गरेका अख-वारहरू मार्फत् आइपुगेका रचनाहरूका (समाचारहरूका) आधारहरूलाई मैले साहित्यिक गतिविधिहरू मान्नु पर्ने हुन्छ। साहित्यिक गतिविधि संचालन गरेर, साहित्यको आडबाट राजनीति गर्दै जसलाई सत्तामा पुग्नु थियो या सत्ताको नीकट पुग्नु थियो, उहाँहरूको कार्य यसबेला समाप्त भएको क्षण गुज्रिरहेको जस्तो देखिन्छ। तसर्थ उहाँहरू मार्फत् साहित्यिक गतिविधि संचालनार्थ केही कदम उठ्लान भन्ने भ्रममा म छैन। प्रजातन्त्र आएपछि एउटा उखान - "खोला तऱ्यो लौरो बिर्स्यो", वास्तवमा प्रकृत कुरो रहेछ भन्ने ठहर मबाट भएको छ। साहित्यिक गतिविधिहरू चलायमान हुन् या सुषुप्त अवस्थामा रहून् अब त्यसले मलाई कुनै असर पार्दैन। मेरो लेखकीय धर्म के हो, अब म लाखेहरूबाट सुन्न वहिष्कार गर्छु। यसबेला मलाई साहित्यिक गतिविधिहरूबाट टाढा राख्ने चेष्टा ज-जसले गरिरहेका छन्, ती चेष्टाहरूलाई म कुनै मूल्य प्रदान गर्दिन। म जुन दर्शनमा आस्था राख्छु त्यसकै सरहदभित्र समाधिस्थ हुन चाहन्छु। मेरो कर्तव्यभित्रको साहित्यिक गतिविधिमा केही ह्रास आएको छैन। मुकुण्डाधारीहरूबाट मेरो मूल्यांकन न नहोस् भन्ने मेरो चाहना छ। आफ्ना रचनाहरू मार्फत् मुकुण्डाहरू पगाल्नु मेरो यस बेलाको साहित्यिक गतिविधि हो।

**आहुति**- यहाँ नेपालको साहित्यिक गतिविधि-बारे प्रश्न राखिएको छ, त्यसैले त्यसभित्र विभिन्न



**मेरो लेखकीय धर्म के हो? अब म लाखेहरुबाट सुन्न बहिस्कार गर्छु**

*- पूर्ण विराम*

भाषासँग सम्बद्ध साहित्यको चर्चा गर्नु पर्ने होला तर आफू नेपाली भाषा साहित्यसँग मात्र विशेषतः सम्वद्ध हुनाले त्यसै सीमाभित्र मात्र थोरै टिप्पणी गर्ने छु।

वर्तमानमा नेपालको साहित्यिक गतिविधिबारे चर्चा गर्दा रूपमा विभिन्न धारा, उपधाराहरू देखापरे पनि सारमा विगतमा झैं दुई खाले साहित्य नै आपसमा द्वन्द गरिरहेको अवस्था छ। तर यो द्वन्द पंचायती कालमा जुन तीव्र थियो, अहिले सुस्त छ। हिजोका पंचायतका हण्डी खानेहरू, पंचायती सत्ता तानाशाहीसम्मको विरोध गर्नेहरूदेखि विभिन्न धर्मका भजन कथ्नेहरू समेत यो २ वर्षमा एउटै किल्लामा उभिएका छन् र टेलिभिजन, रेडियो, प्रज्ञा प्रतिष्ठान, साझाप्रकाशन लगायतका संचार माध्यमहरू मार्फत् व्यक्त भैरहेछन्। उनीहरूमा साँस्कृतिक मूल्य मान्यताहरू एवं वर्ग सत्व समेत एउटै भएकाले एक आपसलाई "सुन पानी" हाल्ने क्रममा व्यस्त छन्। यही जमातले नै अहिलेको यथास्थितिवादी साहित्यिक धाराको प्रतिनिधित्व गर्दछ। यो धारा ""गुणको विरूद्ध मात्राको रणनीति"" अन्तर्गत बढिरहेछ र भविष्यमा आक्रामक रूपमा आउने देखिन्छ।

त्यसपछि अर्को साहित्यिक किल्ला भनेको समाजवादी यथार्थवादी धारा नै हो। यो धाराका साहित्यकारहरू प्रत्यक्ष वा परोक्ष रूपमा विभिन्न कम्युनिष्ट पार्टी वा तिनका विचारसँग सम्वद्ध देखिन्छन्, वर्तमानमा यो धारा दुःखदायी हदसम्म निस्कृय छ। साझा सहमतिमा चलेको प्रलेस केही व्यक्तिहरूलाई भारी बोकाउने र अरू भाग्ने वा आलोचनाको निमित्त टाढा बसेर हेर्ने थलोको रूपमा छ। कम्युनिष्ट पार्टीहरू मातहतका साहित्यिक मोर्चाहरू नाममा मात्रै छन्। साहित्यिक पत्रिकाहरू बन्द हुनकै लागि झैं निक्लन्छन्। लेखकहरूको साँस्कृतिक सैद्धान्तिक स्तर न्यून छ र अधिकांशतः निजी सम्पत्तिको बन्दोवस्तमा व्यस्त छन्। यस्तो स्थितिमा सबैले गम्भीरतापूर्वक नसोच्ने हो भने थुप्रै न्यून सैद्धान्तिक स्तरका साहित्यकर्मीहरू प्रतिध्रुवमा हामफाल्ने छनक देखिन्छ भने थुप्रैमा निरासा छाउने देखिन्छ।

**वासुदेव अधिकारी-** वर्तमान नेपालको साहित्यिक गतिविधि त्यति प्रभावकारी र उल्लेखनीय छैन। खुला र खुकुलो परिवेशमा साहित्य झनै मौलाउनु पर्ने, झनै फैलिनु पर्नेमा परिणाम सुल्टो हुन सकेको अनुभूति मलाई छैन। साहित्यलाई राजनीतिले किचेको छ, साहित्यकार स्वयंलाई ऊ भित्रको राजनीतिक तत्वले पछौटे बनाइरहेको छ। साहित्यिक गतिविधि शून्य त छैन तर त्यसले गुणात्मक फड्को मार्न सकेको छैन। राजनीतिको छायाँमा धमिलिएका लेखकहरू स्वयंले साहित्यिक/साँस्कृतिक गरिमा-बोध नगरूञ्जेल जति गोष्ठीहरू भएपनि तिनमा जीवन्तता आउन सक्दैन। यसर्थ भएका गतिविधिहरूमा पनि औपचारिकताको मात्रा बढी छ। साहित्यिक प्रकाशन शून्य प्रायः छ। खुला बजारमा यौनोत्तेजक पत्रिकाहरूले साहित्यिक पत्रिकाको बजारलाई मिचेको छ। धमाधम मर्दैछन् वा मर्नको निम्ति खुट्टा तान्दैछन्, आँखा बटार्दैछन्- साहित्यिक पत्रिकाहरू। पार्टीहरूले साहित्य, संस्कृति, कलामा लगानी गर्दा सत्ता फल्दैन, भोट फल्दैन वा कुर्सी उम्रिदैन मन्ठानेका छन्। संरक्षणको अभावले पनि गतिविधिमा स्फूर्ति छैन। एकाध ठाउँमा बाहेक जे जस्ता गतिविधि साहित्यमा देख्न पाइन्छ, त्यसमा अवसरवाद उन्मुख चेतना अहिले बढी छ। साहित्यकार स्वयंले साहित्यलाई अपहेलना गरेको र पाठकहरूले त्यसमा सही थापेको जस्तो अनुभूति मलाई भइरहेको छ। यसो हुनुमा विभिन्न कारणहरू छन् जसले साहित्यिक गतिविधिको जीवन्तता चोरिदिएको छ।

## एउटा सृजनरत साहित्यकारको हैसियतले तपाईंले हाल के के समस्याहरू सामना गरिरहनु भएको छ?

**दुर्गा लाल श्रेष्ठ-** मेरो साहित्यकार अगाडि "सृज-नरत" भन्ने यो अनर्थक विशेषण किन? कृपया, यसरी लज्जित नतुल्याउनुस् मलाई। मेरो लेखन कति पनि नियमित छैन, त्यसमाथि झन् नेपालीमा त आकलझुकल मात्र। अर्को एउटा नपच्ने कुरो - मित्रहरू मलाई "प्रगतिशील" भन्नुहुन्छ, जब कि प्रगतिशीलताको मोहवश मैले आजसम्म कलम चलाएकै छैन। निम्न वर्गीय समाजमै हुर्किएको हुँदा उसको दुःख सुखमा पग्लिने गुण, दोष के हो, यो भने अलिक छ मसँग। शायद यसैले होला, अनायासै पनि मेरो कलम त्यो वर्गप्रति सहानुभूतिशील हुन पुग्छ।

अब आयो कुरो समस्याको। जहाँ जीवन छ, त्यहाँ समस्या त हुन्छ नै। समस्यासित जुझ्नु नै जीउनु हो। तर साँस्कृतिक मोर्चाका जुझारू योद्धाको निम्ति निर्भीकताभन्दा पनि सय गुना बढी कुशलताको आवश्यकता हुन्छ। कुनै पनि लेखक, यदि उसमा विशुद्धता छ भने, कठोरभन्दा कठोर परिस्थितिमा पनि, आफ्नो लेखकीय व्यक्तित्व जोगाएर बाँच्न सक्छ। साहित्य वास्तवमा निर्भीकतापूर्वक भन्नु होइन, कुशलतापूर्वक भन्नु हो। व्यवस्थाका कट्टर विरोधी भएर पनि विगतको निर्दलीय निरंकुशताले निल्न नसकेका कलाका कवचधारी साहित्यकार नै हाम्रा आदर्श हुन्।


आज दलीय व्यवस्था छ। अरू झैं म पनि दलभित्र प्रतिवद्ध हुन सक्छु, तर म मेरो "लेखक" लाई त्यो प्रतिवद्धताभित्र कदापि राख्न सक्तिन। त्यो, त्यो हो - नितान्त त्यो, जसको आफ्नै स्वायत्तता छ। शायद सर्जक हो - उसको नाम। छन त, यहाँ प्रशस्त छन् साहित्यिक प्रकाशनहरू, तर कुनै गुटपरस्त छन् त कुनै मुखपरस्त। यिनीहरू सृजनशीलताको मर्म बुझ्दैनन्। यिनीहरूका पनि दुई दाँत छन्-देखाउने र खाने दाँत। त्यसैले यहाँ प्रायशः निर्देशित सिपाही पुरस्कृत हुन्छन्, सृजनशील लेखक घरका न घाटका भै अलपत्रिन्छन्। यही विडम्व-नाको बुँख्याःचा ठडिएको छ हाम्रो साहित्यिक फाँटमा।

**पूर्ण विराम-** मैले सामना गरिरहेका समस्याहरू मध्ये मूल समस्यामा, जो अत्यन्तै रइस छन् तिनीहरू सबैलाई एंगेल्स मानिरहनु परेको छ। संवैधानिक राजतन्त्र स्वीकारेपछि पनि तिनीहरूलाई मार्क्सवादी मानिदिनु पर्ने वाध्यताको सामना मैले गरिरहनु परेको छ। अवसरवादको मार्गमा अग्रसर भएर यस बखत मलाई आप्तहरूले कोपरि रहेका छन् र यो एउटा ठूलै सकसको मैले सामना गरिरहनु परेको छ।

**आहुती-** मैले सामना गर्नु परेको समस्या भनेको सिंगो प्रगतिवादी साहित्यिक आन्दोलनकै समस्या हो जस्तो लाग्छ। त्यसैले अहिलेको मूल समस्या त दृष्टिकोणको समस्या नै हो। अधिकांश पुराना एवं नवोदित श्रृजनकर्मीहरूमा द्वन्दात्मक वस्तुवादी चिन्तनको न्यूनता भेटिन्छ, के लेख्ने र किन लेख्ने? भन्ने समस्याले पिरोले जस्तो लाग्छ। साहित्यकारहरूमा जनताबाट सिक्ने र जनताको सेवा गर्ने चोखो भावना अनुरूप निरन्तर लागिपर्ने र आफूलाई फेर्ने मनस्थिति देखिदैन। जनताको, विशेष गरी, भोकानाङ्गा शहर र गाउँका गरीवहरू, मजदूरहरू, उत्पीडित जनजाति एवं "अछुत" जातिका माझमा जाने र उनीहरूको समस्यालाई चित्रण गर्ने दृष्टिकोण हाम्रो आन्दोलनले ग्रहण नै गरेन, अझै पनि निजी सम्पत्ति वा स्वार्थमा धक्का लाग्दा "त्याग गरें" भन्ने मानसिकता छ। शारीरिक श्रम एवं कष्टकर जीवनबाट भागेर श्रमको गुणगान गर्नाले गरीवहरूको मुक्ति नभै उनीहरूप्रति दया गर्ने किसिमको साहित्य पो जन्मदो रहेछ। पीडादायी कुरा त के भएको छ भने-भोकानाङ्गा जनताको माझमा बसेर लेख्ने दीनवन्धु, गाउने साइला आदिका नाम साहित्यिक फाँटमा कसैले चिन्दै चिन्दैन। यही समस्या नै प्रमुख समस्या हो जस्तो लाग्छ। दोस्रो समस्या, साँगठनिक एवं प्राविधिक समस्या हो। हामीसंग बलियो संगठन छैन, संगठित रूपमा प्रकाशन, प्रचार-प्रसार, अर्थ व्यवस्था ठीक छैन, तर त्यसतिर धेरैलाई मन दुखाई बाहेक खासै चासो भए जस्तो पनि लाग्दैन। विविध समस्याहरूको जडमा यिनै दुई समस्या नै हामीले सामना गर्नु परे जस्तो लाग्छ।

**वासुदेव अधिकरी-** चौवीस घण्टाको दिनमा भात कमाउने उद्यममा १२।१५ घण्टा लाग्नु पर्ने, सुत्नु खानुको समयका अतिरिक्त सामाजिक काममा लाग्नु पर्ने लेखकले दिनमा कति घण्टा लेख्न पाउला? सोचनीय विषय छ। तपाईंको प्रश्नको उत्तरको मूल जरो पनि यहीँनेर छ।

एउटा सिर्जनशील लेखकलाई लेख्नको निम्ति, चिन्तन गर्नको निम्ति समय चाहिन्छ। समय त्यति सस्तो



**दीनवन्धु, गाउने साईंला आदिका नाम साहित्यिक फाँटमा कसैले चिन्दै चिन्दैन**

*- आहुति*



## पार्टीहरुले साहित्य, संस्कृति, कलामा लगानी गर्दा सत्ता फल्दैन भन्ठानेका छन्

*- वासुदेव अधिकारी*

छैन - त्यसलाई त लेखकले भात कमाउने काममा हतियार बनाई अहोरात्र प्रयोग गर्नु पर्छ। त्यसैले अहिले लेखकको मूल समस्या भात खाने समस्या हो, त्यसपछि उसको समय-शोषण गर्न पल्किएका अन्य सामाजिक प्रवृत्तिहरू दोस्रो समस्याको रूपमा आउँछन्। लेखिएका कुराहरू समयमा प्रकाशन गर्न नसक्नु पनि अर्को मूलभूत समस्या हो। सामाजिक कार्यकर्ताको हैसियतले आफ्नो लेखनलाई लामो समयसम्म पनि सुम्सुम्याउन नपाउनु मेरो निम्ति यदाकदा समस्याको विषय बन्छ।

पैसा केन्द्रित हुँदै गएको समाजले टिकाटिप्पणी त गर्ने नै भो। मेरो विशिष्ट स्थितिमा समयाभाव समय-शोषण मुख्य समस्या हो लेखनको निम्ति। लेखनलाई फुर्सदको समयमा गर्ने काम भन्ने आफ्नै सोचाइ पनि बाधक छ सिर्जनाको निम्ति।

***यी समस्याहरूको समाधानका लागि उपायहरू के के हुन सक्छन्?***

**दुर्गालाल श्रेष्ठ**- साहित्य जनतासम्म पुग्नलाई साहित्यमा जनता हुनु पर्‍यो। क्षणिक उपादेयता बोकेको साहित्य लहरेपीपल हो, जो आँधीको छेस्को धक्काले पनि ढल्छ। जनताको मन बलियो पार्ने साहित्य चाहियो - विशुद्ध साहित्य। तसर्थ साहित्यसँग सम्बद्ध सम्पूर्ण संस्थाहरूले विनापूर्वाग्रह यही विचारमा केन्द्रित भएर सोचिदिनु नै समस्याको समाधान हुनु हो।

**पूर्ण विराम**- उल्लेखित सस्याहरूको समाधानका निम्ति मैले धैर्यको साथसाथै भ्रम चिर्ने साहसहरूका भार हरू कति पनि विचलित नभई बोक्नु पर्ने हुन्छ। म त्यसो गर्छु।

**आहुति**- माथि भनिएका दुई मूल समस्याको समाधानका लागि दुई खाले योजनाको जरूरी हुन्छ। दृष्टिकोण निर्माण गर्ने काम र बलियो संगठन एवं संस्थाहरूको व्यवस्था मिलाउने कामलाई दीर्घकालीन योजना-भित्र राखेर तत्काल गर्नु पर्ने कामका योजनाहरू बनाइनु जरूरी छ। तत्काल गर्नु पर्ने कामहरूमा जहाँ जति श्रृजनकर्मीहरू जम्मा हुन सक्छन् वा चाहन्छन्, त्यतिबाटै समस्या समाधानका लागि छलफलहरू शुरूवात गरिनु पर्दछ। शहरमा बस्नेहरूले शहरमा र गाउँमा बस्नेहरूले गाउँमा भोकानाङ्गा गरीवहरू, मजदूरहरू, उत्पीडित जनजाति एवं "अछुत" जातिका समस्याको नजीक पुग्न तिनीहरूको बस्तीमा जाने काम सामूहिक वा व्यक्तिगत रूपले तुरून्त जति सम्भव हुन्छ थालिनु पर्दछ। तर फेरि यो काम सिकाउने वा धुत्ने मनःस्थितिबाट नभै जनताबाट सिक्ने र जनताको सेवा गर्दै आफूलाई फेर्ने ध्येय अनुरूप हुनु पर्दछ। साहित्यकारहरूका स-साना टोलीहरू बनाई देशका विभिन्न समस्याले ग्रस्त इलाकाहरूमा भ्रमणमा जाने, साहित्यकारहरूले वर्षमा केही दिन नै भएपनि शारीरिक श्रममा भाग लिने र बराबर श्रम शिविरहरू संचालन गर्ने साथै जनताको लागि दुःखकष्ट झेल्दै हिड्नु हुने क्रान्तिकारी योद्धाहरूसँग सामूहिक वा व्यक्तिगत भेटघाटका कार्यक्रमहरू संचालन गर्ने आदि कामहरू तुरून्तै शुरू गर्न सकिने र गर्नु पर्ने कामहरू हुन्। यस्तो योजनामा बढी भन्दा बढी युवा पिढीलाई अगाडि बढाउनु पर्ने आजको आवश्यकता हो। यस्तो काम थालनी गर्ने बित्तिक्कै आफूले बाँच्दै आएको जीवन र आफूले अँगिकार गरेको दृष्टिकोणको बीचको फासला (अन्तरविरोध) प्रष्ट देखिने छ। अहिले वास्तै नभएको करनी र कथनी बीचको भेद खुल्नेछ र श्रृजित साहित्य जनताको माझमा कसरी पुर्‍याउने भन्ने समस्याको बोध गर्न सघाउ पुग्नेछ।

यस्ता कामका अतिरिक्त साहित्यिक गोष्ठीहरूलाई दीर्घकालीन उद्देश्यसँग गाँसेर केही व्यक्तिको पहलमा (अहिले सबैले पहल गर्ने अवस्था छैन) नियमित गर्ने, विशेष कार्यक्रमहरू तयार गरी वस्तीहरूमा लैजाने, बन्द कार्यक्रम भन्दा खुला कार्यक्रममा जोड दिने, अहिले भएका संस्थाहरूलाई कामकाजी बनाउनको निमित्त तुरून्तै छलफल र योजना तयार गरी थोरैबाट कामको शुरूवात गर्नु पर्दछ जस्तो अहिले महशूस गरेको छु। नत्र भने त कुरामा प्रगतिशील र काममा अप्रगतिशील हुने सम्भावना नै बढी देखिरहेछु।

**वासुदेव अधिकारी**- मैले माथि उठाएका समस्याहरू बुँदामा जम्मा चार छन् - जीवन गुजारा, समयाभाव, प्रकाशनको अभाव र साहित्यिक कर्मप्रति समाज र लेखक स्वयंकै उपेक्षाभाव (?)। त्यसको समाधान समस्या झैं बुँदागत नहुन सक्छ र मैले गरेको उल्लेखनमा नपुग हुन सक्छ। समाधान एकै रातमा नहुन सक्छ र सबै पक्षले चाहेमा छिटै हुन सक्छ। सिर्जनशील लेखकहरूको समस्या समाधान गर्नु आवश्यक छ - सरकारले अनुभूत गर्नु पर्छ। राजनीतिले टोकस्न छाड्नु पर्छ लेखकहरूलाई, र उनीहरूलाई आफ्नो चिन्तनमा पूर्ण उन्मुक्तिका साथ विचरण गर्न दिनु पर्छ। समाजले पनि महिलाको घाँटी काटेर तिलहरी चोर्ने वा बलात्कार गरेर जेल परेको कुनै व्यक्ति नेताको फोनबाट वा पैसाको तुजुकबाट छुट्ने महामानव (?) भन्दा हेय ठान्नु हुँदैन- लेखकले पनि त्यो बुझाइलाई प्रत्यारोपण गर्न सक्नु पर्छ -समाजमा। लेखकलाई जीउनको निम्ति पर्याप्त प्रकाशनको अत्यावश्यकता छ। लेखकहरूले नै लेखनलाई महत्व दिनु पर्ने पनि बेला आएको छ। पार्ट-टायम लेखनको अवधारणा र विवशताबाट छुट्टी मिल्नु आवश्यक छ लेखकलाई। लेखक स्वयंबाट गरिने आत्म संघर्ष र सामाजिक स्वीकृति एवं सरकारी तवरबाट सिर्जना गरिने अनुकूलता-यी समस्याहरूको समाधान हुन सक्छन्।- ❑

## फिल्महरुका महत्वपूर्ण पक्षहरु जसबारे फिल्मी पत्रिकाहरु मौन छन्

बजारमा फिल्महरू प्रशस्तै चल्छन्। भिडियो, टि.भि.को प्रवेश पछाडि त हाम्रो समाजमा पनि मुख्य गरी शहरहरूमा र कतिपय गाउँहरूमै पनि प्रशस्तै संख्यामा फिल्महरू हेरिन्छन्। शहर बजार र छेउछाउका ठाउँहरूमा त टि.भि.मा फिल्म प्रदर्शन हुने दिन र समयमा घरबाहिर कमै मात्र मानिसहरू भेटिन्छन्। कतिपय राजनैतिक, सामाजिक कामहरूका मेला-मिटिङ्गहरू पनि यस्ता समयमा सफल हुन्नन्। साहित्यिक-सांस्कृतिक कार्यक्रमहरू गर्ने हो भने उक्त कार्यक्रम गर्ने समय "फिल्म" को समय हो कि हैन, त्यो छुट्टयाएर छानेर मात्र निश्चित गर्नु पर्ने स्थिति सृजना भएको छ।

बाल-बालिका र किशोर किशोरीहरूमा त फिल्मको प्रभाव भन्नै बढी रहेको छ। स्कूल जाने आउने केटाकेटीहरू सडकमा, स्कूल बसमा, स्कूलमा, छुट्टीमा फिल्मकै कुरा गरिरहेका हुन्छन्। कक्षामा पढाइ चलिरहेको समयमा पनि फिलमले बच्चाहरूको ध्यान अन्तै मोडीरहेको हुन्छ।

समष्टीमा भन्ने हो भने-समाजमा फिल्म एउटा व्यापक फैलावट भएको "बौद्धिक-खजाना" को रूपमा देखापरेको छ। यसै रूचिलाई ध्यानमा राखी थुप्रै व्यक्तिहरू फिल्म निर्माणको धन्दामा तानिएका छन्। कला-चेतनाको बिल्कूलै अभाव भएका केबल नाफाखोर धनाढ्य व्यक्तिहरू पनि यसतिर खिचिएका छन्, किनभने यसबाट नाफा ज्यादा हुने संभावना छ। बजार छ, सस्तो-महंगो जस्तो भए पनि आफ्नो नामको प्रचार पनि हुन्छ, त्यसैले यसमा कालाबजारियाहरूको पनि ध्यान तानिन थालेको छ। खुल्ला प्रतिष्पर्धा चलिरहेछ। हिन्दी फिल्मको व्यापक भण्डारसँग पनि यस क्षेत्रले प्रतिष्पर्धा गरिरहनु परेको छ,




किनभने हिन्दी-अंग्रेजी सिनेमाको बजारको रूपमा पनि हाम्रो समाज निकै अगाडि छ।

यसरी फिल्मको व्याप्तीले नेपालमा फिल्मी पत्रिकाहरूको पनि संख्यावृद्धि हुँदै गइरहेको छ। हिन्दी फिल्मी पत्रिकाहरू त नेपाली बजारका प्रमुख बिक्रीका चीजहरू नै बनेका छन्। तपाई कुनै पनि नेपाली पत्रिका पसलको अघि गएर उभिएर हेर्नु हुन्छ भने पाउनु हुने छ-

त्यहाँ आधाभन्दा बढी हिन्दी फिल्मी पत्रिकाहरू हुनेछन्। चौथाई जति नग्न चित्रहरू सहितका अश्लील पत्रपत्रिका र पुस्तकहरू हुने छन्। बाँकी एक चौथाई मात्र नेपाली, पत्रपत्रिकाहरू हुनेछन्–साप्ताहिक र अन्य प्रकाशनहरू। यी प्रकाशनहरूमध्ये उल्लेखनीय संख्यामा नेपाली फिल्मी पत्रपत्रिकाहरू तपाई पाउनु हुनेछ।

सर्व साधारण पाठकहरू, जो फिल्महरू हेर्ने गर्छन, तिनीहरूलाई फिल्महरूका विविध पक्षहरूबारे जानकारी र विश्लेषणहरू यी फिल्मी पत्रिकाहरूले दिने गरेका छन्। यिनीहरूले फिल्मप्रति मानिसहरूको रूचि बढाउने भूमिका पनि खेलिरहेका छन्।

सामान्यतः फिल्मी पत्रिकाहरूले नयाँ आउनेवाला फिल्महरूका जानकारीहरू, फिल्मी कलाकारहरूसँग उनीहरूका अनुभव र योजनाबारे अन्तरवार्ताहरू, फिल्मी कहानीहरू, फोटोहरू र फिल्मी कलाकारहरूका निजी–घरायसी जीवनका विभिन्न पक्षहरू आदिबारे सामग्रीहरू दिने गरेका पाइएका छन्।

फिल्म निर्माणको क्षेत्रमा जसरी अहिले नाफामुखीहरूको ओइरो लाग्न खोज्दैछ, फिल्मी पत्रिकाहरूको प्रकाशनमा पनि यो ओइरोको संकेत देखा परेको छ। छपाइहरू महंगा छन्, कागज महंगो छ, विज्ञापनको बजार सीमित छ, त्यसैले यिनीहरूको जोड पत्रिकाको सज्जामा र पत्रिकाभित्र कुनै सनसनीपूर्ण कुरा जुटाउनुमा केन्द्रित भएको देखिन्छ। सज्जा भन्नाले मुखपृष्ठ र भित्री पृष्ठमा नग्न वा अर्धनग्न तश्वीरहरू राख्ने, तश्वीरहरू त्यस्ता छैनन भने अंग प्रदर्शन वा यौन स्वतन्त्रता संबधी विषयका एकआधबाक्यहरू सामावेश गर्ने आदि कामहरू भएका प्राय. पाइन्छन्। एक दुईवटा फिल्ममा खेल्न शुरूवात मात्र गरेका व्यक्तिहरूलाई पनि विशेषतः महिलाहरूलाई विशेष महत्वका साथ प्रस्तुत गरी पत्रिका विक्रीको बजार छोप्नु पर्ने वाध्यताका कारण यी कतिपय पत्रिकाहरूले फेसन शो र मोडलिङ्गमा लागेका व्यक्तिहरूबाटै पनि यो आवश्यकता पूरा गरिरहेका छन्।

फिल्म र फिल्मी पत्रिका दुवै क्षेत्रमा हाल व्यापक बन्दै गइरहेको प्रवृत्ति "जसरी पनि विकाऊ" बनाउने प्रवृत्ति हो। हिन्दी फिल्म जगतका अधिकांश सस्ता स्तरका फिल्महरूले गर्दा रूचि विकृत बनेका दर्शक–पाठकहरूलाई नाफाखोर उत्पादकहरूको नाफा कमाउने होडबाजीको डर लाग्दो भेलको शीकार हुनबाट जोगाई दर्शक, पाठकहरूको चेतनाको र रूचिको स्तर वृद्धि गर्ने तर्फ लाग्ने फिल्मी पत्रिकाहरू नेपालमा देखा परेका छैनन्। मात्रात्मक रूपले केही तल्लो–माथ्लो स्तर यिनीहरूको निश्चित रूपले रहेको छ, तर सचेत रूपले दर्शक पाठकहरूको स्तर वृद्धि गर्ने योजना बोकेको फिल्मी पत्रिका भेटिदैनन्। यसबाहेक सांस्कृतिक रूपले गलत परिपाटीका विरूद्ध लामो समयदेखि जुद्धै आएका सीमित संख्याकै भए पनि प्रगतिशील कलाकारहरूलाई र उनीहरूका धारणाहरूलाई संगेट्ने पत्रिकाको निकै ठूलो अभाव छ। प्रगतिशीलहरूका बीच पनि आफ्नो बजार बढाउने नियतले प्रगतिशील कला–कारहरूलाई यदाकदा स्थान दिने बाहेक यिनीहरूले यस पक्षमा थप काम गर्न सकेका छैनन्।



**एक छिन दिमागलाई भुलाएर अँध्यारो–तर्फ जीवनलाई मोडिन प्रेरित गर्ने कलाकर्महरू नाफाखोरहरूको बजारको हिसावले जति नै फाइदाजनक भए पनि समाजिक दृष्टिकोणले अत्यन्त हानीकारक नै हुन्छन्।**

बजारमा उपलब्ध हुने आम फिल्मी पत्रिकाहरूमा सर्वथा पाइने अभाव हो– वस्तुगत समीक्षात्मक दृष्टिकोणको। फिल्महरू र फिल्मी कलाकारहरूको विज्ञापनबाजी मात्र हैन, पाठकलाई फिल्महरूका विषय–वस्तुमा रहेका राम्रा वा नराम्रा, समाज उपयोगी वा समाज विरोधी पक्ष–विपक्षबारे सचेत गराउने काम यिनीहरूबाट प्रायः भइरहेको छैन। यसै गरी फिल्मी कलाकारहरूका निजी–जीवन र निजी विचारमा रहेका गुण–दोषहरू केलाउने काम पनि भइरहेका छैनन्। जे भइरहेछ, त्यसैका पक्षमा लागि बजार छोप्ने मात्र नियतले समाजलाई फाइदा पुऱ्याउँदैन। यत्ति मात्र हैन, यसले समाजलाई बेफाइदा नै पुऱ्याउँछ। यसले समाजमा ढलीमली गरिरहेको लुटाहा वर्गको लूटबाट जनताको घ्यान अन्यत्र मोडेर, समाजमा विद्यमान गलत परिपाटीहरूको, जगलाई आधारभूत रूपमा खल्बल्याउने जरूरी काम नगरी उल्टो त्यसैलाई मलजल गर्ने काम गर्दछ।

फिल्म, नाटक वा अन्य जुनसुकै कलाकर्मले पनि समाजलाई स्वस्थतातिर, प्रगतितिर, चेतनातिर उन्मुख गराउनु जरूरी छ। यसो गर्दै दिइने मनोरंजन नै वास्तवमा साँचो मनोरंजन हो। एक छिन दिमागलाई भुलाएर अँध्या–रोतर्फ जीवनलाई मोडिन प्रेरित गर्ने कलाकर्महरू नाफा–खोरहरूको बजारको हिसावले जति नै फाइदाजनक भए पनि समाजिक दृष्टिकोणले अत्यन्त हानीकारक नै हुन्छन्। हाम्रा फिल्मी पत्रिकाहरूले फिल्महरूका समीक्षा र चिरफार गर्दा यो पक्षमा ध्यान दिएका छैनन्। यसै गरी कोही व्यक्तिले एक दुईवटा कलाप्रदर्शनीका अव–सरहरू पाउँदैमा ऊ त्यत्तिकै महान हुन्छ कि हुन्न? महान हुनुका लागि ऊ भित्र समाजको स्वस्थता र प्रगतिका निम्ति चेत, आचरण र लगाव हुनु जरूरी छ कि छैन? यो पक्षमा पनि फिल्मी पत्रिकाहरू आम रूपमा मौन छन्। यी मूल कुराहरूबाट पर हटेपछि बाँकी रहँदो रहेछ– कसको दोस्रो विहा कोसंग हुँदैछ? भन्ने कुरा वा कसले कसका विरूद्ध व्यक्तिगत चुनौति दियो भन्ने कुरा वा जीउडाल, रूप–रंग र फेसनका कुरा मात्र।। ❑

*– हरिगोविन्द लुइँटेल*





आजै सदस्य बनौ मौकाको फाइदा उठाऔं। परे उपहार नपरे तपाईंको रकम तपाईंलाई नै फिर्ता। नोटः– नेपाल अधिराज्यभरि एजेन्ट तथा सेल्सम्यानको आवश्यकता छ। सम्पर्क स्थान : A to Z उपहार कार्यक्रम। फोन : ४७०६२३, चावहिल, गणेशस्थान

हामी सेवाको लागि तयार छौं।


रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र, राईजिङ नेपाल र अरू विभिन्न पत्र–पत्रिका मार्फत् छिटो र आकर्षक विज्ञापन गराउनु परेमा सम्पर्क राख्नुहोला। कम्प्युटरबाट टाइप सेटिङ, ग्राफिक डिजाइनका साथै स्क्रिन प्रिन्टिङ्ग र अफसेट प्रिन्टिङ्गको लागि पनि सम्झनु होला।

अभ्युदय एडभर्टाइजिङ्ग एजेन्सी
पो. ब. न. २९९८, न्यूरोड,
(रञ्जना हल अगाडि)
फोन: २२७७९९



## बिगी जनरल ट्रेडिङ कम्पनी प्रा. लि. ले राजधानीमा बसोबास गर्ने तपाईको परिकल्पना साकार पार्दै छ।

**६० महिना भित्र ६० बटा घर....... तपाइको सुन्दर संसार......**



**६० महिना सम्म प्रदान गरिने मासिक उपहार**

| | | |
|---|---|---|
| क प्रथम उपहार- काठमाण्डौं उपत्यका भित्र ५१२ वर्गफिटमा निर्मित घर १ (एक) जवानलाई वा | | रू. ४,६४,०००।- |
| ख. दोस्रो उपहार - | रू. ५,०००।- १० जवानलाई | रू. ५०,०००।- |
| ग. तेस्रो उपहार - | रू. १,०००।- २०० जवानलाई | रू २,००,०००।- |
| घ. चौथो उपहार - | रू. ५००।- ४०० जवानलाई | रू. २,००,०००।- |
| ङ. पाँचौं उपहार - | रू. १००।- ८००० जवानलाई | रू. ८,००,०००।- |

ढिलो नगरौ । हुन सक्छ, तपाईको सय रूपैयाँले भोली राजधानीमै बसोबास गर्ने तपाईको सुन्दर परिकल्पना साकार हुनेछ ।

जोखिम सुन्य फाइदै-फाइदा ।

*निर्देशक:*

**बिगी जनरल ट्रेडिङ कं प्रा. लि.**

जावलाखेल, ललितपुर

# ब्रह्माण्डको उत्पत्ति र बनावट

## अपृथ्वीको अमानवसंग पृथ्वीको मानवले हात मिलाएमा भयंकर ठूलो विस्फोट हुने छ।

-डा. केदार खनाल

हिजोसम्म असम्भव ठहरिएका कुराहरू आज विज्ञान र प्रविधिको विकास सँग सँगै सम्भव बन्दै गएका छन्। बेलुका आकाशमा देख्न पाइने थाल जस्तो चन्द्रमा होस् वा दीयो जत्रो शुक्र-ग्रह अथवा नाङ्गो आँखा मात्रैले छुट्याउन अलिक कठीन महशूस हुने मंगल-ग्रह नै किन नहोस् मानिसका लागि पँहुच नपुग्ने स्थानमा रहेका छैनन्। सन १९६० को दशकमा शुरू भएको अन्तरिक्ष अभियानको उपलब्धि त्यसबेला देखिन पुग्यो, जब निल आर्मस्ट्रङ्गले सन १९६९ मा चन्द्र धरातलमा पाइला टेक्ने प्रथम मानव हुने सौभाग्य पाए। सोभियत संघ (तत्कालीन) र संयुक्त राज्य अमेरिका बीचको प्रतिष्पर्धा बढ्दै गयो। शुक्र तथा मंगल ग्रहमा मानवरहित यान पठाए महत्वपूर्ण जानकारी लिन उनीहरू सफल पनि भए। यी उपलब्धीहरूबाट सौर्य-मण्डल मानिसको लागि सानो ठहरिन पुग्यो। त्यसैले अमेरिकाले सौर्य-मण्डल भन्दा बाहिर पनि कतै जीवनको अस्तित्व त छैन? भन्ने प्रश्नको जवाफको लागि प्लम्वाएजर १ र २ नामक दुई अन्तरिक्षयान अन्तरिक्षमा पठायो। यी यानहरू बिभिन्न ग्रहको जानकारी पृथ्वीमा पठाउदै अघि बढीरहेका छन्। यी यानहरूको विषेशता के छ भने यदि यिनीहरू सौर्य-मण्डल भन्दा बाहिर पनि विकसित प्राणी भएको अन्य कुनै पिण्डमा उत्रन पुगे भने त्यहाँका बासिन्दाले पृथ्वी सम्बन्धी जानकारी पाऊन् भन्ने हेतुले यी यानहरूमा मिल्कि वे ग्यालेक्सिमा सौर्यमण्डलको स्थान अनि सौर्य-मण्डल भित्र पृथ्वीको स्थान प्रष्ट हुने चित्रहरू धातुमा कुदेर पठाइएका छन्। यति मात्र हैन विश्वका विभिन्न देश एवं जीवन पद्धति बुझाउने लिपि वा चित्रहरू पनि यी यानहरूभित्र राखिएका छन्। आणविक इन्धनबाट सञ्चालित यी यानहरू उद्देश्य अनुसारको कार्य गर्न कति सक्षम हुनेछन् त्यो भविष्यले नै बताउने छ तापनि यिनीहरूले पृथ्वीबाहिरका बिभिन्न ग्रहको नजीक पुगेर खिचेका फोटोहरूले भने सौर्य-मण्डलको बाहिर पट्टिको भागका सम्बन्धमा महत्वपूर्ण र नयाँ जानकारी पठाएको कुरा पनि प्रकाशमा आएका छन्।

यसै सिलसिलामा हाम्रो ब्रह्माण्डमा दशौं अरब तारापुञ्ज (Galaxy) रहेका र एक तारापुञ्जमा मात्र दशौं अरब संख्यामै ताराहरू भएको कुराले हामीलाई आश्चर्यमा डुबाउँछ। सूर्य एउटा मध्यम किसिमको तारा हो। यसको सौर्य-मण्डलभित्र बिभिन्न ग्रहहरू, उपग्रहहरू र अन्य साना पिण्डहरूको संख्या र तिनीहरू बीचको दूरीको कल्पना गर्दा र ब्रम्हाण्डको आकारको अन्दाज गर्दा झन हामी जिब्रो टोक्न पुग्छौं। अर्कोतर्फ वैज्ञानिकहरू चाहिं यस ब्रह्माण्डको आकार, बनावट र उत्पत्ति बताउन धेरै हदसम्म सफल हुँदै थप कुराहरू जानकारीमा ल्याइरहेछन्।

ब्रह्माण्डको सृष्टी र बनावटको चर्चा गर्नु भन्दा पहिले यहाँनिर अलिकति सन्दर्भ फेर्नु पनि उपयुक्त नै हुने देखिन्छ।

पदार्थको सानो भाग परमाणुमा रहने कणहरूका अकण (Anti-particles) को अस्तित्व पनि वैज्ञानिकहरूले फेला पारेका छन्। जुन कण जस्तै र जत्रै यो हुन्छ तर विद्युतीय गुण भने उल्टो देखाउँछ। उदाहरणको लागि न्युक्लिअसमा रहने कण प्रोटनको अकण एन्टी प्रोटन (Antiproton) हुन्छ भने ऋण विद्युतीय कण इलेक्ट्रोनको अकण पोजिट्रोन (Positron) भएको बताइन्छ र त्यस्तै अरू अरू। यसरी हेर्दै जाँदा साधारण परमाणु (Atom) प्रोटन र इलेक्ट्रोनबाट बनेको हुन्छ भने एन्टि प्रोटन र पोजिट्रोनबाट अपरमाणु (Anti atom) बन्न सक्ने कुरा बताइन्छ। एवं रीतले अगाडि बढ्दै जाँदा परमाणु परमाणु मिलेर अणु बने झैं अपरमाणुहरू मिलेर अअणु (Anti molecules) बन्न सक्ने देखिन्छ। यसै गरी अघि बढ्दा पदार्थको अपदार्थ (Anti-matter), पृथ्वीको अपृथ्वी (Anti-earth) र एवं रीतबाट ब्रह्माण्डको अब्रह्माण्ड (Anti-Universe) हुन सक्ने कुरा पनि त्यतिकै प्रबल रहेको छ।

कण र अकण आपसमा छुन पुगे भने भयंकर विस्फोट भएर दुबैले आफ्नो अस्तित्व गुमाउँछन्। त्यसैले विगत १९८० को दशकमा एक वर्ष एउटा वैज्ञानिकले कण-अकण छुट्याउन सक्ने प्रतिक्रिया (विधि) पत्ता लगाए वापत नोबेल पुरस्कार पनि प्राप्त गरेका छन् जुन निम्न तरीकाले उल्लेख गर्नु प्रासंगिक नै देखिन्छ।

**अझ भयंकर विस्फोट (Big Bang) हुनु अगाडि त्यो पदार्थ वा शक्ति (आइन्टाइनको सिद्धान्त अनुसार पर्दाथ र शक्ति एक अर्कामा परिवर्तन हुन सक्छन्) कहाँ बाट आयो?**



लेखक

मानिलिऊँ, कुनै पनि अपृथ्वी (Anti-earth) मा रहने अमानव (Anti-man) हामी बसेको पृथ्वीमा आयो भने ऊ बनावट र रूपमा हामी भन्दा भिन्न देखिदैन। त्यसैले ऊ पनि हामी जस्तै मानिस हो भनेर हात मिलाउन पुगियो भने भयंकर बिस्फोट भएर दुवै जना शक्तिको ज्वालामा परिवर्तन हुन पुग्ने हुँदा चाहे यहाँको मानिस अपृथ्वीमा पुगोस् वा अपृथ्वीको अमानव यहाँ आओस्।, हात मिलाउनु (यहाँ अन्य बाहिरी प्रसंगलाई प्राथमकिता दिइएको छैन) भन्दा पहिले एउटा प्राथमिक कणको अर्को त्यस्तै कणसंग हुने प्रतिक्रयाका सम्बन्धमा प्रश्न गर्नु पर्ने हुन्छ यो प्रश्नको जवाफबाट दुबैले आफू मावन वा अमानव भनेर बुझ्न सक्छन् र हात मिलाउन हुने वा नहुने भनेर निर्णय गर्छन्।

ज्योतिष शास्त्रीहरूले आफ्नो अनुसन्धानको क्रममा यस ब्रह्माण्डमा बिभिन्न एवं बिचित्रका पिण्डहरू अवस्थित भएको कुरा बताउदै आएका छन। उदाहरणको लागि कलाप्वा (Black holes) वा श्वेत प्वाल (White holes) लाई लिन सकिन्छ। कालाप्वाको गुरूत्वाकर्षण शक्ति यति बढी हुन्छ कि पृथ्वीले साना बस्तुलाई आफूतिर ताने जस्तै यसले प्रकाशलाई समेत आफूमा आकर्षण गर्छ र हाम्रो लागि अदृश्य हुन्छ भने उता श्वेत प्वालले सम्पूर्ण कुरालाई नै आफूबाट बाहिर फाल्न सक्ने क्षमता रहेको बताइन्छ। हामीले नाङ्गो आँखाले आकाशमा देख्ने ताराहरू भन्दा धेरै टाढा रहेका क्वसार (QUASAR-Quasisteller Objects) र पल्सार (PULSAR-Pulsating Stars) जस्ता भिन्न भिन्न गुण देखाउने पिण्डहरूका आविस्कार केही दशक अघिनै भइसकेका छन्। पल्सारको पल्स यति धेरै सही पाइएको छ कि यसलाई ब्रह्माण्डको "अति सही" घडी भनेर पनि बताउने गरिएको पाइनछ। आज आमीले देख्ने ताराले करोडौं वर्ष अघि प्रकाश पठाएर आज त्यो ताराको क्षय भइसकेको हुन सक्ने वा अन्य किसिमबाट अरू किसिमकै ताराहरूको सृष्टि हुँदै जाने प्रक्रियाको सम्बन्धमा पनि ज्योतिष शास्त्रीहरूले बताउने गरेका पाइन्छन्। अब पुनः माथि उल्लिखित सबै पिण्डहरू अवस्थित यो ब्रह्माण्डको उत्पत्ति सम्बन्धी धारणालाई यहाँ उल्लेख गर्ने प्रयास गरौं।

न्युटनले यस ब्रह्माण्डलाई असीमित ठह्याएका थिए। उनको "यदि ब्रह्माण्ड सीमित छ भने यसको सीमा कहाँ छ?" भन्ने प्रश्नको उत्तर आइन्सटाइनको सापेक्षताको साधारण सिद्धान्त (General theory of Relativity) ले दिएको कुरा बताउने गरिन्छ। ब्रह्माण्ड सीमित भएको हुँदा यसको आकार पनि बताउन सक्ने प्रावधान आइन्टाइनको रहेको पाइन्छ। जर्ज गामोले विस्तारित ब्रह्माण्ड को परिकल्पना Expanding Universe लाई एउटा गोलाकार बेलुनसंग तुलना गर्न पुगेका छन्। जसरी बेलुनको आकार बढदा त्यसभित्र रहेका साना दागहरू र तिनीहरूको बीचको दूरी बढ्दै गएको देखिन्छ त्यसै अनुसार ब्रह्माण्डका पिण्डहरू र तिनीहरू बचीको दूरी पनि बढी रहेको तर्क गामो प्रस्तुत गर्छन्। यस किसिमबाट हेर्दा ब्रह्माण्डलाई पनि केवल दुई आयामबाट बताउन सकिने छ, जसरी एउटा गोलाकार बस्तुको शतहलाई दुई आयामबाट प्रष्ट्याउन सकिन्छ।

ब्रह्माण्डको उत्पत्ति सम्बन्धमा मुख्यतया दुई धार णाले ठाउँ ओगटेको पाइन्छ। कसैले स्थिर ब्रह्माण्ड (Steady State Universe) को परिकल्पना गरेको देखिन्छ भने अर्को थरिले फैलिरहेको ब्रह्माण्ड (Expanding Universe) को धारणा प्रकट गरेका छन्। आज यही धारणाले प्राथमिकता पाएको भेटिन्छ। सन् १९२० मा नै भयंकर विस्फोट (Big bang) पछि ब्रह्माण्डको शुरूवात भएर ब्रह्माण्ड फैलिरहेको कुरा प्रकाशनमा आइसकेको भएता पनि यसको पुष्टि गर्दै कसैले फैलिने-खुम्चने (Oscillating) ब्रह्माण्डको कल्पना पनि गर्न पुगे। यस अनुसार ब्रह्माण्ड उत्पत्ति हुँदाको भयंकर विस्फोटपछि फैलने कम शुरूभयो र यो क्रम आज पनि जारी नै भएता पनि भविष्यमा कुनै बेला बन्द भएर पुनः खुम्चने क्रम शुरू हुन्छ भन्ने ठाँनिन्छ। यो अवस्थाको ब्रह्माण्डलाई खुम्चने ब्रह्माण्ड (Contracting Universe) भनिने छ। यस प्रक्रियाबाट ब्रह्माण्ड कुनै बेला फैलने र कुनैबेला खुम्चने क्रम अनन्त कालसम्म हुन सक्ने कुरापनि अन्दाज गरिन्छ। ब्रह्माण्डमा जुन बेला भयंकर विस्फोट भयो त्यस समयलाई शून्य समय भनेर बताउने गरिन्छ। यो विस्फोट भएको $१०^{-३५}$ देखि $१०^{-३३}$ सेकेन्डभित्रको समयलाई इनफ्लेसनरी (Infletionary) समय भन्ने गरेको देखिन्छ जुन अवधिमा ब्रह्माण्ड परमाणु भन्दा सानो आकारबाट अंगुर को दाना जत्रो हुन पुगेको र ३००००० वर्षको हुँदा सम्म ब्रह्माण्ड पदार्थको चौथो रूप प्लाज्माबाट बनेको र प्रकाश समेत छिर्न नसक्ने अवस्थामा भएको बताइन्छ। त्यस्तै २ अरब वर्षपछि सम्ममा साना साना तारापुञ्जहरू र त्यसपछि क्रमशः तारापुञ्जमा ताराहरू फैलदै करीव १५ अरब वर्षपछि आजको अबस्थामा आइपुगेको कुरा बताइन्छ।

ब्रह्माण्डको वा ब्रह्माण्डीय पिण्डहरूको अध्ययन गर्ने सिलसिलामा निकै अगाडि देखि नै दूरदर्शक यन्त्र (Telescope) हरूको प्रयोग हुँदै आएको कुरा सर्व बिदितै छ। प्रविधिको अतुलनीय विकासले गर्दा आज यस्ता अति सक्षम यन्त्र बनीसकेका छन्। यतिमात्र हैन पृथ्वीको सतहबाट सिधै माथितिर हेर्दा बायुमण्डलको उपस्थिति ले गर्दा दृश्यमा बाधा पर्न सक्ने हुँदा यस्ता टेलिस्कोपहरू वायुमण्डल भन्दा माथि अन्तरिक्षमा रहने भू-उपग्रहमा राख्ने गरिएको छ। यसै सिलसिलामा अमेरिकाको नासा (Nasa-National Aeronautics and Space Administration) ले सन १९८९ मा करीव १६ करोड अमेरिकी डलर खर्च गरेर पृथ्वीको शतहबाट ५६० माइल माथि राखिएको कोब (Cobe - Cosmic Background Explorer) ले ब्रह्माण्ड सम्बन्धी अति महत्वपूर्ण जानकारी पृथ्वीमा पठाएको कुरा प्रकाशमा आएको छ। यस जानकारी अनुसार ब्रह्माण्डको उत्पत्तिको ३००,००० वर्ष पछि (जुन ब्रह्माण्डको उत्पत्ति भएको समयको तुलनामा नगन्य हुन्छ) सम्मको अध्ययन गरेर सन १९६४ सम्म शंकास्पद रूपले हेरिने Big Bang सिद्धान्तलाई राम्रो संग प्रमाणित गरेको कुरा अनुसन्धानकर्ताहरू बताउँदछन्। हार्डवर्ड विश्वविद्यालयका ज्योतिष शास्त्री विलियम प्रेस "अब हामी शून्य समयको नजीकै पुगेको छौं" भनेर आफ्नो धारणा व्यक्त गर्छन, भने क्यालिफोर्निया विश्वविद्यालयका जे. प्रिमाक "हामी ब्रह्माण्डको उत्पत्ति भएको समय नजीकै पुगेको" कुरा बताउँछन्। यसैगरी म्यासाचुएट इन्स्टिच्युट अफ टेक्नोलोजिका एलेन बुथ र रसियन भौतिक शास्त्री एन्ड्राई लिण्डले आ आफ्नो छुट्टै अनुसन्धानबाट ब्रह्माण्डको पहिलो रूप आगाको गोला (Fire ball) प्रत्येक $१०^{-३४}$ सेकेन्डमा दोब्बर आकार लिदै गएको कुरा बताउन पुगेका छन्। यो आविष्कारलाई गत २० वर्ष यताको महत्वपूर्ण आविष्कार भएको कुरा प्रिन्स्टन विश्वविद्यालयको ज्योतिष शास्त्री डेभिड स्पेर्जे मानेका छन भने क्यालिफोर्निया बर्कलका ज्योतिष शास्त्री जोसेफ सिल्क यो आविष्कारलाई "भयंकर विस्फोट" (Big-bang) सम्बन्धमा विरोधाभासपूर्ण धारणा हटाएर अझसम्म प्रष्टसंग जोड्न नसकिएको संवन्धलाई जोड्न सफलता प्राप्त भएको" उद्गार व्यक्त गर्दछन्। इन्फ्लेसन सिद्धान्तको यस आविष्कारले समर्थन गर्न पुगेको मात्र हैन करीब १० अरब प्रकाश वर्ष टाढा (जुन ब्रह्माण्डको आकारको एक तिहाइ भएको बताइन्छ) रहेका $९५X१०^{१०}$ किलोमिटरको फैलाबट भएको तारापुञ्जको ठूलो पर्खाल (Great Wall), जुन १९९० मा पत्ता लागेको थियो, त्यसको पनि पुष्टि हुन पुगेको कुरा बताइन्छ। कोबका प्रमुख अनुसन्धान कर्ता क्यालिफोर्निया वि. वि. बर्कलेका ज्योतिष शास्त्री जर्ज स्मुट त यति उत्तेजित भएर आफ्नो उद्‌गार पोख्छन् कि "यदि तिमी धर्ममा विश्वास राख्छौं भने यो ईश्वरलाई देख्नु जति कै हो"। शुरूको ब्रह्माण्डमा साना-ठूला ताता दाग (HOT-Spots) भएको कुरालाई यस सिद्धान्तले पुष्टि गरेको कुरा पनि स्मुट बताउँदछन्।

अझ अर्को गजबको कुरा के पनि जानकारीमा आएको छ भने - यो ब्रह्माण्डमा अवस्थित तारापुञ्ज वा अन्य पिण्डहरू केवल १% मात्र छन् र ९९% चाहिं अँध्यारो ठण्डा पदार्थको रूपमा रहेका साना कालाप्वाल वा अदृश्य रूपमा रहेका र प्रतिक्रियामा कम सक्रीय कण (WIPS-Weakly interacting massive particles) एवं न्युट्रिनोज वा स्मुटका अनुसार त कहिल्यै नदेखिएका र थाहापनि पाउन नसकिएका कणहरू नै पनि हुन सक्छन्। यदि यस्तो नहुँदो हो त गुरूत्वाकर्षणको कमीको कारणले गर्दा तारापुञ्जहरू ठूलो गतिमा उड्न नै सक्ने थिए भन्ने उनको भनाई छ।

माथि उल्लिखित बयानबाट के थाहा हुन्छ भने अहिलेको ब्रह्माण्डीय अनुसन्धानबाट ब्रह्माण्डको सृष्टि भएको बेला नजीकै सम्म पुग्न सकेकोमा ज्योतिष शास्त्रीहरू निकै प्रफुल्लित देखिएका छन् तापनि उनीहरूका अगाडि अझ जटील प्रश्नहरू पनि थपिएका छन्। ९९% ब्रह्माण्डको भाग अदृश्य भएको कुराले अझ बढी उत्सुकता जगाएको हुनुपर्छ, यस्ता अदृश्य बस्तु किन र कसरी रहेका मात्र हैन यी रहनुको कारण के हुन सक्छ ? अझ भयंकर विस्फोट (Big Bang) हुनु अगाडि त्यो पदार्थ वा शक्ति (आइन्टाइनको सिद्धान्त अनुसार पर्दाथ र शक्ति एक अर्कामा परिवर्तन हुन सक्छन्) कहाँ बाट आयो? के ब्रह्माण्ड केही नभएको शून्यताबाट केही कुरा आफसे आफ आएको हुन सक्छ त? के यस्ता ब्रह्माण्ड अरूपनि हुनसक्ने सम्भावना छ? अथवा के अब्रह्माण्ड (Anti Universe) को अस्तित्वलाई पनि स्वीकार्न सकिन्छ? यस्ता प्रश्नका जवाफ ज्योतिष शास्त्रीहरू खोजीरहेका होलान् तर माथि उल्लेखित प्रश्नको जवाफ कहिले प्राप्त हुनेछन् भन्ने कुराचाहिं भविष्यको गर्भमै लुकेका छन् भन्दा अतिशयोक्ति हुने देखिदैन। ❑

# गोबर ग्याँसको उपयोगिता र वातावरण संरक्षण


**नेपालमा २४ सय मेगावाट बराबरको शक्ति गोबर ग्याँसबाट प्राप्त गर्न सकिन्छ**

- रामरिझन यादव

प्राविधिक ज्ञान र जनसंख्या बृद्धिले गर्दा प्राकृतिक स्रोत र साधनको उपयोग अत्यधिक मात्रामा भएको छ। यसले गर्दा हाल संसारभरिमा रहेका तेल, कोइला तथा खानीका भण्डार पनि केही वर्षका लागि मात्र सीमित हुन पुगेका छन् भने अर्को तर्फ, केही वर्ष पहिलेसम्म संसार भरिमा ३२ अर्ब एकड भूमिमा रहेको वन जंगल १० अर्ब एकडमा झरेको छ। केही विकसित राष्ट्रहरू बाहेक अधिकांश राष्ट्रले आणविक उर्जा प्रयोग गर्न सकेको छैन। जहाँसम्म जलस्रोतको प्रश्न छ- बढी लगानी, दक्ष जनशक्ति तथा समुचित प्राविधिक ज्ञानको अभावमा विकासशील राष्ट्रहरूले त्यसलाई सुलभ र सरल ढंगले उपयोग गर्न सकेका छैनन्। यस्तो अवस्थामा बढ्दो जनसंख्या र वैकल्पिक उर्जाका लागि के कस्तो प्रावधान अपनाउनु पर्ने हो ता कि प्राकृतिक सन्तुलनमा कुनै प्रकार को व्यवधान नपुगोस् भन्ने विषय नै अहिले संसारभरीका वैज्ञानिक, चिन्तक, राजनेता, वातावरणविद् तथा बौद्धिक समूदायका लागि चिन्ता र चिन्तन मननको विषय भएको छ।

यता केही वर्षदेखि देशको अकुशल राजनीतिक व्यवस्था तथा त्यसलाई संचालन गर्ने ठूला वडा सामन्त, पूँजीपतिहरूले देशको विकासका लागि जे जति स्रोत साधनको लगानी गरे त्यस्को अधिकांश भागले अनुत्पादक परिणाम दिएको छ। फलस्वरूप विकासको फल अधिकांश नेपालीहरूले उपभोग गर्न पाएका छैनन्। गरीबी बढेको छ र जनसंख्याको बढ्दो चापले द्रुतगतिमा वन जंगलको विनाश भएको छ। एक आँकडा अनुसार २०२० सालदेखि २०४१ सालसम्म कूल वन जंगल मध्ये करीब ८ लाख हेक्टर घट्न गएको छ भने त्यस अवधि भित्र ७० हजार हेक्टर जंगल मात्र लगाउन सकिएको थियो। नेपालीहरूको लागि सबैभन्दा प्रमुख उर्जाको स्रोत वन-जंगल नै भएकोले हाल वन-जंगलको घट्दो स्थितिले एकातिर विभिन्न प्रकारका वातावरणीय समस्याहरू सिर्जना गरका छन् भने अर्कातिर वैकल्पिक उर्जाको खोजिमा नेपालीहरू भौतारिनु पर्ने बेला आएको छ। ज्ञातव्य छ- हाल नेपालमा ग्रामीण घरेलु उर्जाको पूर्ति ७५% दाउराबाट भई रहेको छ भने ११.५% कृषिजन्य पर्दा तथा ८% गोबरको गुईंठाबाट परिपुर्ति भइरहेको छ। जलविद्युत ०.७९%, कोइला ०.६३% र खनिज तेल ३.८७% को उपभोग नेपालीले गर्न पाएका छन्। आणविक उर्जा र प्राकृतिक ग्याँसको उपयोग नेपालमा नगण्य छ। यहाँसम्म कि सौर्यउर्जाको प्रयोग पनि नेपालले समुचित रूपमा गर्न सकेको छैन।

यस्तो अवस्थामा वातावरणीय सन्तुलन कायम राखी दीगो विकास (Sustainable Development)



*आफ्नो स्रोत र साधनलाई सही र समुचित ढंगले प्रयोग गर्न सकियो भने गोबर ग्याँसले ३१ लाख परिवार भएको नेपाललाई धेरै हदसम्म उर्जाको परिपुर्ति गर्न सक्छ।*

कसरी गर्न सकिन्छ भन्ने सैद्धान्तिक मान्यताले नै करीब २ करोड नेपालीको अस्तित्वलाई रक्षा गर्न सक्छ। होईन भने नेपाल मरूभूमी बन्न सक्दैन भन्ने के ग्यारेण्टी छ? हिमालय पहाडको बरफ पग्लिन सक्दैन र नेपालमा पाइने विभिन्न प्रकारका विरूवा तथा जीवजन्तुहरू लोप हुन सक्दैनन्? यो संभावना प्रष्ट देखा पर्नेछ। यो स्थितिमा वनमाथिको निर्भरता कम गर्न नीजी वन, कबुलियत वन र सामुदायिक वन जस्ता संचालित कार्यक्रमहरू त्यति प्रभावकारी हुन नसकेकोले सबैभन्दा सस्तो र सुलभ वैकल्पिक उर्जा के हुन सक्छ ताकि अधिकांश नेपालीले त्यसलाई दैनिक रूपमा प्रयोग गर्न सकून् भन्ने कुरा नै सबैको लागि चासोको विषय भएको छ।

कृषि प्रधान देश भएकोले गोबर ग्याँस प्लाण्टबाट प्राप्त उर्जाले ग्रामीण जनताको आवश्यकतालाई धेरै हदसम्म परिपूर्ति गर्न सक्छ। तर गोबर ग्याँस कम्पनीको प्लाण्ट बाउने चर्को दर तथा श्री ५ को सरकारको केही अव्यवहारिक नीतिले गर्दा नेपालीहरूको लागि अत्यन्तै सुलभ भरपर्दो उर्जा हालसम्म त्यति लोकप्रिय हुन नसक्नु दुःखको कुरा हो। फलस्वरूप, अधिकांश नेपालीहरू दाउरामा नै निर्भर रहेको पाइएका छन्, जसलेगर्दा वर्षेनी २७ हजार हेक्टर वन जंगल विनाश भईरहेको छ भने यसलाई सन्तुलित पार्न सरकारले अति नै न्यूनतम सरकारी लगानी गरेको छ। वार्षिक जे जति जंगल फडानी हुन्छ त्यसको दाँजोमा ४ हजार हेक्टर वनजंगल मात्र लगाउने गरिएको छ, जसले गर्दा तराई र पहाडमा दिनानुदिन वन जंगलको क्षेत्रफल घट्दै गईरहेको छ।

तसर्थ हाल आफ्नो स्रोत र साधनलाई सही र समुचित ढंगले प्रयोग गर्न सकियो भने गोबर ग्याँसले ३१ लाख परिवार भएको नेपाललाई धेरै हदसम्म उर्जाको परिपुर्ति गर्न सक्छ। किनभने गोबर ग्याँस संचालन गर्न चाहिने गोबर, मल, मूत्र लगायत अन्य चीजहरू सरल तरीकाबाट नेपालीहरूलाई उपलब्ध छ। आर्थिक वर्ष २०४५।०४६ को तथ्यांक अनुसार नेपालमा कूल पशुपंक्षीको संख्या करीब ३ करोड भएको अनुमान छ। त्यसमध्ये ३४ लाख गाई, ३६ लाख गोरू र ४२ लाख राँगा र भैंसीहरू छन् भने भेंडा-भेंडी ९ लाख, बोका-बाख्रा ५३ लाख, सुँगुर ५ लाख, कुखुरा करीब १ करोड तथा हाँस ४ लाख रहेको अनुमान छ। उपरोक्त तथ्यांकबाट गाई, गोरू र राँगा भैंसीको संख्या मात्र १ करोड ९ लाख हुन आउँछ। प्रत्येक पशुले प्रत्यके दिन १० केजी दरले मात्र गोबर दियो भने हरेक दिन १ अर्ब १२ करोड किलो गोबर उत्पादन हुन्छ। यसबाट १८ लाख गोबर ग्याँस संयन्त्रहरू संचालन गर्न सकिन्छ। तर व्यवहारिक रूपले सबै गोबर संकलन गर्न नसकिने हुनाले कमभन्दा कम ६०% गोबर संकलन गर्न सकिन्छ। यसबाट दशलाख गोबर ग्याँस संयन्त्रहरू निर्माण गर्न सकिन्छ। एउटा परिवारिक क्षमताको गोबर ग्याँसबाट २.४ किलोवाट बराबरको शक्ति प्राप्त हुने गर्छ। तसर्थ दशलाख गोबर ग्याँसबाट २४ सय मेगावाट बराबरको शक्ति प्राप्त गर्न सकिन्छ। यस प्रकार देशको कूल ३१ लाख परिवार मध्ये एक तिहाईलाई गोबर ग्याँस उत्पादित उर्जा इन्धन प्राप्त हुन सक्छ।

तर सुलभ तरीकाबाट गोबर ग्याँस संयन्त्र स्थापना गर्न सके पनि नेपालमा यो किन लोकप्रिय भै रहेको छैन भन्ने विषय नै अहिले सोचनीय बनेको छ। एक उपभोक्ताका अनुसार गोबर ग्याँस कम्पनीले संयन्त्र निर्माण गर्दा लिने चर्को मूल्य तथा सरकारले उपलब्ध गराएको ऋणको चर्को व्याजले गर्दा प्रायः अधिकांश गरीब, निमुखा तथा ६० प्रतिशत गरीबी रेखामुनि बाच्न वाध्य भएका नेपालीहरूको लागि यो संभव हुन सकिरहेको छैन।

ज्ञातव्य छ- नेपालमा श्री ५ को सरकारले २०३३।०३४ सालमा प्रथम पटक गोबर ग्याँसको प्रविधिको विकास तथा विस्तार गर्न कार्यक्रमको तर्जुमा गरेको थियो। यसरी २०१२ सालमा गोबर ग्याँस प्रविधिको प्रयोगात्मक रूपमा स्थापना भएपनि ३५ वर्षपछि मात्र नेपालले सो प्रविधि अंगाल्न सकेकोले हालसम्म सम्पूर्ण देशभरिमा ८ हजार जति गोबर ग्याँस प्लाण्टहरू मात्र रहेका छन्। यी शतप्रतिशत खाना पकाउन र बत्ती बाल्न प्रयोग भईरहेका छन्। यसमा सहयोग गर्ने विदेशी संघ संस्था युनाइटेड मिशन टु नेपाल, एफ.ए.ओ., ए.डि.वि., यूनिसेफ, यू.एस.एड, यू.एन.सि.डि.एफ. तथा नेपालका कृषि विकास बैंक र इन्धन संस्थान पनि रहेका छन्।

यतिका विदेशी तथा स्वदेशी संस्थाहरूले दिंदा दिंदै पनि जनतामा लोकप्रिय हुन नसक्नु र ठूला बडा हाकिमहरू दिन दुगुना रात चौगुनाको दरले मोटाउँदै जानु लगायत श्री ५ को सरकारको केही अव्यवहारिक नीतिले नै गोबर ग्याँस त्यति लोकप्रिय बन्न सकेको छैन। हाल नेपालमा फलामको पाताको ड्रम नमूना तथा ढुंगा ईंटाको फिक्स-डोम नमुना नै बढी चलन चल्तीमा रहेका छन्। तर फलामको ड्रम बढी टिकाउ हुन नसकेको गुनासो उपभोक्ताहरूको रहेको छ।

तसर्थ हाल विग्रदो वातावरणलाई सन्तुलनमा ल्याउनका लागि वन जंगलको संरक्षण, संवर्धन तथा प्रवधन गर्नु अति नै आवश्यक छ। यो त्यति बेला मात्र संभव हुन सक्छ जति बेला जनतालाई वैकल्पिक इन्धनको समूचित व्यवस्था गर्न सकिन्छ। यसका लागि हाल सबैभन्दा उपयुक्त र सुलभ गोबर ग्याँस नै रहेको छ, जसले अत्यन्तै भरपर्दो उर्जाको रूपमा काम गर्न सक्छ। त्यसैले सरकारले बढी भन्दा बढी जनतालाई गोबर ग्याँसको उपभोक्ता कसरी बनाउन सकिन्छ र त्यसका लागि के कस्ता नियम कानूनहरू तर्जुमा गर्न सकिन्छ यसतर्फ गम्भीरतापूर्वक सोच्नु आवश्यक छ। ◘


## कला/साहित्य/संस्कृति

लु-सुन जयपन्तिको सन्दर्भमा

(कथा)

# राय व्यक्त गर्नेबारे

-लुसुन



म आफू प्राथमिक स्कूलको अध्ययन कक्षमा निबन्ध लेख्न लागिरहेको थिएँ र राय कसरी व्यक्त गर्ने भनी गुरूसँग सोधें भन्ने सपना देखें।

"यो असजिलो छ।" चश्माको छेउछाउबाट मलाई पल्याकपुलुक हेर्दै उनले भने-"म तिमीलाई एउटा कथा सुनाउँछु है,

-कुनै परिबारमा छोरो जन्मियो भने सिंगै घर नै खुसी हुन्छ। बच्चो एक महिनाको हुँदा उनीहरूले बच्चोलाई आफ्ना पाहुनाहरू अधिल्तिर देखाउन लग्छन्-कुनै शुभ कुरा भन्लान् कि भन्ने आशा गरेर नै।

एक जनाले भन्छ-"यो बच्चा धनी हुने छ", अनि उसलाई हृदयदेखि धन्यवाद दिइन्छ।

अर्कोले भन्छ- "यो बच्चा अधिकृत बन्ने छ", अनि उसलाई पनि शुभ-कामना सहित धन्यवाद दिइन्छ।

एक जनाले भन्छ-"बच्चा त मर्ने छ", अनि यो वक्ता चाहिं सिंगै परिवारद्वारा राम्ररी चुटिन्छ।

बच्चो मर्नेछ भन्ने कुरो नभई नछाड्ने कुरो हो, उता बच्चा धनी हुनेछ वा उच्च पदाधिकारी बन्ने छ भन्ने कुरा झूठ सावित हुन पनि सक्छन्। तैपनि झूठो कुराले नै इनाम भेट्टाउने गर्छ तर नभई नछाड्ने भनाइ भने चुटिन्छ। अब तिमीले...."

-"म झूठ कुरा गर्न चाहन्न सर, न म पिटिन नै चाहन्छु। यसो हुँदा अब मैले कसो गर्नु पर्ला त?"

-"त्यसो भए यसो भन्नू- अहा! बच्चालाई हेर्नुस त। मैले के भन्न खोजेको भने... अहो। ओ..हे हे। हिः हि। हे हे हे।" ◘

("जंगली घाँसपात" बाट) अनुवाद -*शान्तदास मानन्धर*

## नेपालमा बनेको
## अन्तर्राष्ट्रिय स्तरको
### फोम र रबर फोमको तकिया, चकटी, डसना
### प्रयोग गर्नुहोस् र आनन्द लिनुहोस्।

**सिटी अफिस**

पुतली सडक, काठमाडौं

फोन : २२७३८५

फ्याक्स : २२५२४९

टेलेक्स : २७७९चिराग "एन् पी."

**कारखाना**

**चिराग फोम ई. प्रा. लि.**

**श्री राम रबर इ.**

बा.औं. क्षेत्र, बालाजु

फोन : २७१९०६, २७२३८४, २७०००८

## "स्तरीय छालाबाट बनेको आकर्षक, आरामदायी तथा बलियो"
### बाँसबारी छाला तथा जुत्ताहरू

## फिदर वेट (D-10)



बाँसबारी बाँसवारी छाला तथा जुत्ता कारखाना लि.

फोन नं. ४- १३१९७, ४१४५६१

४१ पेजको बाँकी

(यो त्रीभाषिक नीतिमा व्यक्तिले मातृभाषा एक, अन्तर-राष्ट्रिय संपर्क भाषा एक र नेपालकै अन्य कुनै एक भाषा पढ्नु पर्ने कुरा प्रस्ताव गरिएको छ।)

फेरि एकछिन, जतिकुरा हालको संविधानले दिएको छ त्यसबारेमै कुरा गरौं, तिनीहरूप्रति राज्यको कर्तव्य हुन्छ। हरेक समुदायले आफ्नो लिपी, भाषा, संस्कृतिको विकास गर्न पाउने कुरालाई संविधानले नागरिकको मौलिक अधिकारको रूपमा मानेपछि यो कुरा राज्यको कर्तव्यभित्र पर्ने कुरा हो। राज्यलाई उसको यो दायित्व-बोध गराउनेमा प्रमुखता दिंदै हामी हाम्रो भाषाको विकास, विस्तारको काममा लागीपरेका छौं।

*अहिले तामाङ्ग-भाषा कुन स्थितिमा रहेको छ?*

तामाङ्ग भाषा हाल जुन रूपमा बाँचेको छ, त्यो कथ्य परंपरा ( ' ) को रूपमा बाँचेको छ, लिखित परंपरा ( ) को रूपमा हैन। मुख्यतः बोल्दै सुन्दै आएको भरमा नै यो भाषा बाँची आएको हो। जुध्ने वा दावी गर्ने प्रकृया भन्दा बढी तामाङ्ग जातिले

(वेवास्ताजन्य विरोधको संस्कृति) अप्नाएरै पनि विगतमा बरू आफू एक्लिएरै किन नहोस् आफ्नो भाषालाई जोगाउने काम भने गरेको छ। लेख्न, फैलाउन नसकेपनि बचाउने काम गरेको छ।

शुरूमा हामीले हाम्रो श्रुति साहित्यलाई संरक्षण गर्ने काम गऱ्यौं। जसले जसरी, जेमा लेखेपनि जस्ताकोतस्तै तिनीहरूलाई लिखित रूप दिने काम गरियो। अवको चरण यो संरक्षणको कामसगै मूल रूपमा भाषाको विकासको चरण रहेको छ।

हाल हाम्रो भाषाको स्थिति यो स्तरमा पुग्दैछ कि -यदि सरकार तयार छ भने, हामीले देशव्यापी रूपमा यस भाषामा विद्यालय संचालन शुरू गर्न पुग्ने भाषिक पूर्वाधारहरूको तयारी करीव करीव पूरा गरिरहेका छौं। हाम्रो श्रव्य-साहित्यबाटै सामग्रीहरू लिएर र कतिपय नयाँ विषयमा पनि कितावहरू हामी तयार गरिरहेका छौं। अन्य भाषाबाट कितावहरू यस भाषामा अनुवाद गर्ने काम पनि भइरहेको छ। व्याकरण, शब्दकोष निर्माणको प्रकृया शुरू भएको छ। प्रौढ शिक्षाका लागि पुस्तकहरू पनि तयार भइ-रहेका छन्। एउटा थप उल्लेखनीय कुरा के छ भने, स्कूलहरू नभएका ठाउँहरूमा हाम्रो भाषा क्षेत्रका लागि स्कूलकै रूपमा प्रयेग गर्न सकिने बौद्ध गुम्वाहरू देशभरि फैलिएर रहेका छन्। थाइलैण्डमा शिक्षामा बौद्ध गुम्बा र विहारहरूको समेत सहभागिताका कारण त्यहाँ ९५% जनता साक्षर भएका छन्, भने त्यस्तो नेपालमा पनि संभव नहुने प्रश्नै उठ्दैन। त्यसैले न्यूनतम पूर्वाधार पनि हाम्रो तयार छैन भन्ने धारणा गलत छ, जुन शासनको मूल प्रवाहमा रहेका व्यक्तिहरूमै पनि रहेको पाइन्छ।

*अनि तामाङ्ग-भाषामा तपाईंहरू लिपी प्रयोग बारे कुन सोचमा हुनु हुन्छ?*

तामाङ्ग भाषालाई हालसम्म दुई किसिमले लिपीवद्ध गर्ने गरिएको छ। एउटा -तिब्बेतियन "सम्बोटा" लिपीमा। लामा-वौद्ध धर्मका ग्रन्थहरू यही लिपीमा लेखिएका पाइन्छन्। अर्को स्कूल-कलेज जानेहरूले हालसाल चाहिं देवनागरी लिपी नै पनि प्रयोग गरिरहेछन्। तामांग भाषामा आफ्नै स्वालको ध्वनि प्रकृया समेत भएको कुरालाई ध्यानमा राखी अव यसमा कसरी अघि बढ्ने भन्ने बारेमा हामीले "तामाङ्ग भाषा आलेखन गोष्ठी" पनि संचालन गरिरहेका छौं।

*तामाङ्ग भाषमा साहित्यको स्थिति कस्तो र हेको छ?*

हाम्रो भाषामा पुराना धार्मिक ग्रन्थहरू बाहेक साहित्य धेरै लेखिएको छैन। हाल आएर यसको गति भने निश्चय नै बढेको छ। तामाङ्ग घेदुङ्ग (संघ)बाट "छार्मेन्दो" पत्रिका मासिक रूपमा निस्कदैछ। यसभन्दा अघि "स्योम्हेन्दो", "थुइन्डेल" आदि पत्रिकाहरू पनि निस्किएका थिए। देशभित्र र वाहिर (विशेषतः दार्जीलिङ्गतिर) बाट साहित्यिक कितावहरू निस्किरहेका छन्। साधनको कमी नरहने हो भने लेखन, अनुवादको काममा तीव्रता ल्याउनका लागि जरूरी जनशक्ति हामीसँग तयार छ। ❑

**नेपालका धर्मावलम्वीहरू**

| | २०४८ को जनगणनामा | ०३८ को जनगणनामा | फरक |
|---|---|---|---|
| हिन्दू | ८६.२० | ८९.५० | (-) ३.३० |
| बौद्ध | ७.८० | ५.३० | (+) २.५० |
| इस्लाम | ३.८० | २.७० | (+) १.१० |
| अन्य धर्मावलम्वी | २.१० | २.५० | (-) ०.४० |

पढ्नु होस्-
साप्ताहिक दृष्टि
दृष्टिको सह-प्रकाशन
मासिक सूर्य
नियमित रूपले पढ्न नभुल्नु होस्।

SURROUND YOURSELF IN LUXURY WITH
HYUNDAI EXCEL

The sleek, softline styling and a perfect balance of aerodynamic & aesthetics. **Hyundai - Excel**, fitted with a range of powerful high performance engines, keeps you cruising comfortably on any kind of road.



ADLINK 222539

HYUNDAI
Worldwide reputation for quality & reliabily.

NAVIN INTERNATIONAL TRADERS
Dharmapath, Kathmandu
Ph: 220870

ICEBERG

NEPAL'S No 1

PREMIUM BEER

# कोलम्बस-दिवस कि हत्याकाण्ड दिवस?

उपनिवेशवादपक्षीय उत्तर तथा दक्षिण अमेरिकी सरकार, चर्च तथा अन्य संघसंस्थाहरूले गत आश्विन २६ गते (अक्टोवर १२) को दिन मनाएको ५०० औं कोलम्वस दिवसको विरोघमा दुवै महाद्वीपमा व्यापक विरोघ प्रदर्शन, मुठभेड र हिंसा भएको छ।

५०० वर्ष अगाडि, सन् १४९२ को अक्टोवर १२ तारिखमा स्पेनी उपनिवेशवादीहरूको "सुन र चाँदीको देश भारत" हडप्ने स्वार्थ बोकी अमेरिका पत्ता लगाउन पुगेका समुद्रयात्री क्रिष्टोफर कोलम्वसको अमेरिका प्रवेशपछि स्पेनी उपनिवेशवादीहरूले अमेरिकी आदिवासी जनतालाई दास बनाउने र क्रमशः उनीहरूलाई उन्मूलन गर्ने वर्बर अभियान नै चलाएका थिए। स्पेनी उपनिवेशवादीहरूले ती माया, इंका तथा अजतेक जातिका उच्च संस्कृति र सभ्यतायुक्त अमेरिकी आदिवासीहरू अर्थात रेड इण्डियनहरूको जमीन खोसे। उनीहरूलाई दास बनाई कोर्राको भरमा खेतमा जोत्ने सुन र चाँदीको खानीहरूमा जोत्ने, त्यस उत्पीडन विरोधी योद्धाहरूको आमहत्या गर्ने र उनीहरूलाई दास बनाउन सहयोग गर्न चर्चका पादरीहरूले इसाई बनाउने काम गरेका थिए। त्यस दमन, उत्पीडन र शोषणका कारणले उत्पन्न भोक, रोग र कठोर मेहेनतले गर्दा विस्तारै मर्दै जाने क्रममा क्यूवा र क्यारिवीयन देशका आदिवासीहरू पूर्णतः उन्मूलन भएका थिए।

स्पेनी राजाद्वारा आफूले खोजेका सबै देशहरू र द्वीपहरूको शासक नियुक्त गरिएको कारणले अमेरिका पत्ता लगाउन पुगेका क्रिष्टोफर कोलम्वसको भौगोलिक खोजको परिणाम स्वरूप ५०० वर्षदेखि यूरोपीय उपनिवेशवादीहरूको र पछि अमेरिकी उपनिवेशवादीहरूको शासन, शोषण, दमन, उत्पीडनमा बाँचिरहेका दक्षिण अमेरिकी आदिवासी जनताले यसपालि विद्रोह गरेका छन्। यस विद्रोहको क्रममा ल्याटिन अमेरिकाका मेक्सिको शहर, एल साल्भाडोर, इक्वेडर, पेरू चिले, शान्तियागो, कोष्टारिका, बोलिभिया, ला पाज र डोमेनिकामा व्यापक प्रदर्शन भए। प्रदर्शनमाथि सरकारी दमन हुँदा हिंसक रूप लिई कयौं ठाउँमा वम विस्फोटन हुनुका साथै कोलम्वस र स्पेनी रानी इसाबेलाको शालिक तोडफोड गर्ने काम भएको छ। आफ्ना उपनिवेशवाद विरोधी पुर्खा योद्धाहरूको आम हत्या र क्रमशः उन्मूलनको शुरूवातको द्योतक कोलम्वस-दिवस विरोधी एक प्रदर्शनकारी भन्दछन्-



*कोलम्वसको शालिकमा विरोध पोस्टर*

"यस तथाकथित कोलम्वस दिवस समोराह भनेको हाम्रोलागि काजक्रियाको दिन अर्थात् कालो दिन बाहेक केही होइन। र यी विरोध प्रर्दशनहरू हामी अमेरिकी आदिवासी जनताहरूको आफ्नो मानवीय, साँस्कृतिक र सामाजिक अस्तित्वको पहिचानको लडाईको शुरूवात हो।"

ग्वाटेमालाकी आदिवासीहरूको आन्दोलनकी एक नेतृ रिगा बेर्ता मेन्चू, जसले यस वर्षको नोवल शान्ति पुरस्कार पाइन्, ले पनि भनेकी छिन-"यो कोलम्वस-दिवस हाम्रो लागि एउटा ठूलो अपमान हो।"

❑

## * संक्षेपमा

❑ का. गोञ्जालो बचाउ अभियान अन्तरगत पेरू पुगेका ६ सदस्यीय (वकिलहरूको) प्रतिनिधिमण्डललाई फुजीमोरी सरकारको सशस्त्र बलले गिरफ्तार गरेको छ। का. गोञ्जालोका वकिल अलफ्रेडो क्रेस्पोले आफ्नो ज्यानको धम्कीआइरहेकोमा कुनै घटना भएमा सोको जिम्मेवार सरकार र सेना नै हुने चेतावनी सहितको वक्तव्य दिनु भएको छ।

❑ रूसी राष्ट्रपति बोरिस एल्सिनले त्यहाँ गठित रार्ष्ट्रिय मुक्ति मोर्चा माथि प्रतिवन्ध लगाएको विरोधमा मोर्चाका नेताहरू भोक हडतालमा छन्। यो मोर्चा कम्युनिष्टहरू र त्यहाँका राष्ट्रवादीहरू मिलेर बनेको थियो।

❑ कंचनपुरदेखि शुरू भएको साइकल र्‍याली कावासोती र अन्य स्थानका व्यवधानहरूको वावजुद यही कार्तिक १४ गते काठमाण्डौ आइ पुगेको छ। सो साइकल र्‍यालीले काठमाण्डौको नगर परिक्रमा पनि गर्‍यो। आम जनताले सो र्‍यालीलाई स्वागत गरेको पाइयो।


विजया दशमी
तथा
शुभ दीपावलीको
उपलक्षमा
हार्दिक शुभकामना!

धनगढी गा. वि. स., सिराहा

दीपावलीको शुभ-कामना

मात्र एक पटक १००|- लगानी गरी
जय गुरु गणेश धनराशी फिर्ता योजनाको
६० वटा घर, घडेरी र
अन्य लाखौं लाखको
उपहार जित्ने अवसर नगुमाउनु होस्।
कार्यक्रम अवधि पछि रु. २५|- बराबर
को थप उपहार सहीत आफ्नो लगानी
आफैलाई फिर्ता।

*जय गुरू गणेश धनराशी फिर्ता योजना*
ल. पु. सुन्धरा, चपट टोल
फोन नं. ५२४१६४, ५२५५५५, ५२६०५९

# मंका: खल:को नयाँ नेतृत्व सामु रहेका जिम्मेवारीहरु



शाहवंशीय राजतन्त्रको शुरूवात देखि नै थिचिएका जनजाति मध्ये एक नेपाल भाषा तथा नेपाल भाषा बोल्ने नेवारहरूका लगायत अन्य उत्पीडित भाषा भाषीहरूको भाषिक तथा जातीय समान अधिकार प्राप्तिका लागि २०३६ सालको जन-आन्दोलन सँगै निर्माण भएको नेपाल भाषा मंकाः स्वलःको गत असोज २३ र २४ गते काठमाण्डौमा दोस्रो महाधिवेशन सम्पन्न भएको छ। महाधिवेशनले पद्मरत्न तुलाधरको अध्यक्षतामा नयाँ केन्द्रीय नेतृत्व चुनी आगामी तीन वर्षका लागि कार्यभार सुम्पेको छ।

२०३६ साल देखि नै भाषा तथा जातीय समान अधिकारकालागि अग्रपंक्तिमा रही संघर्षरत रहँदै आएको नेवारहरूको आस्थाको प्रतीक नेपाल भाषा मंकाः स्वलःको नवनिर्वाचित नेतृत्वले विगतमा झैं अहिले पनि आफ्नो ऐतिहासिक दायित्व निर्वाह गर्नका अतिरिक्त दुईवटा विशेष सवाललाई गंभीरतापूर्वक हल गर्नु पर्ने जरूरी छ। पहिलो, भाषा आन्दोलनका सम्वन्धमा वैचारिक स्पष्टता हासिल गर्ने। निरंकुश पंचायती कालमा केही सीमित वैचारिक अन्तर्क्रिया-पछि संघर्षरत नेपालको समग्र भाषा आन्दोलनको अग्रपंक्तिमा रहेको मंकाः स्वलःले वहुदलीय पूंजीवादी व्यवस्थाको स्थापनापछि आएको सम्वैधानिक र राजनीतिक परिवर्तनलाई मध्य-नजरमा राखी अहिलेको भाषा आन्दोलनको मूल दिशा र उद्देश्य के हो, त्यसको प्राप्तिका उपायहरू के के हुन्, त्यसका समस्या र समाधानका उपायहरू के के हुन् भन्ने विषयमा आफू भित्र र वाहिर व्यापक अन्तर्क्रिया, छलफल, वहसहरू संचालन गरेर भाषा आन्दोलन सम्वन्धी वैचारिक स्पष्टता हासिल गर्नु अत्यन्त जरूरी कुरा हो भन्ने हामीलाई लाग्दछ।

दोस्रो, वर्तमानमा काठमाण्डौमा मात्र सीमित उल्लेखित मंकाः स्वलःले वैचारिक स्पष्टताका लागि अन्तर्कियाहरू चलाउँदै पाटन, वीरगंज आदि अन्य सबै सकृय मंकाः स्वलः हरूलाई एकीकृत पार्दै केन्द्रीय मंकाः स्वलःको निर्माण गर्ने र विभिन्न क्लव, पुस्तकालय, संघ संस्थाहरूको संघीय स्वरूपलाई तोडेर आफ्नै इकाईहरू निर्माण गरी संगठनलाई मजवूत पार्नु जरूरी देखिन्छ।

यी दुई अत्यन्त जरूरी कामहरूलाई संयोजित र विकसित गर्नका लागि भाषा आन्दोलनमा विद्यमान राजनीतिक पूर्णग्रह, समूह स्वार्थले ग्रस्त भई नेतृत्व हध्याउने जस्ता भाषा आन्दोलन विरोधी सोचाई र व्यवहारवाट पर रहने भाषिक समान अधिकारकोआन्दोलनको पक्षमा रही सोच र सोच अनुसारका कृयाकलापहरूलाई नवनियुक्त नेतृत्वले अगाडि वढाउनु जरूरी देखिन्छ। ❑


समस्त हिन्दूहरूको
महान चाड
बडा दशैंको
सुखद अवसरमा
समस्त ग्राहक वर्ग तथा
आम देशवासीहरूमा
उत्तरोत्तर प्रगतिको कामना गर्दै
हार्दिक मङ्गलमय शुभ-कामना
अर्पण गर्दछौं।
नेपाल इण्डोस्वेज बैंक लि.
NEPAL INDOSUEZ BANK LTD.

०४९ विजया दशमीको
उपलक्ष्यमा संपूर्ण ग्राहक तथा शुभचिन्तकहरूमा
हार्दिक शुभकामना
व्यक्त गर्दछौं।
नेकोइन्को इण्डष्ट्रिज प्रा.लि.
Necoenco Industries (P) Ltd.
Manufacturers Of High Class Steel Furniture, Slotted Angle Racks, Slotted Channels for Trusses, Suspension Bridges, Transmission Towers Angular Or Tubular Trusses, solar Water Heater E.T.C.
Phone: 521174

SOCKS MANUFACTURERS
Heat Resistant
ELASTIC YARN
लक्ष्मीदास हरिदास ठहिटी, काठमाडौं ☎ २-२१८२५ २-२६८३८




✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱


**6 GOOD REASONS THAT MAKE SUN WORKS YOUR RIGHT CHOICE OF SOLAR WATER HEATERS.**

✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱

1. **SHORTER PAY-BACK PERIOD-** Realistically priced models make it a worthwide investment in view of long - term cost savings in heating energy. Your cost recovery can be realised within a much shorter period of within 2 to 3 years. Due to your lower initial expenditure.
2. **QUALITY-** Galvanised Iron tank and casing, plain glass, rolled fibreglass and non-corrosive aluminium and GI pipes all contribute to yours of trouble-free operation.
3. **EFFICIENCY-** Large heat absorbing surface areas & fibre glass insulation ensure faster heating at higher temperature and keep hot more than 2 days.
4. **ATTRACTIVE DESIGN-** Well designed feature with concealed piping gives a very heat look on your roof tops.
5. **GUARANTEE-** Every sun works units is backed by a two year guarantee service period.
6. **MODELS-** Sun works provide various capacity in different models for heating water in industries. Hotels, Canteens Hospitals to........

✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱

Contact for detail
**SUN WORKS NEPAL**
P.B. No. 5027
University Road T. U. Gate
Tel: 215854, 223286


## आवरणमा विदेशी नेताहरू

हामी मूल्यांकनका नियमित पाठक हौं। तपाईहरूले यसरी पार्टीहरूका हरेक कामहरू बारे मूल्यांकन गरी लेखहरू त अवश्य पनि प्रकाशित गर्नु भएको छ। तर हामी यहाँ केही युवा वर्ग र धेरै पाठकको चाहनाअनुरूप पत्रिकाको आवरण र पृष्ठावरणमा विभिन्न बिदेशी नेताहरूको तस्बीर दिइयोस्। यदि यस्तो गरिएको खण्डमा हामी आभारी रहने थियौं। तपाईहरूको पत्रिकामा आवरण चित्र त दिनु नै भएको छ तर विडम्बना के छ भने- विशेष लेखहरूको सूचि र इनसेट पोष्टरहरूले गर्दा चित्र राम्न अलिक सुहाउदो देखिएन र अझ केही नलेखिएको पृष्ठावरण र अझ सकिएको खण्डमा ब्लो-अप समेत दिने जस्तै: विश्व प्रशिद्ध नेताहरू फिडेल क्याष्ट्रो, किम इल सुङ, कर्णेल गद्दाफी, राजकुमार सिंहानुक आदिका ब्लो अपमा पृष्ठावरण या आवरण दिइयोस्। स्वदेशी नेताहरू त रातो दिन देखिएका त हुन नि! अन्तमा, आशा छ हाम्रो अनुरोधलाई स्वागत गर्नु हुनेछ।

यज्ञ महत, काजीमान सुब्बा, महाप्रसाद लुइटेल, राजन श्रेष्ठ "आसिक",
केरावारी बजार (मोरङ)

## प्रचण्ड र माधव नेपालका कुरा बाझिए

वर्ष १०, अंक ४, २०४९ जेठ आषाढको मूल्याङ्कन पत्रिका पढें। त्यसमा धुप्रै राम्रा कुराहरू पाएँ। अन्तर्राष्ट्रिय समाचारमा CIA अब कहाँ आँखा लगाउँछ, अब जापान कतातिर, लस एन्जेलसको घटनालाले के प्रष्टाएको छ?- रहेछन्। यी अत्यन्तै समसामयिक छन्। तर विस्तृत रूपमा अथवा तिनको पूर्ण चीरफार सहित मै दिएको भए सुनमाथि सुगन्ध हुने थियो। अहिलेको बर्तमान स्थितिमा अन्तर्राष्ट्रिय रूपमा धुप्रै घटनाहरू घटिरहेका छन्, ती सबै (मुख्य-मुख्य) घटनालाई समेट्ने कोशीस गरियोस्।

अन्तर्राष्ट्रिय समाचार सँगै राष्ट्रिय समाचारमा विशेषतः गत स्थानीय चुनावलाई बढी इंगित गरिएको रहेछ। चुनावको प्रश्नलाई लिएर वाम नेताहरूको अन्तर्वार्ता लिएर पाठकहरूलाई आकर्षित गर्ने प्रयास गरिएको रहेछ। राजनैतिक सवालमा इमान्दारिताको कमीले गर्दा एउटै बिषयमा अनावश्यक मतमतान्तर गर्ने परंपरा अनुरूप नै वामनेताहरूमा मत भिन्नता देखिएको छ। विशेष गरेर काठमाण्डौको चुनावी एकताको कुरालाई लिएर एकता नहुनुको कारण सोधिएको रहेछ। त्यसमा का. प्रचण्ड र का. माधव नेपालको भनाइ एक आपसमा बाझिएको रहेछ, जसले गर्दा पाठकहरूलाई कसको भनाई ठीक हो भनी छुट्याउन एकदम गाह्रो परेको छ। प्रश्नहरू सोधेर त्यसको समाधान पनि मुल्याङ्कनले गरि दिनु पर्थ्यो।

पद्मरत्न तुलाधरलाई एउटा स्वतन्त्र ब्यक्तिको हैसियतले प्रश्न गरिएको छ र जवाफ पनि त्यसै किसिमको छ। त्यसकारणले गत स्थानीय चुनावमा राजधानीमा वाम एकता नहुनुमा कसको दोष छ? त्यसबारे प्रश्न गर्नु पर्ने थियो। किनभने, स्वतन्त्र बुद्धिजीवीकै हैसियतले एकताको पहल वहाँले पनि गर्नु भएको थियो।

यसरी नेताहरूलाई प्रश्न सोधेपछि मूल्याङ्कनले आफ्नो निष्पक्ष धारणा पनि ब्यक्त गर्नु पर्थ्यो। कसैको गल्ति देखाउँदा त्यस समूहले आपत्ति जनाउँछ कि अथवा आफ्नो पत्रिकाले लिएको माया, ममता कम हुन्छ कि भनेर सबैलाई समेट्ने नाममा यथार्थको चीरफार गरिएन भने पत्रिका कै औचित्यमाथि प्रश्न चिन्ह खडा हुन्छ। तसर्थ यसरी एक आपसमा बाझिएका र निश्चित समयसम्म विशेष महत्व राख्ने प्रश्नहरूको सटीक र यथार्थ जानकारी पाठकलाई गराइयोस्।

आजको समाजमा धुप्रै यथास्थितिबादीहरूको बोलवाला छ। तिनीहरूले कम्यूनिष्ट पार्टीहरूलाई गाली गर्दैनन् तर यस्तै प्रश्नहरूलाई लिएर आम जनतामा भ्रम पार्दछन्। देशभरि नै रहेका कम्यूनिष्ट शुभ चिन्तकहरू निष्पक्ष किसिमले मूलायाङ्कन गर्दा यस्तै यथास्थितिबादीहरूको सहारा लिन बाध्य भएका छन् जसले गर्दा आफ्ने इच्छा नहुँदा नहुँदै पनि अनजानमा परेर कतिपय अवस्थामा क्रान्तिकारी अभियानमा समेत बाधक बन्ने गर्दछन्। त्यसकारणले गर्दा अनावश्यक विवादमा पाठकलाई छाडेर मूल्याङ्कन पत्रिका रमिते नबनोस्। त्यस किसिमका विवादित प्रश्न उठाउँदा उचित जवाफ पनि दिने जमर्को गरोस्। आफू चोखो रहेर अथवा आफू बीचमा बसेर मात्र अरूको दोष देखाउने आम-पत्रिकाको परंपरालाई तोड्ने प्रयास गरोस्।

-शिशिर
शिवपुर अर्घाखाँची।

(२९ पेजको बाँकी)

पूँजीवादको पुनर्स्थापना-विरोधी जन आन्दोलनले नै व्यावहारिक रूपले "विचारका मुद्दाहरू" को छनौटको दिशातिर लैजाने छ र त्यसको "प्रतियोगिता" ले समाजवादको चिहान खन्नेहरू माथिको हमलालाई कुनै पनि हालतमा कमजोर गर्नु हुँदैन।

वर्तमान परिस्थितिमा सी.पी.एस.यू. लाई पुनर्जीवित गर्ने भ्रान्ति र दुलमूलपन कम्युनिष्टहरूको एकतालाई सुदृढीकरण गर्ने काममा सहायक हुन सक्दैन भन्ने हाम्रो विश्वास छ। कृत्रिम पुनरूत्थानका पक्षधर-पार्टी नोकर-शाह र उद्यमी-उपक्रमीहरूको वर्तमान गठवन्धन "वर्ग-उपरी" नव पेरेस्त्रोइका पार्टी वाहेक अरू केही पनि पैदा गर्न असक्षम छ, जो अनिवार्य रूपले गोर्वाचोभ नेतृत्वका कमीहरू र दोषहरूको अवश्य पनि उत्तराधिकारी हुनेछ।

आफ्ना क्रियाकलापहरूमा भी.के.पी.वी. यस तथ्यबाट अग्रसर हुन्छ कि चाहे जति नै नाटकीय ढंगले घटनाहरू घटिरहेका किन नहुन्, २१ औं शताब्दी विश्व समाजवादको परीक्षण प्रणालीको शताब्दीको रूपमा इतिहासमा प्रवेश गर्नेछ, एउटा त्यस्तो समाजवाद जसले प्रतिकूल स्थितिको कारणले अन्तर्राष्ट्रिय पूँजीद्वारा उसको बाटोमा खडा गरिएका वाधा अड्चनहरू पीडा-रहित तरीकाले सफाई गर्न सकेन। हाम्रो रायमा वर्तमान नाजूक घडीको विरूद्धमा, भावी २१ औं शताब्दीको नियति त कम्युनिष्ट सामाजिक संरचनामा विश्वव्यापी संक्रमणको युग बन्नै पर्दछ। बजार व्यवस्था हैन, वरू प्रामाणिक स्वतन्त्रता र मानवतावाद, जुन दिशातिर कसैका इच्छाहरूबाट टाढा स्वाधीन रूपले, विश्व सभ्यताका सम्पूर्ण वाटाहरू जाँदैछन्। दूर्भाग्यको कुरा त के हो भने ती बाटाहरू नेवेस्की प्रसेक्टको सडक झैं चिल्लो र समतल हैनन्।

द अल यूनियन कम्युनिष्ट पार्टी अफ वोल्सेभिक्सले साम्यवादको त्यही विजयलाई तेज गर्ने उद्देश्यलाई सफल पार्न कुनै पनि कसर छोड्ने छैन। यसैमाथि हामी खडा भई, अहिले पनि जमेका छौं र भविष्यमा पनि अडिग रहने छौं।

-नीना एन्द्रीभा
अल-यूनियन कम्युनिष्ट पार्टी
अफ वोल्सेभिक्स,
लेनिनग्राड
- सर्वहारा दृष्टिकोण
वर्ष ८/अंक ५/८-७-१९९२ बाट साभार अनूदित

(पृष्ठ २५ को बाँकी)

गर्न थालेका थिए। आफ्नै देशका कामदारहरूलाई शोषण गर्न तिनीहरूले निकै "सुन्दर उद्देश्य"को प्रचार प्रसार गरेका थिए, ती "उद्देश्यहरू" हुन्-राष्ट्रिय स्वार्थ र जापानलाई पुनः विश्वको आर्थिक महाशक्तिका रूपमा विकसित गर्ने। यिनै "सुन्दर उद्देश्यहरू" अनुरूप देश-विदेशका कामदारहरूको शोषणद्वारा विकास गरिएको राष्ट्रिय अर्थतन्त्रले आफ्नो स्वस्थता र सवलता गत १९८६ देखि ९० को पाँच वर्षमा जवर्दस्त रूपले देखायो। त्यस ५ वर्षमा जापानले OECD का सबै राष्ट्रहरू मध्ये अझ विश्वकै सबै भन्दा वढी स्वस्थ र सवल औद्योगिक अर्थतन्त्र रहेको तथ्य प्रष्ट्यायो। त्यस वेला जापानको मुद्रास्फीति निकै कम थियो, आम्दानी अत्यन्त वढी थियो र वेरोजगारीको नामोनिशान नै थिएन। (News week 22, 3,1992) देशको वार्षिक कूल ग्राहर्स्थ उत्पादन (GNP) ५% ले वढ्नुको कारण मुद्राको तीव्र वृद्धि, कम व्याजदरको तथ्यांक, सट्टा बजारमा वृद्धि र जग्गा जमिनको भाऊमा आकस्मिक वृद्धि हुनु हो। यसले गर्दा कम्पनी तथा लगानीकर्तामा अति विश्वास वढ्न गई असंख्या मात्रामा आफ्नो पूँजी लगानी गर्ने र सेक्युरिटी फर्महरूले सट्टा बजारलाई "म्यानुपुलेट" गर्ने प्रयास सजिलैसित गर्न थाले, मानौं यी प्रयासहरू सुरक्षित र कानूनी हुन्!

तर जापानी एकाधिकार ग्रुपहरू, उद्यमीहरू, कम्पनी र सेक्यूरिटी फर्महरू सबैका यी राम्रा दिनहरू धेरै दिन सम्म टिकेनन्, यी सपनाहरू टुट्न थाले, फुट्न थाले। हो, सन् १९९० को जनवरीको एक रमाइलो मौसमयुक्त दिनमा जब टोक्योको सट्टा बजार ५०% भन्दा वढी गिर्‍यो, तब जापानी पूँजीपतिहरूको सपना पनि टुट्यो। यसरी आफ्ना सपनाहरू टुटेर आर्थिक संकटको आगमन सँगै निस्केको कर्कश संगीत जापानले १९७४-७५ को संकट पछि पहिलो पटक सुनेको हो। (The Economic Times 14.03.92)

**(स्रोत: Proletarian Era, June 1,1992)**


**विजया दशमी २०४९ को शुभकामना साथ**

***डा. ए. पी मल वारे कृषकहरूलाई जानकारी***

डा. ए. पि. मल पनि एक किसिमको कम्प्लेक्स मल नै हो। एक बोरा अर्थात ५० के. जी. डी. ए. पी. मल ३० के. जी. युरिया मलको साथमा प्रयोग गर्‍यो भने ११५ के. जी. कम्प्लेकस मल बराबरको काम गर्छ।

अतः कम्पलेक्स मलको सट्टा बढी पौष्टिक तत्व युक्त डी. ए. पी. मलको प्रयोग गरी मलको खर्च तथा ढुवानी भाडामा बचत गरौं र उब्जनी बढाऔं। डो मलको प्रयोग विधि र मात्राको लागि नजिको जिल्ला कृषि शाखा अथवा जे. टी. ए. संग सम्पर्क राख्नुहोस्।

**कृषि सामग्री संस्थान**

काठमाडौंबाट बुटवल, भैरवाह, पाल्पा, नेपालगंज, दाङ, पोखरा, भरतपुर (टाडी), हेटौंडा, वीरगंज, जनकपुर र त्रिशुली
जान आउन परे संझनुहोस्

**साझा यातायात**

*टिकट पाइने स्थानः सुन्धारा, काठमाडौं*

**स्वागत छ! स्वागत छ!!**

शान्त घरेलु वातावरणमा
सुमधुर गीत गजलका साथ
मुगलाई चाइनिज, कन्टीनेन्टल र
नेपाली खानाका साथै
विविध स्वादिष्ट खानाको
आनन्द लिनुहोस्

साँझ ७ बजेदेखि १० बजसम्म
गीत जगल कार्यक्रम

*हरेक साँझ तपाईंको प्रतिक्षामा*

**रेक सेन्टर रेष्टुरेन्ट एण्ड बार**

**होटल मायालुसँगै, दरबारमार्ग**

**विजया दशमी २०४९ को शुभ उपलक्ष्यमा समस्त देशवासीमा हार्दिक शुभकामना!**

**शंकरलाल केडिया**

रजिष्ट्रेशन नं. १६२२२/ १०२१ / ०४८/०४९ फोन नं. ५२६४३८

# यू.एन. मेटल इण्डष्ट्रिज द्वारा संचालित

# यू.एन. नगद फिर्ता योजना

## परे पुरस्कार नपरे रकम फिर्ता

प्रथम
रु २,००,००१/-



द्वितीय हिरो होण्डा

तृतीय हिरोपुच

चौथौं ५०१

## चौथौं ५०१ ( दुईसय चालीस जवानलाई )

एक पटक रु. ८५।- मात्र बुझाए पुग्ने

रु ८५।- ले ४८ औं पटक सम्म पुरस्कृत हुन सक्ने

जोखिम सून्य फाइदै फाइदा

शोरुम
यू. एन. ट्रेडर्स
ल.पु.कुमारीपाटी

मुख्य कार्यालय
लु.पु. महापाल
फोन : ५२६४३८

नोटः ग्राहकहरुको ध्यानमा राखि संकलित अधकट्टी मात्र समावेश गरी तीन महीना सम्म प्रत्येक महिनाको १० गते विशेष उपहार खोलिने छ

**MIULYANKAN**
A magazine for Thought-Interaction

ल.पु.जि.का.द.नं. ४८: ०३९/४० बा.अ.हु.द.नं. ६२: ०३९/४०

# बोर्डिङ्ग पास - समयको उपहार



एक वृद्ध महिला जसले चलनेमा मोटरसम्म देखेकी छैनन्. आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन्। छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन्। बडो उत्सुकताका साथ पर्खिरहेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको "पुष्पक विमान" को परिकल्पनामा मग्न छिन्।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिंडाईको दुरुह कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन्। अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बच्नेका केही गौरवमय दिनहरू छोरासग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ ।

बोर्डिङ्ग पास - अमूल्य समयको उपहार ।

देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न



शाही नेपाल वायुसेवा

जति उड्यो उति उडौं उडौं लाग्ने